CC-0. In Public Domain. Digitization by eGangotri

इन्द्रजात्रा



कुलचन्द्र कोइराला

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुठी संस्थान प्रकाशनमाला १

(संस्कृतिसम्बन्धी अनुसन्धानात्मक)

इन्द्रजात्रा

(इन्द्रमह)

कुलचन्द्र कोइराला स्मृति
बानेश्वर, काठमा

कुलचन्द्र कोइराला
शास्त्री साहित्यरत्न

गुठी संस्थान
रामशाहपथ, काठमाडौं, नेपाल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक
गुठी संस्थान, अनुसन्धान तथा प्रकाशन शाखा ।
केन्द्रीय कार्यालय
रामशाहपथ, काठमाडौं ।

संस्करण–पहिलो
मिति–वि. सं. २०४२ इन्द्रजात्रा
संख्या १००० प्रति

मूल्य रू 100

मुद्रकः
लक्ष्मी छापाखाना यट्‌खा काठमाडौं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकीय

गुठी सस्थानमा प्रवेश गरेपछि संस्थानको वस्तुस्थितिको अध्ययन गर्ने सिलसिलामा संस्थानअन्तर्गत कार्यालय निरीक्षण गर्दा हाम्रा सांस्कृतिक विविध पक्षलाई चिनाउने असंख्य कागजपत्रहरू पोका पोकामा कोचिई रहेको पाएँ । यो देखेर हर्ष र विस्मात दुवै लाग्यो ।

लुकेछिपेका यी सांस्कृतिक निधिलाई प्रकाशमा ल्याएर जनमानसमा भिजाउन सके आफैंले आफूलाई चिन्ने र परस्परको सांस्क्तिक वन्धनमा समस्त नेपाली आवद्ध हुने गतिलो सांस्कृतिक परिवारको सिर्जना हुने थियो भन्ने चित्तमा लाग्यो।

अवैज्ञानिक तरिकाले राखिएका पोकापन्तराभित्र थन्किएका कुराहरू र हाम्रा धार्मिक र सांस्क्तिदिक पक्षका असंख्य अलिखित कुराहरू, जो आजसम्म 'बूढो मर्‍यो कुरा सर्‍यो' भन्ने परंपरामा जीवित छन्, त्यसलाई वैज्ञानिक र खोजपूर्ण तरिकाबाट अध्ययन गरी लिपिवद्ध गर्न सक्ने व्यक्तिको खोजीमा भौंतारिदा निकै समय बित्यो ।

'बत्ती मुनि अँध्यारो हुन्छ' भन्ने उखान जस्तै आफ्ना नगीचै रहेको व्यक्तिमा यो क्षमता छ भन्ने कुरा निकै ढिलो मात्र चाल पाउन सकें । यसपछि 'हिड्ने गोरुको पुच्छर निमोठ्ने' भने झैं वराबर श्री कुलचन्द्र कोइरालालाई घचघच्याउन थालें । निजले परिश्रमसाथ तयार पार्नु भएको ग्रन्थ, "इन्द्रजात्रा पर्व" यस रूपमा निस्कन सकेको छ । यस्तो अनुसन्धानात्मक ग्रन्थ प्रकाश गर्न पाएकोमा संस्थानलाई खुशी लाग्नु स्वाभाविकै हो । किनकि यो पक्ष पनि गुठी संस्थानको महत्वपूर्ण दायित्वभित्रैको हो भन्ने संझेको छु ।

कुरूप सन्तान पनि आफ्नो भनेपछि बाबुआमालाई प्यारो नै लाग्छ । त्यस्तै प्रकाशनको विषयमा पनि मान्न सकिन्छ । गुठीसंस्थानको प्रकाशन भएको नाताले सुन्दर र सुरुचिपूर्ण छ भन्ने भनाइ होइन, नेपालको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परंपरागत संस्कृतिलाई सही रूपमा चिनाउन सकिन्छ कि भन्ने मात्र उद्देश्य हो। यसमा लेखिएका कुनै पनि कुराहरूमा अनुसन्धाताहरूले अझ बढी खोज गरी थपघट संशोधन समेत गरिदिएमा खुशीकै कुरा हुन्छ किनकि - अनुसन्धानका विषयवस्तुको अन्तिम रूप यही नै हो भन्न सकिँदैन।

श्री पशुपतिनाथको करुणा भइरह्यो भने, नेपालका जात्रा पर्व, मठ मन्दिर र सांस्कृतिक परंपराहरूको अनुसन्धान गरी अलिखित विषयवस्तु लिपिबद्ध गर्दै जाने र यथासंभव प्रकाशन पनि गर्दै जाने अठोट गुठीसंस्थानले गरेको छ।

अन्त्यमा परिश्रमसाथ पुस्तक तयार पार्नुहुने लेखकलाई साधुवाद दिन्छु र अन्य महत्वपूर्ण अनुसन्धानात्मक कृतिहरू तयार पार्न प्रेरणा मिलोस् भन्ने कामना गर्दछु।

इन्द्रजात्रा
वि. सं. २०४२ असोज

विष्णुप्रसाद खनाल
अध्यक्ष
गुठी संस्थान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्मति

हाम्रो वैदिक संस्कृतिमा इन्द्रमहलाई महत्व दिएको कुरा संस्कृत साहित्यका प्राचीन र नवीन पुस्तकको अनुसन्धानद्वारा हाम्रो सामु प्रस्तुत गर्ने श्री कुलचन्द्र कोइराला हाम्रो धन्यवादका पात्र हुनुहुन्छ । उहाँको सत्प्रयासले तयार गरिएको "इन्द्रमह" (इन्द्रजात्रा) पर्व नामक पुस्तक इन्द्रजात्राको संवन्धमा अत्यधिक प्रकाश पार्ने मात्र नभै समुचा आर्य संस्कृतिको एक नक्सा देखाउन अघि सरेको छ । यो पुस्तक हाम्रो सामाजिक दर्शनको रूपमा खडा छ र विद्वान्हरूका लागि निकै आकर्षक बन्न पुग्ने छभन्ने आशा लिन सकिन्छ। आर्यदेवताका पर्व, पूजा, उत्सव यात्रा ध्वजोत्थानसित संवद्ध छन् भन्ने कुरामा हाम्रा देशका पूर्व मेचीदेखि पश्चिम महाकालीसंमका जात्राको परिशीलनवाट नयाँ दिशाको परिचय दिनुका साथै प्रसङ्गानुप्रसङ्गमा अनेकानेक ऐतिहासिक, सांस्कृतिक, व्यावहारिक रहस्यको उद्घाटन गरेर यस पुस्तकले आद्योपान्त पढ्दा विद्वान्हरूलाई निकै सामग्री दिने छ भन्ने समेत ठान्दछु ।

इन्द्रध्वजोत्थान इन्द्रमहको एक अङ्ग हो। यसको प्राचीनतावारे लेखकले प्राग्वैदिककालतक ओगट्नु भएको छ । अथर्व परिशिष्ट, महाभारत, वाल्मीकि रामायण, हरिवंश पुराण, कालिका पुराण, देवी पुराण, विष्णु धर्मोत्तर पुराण र वृहत्संहिता एवं जैन-बौद्ध साहित्य, भरत नाट्य शास्त्र, भासको नाटक, शूद्रक कविको मृच्छकटिक नाटक, महाकवि कालिदासको रघुवंश काव्य आदि अनेकौं संस्कृत वाङमयका सन्दर्भभित्र इन्द्रमहको चर्चा परिचर्चाले आर्यभूमिमा यसको प्रचुर प्रचारलाई प्रमाणित गर्दछ भन्ने लेखकले यस पुस्तकमा देखाउनु भएकोबाट नेपालमा पनि यसको आदरणीय स्थान प्राचीनकालदेखि नै रहेको हुनुपर्दछ । प्राचीन वास्तु शास्त्रको आधारमा खड्गाकार कान्तिपुर नगर गुण काम देवले, बनाएको हो र त्यसै प्रसङ्गमा इन्द्रध्वजोत्थानको स्थान निश्चित गरी काठमाडौंको इन्द्रजात्रा चलेको कुरामा हाम्रा यस पुस्तकका लेखक विश्वस्त हुनुहुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस पुस्तकका लेखकको भनाइमा किरात वंशको शासन पूर्व नै इन्द्रमहोत्सव नेपालमा प्रविष्ट हुनु सम्भावित कुरा छ।

जे होस्, हाम्रो नेपालको वंशावली, अभिलेख, शिलालेख, ताम्र-लेख, शिष्टाचार, धर्म, संस्कृति सबै कुराको समन्वय हुने गरी लेखिएको यस पुस्तकमा हाम्रो आस्था अधिक छ।

इन्द्र वैदिक देवता हुन्, यज्ञ याग भन्दा सजिलो इन्द्रोपासन पद्धति इन्द्रमहनै निश्चित गरी परापूर्वकालदेखि आर्य मनीषीहरूले चलाएको हुनाले यसमा भाग लिनु हाम्रो श्रेयस्कर सिद्ध हुन्छ। महाभारतमा–

'ये पूजयिष्पत्ति नरा राजानश्च महं मम
कारयिष्यत्तिच मुदा यथा चेदिपतिर्नृपः
ते षां श्री विजयश्चैव सराष्ट्राणां भविष्यति
तथास्फीतो जनपदो मुदितश्च भविष्यति,

अर्थात्, जस्तो राजा चेदिपतिले मेरो महोत्सव गर्दा राष्ट्रमा धनधान्य, सुख-समृद्धि प्राप्त गरे। त्यस्तै प्रकारले राजा तथा जनता मेरो उत्सव, पूजा गर्ने सबैलाई अभ्युदय प्राप्त हुनेछ भन्ने इन्द्रको वरदानबारे उल्लेख गरिएको छ।

अन्तमा, यस पुस्तकका लेखकको परिश्रम र प्रतिभा हाम्रा निमित्त प्रेरणादायी भएको ठानी लेखकप्रति आदर गर्नु कर्तव्य संझेर फेरि धन्यवाद ज्ञापन गरी आफ्नो विचार टुङ्ग्याउँदछु।

२०४२।५।२२।७

प्रा. जुननाथ पण्डित
लाजिम्पाट।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मन्तव्य

प्राचीन कालका आर्यहरू बडो प्रसन्नचित्त तथा उत्सवप्रेमी जाति भएको अनुमान हुन्छ । आफू नयाँ स्थानमा आएपछी त्यहाँका आदि निवासीसित उनीहरूको पहिले शत्रुता हुनु स्वाभाविक थियो । तसैले उनीहरूले दस्युहरूसित युद्ध गरी तथा उनीहरूलाई परास्त गरी वा उनीहरूलाई आफ्नो संस्कृति मान्ने तुल्याउने कार्य गर्दै उनीहरूको समय वित्यो । तर जत्तिकै गाहारो साँगुरो परेता पनी आर्यहरूले जीवनको आफ्नो परिपाटी कहिल्यै छाडेनन् तथा तेसका उज्यालो पक्षको रक्षा नै गरेर बसे ।

आर्यहरूका प्रसारका क्रममा पछि एक हुल आर्य हाम्रो नेपालमा पनि पसेको अनुमान हुन्छ । यहाँ पनि स्थानीय जनतासंग आगन्तुकहरूको प्रथम भेट मित्रतापूर्ण न हुनु स्वाभाविक थियो । तर आर्यहरूको उदार व्यवहार, सर्व-शुभवाद माथि भएको विश्वास आदि गुणले गर्दा उनीहरूले सहजै स्थानीय जनताको मन आफूतिर फर्काई उनीहरूलाई आफ्नो अनुकूल तुल्याउन सके ।

यो प्रक्रियामा उनीहरूका धार्मिक तथा सामाजिक जीवनको ठुलो प्रभाव स्थानीय मानिसमाथी पऱ्यो तथा परिणामस्वरूप उनीहरूले आर्य संस्कृति ग्रहण गरे । यो पुस्तकमा यसका विद्वान् लेखक पण्डित कुलचन्द्र कोइरालाद्वारा विशद रूपले तथा विद्वतापूर्ण रीतिले वर्णन गरिएका इन्द्रजात्रा पनि आर्यहरूको विजयोल्लास मनाउने पर्व भएका कुराको अनुमान हुन्छ । प्राचीनकालदेखि चलेको यो गौरवपूर्ण जात्राले सजिलै सबैको हृदय आकर्षित गऱ्यो औ विस्तारै यो पर्व हामी नेपालीहरूको योटा महत्त्वपूर्ण पर्व हुन पुग्यो । नेपाली जनतालाई यसले स्वच्छ आमोद तथा साथैं धार्मिक सन्तोष पनि प्रदान गऱ्यो । समस्त नेपालीहरू यसलाई आफ्नै पर्व तथा धार्मिक कार्य ठान्न औ तेही रूपमा यसलाईं मान्न थाले । यसले उनीहरूका जीवनलाई केही समयका निम्ति भएता पनी सान्सारिक प्रपंच तथा गाहारो साँगुरोबाट माथी उचालेर उनीहरूको- धार्मिक भाव जागरित गरायो तथा यसले उनीहरूलाई साथ साथै सन्तोष, आमोद तथा हर्षको वाता-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वरणमा पुऱ्याइ दियो । आर्य संस्कृतिको यो रूप अत्यन्त घतलाग्दो, चित्ताकर्षक तथा मनमोहक छ । नाच, गान, खानुपिनु, भोजभतेर रसरङ्ग आदि पर्वका अनिवार्य अङ्गले गर्दा तथा तिनमा हर्षोल्लास सहित भाग लिंदा मानिस चिन्ता, दुःख पारस्परिक राग द्वेषदेखि मुक्त भै परम सुखमय स्थितिमा पुग्छ ।

इन्द्रजात्राका उत्थान तथा विकासको जो विद्वतापूर्ण, शास्त्रीय तथा ऐतिहासिक विवेचना विद्वान् ग्रन्थकर्ताले यो पुस्तकमा प्रस्तुत गरेको छ त्यो पढ्दा मेरा नेत्रका सम्मुख सदा प्रसन्न चित्त, सबैको भलो होस् भन्ने विचारले पूर्ण तथा मङ्गलमय विचार भएका हाम्रा आर्य पुर्खा उपस्थित भए तथा उहाँ पछी यो संसारको कठोर तथा पारस्परिक सहानुभूतिको अभाव भएको औ चिसो वातावरणमाथी सबैको सदा मङ्गल चिताउने,हर्षवर्धक तथा आनन्दकारी आर्य संस्कृतिले विजय प्राप्त गरेको कुरा संझे । साथ साथै जहां उनीहरू गए वहाँको जीवन स्वच्छ, हर्षपूर्ण तथा मङ्गलमय विचारले परिपूर्ण भएका कुराको स्मरण भयो । माथी मैले भनेका सबै कुराको अनुभव मलाई विद्वान् ग्रन्थ कर्ताले प्रस्तुत गरेका सुललित भाषामा लेखिएको यो पुस्तकमा भनेको इन्द्रजात्राको प्रभावकारी वर्णन पढ्दा भयो । पण्डित कुलचन्द्र कोइरालाले यो पुस्तकमा गर्नु भएको सफल प्रयोगका निम्ति मेरो बधाई छ तथा भविष्यमा पनि उहाँ प्राचीन आर्य जीवन तथा संस्कृतिसम्बन्धी यसतै प्रभावकारी तथा विचारपूर्ण ग्रन्थ लेखी नेपाली साहित्यलाई अलङ्कित गर्नु होला भन्ने मेरो आशा छ ।

श्रावणी पूर्णिमा

२०४२

सूर्यविक्रम ज्ञवाली

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मेरा दुई शब्द

नेपालको इन्द्रजात्रा पर्वको विषय लिएर लेखिएको प्रस्तुत पुस्तक लेखकको निम्ति दोस्रो कृति र प्रकाशनको दृष्टिले पहिलो हुन आएको छ। जीवनको गति अनौठो छ, मेरा पिताजीले मलाई साहित्य, व्याकरण दर्शन आयुर्वेदमा विशेषता प्राप्त गरेको हेर्न चाहनु हुन्थ्यो। उपर्युक्त विषय, मेरा सात पिढीदेखि नै क्रमगत आएका थिए। किन्तु अध्ययनको क्रममा नै म हुत्तिएँ राजनीतितिर। त्यो पनि समयको मांग नै थियो, शायद युवा पिढीको त्यस बेलाको दायित्व जस्तै। जिन्दगीका धेरै वर्ष यस्तैमा विते।

अर्को रुचिको विषय थियो साहित्य सिर्जन। कथा, नाटक, खण्ड काव्य र महाकाव्य पनि नलेखिएको होइन, किन्तु प्रकाशन गर्न आफूसंग कहिल्यै धन जुटेन, प्रकाशन गर्ने संस्थाको सेवा पुऱ्याउन पनि सकिएन।

घर गृहस्थीको जीवनमा रमेको व्यक्तिलाई धर्म संस्कृतिको अध्ययन र प्रकाशन गर्न पाउने लोभ देखाएर गुठी संस्थानका तत्कालीन अध्यक्ष श्री वद्रीविक्रम थापाज्यूले गुठी संस्थानको सहयोग समितिमा संलग्न गराउनु भए-ता पनि कतिपय कारणले अनुसन्धान कार्यमा प्रगति गर्न सकिएन। श्री विष्णु-प्रसाद खनालज्यू गुठी सस्थानको अध्यक्ष हुनु भएपछिको मेरा केही समय पनि संस्थानकै अन्य कार्यमा व्यतीत भए। किन्तु अनुसन्धान र प्रकाशन पनि गुठी संस्थानको आवश्यक कुरा भएकोले यस दिशामा संलग्न हुने चाँडै नै मौका मिल्यो तथा यो पहिलो अनुसन्धानात्मक कृतिको रूपमा पाठकहरू समक्ष आउन पाएको छ।

गर्ने भन्दा गराउने ठूलो भन्ने नेपाली उखान छ। यो वूढापाकाको उक्ति, सत्य वचन हो लेखकको लेख्ने धन्दा हो,। त्यसमा प्रेरणादायीहरूको व्यक्तित्व वनाइदिनेमा ठूलो भूमिका रहन्छ। यस दिशामा अग्रसर हुन तानेको-मा श्री वद्रीविक्रम थापाज्यूलाई र अनुसन्धान र प्रकाशनको कार्यमा संलग्न रहनप्रति क्षण प्रेरणा प्रदान गर्दै तयार भएका कृति संस्थानबाटै प्रकाशित गरि-दिने मौका दिनु भएकोमा गुठी संस्थानका वर्तमान अध्यक्ष श्री विष्णुप्रसाद खनालज्यूमा धेरै धेरै आभार व्यक्त गर्दछु।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लेखकको यो सानो प्रयासलाई प्रेरणा प्रदान गर्दै, वयोवृद्ध तथा ख्यातिप्राप्त इतिहासकार श्री सूर्यविक्रम ज्ञवालीज्यू (भूतपूर्व कुलपति राजकीय प्रज्ञा प्रतिष्ठान) ले यसको मन्तव्य लेखिदिनु भएर महत्त्व बढाई दिनु भएकोले उहाँप्रति धेरै धेरै कृतज्ञता ज्ञापन गर्दछु ।

अनुसन्धानात्मक कृति तयार गर्दा खाँचो पर्ने सामग्री जुटाई दिनु हुने मोहनप्रसाद खनालजीलाई धेरै धेरै धन्यवाद दिन्छु र यस पुस्तकको प्रकाशन सम्बन्धी आदि कार्यमा पूर्ण सहयोग गर्ने भाइ श्री पार्थमणि भट्टराईलाई पनि धन्यवाद दिन्छु । यस विषयको अनुसन्धानमा जुन जुन विद्वद्वर्गका कृतिहरूको सहायता लिएँ ती सबैप्रति म आभार व्यक्त गर्दछु । आवश्यक फोटो प्रदान गरी सहयोग गरेकोमा पुरातत्त्व विभागप्रति पनि कृतज्ञता ज्ञापन गर्दछु । साथै फोटो ग्राफर श्री प्रकाशबहादुर श्रेष्ठ र आवरण तयार गर्ने श्री केदार जोशीबाट पनि केही सहयोग पाएकोमा धन्यवाद दिन्छु ।

अन्त्यमा– पूजनीय तथा श्रद्धेय गुरुवर सम्माननीय बडागुरुज्यू श्री जुननाथ पण्डितज्यूले यो पुस्तक साद्योपान्त हेरिदिनु भै आफ्नो अमूल्य सम्मति-द्वारा लेखकलाई उत्साह दिनु भएकोमा, धेरै धेरै आभारी छु ।

यस सम्बन्धमा सहयोग गर्ने अरू सबै व्यक्तिहरूलाई पनि धेरै धेरै धन्यवाद छ ।

यो पुस्तकमा समावेश गर्न चाहेका कतिपय विषयहरू त्यस ठाउँमा पुग्न नपाएकोले पनि छुटेका छन् र कुनै विषयको विस्तृत चर्चा गर्नुपर्ने भएको-ले छुट्टै पुस्तकको रूपमा लेखिएको हुँदा यसमा समावेश गरिएन । यसैसंग सम्बन्धित कुमारीको विषयमा 'नेपालमा शाक्त सम्प्रदाय र कुमारी' भन्ने पुस्तक प्रकाशोन्मुख भएको कुरा पनि पाठकहरूमा अवगत गराउन चाहन्छु ।

प्रस्तुत पुस्तकमा फोटोहरू दिने पहिले योजना थिएन । पछि समा-वेश गरिएको र इन्द्रजात्रासंग असम्बन्धित वृषकेतु जात्राको वीरध्वजाको पनि फोटोहरू परेका छन् । ध्वजाभित्रका मांगलिक चिह्नहरूको अधिक साम्य भएको कारणले र लिङ्गो उभ्याउने परम्परामा यी दुई ठाउँमा मात्र पताका बनाउने चलन बाँकी भएकोले छुट्टै व्यवस्था गर्नुको सट्टा यसैमा समावेश गर्नु उचित सम्झेर गरिएको छ ।

अस्तु–

२०४२-५-१७-२ –लेखक कुलचन्द्र कोइराला

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषय–सूचि

१ 'इन्द्रमह' (इन्द्रजात्रा पर्व १–४०
इन्द्रध्वजोत्थानको प्राचीनता ६, इन्द्रजात्राको ऐतिहासिक परम्परा १६, इन्द्रजात्रासम्बन्धी शास्त्रीय विधिविधान २६, पौराणिक कथन र विधि ३१

२ इन्द्रध्वजोत्थानको परम्परा ४१

३ इन्द्रजात्राको परम्पराको ऐतिहासिक गोरेटो ५०–५६
नगर निर्माणमा ईन्द्रजात्रा ५१

४ भक्तपुरको ऐन्द्रकूटको परिणति विस्केटमा ५७

५ ललितपुरको इन्द्रजात्रा पर्व ६५–६९
पाटनको मध्य परम्परा ६६, ललितपुरका इन्द्रजात्रा सम्बन्धी ऐतिहासिक प्रमाणहरू ६७

६ काठमाडौंभित्र ध्वजोत्थानको ऐतिहासिकता ७०

७ भक्तपुरको इन्द्रजात्रासम्बन्धी ऐतिहासिक विश्लेषण ७३–७८
भक्तपुरको शैव सम्प्रदायमा इन्द्रजात्रा ७४, मुपात्रयात्रा भक्तपुरमा ७७, यससम्बन्धी लोकधारण ७८

८ काठमाडौंको वर्तमान् इन्द्रजात्रा ७९

९ इन्द्रजात्राको शास्त्रीय र लौकिक पक्ष ८१

१० पताका र चिह्नहरू ८३

११ नेपालको इन्द्रजात्रामा टाँगिने पताका ८९

१२ भक्तपुरको आदि गणेशको लिङ्गो ९९

१३ विस्केट वा वृषकेतु जात्रा, भक्तपुर ९९

१४ विस्केट जात्रा पूर्व १ नं खड्पु १००

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१५ साँगा भञ्ज्याङ १०१
१६ आकाश भैरव जात्रा, काठमाडौं इन्द्रचोक १०१
१७ ध्वजोत्थान १०२
१८ ललितपुरको दुमाजु र बालकुमारी १०३
१९ गुह्येश्वरी यात्रा र ध्वजोत्थान, काठमाडौं १०४
२० काठमाडौं हाँडी गाउँको जात्रामा ध्वजोत्थान १०५
२१ ललितपुर सुनागुठी १०५
२२ पश्चिम १ नं मा पर्ने नुवाकोट भैरवीको जात्रा १०६
२३ लमजुङ १०७
२४ कास्की १०७
२५ तनहूँ १०८
२६ पालपा (ऋषिकेश) १०८–११०
भैरव १०९, भगवती रणउजरेश्वरी (नारायणी) १०९, अमरनारायण ११०, अन्यान्य देवीवदेता ११०
२७ अर्घाखाँची जिल्ला ११०–११४
२८ गुल्मी जिल्ला ११४–११६
छत्रदेवता (पौंदी) ११५, इस्मा (खड्गदेवता) ११५, तम्घास (रैनादेवी) गुल्मी ११५, मूसीकोट (खड्गदेवता) ११६, धुरकोट (खड्गदेवता) ११६
२९ वाग्लुङ र पर्वत जिल्ला ११७
३० सल्यान (फलावाङ) ११७–११९
पाश्चायन देवता ११८, सप्तेश्वर महादेव (सल्यान) ११८, दरेल दाही ११८, ल्वाम जिउलाका महादेव ११८, कोटालदाही सल्यान ११९
३१ दाङ जिल्ला चौघराका सिद्ध रतननाथ (दाङ) ११९
३२ पिउठान जिल्ला ११९
३३ जाजरकोट जिल्ला ११९–१२१
कोटाला, खड्गदेवता वा खडगदेवी, साई कुमारी ठाकुरज्यू, मण्टादेवटा, भूयाँरदेवता
३४ डोल्पा जिल्ला १२१–१२२
३५ जुम्ला जिल्ला १२२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३६ वाजुरा जिल्ला १२३
३७ दैलेख १२४
३८ वझाङ १२५–१२६
काँकर.
३९ आछाम जिल्ला १२६
४० डोटी जिल्ला १३०
४१ वैतडी जिल्ला १३१
४२ दार्चूला जिल्ला १३१
४३ परिशिष्ट
४४ तसवीरहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"इन्द्रमह" (इन्द्रजात्रा) पर्व

कुनै पनि देवी देवताको विशेष पूजा, यज्ञ विधान, ध्वजोत्थान, आदि उत्सव मनाएर नृत्य, गीत, नाटक प्रदर्शन, आदिले जात्रा लगाउनु, तथा विशेष खानपानको व्यवस्था मिलाउनु, राम्रा राम्रा लुगा गहना लगाएर उत्सव भएका ठाउँमा पुगी मनोरञ्जन गर्नु, आदिलाई प्राचीन कालमा 'मह' (पर्व) शब्दले विशेष अर्थ बुझाएको पाइन्छ। इन्द्रमह, रुद्रमह, यक्षमह, आदि गरिएका शास्त्रीय र लौकिक व्यवहारका देवताको अर्चना, वन्दना, उपासनाको विशेष कार्यक्रमलाई हर्ष र उल्लासका साथ सम्पादन गरेर आनन्द मनाउनु, नाच गान कीर्तन गरेर भक्तिभाव प्रकट गर्नु र यस्तै, जन-मानसको मनोरञ्जन हुने, साथै धर्म, अर्थ, काम आदिको उपलब्धि पनि हुने कार्यक्रमको तर्जुमा गर्नु आदिलाई चाडपर्व, उत्सव भन्ने चलन छ। धेरै मानिस भेला भएर गरिने उत्सवलाई जात्रा पनि भनिन्छ।

चाड पर्व व्यक्ति विशेषको पनि हुन्छ र समाजको पनि। कुनै यस्ता पर्वहरूको राष्ट्रिय स्तरमा पनि आयोजना गरिन्छ। दशैंमा नवदुर्गा भवानीको पूजा, उपासना, तिहारमा काग कुकुर गाई, गोरु, लक्ष्मी र भाइको पूजा राष्ट्रिय चाड भए पनि यो घरघरमा मनाइने भएकोले व्यक्तिहरूको सामाजिक पर्व भन्नु उचित हुन्छ। यसलाई जात्रा (यात्रा) भन्न मिल्दैन। 'यात्रा' शब्दले, जानु अर्थलाई बुझाउने भएकोले उत्सव हुने ठाउँमा सबैतिरबाट हिंडेर मानिस-हरू भेला हुनु पर्ने स्थितिलाई व्याख्या गर्दछ।

उत्तर वैदिक काल र बुद्ध कालीन समाजमा प्रचलन भएको 'मह' शब्दले यज्ञविधानको साटो उपर्युक्त किसिमका चाड पर्व र जात्रालाई नै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बुझाएको पाइन्छ । मह, मख, मघ, शब्दले पनि यज्ञ तथा यात्रा पर्वलाई नै बुझाउँछन् । वैदिक कालमा पनि यस्ता पर्व उत्सवहरू प्रशस्तै मनाइन्थे । आर्य जातिका मुख्य देवता अग्निमा आह्वनीय द्रव्य-दूध दहीमिश्रित सोम, घिउ, खीर, रोटी फलफूल, हवन गरेर वैदिक त्रयत्रिंश देवताको उपासना गरिन्थ्यो । अग्निको मुखमा हवन गर्दा सम्पूर्ण देवीदेवता तृप्त भएको अनुभव गरिन्थ्यो । ठूला ठूला यज्ञ विधान आयोजना गर्दा आफन्त समाज, नातागोता, विद्वान् अतिथिहरू पनि आमन्त्रित हुन्थे । आज भोलिको जस्तै शिंगारिएका नरनारी-को यज्ञ उत्सवमा जसघट हुन्थ्यो । घोडदौड, बग्गी (रथ) को दौड, कुस्ती, नक्कली युध्द प्रदर्शन, आदि मनोरञ्जन हुने आयोजनाको पनि वैदिक साहित्य-मा संकेत पाइन्छ ।

वुध्दकालीन समाजमा प्रचलित महः (उत्सव जात्रा) को उल्लेख भएका पालि–साहित्यको अनुशीलन गर्ने डा० वासुदेव शरण अग्रवालले १६।२० जति यस्ता उत्सवको चर्चा गरेका छन् । वैदिक देवता, इष्ट देवता, कुल देवता ग्रामदेवता र लोकदेवताको विशेष पूजाआजाको ग्रामीण स्तरमा वा राष्ट्रिय स्तरमा आयोजना गरी मेला (जात्रा) लगाएर मनोरञ्जन गर्ने प्राचीन परंपरा-को पालना आज पनि गरिदै छ ।

आर्य जातिका विशिष्ट देवता इन्द्रको विशेष आराधना गरिने यज्ञ वा पूजा प्रकारलाई 'इन्द्रमह' भनिएको पाइन्छ । ऋग्वैदिक आर्य जातिका निम्ति इन्द्र नै मुख्य देवता थिए। इन्द्रलाई खुशी पार्न स्तुति गरिएका अनेक मंत्र-हरू ऋग्वेदमा पाइन्छन् । इन्द्र खुशी नभै पानी पर्दैन । वर्षा नभै अन्नपात उब्ज-दैन र पशुहरूलाई घाँस पात पनि पुऱ्याउन सकिदैन । यसकारण, इन्द्रको आवाहन र सम्मान गर्नु जरूरी थियो । वैदिक कालमा संपादन हुने यज्ञमा इन्द्र नै विशिष्ट देवता देखिन्छन् । हे इन्द्र! सोम पान गर्न आऊ (ऋ०७।३१।६ तथा ७।३२।४) हे इन्द्र! यो हवि ग्रहण गर (ऋ०७।१८-३२) हे इन्द्र! हामी-लाई घरवास (ऋ०७।३०।४) धन, ऐश्वर्य पशु अन्न देऊ (ऋ७।१८। भन्ने र हामीलाई दुःख दिने अब्रह्मचारी (लिङ्ग पूजक) दास दस्युबाट बचाऊ (ऋ० ७।२१।५) आदि मन्त्रद्वारा इन्द्रसँग गुहार मागेको पाइन्छ । इन्द्रको महिमा गानमा प्रयुक्त भएका सूक्तहरूले ऋग्वेदको अधिकांश भाग ओगटेको छ । इन्द्र आर्यहरूका हितैषी मित्र छन् । सम्पूर्ण भौतिक सुख सुविधाका दाता, छलकपट, द्वेष, इर्ष्या, गर्ने असुर जाति, र दास दस्यु, दानव कुलका विरोधी इन्द्रको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कृपाले नै युद्धमा विजय भएको, सुख सुविधा प्राप्त भएको, विश्वास गन आर्य-हरूका लागि इन्द्र ज्यादै संमानित देवता थिए ।

ऋग्वैदिक कालका महर्षिहरू, चालीस वर्षसम्म लगातार दास-सर्दार हरूसँग युद्ध गरी परास्त गरेको र शम्वर असुर राजको ९९ गड ध्वस्त गरी शयौं गढमा चाहिं सुदासले आधिपत्य जमाएको पनि इन्द्रकै कृपा संझन्थे । भरत-कुल, तृत्सु-कुलका आर्य वीरहरूले युद्धमा शत्रु विजय गरी उनान्सय दुर्ग तोडेको श्रेय पनि आफूले नलिएर इन्द्रलाई नै दिए । इन्द्रको नाउँ, पुरन्दर भयो, तर सुदास इन्द्रका मित्र अथवा कृपापात्र मात्रै हुन पाए ।

यसरी आफ्नो वल पौरख, वुद्धि विवेक चालीस वषको मिहिनेत, सवै इन्द्रद्वारा प्रदत्त संझेर समर्पित भावनाले सेवा गरिएका इन्द्रले पनि आर्य जातिलाई ठूलो वरदान दिए । उनीहरू दास, दस्यु अनार्य जातिहरूबाट परास्त भएनन् । आसमुद्रान्त भारतीय उप-महाद्वीपको चक्चको गर्न पाए, समुद्र पारका देशहरूमा र उच्च हिमशैलको उस पार पनि सत्ता जमाउन सफल भए ।

वैदिक आर्यहरूको गार्हस्पत्य अग्नि सर्वदा प्रज्वलित रहन्थ्यो । विभिन्न देवताको वैदिक मन्त्रद्वारा आह्वान गरेर प्रातः मध्यान्ह र सायं-सवन-को नामले अग्निमा हवन गरिन्थ्यो । अग्निष्टोम, ज्योतिष्टोम, वाजपेय आदि विशेष यज्ञ सम्पादन गर्दा यज्ञमा मौलाहरू गाडिन्थे । यद्यपि यूप (मौलो) यज्ञमा चढाइने पशुहरूका लागि बाँध्ने किलाको रूपमा प्रयोग भएको पाइन्छ तथापि यूपको निर्माण गर्दा भुइँमा गाड्दा विशेष विधिको अनुशरण गर्नु पर्छ । यूपको पृथ्वीमा रहने भाग बीचको भाग, र उपरि भागलाई विविध लोक-कल्पना गरिएको हुन्थ्यो र यो भागका अधिपति पनि भिन्नाभिन्नै देवता हुन्थे । यही यज्ञीय यूपको आधारमा देवायतन र वौध्दस्तूपहरू पछि पछि बनेका पाइन्छन् । स्तूपको अण्डाकार भागभित्र यौटा यूप (स्तंभ) गाडिएको हुन्छ । गोल भागबाट माथि निस्केको भागमा विशेष रचना गरिएको छत्राकार भागलाई हर्मिका भनिन्छ । त्यो, देवलोकको कल्पनामा बनाइन्छ ।

काठको खम्बा अथवा यूपदारू वैदिक कालमा निकै महत्त्वपूर्ण मानिएको छ । गृह निर्माण, मण्डप निर्माण, यज्ञशालाको निर्माण गर्दा अग्ला

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अगला स्कम्भ (स्तंभ) गाडिन्थे। यस्ता स्कंभहरू जङ्गलमा गएर ठूला ठूला वृक्ष काटी बनाइन्थे। स्कम्भ बनाउने काठ छान्दा राम्रो, सग्लो, आँधीले नभाँचेको, आगोले नखाएको, गाँठा, आँखला नभएको छानेर वनका देवीदेवता-को पूजा वन्दना गरी वलि चढाएर शुभ मुहूर्तमा 'छप्को' लगाइन्थ्यो र ढालिन्थ्यो।

ऋग्वेदको दशौं मण्डलमा देवी अरण्यानिको सुन्दर स्तुतिका मन्त्रहरू पाइन्छन्। हे अरण्यानि। तिमी हेर्दा हेर्दै अलप हुन्छ्यौ। तिमीलाई एक्लै बस्न डर लाग्दैन? गाउँको बाटातिर किन आउँदिनौ? भन्ने प्रश्नको उत्तर दिए जस्तै वृषभहरूको शब्द सुनिन्छ। मानौं—वीणाको झंकारका साथमा अरण्यानि देवीको यज्ञ–गान भैराखेको छ। कस्तूरीको जस्तै वास्नाले सुवासित अन्नले परिपूर्ण हरिण आदिका आश्रय दात्री माता, अरण्यानिको म स्तुति गर्दछु।

अरण्यन्यरण्यासौ या प्रेव नश्यति। कथा ग्रामं नपृच्छसि नत्वा भीरिव विन्द-तीम्। वृषाखाय वदते यदुपावति चिच्चिकः। आघाटि भिरिव धावयन्नरण्यानि मही यते।२। उत गाव इवादन्त्युत वेश्मेव दृश्यते। उतो अरण्यानि सायं शकटीरिव सर्जति। गामङ्गैष आह्वयति दार्वाङ्गषो अपावधीत्। वसन्नरण्यानां सायमक्रुक्ष-दितिमन्यते नवा अरण्यानि र्हन्त्यश्वेन्नाभि गच्छति। स्वाधो फलस्य जग्ध्वायं यथा कामं नपद्यते आञ्जनगन्धि सुरभि वह्वन्नाम कृषि वलाम्। प्राहं मृगाणां मातर मरण्यानि मशं सिषम्। (ऋ।१०।१४६ सूक्त)

घना वृक्ष–लताले युक्त वनैया अन्नले परिपूर्ण, पशु पक्षीको आश्रय दात्री, विभिन्न झंकार कलरवले शब्दायमान अरण्यानिमा ठूला ठूला वृक्ष काटेर गिराएको शब्द, काटी ताछी तयार पारेका स्कंभहरू लादेर ल्याउँदा जङ्गल-बाट गाउँतिर निस्कने गाढाहरूको शब्दले मुखरित समष्टि रूपमा अरण्यानिको स्तुति गान, वैदिक महर्षिहरूले गरेका थिए।

अरण्यानि (वनदेवी) को स्तुति, पूजा, वलिदान, गरेपछि सूत्रधार-द्वारा रूख छानेर नाप लिइएको सुन्दर र वलियो काठ ढालेर ताछतुछ पारी आवश्यकतानुसारको "स्कम्भ" तथा यूपहरू बनाइन्थे।

... वनस्पते स्वधितिर्वा ततक्षः (ऋ३।८।६)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्कंभ जति अग्लो भयो त्यति नै महान् लोकव्यापी सौभाग्यको चिन्ह मानिन्थ्यो । ...... उच्छ्रयस्व महते सौभागाय ।३।८।२) उर्ध्वतिष्टा (ऋ०३।८।२) उँचा खम्बको पनिस्तुति गरिएको छ । इन्द्रले उँचा खम्बामाथि द्यु लोकलाई स्तंभित गरेर राखेको छ । भन्ने ऋग्वेदीय मंत्रबाट पनि (स्कंभ) स्तंभको पृथ्वी, अन्तरिक्ष र स्वर्गलोकको प्रतिनिधित्व गर्ने उँचा स्तंभको परिकल्पना ऋग्वेदकालमा नै भएको थियो ।

अयं महान् स्कम्भनेनोद्द्याम स्तम्नाव् वृषभो मरुत्त्वान् ।ऋ० ६।४७।५

अथर्ववेदमा स्कंभरूप, महद् ब्रह्मले तीनैलोक आक्रान्त गरेर रहेका छन् भनेको पाइन्छ । शिव पुराणमा त्रि-लोक व्यापी शिवको ज्योतिः स्कंभको कथा छ, —तीनै लोकलाई आक्रान्त गरेर उभिएको जोतिष्मान् शिवलिङ्गलाई फेद र टुप्पो पत्ता लगाउन ब्रह्मालाई माथितिर र विष्णुलाई तलतिर जान शिवजीले अराए । ब्रह्मा माथि चढेर जाँदा जाँदा टुप्पामा पुग्न सकेनन् । त्यसै फर्कंर काम धेनु गाई र केतकी पुष्पलाई, साक्षी बक्न खुशामद गरी ब्रह्माले ल्याएका थिए र उनीहरूले ब्रह्मा टुप्पामा पुगेको बयान पनि शिवका अगाडि गरें ।

विष्णु बाठा थिए । उनले यसको अन्त्य भेटिंदैन भन्ने विचार गरी त्यो ज्योतिर्लिङ्गलाई परिक्रमा गरेर त्यहीं बसे । विष्णुले असमर्थता प्रकट गरेको र ब्रह्माले झूटो बोली साक्षीबाट पनि असत्य नै बकाएकोले ब्रह्मा भन्दा विष्णु नै ठूला हुन् भन्ने शिवले इन्साफ गरे । ब्रह्माको मान्यता (पूजा) हुने छैन । गाईले विष्टा खानु पर्ने छ र केतकी पुष्पले देवताका पूजामा चढ्न पाउने छैन भन्ने श्राप दिए भन्ने पौराणिक कथा प्रसिद्ध छ ।

उपर्युक्त कथाले शिवको सर्वोपरि महत्ता देखाउनुको साथै ज्योतिर्लिङ्ग स्वरूप, त्रिलोक व्यापी स्कंभ नै शिवलिङ्ग हो भन्ने धारणा राखेर लिङ्ग पूजालाई आर्यहरूले स्वीकार गरेको वास्तविक तथ्यको परिचय उक्त कथाले दिएको छ ।

यज्ञ विधानमा 'यूप'को र घर एवं देवतायतनमा स्कंभ (स्तंभ) को जुन त्रिलोक व्यापी रूप थियो, त्यही नै शिवको प्रतीक पनि मानेर लिङ्गपूजाको प्रचलन भयो । इन्द्र महोत्सवमा खडा गरिने स्तंभलाई पनि लिङ्गो नै भनिन्छ । लिङ्ग शब्द-कोषमा चिन्ह-वाचक, इन्द्रिय-वाचक, शिवको प्रतीक वाचक, जाति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र वेशभूषा वाचक पनि छ । इन्द्रको विशेष पूजा पर्वको निम्ति खडा गरिने ध्वज-दण्डलाई पनि शिवको हास्यरूपको परिकल्पना गरिएको मान्नु पर्छ भनेर विद्वान्हरूले शास्त्रीय प्रमाण प्रस्तुत गरेका छन्[1] । परब्रह्म स्वरूप, पराशक्तिका पनि स्वामी शिवको परिकल्पनामा इन्द्रादि देवताको अन्तर्भाव हुने भएकोले र शिवको प्रतिमा, स्तंभ अथवा लिङ्गको रहस्यात्मक व्याख्या भैसकेकोले 'इन्द्र यष्ठि' शिवको हास्यरूप संझेर पूजित हुनु आश्चर्य भएन । परंपरादेखि नै इष्ट देवताको रूपमा शिवको पूजा गर्ने आर्येतर जातिसँग पनि सांस्कृतिक समन्वय स्थापना गर्ने कार्यमा इन्द्रध्वजाले मद्दत नै पुऱ्यायो ।

इन्द्र ध्वजोत्थानको प्राचीनता

इन्द्रको यज्ञद्वारा आराधना गरिने वैदिक परंपरा भए पनि वेदका ज्ञाता ऋषि महर्षि र राजा महाराजादेखि बाहेक अन्य साधारण प्रजा वर्गको निम्ति पनि देवताको उपासना गर्न पाउने सजिलो उपायको निम्ति देव मन्दिर, प्रतिमा, नदी, पृथ्वी, पर्वत, पूजाको साथै यष्ठिपूजा पनि प्रचलन भएको मान्न सकिन्छ । यज्ञविधान समर्थवान धनी वर्गका निम्ति मात्रै सहज साध्य थियो । गरीब र अपठित वर्गको निम्ति नै प्रतिमा पूजनको प्रचलन आवश्यक भयो । देव मन्दिरमा गरिने विशेष पूजा वन्दनाको अवसरमा समस्त जनपदका नर-नारी, बालक वृध्द जम्मा भएर हर्षोल्लासले उत्सव मनाउने कुरा मनोरञ्जनका साथै धार्मिक कृत्यद्वारा आत्मा सन्तोष हुनु पनि हो । शिशिर ऋतुको उराठ लाग्दो समयपछि पात झरेर नाङ्गा भएका रूख लहराले नयाँ आँकुरा, टुसा छाडेर नयाँ जीवनमा प्रवेश गर्ने वसन्त ऋतुको आगमन-देखि मानव-जातिका पनि चाड पर्वहरू शुरू हुन्छन् । वसन्तोत्सव शाल भञ्जिका (शाल वनमा गएर फुलेका हांगाहरू भाँची थुत्रो लगाएर वाद्य-वादन नाच, गान, हास्यद्वारा उत्सव मनाउने प्राचीन चाड) र ग्रीष्मको उग्रताप-पछि शुरू हुने, आनन्ददायी वर्षा ऋतुको आगमनमा अनेकन चाड पर्वहरू मान्ने गरेको पाइन्छ ।

आषाढ पूर्णिमाको दिन गुरु-पूजा, श्रावण संक्रान्तिको दिन कण्डारक रात्रिचर, आदि रोग व्याधिका देवताको पूजा, श्रावण शुक्ल पञ्चमीमा नागपूजा, पूर्णिमाको दिन, -ऋषि तर्पण तथा रक्षा-बन्धन र श्रावणी कर्म, भाद्र

---

१) प्राचीन भारतीय लोक धर्म -डा० वासुदेवशरण अग्रवाल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कृष्ण अष्टमीमा कृष्ण जन्म महोत्सव, भाद्र शुक्ल तृतीयाको दिन स्त्रीजातिको शिव व्रतोपवास (तीज) उत्सव र पञ्चमीमा ऋषि पूजाको पर्व मानिन्छ। व्रत-पूजा उपासनाका एक दिने उत्सवपछि आठ दिनसंम लगातार उत्सव मनाइने 'इन्द्रध्वजोत्थान' महान् पर्वको दिन भाद्र शुक्ल द्वादशी आइपुग्छ।

राजाबाट राष्ट्र, जनता र आफ्नो पनि कल्याणको निम्ति वर्षा वादलका देवता इन्द्रलाई आव्हान गरी आठ दिनसम्म लगातार पूजा वन्दना गर्ने, नृत्य गान वजान नाटक प्रदर्शन गर्ने एवं सुस्वादु भोजन गर्ने, र 'इन्द्रध्वजोत्थान, भएको ठाउँमा नर नारीहरू भेला भएर जात्रा मनाउने परंपरा ज्यादै पुरानो मानिन्छ। आर्यहरूको दशैं, तिहार भन्दा पनि यो पुरानो चाड हो।

खेती गृहस्थीको काम समाप्त भएपछि फुर्सदको दिनमा गरिने यो उत्सव हो। वर्षा भएकोले कुनै वाली पाकीसकेको, कुनै पाक्ने अवस्थामा पुगेकोले किसान खुशी भएका हुन्छन्। घाँस पात प्रशस्त खान पाएर मोटा ताजा देखिने गाईवस्तुको पनि आनन्दको दिन हुन्छ। शस्य श्यामला धान्य-धनले परिपूर्ण पृथ्वी माताका रसिला र रमाइला दिनमा यो पर्व मनाउने परंपरा चल्यो।

अथर्व परिशिष्ट भन्ने ग्रन्थमा इन्द्र-महोत्सव नामक प्रकरणमा यो उत्सव भाद्र शुक्लमा मनाइने गरेको थाहा हुन्छ। राजतरङ्गिणीका लेखक, कल्हणले पनि इन्द्र उत्सवको वर्णन गरेका छन् तथा भाद्र शुक्ल द्वादशीलाई इन्द्र द्वादशी भन्ने नामकरण गरेका छन्[१]।

महा भारत आदि पर्व, वाल्मीकि रामायण, हरिवंश पुराण कालिका पुराण, देवी पुराण विष्णु धर्मोत्तर पुराण र वृहत्संहिता भन्ने पाँचौं शदीतिरको ग्रन्थमा पनि इन्द्रध्वजोत्थानको विषयमा चर्चा भएको छ। वैदिक कालदेखिकै इन्द्र पूजाको अविरल परपरा आर्य–राजाले चलाउँदै आएकोले यो चाडको रूपमा सर्वत्र व्यापक पनि भयो।

गो-पालक जातिका जन पदमा पनि इन्द्रको धूमधामसंग पूजा गर्ने परंपरा रहेको कुरा हरिवंश, श्रीमद्भागवत, आदि ग्रन्थबाट जान्न पाइन्छ।

---

१) कल्हण – राजतरङ्गिणी ८।१७०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोकुलमा बसेको बेला वर्षा ऋतुमा इन्द्रको पूजा गर्ने तयारी देखेर कृष्णले सोधे त्यस वेलामा ग्वालाका सरदारले कृष्णलाई इन्द्र ध्वजाको पूजन गर्ने कुरा बताएका छन्, (श्रूयतां तात शक्रस्य यदर्थं ध्वजइज्यते, हरिवंश २।१५।४) घुमन्तू जीवन बिताउने पशु चारक सभ्यतामा नै अल्झेका जातिले पनि इन्द्रको पूजा गर्ने परंपरा चलाउँदै आएको बुझिन्छ। वृष्टिसँग इन्द्रको घनिष्ट सम्बन्ध रहेकोले कृषिमा निर्भर रहेका किसान वर्गका साथै सम्पूर्ण समाजको पनि इन्द्र-सँग स्वार्थ जोडिएको थियो। पशुका निम्ति घाँस-पात र मानिसको निम्ति पनि जङ्गली अन्नहरू, वर्षा भएमा मात्रै उपलब्ध हुनेहुँदा गोठाले युगको समाजलाई पनि इन्द्रको दयाभावको जरुरत पर्थ्यो। यसकारण, इन्द्रको महत्ता ऋग्वेद भन्दा पनि पुरानो युग देखि नै आर्य मूलका जातिहरूमा व्याप्त रहेको आभास पाइन्छ। इन्द्र, धनधान्य, पशु, विजयश्री र दीर्घायु दिने देवता हुन्।

महाभारत आदि इतिहास र पुराण–साहित्यमा इन्द्रध्वजोत्थान पर्वको विशेष वर्णन पाइन्छ। चेदि देशका राजा उपरिचर वसुको चरित्र गाथा महा भारत आदि पर्वमा उल्लेख भएको छ।

राजा उपरिचर वसु, धर्म परायण एवं उपनिषद् दर्शनका विशेष अनुयायी थिए। उनलाई इन्द्रले प्रत्यक्ष दर्शन दिएर भने –''हे राजन्! तिमी धर्मको पालना गर धर्मले नै समस्त संसारलाई धारणा गरेको छ। तिमीले धर्म-युक्त भएर लोक धर्मको पालन गर्‍यौ भने इह लोकको सुख सुविधाको साथै शाश्वत लोक पनि पाउने छौ। म द्यूलोकमा वस्तछु; तिमी मेरा मित्र भएर पृथ्वीमा निवास गर।'' यो चेदिदेश (दक्षिण पंचाल) धन धान्य ऐश्वर्यले पूर्ण छ। यो क्षेत्र पृथ्वीको मानौं स्तन नै हो। यहाँका वासिन्दा धर्मशील, सन्तोषी र सज्जन छन्। सबै वर्ण आफ्नो आफ्नो धर्ममा निरत छन्। म तिमीलाई यौटा विमान दिन्छु। जसमा चढेर तिमी आकाश–चारी शक्ति पाउने छौ। कहिलै न वैलाउने कमल पुष्पको वैजयन्ती माला पनि दिन्छु। यसबाट विशेष लक्षणयुक्त हुने छौ। यस्तो वरदानको साथै इन्द्रले यौटा वैणवी ध्वजा पनि दिए। यो वैणवी यष्टि (ध्वजा) बाँसको थियो। यो अग्लो वंश यष्टि इन्द्र-बाट पाएका राजा उपरिचरले इन्द्र पूजाको निम्ति बढो धूमधाम संग उत्सव मनाएर सहरमा प्रवेश गराए। त्यस बेला देखि आज सम्म पनि राजा वसुले जस्तै हिन्दू राष्ट्रमा इन्द्र ध्वजोत्सव गरिन्छ। चन्दन, अक्षता, फूलमाला, नाना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भूषणले शिंगारिएको र विधिवत् पूजा गरिएको इन्द्रध्वजा दोस्रो दिन खडा गरिन्छ। इन्द्र प्रतिमाको स्थापना गरी पूजा गरिन्छ भने इन्द्र ध्वज-यष्टि (लिङ्गो) को पूजा हास्य रूप शिवको पूजा हो। यो उत्सवले शिव र इन्द्रको एकात्मक रूप देखिन्छ।

राजा उपरिचर वसुले इन्द्र ध्वजोत्थानको पर्व पूजा सकेपछि इन्द्र अत्यन्त खुशी भएर यस्तो वरदान दिए—जुन जुन राजा या मनुष्यहरूले यस्तै प्रकारले मेरो पूजा गर्लान्, अथवा यस्ता उत्सवको आयोजना गर्लान्, तिनीहरूको राष्ट्रमा, गाउँमा अकाल र अनावृष्टि हुने छैन। समस्त राष्ट्रको साथ सुख सन्तोष विजय र ऐश्वर्य प्राप्त गर्ने छन्। यस प्रकार, खुशी भएका इन्द्रले वरदानद्वारा राजा वसुको सत्कार गरे। वसुले 'इन्द्र मह' द्वारा धनधान्ययुक्त पृथ्वीको धर्म शासन गरे।

यष्टिच वैणवीं तस्मै ददौ वृत्र निसूदनः। इष्टप्रदानमुद्दिश्य शिष्टानां परि पालनी ।।१७।।

तस्या शक्रस्य पूजार्थं भूमौ भूमिपति स्तदा।
प्रवेशं कारयामास गते संवत्सरे तदा।।१८।।

ततः प्रभृति चाद्यापि यष्टयाः क्षितिपसत्तमैः।
प्रवेश क्रियते राजन्! यथा तेन प्रवर्तितः।।१९।

अपरेद्युस्तथा चास्या क्रियते उच्छ्रयो नृपैः।
अलङ्कृताया पिटकैर्गन्धै माल्यैश्च भूषणैः।२०।

माल्यदान परिक्षप्ता विधिवत् क्रियते ऽपिच।
भगवान् पूज्यते चात्र हास्यरूपेण शंकरः।।२१।

स्वयमेव गृहीतेन वसोः प्रीत्या महात्मन।
एतां पूजां महीं द्रष्टुः द्रष्ट्वा देवकृतां शुभाम्।
वसुना राजमुख्येन प्रीतिमानव्रवीत् विभूः।२२।

ये पूज यस्यन्ति नरा राजानश्च महं मम
कारयष्यन्ति च मुदा यथा चेदि पति र्नृपः।२३।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तेषां श्रीर्विजय श्चैव स राष्ट्राणां भविष्यति
तथा स्फीतो जनपदो मुदितश्च भविश्यति ।२४।

उत्सवं कारयिष्यन्ति सदा शक्रस्य ये नराः।
भूमिदाना दिभिर्दीनैः यथा पूता भवन्ति वै ।२५।

वरदान महाभूतै स्तथा शक्रोत्सवेन ते ।
सं पूजितो मघवता वसुश्चेदि पति स्तदा ।२६।

पालया मास धर्मेण चेदिस्थः पृथिवी मिमाम् ।
इन्द्र प्रीत्या भूमिपति श्चकारेन्द्र महं वसु ।२७।।

म०भा० आदि पर्व अध्याय ५७

पौराणिक साहित्यको अनुशीलन गर्दा वसु उपरिचर राजा अहिंसात्मक यज्ञ विधामा बढी आस्था राख्दथे भन्ने थाहा पाइन्छ । विभिन्न पशु-वलिद्वारा इन्द्रलाई खुशी गराउने यज्ञको सट्टा इन्द्रको सात्विक पूजा, हवन र ध्वजोत्थानको रमणीय जात्राले अहिंसात्मक यज्ञ पद्धतिको जन्म दियो र जानपद तथा नगरवासीहरूको मनोरञ्जनको निम्ति पनि यो उत्सवले ठूलो भूमिका खेल्यो ।

ऐतिहासिक अन्वेषण गर्दा, विक्रम सम्वत् भन्दा पूर्व ३००० वर्ष-तिर राजा युधिष्ठिरको काल मानिन्छ । युधिष्ठिर भन्दा चार पुस्ता अगाडिका राजा शान्तनुकी पत्नी सत्यवती (मत्स्य गंन्ध) को जन्म, राजा उपरिचर वसु-को वीर्यबाट भएको कथा महाभारत आदि पर्वमा उल्लेख छ । यसकारण युधिष्ठिर भन्दा लगभग १५० वर्ष अगाडि राजा उपरिचर भएका थिए । यिनैको पालामा चेदिजनपदको राज्य कायम भएको थियो । यसरी पौराणिक कथाको डोरोबाट काल निर्धारण गर्दा आज भन्दा लगभग पाँच हजार वर्ष अगाडिदेखि आर्य सभ्यतामा इन्द्रध्वजोत्थानको परंपरा शुरू भएको थियो भनेर मान्नु पर्ने हुन्छ ।

महाभारतको दाक्षिणात्य पाठ (नील कंठी संस्करण) मा इन्द्र ध्वजा को उच्चाईको प्रमाण पनि बताइएको छ । (द्वात्रिंशत् किष्कु संमिताम्) अर्थात् ३२ हात (४८ फीट) अग्लो पाँचरङ्गी कपडाले बेह्रेको फूलमाला

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ध्वजा पताका पिटक (पेटारी–खेलौना किसिमका साना ठूला बाँसका चोयाबाट बनेका बट्टा, प्याङ्) आदि विभिन्न राम्रा वस्तुले शिंगारिएको "ध्वज यष्ठि" खडा गरिन्थ्यो ।

इन्द्रध्वजाको इतिहास केलाउँदै जाँदा सर्व प्राचीन इतिहास ग्रन्थ भनेर मानिएको वाल्मीकि रामायणको किष्किन्धाकाण्ड सोह्रौं सर्गको अन्तिम श्लोक ३९ मा रामचन्द्रको वाणले पीडित वाली समर-भूमिमा लडेको वर्णन गर्दा, वायुले उखेलिएको अशोक वृक्ष अथवा आकाशमा उभिएको इन्द्रध्वजा ढले जस्तै ढले भनेर वर्णन गरिएको छ । यस्तै उक्त काण्डकै १६ रौं सर्गको ३७ श्लोक छ —

इन्द्रध्वज इवोद् धूतः पौर्णा मास्यां महीतले ।
आश्वयुक् समये मासि गतः श्रीको विचेतनः।
वाष्प– संरूध्द कण्ठस्तु वाली चार्तस्वरः शनैः।।३७।।

अर्थात्–उन्नत वाली असौजको पूर्णिमाको दिन ढालिएको इन्द्रध्वजा जस्तै नष्ट श्री र चेतना रहित भएर ढले तथा उच्छ्वासले घाँटी थुनेर विस्तारै चित्कार गर्न थाले ।

उपर्युक्त वाल्मीकि रामायणको उद्धरणबाट असौजको पूर्णिमाको दिनमा इन्द्रध्वजा ढालिन्थ्यो भन्ने कुरा थाहा हुन्छ । आश्विनको पूर्णिमाको दिन ढालिने लिङ्गो महा अष्टमीका दिन खडा गरिन्थ्यो होला । अन्यथा आठ दिनको जात्रा गर्ने दिन पुग्दैन ।

वर्षा हटेर आकाश स्वच्छ भएको वेला, हिलो धूलो नभएको सर्वत्र धानको बाली पसाएर किसानहरूका मनमा हर्षोल्लास भरिएको तथा विशेष कामकाज पनि नभएको समय हेरेर नै असोजमा इन्द्रजात्राको व्यवस्था गरिएको हुनु पर्छ ।

महाभारतकाल भन्दा रामायणकाल अगाडिको मानिन्छ । व्यासले भारत लेख्दा राम कथा लेखेका छन्, तर वाल्मीकिले महाभारत कथाको चर्चा नगरेकोले पनि भारतको रचना काल भन्दा वाल्मीकिको रामायण पहिलेको हो । यस कारण वेदव्यासको समय भन्दा पहिलेको कालमा 'इन्द्रध्वजा' आश्विन शुक्लमा खडा गरिने चलन रहेको अनुमान हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पछिल्लो कालमा आश्विन शुक्ल प्रतिपदादेखि नव दुर्गा भवानीको उपासना गर्ने परंपराले व्यापकता पाएकोले इन्द्रध्वजोत्थानको जात्रा भाद्र शुक्लमा गर्न थालिएको पनि अनुमान गर्न सकिन्छ।

असारदेखि कार्तिकसम्म अर्थात् आषाढ शुक्ल पूर्णिमादेखि कार्तिक शुक्ल पूर्णिमाको दिनसम्म चातुर्मास्य व्रत बस्ने देवताको उपासना गर्ने र योगी सन्यासीहरूले पनि एकै ठाउँमा वर्षावास बस्ने प्राचीन परंपरा थियो। यो बेलामा विशेष व्रत उपासना गरिन्छन्। बौध्द भिक्षुहरू पनि यी चार महीना वर्षावासमा बिताउँथे। हरिवंशमा स्वयं इन्द्रकै मुखबाट भनाइएको छ— हे कृष्ण! यी चार महीना! मेरो उपासनाका निम्ति थिए। यिनमा अगाडिका दुई महीना तिमीलाई दिन्छु। शरद् कालीन दुई महीना मेरो निम्ति रहने छन्। आज उप्रान्त यिनै दुई मास मेरो भनेर मानिसहरूले थाहा पाउने छन्। यो वर्षा कालको आधा आधीतिर मेरो ध्वजोत्थानको कार्य हुने छ—

ये चेमे वार्षिका मासाश्चत्वारो विहिता मम।
तेषामर्धं प्रयच्छामि शरद्कालं तु पश्चिमम्॥
अद्यप्रभृति मासौ द्वौ ज्ञास्यन्ते मम मानवाः।
वर्षार्धेच ध्वजो मह्यं ततः पूजा मवाप्स्यसि।

हरिवंश - पर्व २।अ० १९।४७–४८

हरिवशको यो कथनबाट पनि आश्विन महीना इन्द्रको निम्ति रहेको थियो भन्ने थाहा हुन्छ र प्राचीन कालमा असौजमा लिङ्गो खडा गरिन्थ्यो।

भागवत पुराण र हरिवंश आदि पुराणमा कृष्णलीलाको प्रसङ्ग आएको छ। ग्वालागणसँग गोकुलमा वसेको बेलामा एकदिन धेरै सामग्री जम्मा पारेको देखेर कृष्णले गोपाल सर्दार नन्दगोपसंग सोधे—

धेरै सरसामान जम्मा हुन लागेको देख्छु यो केको निम्ति हो?, शक्रमह भनेको के हो, जुन कुराले तपाईंहरू खुशी देखिनु हुन्छ? कृष्णको प्रश्न सुनेर एउटा बूढा गोपले भने— हे बाबु!, जुन अर्थको निम्ति इन्द्र ध्वजाको पूजन यज्ञ हुन लागेको छ, त्यो कुरा सुन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तत्र वृध्दतमस्त्वेको गोपो वाक्यमुवा चह ।
श्रूयतां तात शक्रस्य यदथ ध्वज इज्यते ।२।१५।४
देवानामीश्वर शक्र मेघानां चारि सूदन ः।
तस्य चाय महः कृष्ण ! लोकनाथस्य शाश्चत ः।।५।
यस्मात्प्रावृडियं कृष्ण! शक्रस्य भुवि भाविनी ।
तस्मात्प्रावृषि राजानः सर्वे शक्रं मुदा युता ः।६।।
महै सुरेश मर्चन्ति वयमन्ये च मानवा ः।।१६।।

इन्द्र देवताका राजा हुन्,उनैको निम्ति परंपरादेखि गरिश्राएको यो उत्सव हो । इन्द्र मेघका पनि राजा हुन्, उनैले मेघद्वारा वर्षा गर्छन्। वर्षाले पृथ्वीमा अन्न–पात घाँस उब्जन्छ । त्यसकारण वर्षादको अन्त्यमा राजाहरू र अन्य सर्व मनुष्यगण एवं हामी ग्वालाहरू पनि इन्द्रमह नामक उत्सवद्वारा इन्द्रको पूजा गर्दछौं ।

आर्य सभ्यताको परंपरामा व्यापक रूपमा गरिने इन्द्रपूजा एवं ध्वजोत्थानको महोत्सवलाई जानेर पनि कृष्णले ग्वालाहरूको मनलाई अन्तैतिर लगाउन चाहेर भने— "हामीहरू गोधनबाट जीविका चलाउने वनचारी गोठाला हौं । गाई हाम्री देवता हुन् ! यो वन, पाखा पर्वत, हाम्रा देवता हुन्। किसानको जीविका खेतीपातीबाट चल्दछ !

गोप वृद्धस्य वचनं श्रुत्वा शक्र परिग्रहे ।
प्रभावज्ञोऽ पिशक्रस्य वाक्यं दामोदरोऽब्रवीत् ।२।१६।१
वयं वनचरा गोपाः सदा गोधन जीविन्न ः।
गावोऽस्मत् दैवतं विध्दि गिरयश्च वनानिच ।२।
कर्षुकाणां कृषिवृंत्ति पण्यं विपणि जीविनाम् ।
गावोऽस्माकं परावृत्ति रैतत् त्रैविद्य मुच्यते ।३।

यस्तै व्यापारीको वाणिज्यबाट वृत्ति चल्दछ । हाम्रो निम्ति त गाईहरू नै सर्वेसर्वा देवता हुन् । हामीले उनैको पूजा बन्दना गर्नु पर्ने हो । खेतको सीमा-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नामा जङ्गल पर्दछ। जङ्गलभित्र पहाड फैलिएको छ। वन र पहाड नै देवता हुन्। ब्राह्मण मंत्र पढेर यज्ञ गर्दछन्, किसान हलो जोतेर यज्ञ गर्दछन् भने हामीले त गिरियज्ञ नै गर्नु उचित हुन्छ। अरू मानिस इन्द्रको पूजा गर्दै गरून्, तर हामी गिरि देवताको नै पूजा गरौं। गाईकै पूजा गर्नाले हाम्रो कल्याण हुन्छ। यदि तपाईंहरू मलाई प्रेम गर्नुहुन्छ भने, म त बलपूर्वक भए पनि तपाईंहरूबाट गिरियज्ञ नै गराउने छु।

कृष्यन्ता प्रथिता सीमा सीमान्ते श्रूयते वनम्।
वनान्ता गिरयः सर्वे सा चास्माकं गतिर्ध्रुवा।५।

मंत्रयज्ञ परा विप्रा सीता यज्ञाश्च कर्षुकाः
गिरियज्ञा स्तथा गोपा इज्योऽस्माभि गिरिर्वनैः ॥६॥

तन्मह्यं रोचते गोपा गिरियज्ञ प्रवर्ततताम्।
अर्चयामो गिरिं देवं गाश्चैव च विशेषतः
शिवाय गावः पूज्यन्तां गिरियज्ञ प्रवर्त्यताम्।
पूज्यतां त्रिदशैः शक्रो गिरिरस्मामिरिज्यताम् ॥
कारयिष्यमि गोयज्ञं वलादपि नसंशयः
यद्यस्ति मयि वः प्रीतिर्यदिवा सुहृदोवयम् ॥४४॥

कृष्णको कुरा सुनेर ग्वालाहरूले उनको वचनको समर्थन गरे। हे बाबु! तिम्रो वचन हामी गोपहरूको हित गर्ने गाईवस्तुको वृध्दि गर्ने नै छ। तिमीले भनेअनुसारको गिरियज्ञ नै गरौंला। तिमीले भनेअनुसारकै ग्वालाहरूको र गाईको हित हुन्छ भने गिरियज्ञकै तयारी गरौं। इन्द्रको यज्ञ परै जाओस्।

यस्त्वयाऽभिहितं वाक्यं गिरियज्ञं प्रति प्रभो!
कस्तल्लंघयितुं शक्तो वेला मिव महोदधिः।१०।

स्थितः शक्रमह स्तात श्रीमान् गिरिमहस्त्वयम्
त्वत्प्रणीतोऽद्य गोपानां गवां हेतोः प्रवर्त्यताम् ॥११॥

हरिवंश– २।१६– –

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसपछि गिरियज्ञको निम्ति अनेक किसिमका पक्वान्न, भोज्य–पदार्थ-चाट्ने, चुस्ने, पिउने खाने, चीज बनाएर गोवर्धन गिरिको फेदीमा गएर पूजा गरे, नैवेद्य चढाए । तीन दिनसम्म गाई र ग्वालाहरूले नाचगान गरे। बाजा बजान चटक जादू टूना हेरे । पर्वतलाई पहिले भोग लगाएर पछि ब्रह्म-भोज गरे । यसरी इन्द्रमहको सट्टा गिरिमहको उतसव मनाएको थाहा पाएर इन्द्रले सात दिन सात रातसम्म मेघद्वारा घनघोर वर्षा गराए । गोवर्धन पर्वतको गुफाभित्र हुलेर गाई र गोपाल गणको कृष्णले रक्षा गरे ।

यसपछि कृष्णको महात्म्य थाहा पाएका इन्द्रले आएर स्तुति गर्छन् र उपेन्द्रको दर्जा दिएर अभिषेक गर्छन् । आफ्ना चार महीनामा दुई महीना उपेन्द्रको निम्ति दिएर फर्कन्छन् । कृष्णले पनि इन्द्रको पूजा यथावत् चल्ने आश्वासन इन्द्रलाई दिन्छन् । 'इन्द्रमह र गिरिमह' दुइटै परंपरा आज पनि समाजमा चलिरहेकै पाइन्छन् ।

यो उपाख्यानबाट अर्को के कुरा थाहा हुन्छ भने—वैदिक कालका सर्वेसर्वा देवराज इन्द्रको महिमा उपनिषद्कालका विष्णुको प्रभावले निस्तेज हुन्छ । वासुदेव सम्प्रदायका अधीश्वर कृष्णले उपनिषद् साहित्यको निचोड गीता दर्शन दिएर कर्म, भक्ति र ज्ञान मार्गको बाटो नै मुख्य हो भनेर देखाइ-दिए । यसपछि, यज्ञ विधानको साथै बहुदेव वादी पूजा अर्चा गौण विषय हुन् भन्ने कुरा उपर्युक्त इन्द्र उपेन्द्रको कथाले दर्शाउने चेष्टा गरेको अनुमान हुन्छ । विष्णु वा कृष्ण भन्दा इन्द्र कम महत्त्वका देवता हुन् भन्ने देखाउन वैष्णहरूले गरेको यो प्रयासलाई, अन्य पुराणाचार्यहरूले पनि समर्थन नै गरे । किनकि वैष्णव धर्म सगुणोपासना (मूर्तिपूजा) मा आस्था राख्दथ्यो र सबै किसिमका माजलाई संगेट्न सक्ने क्षमता राख्दथ्यो ।

किनभने यज्ञवाद, पशुहिंसा र जातिवादको धूमिल वातावरणमा जन्मेको बुद्धधर्मको प्रतिस्पर्धामा खडा हुने क्षमता अहिंसा प्रधान भएकोले वैष्णव धर्ममा नै थियो ।

ऐतिहासिक अन्वेषणबाट वैष्णव–सम्प्रदाय भन्दा पनि प्राचीन अस्तित्व शैव धर्मको पाइन्छ । तथापि शैव धर्मका अनुयायी विभिन्न जाति समूहको आचरण र वेशभूषाले गर्दा नै होला सभ्य समाजमा शैव धर्मले विस्तृत ठाउँ ओगट्न सकेन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इन्द्रजात्राको ऐतिहासिक परंपरा

वैदिक कालका विशिष्ट देवता इन्द्रको यज्ञ विधान र प्रतिमा पूजा भन्दा इन्द्र ध्वजोत्थानको उत्सव समाजको निम्ति प्रभावकारी थियो। आन्तरिक चिन्तन मनन र शिक्षा दीक्षाले जति धार्मिक प्रचार हुन सक्यो त्यो भन्दा बढी नै यो दर्शनीय महोत्सवले सामूहिक रूपमा प्रभाव पार्दथ्यो। आवाल वृद्ध वनिता सबैको निम्ति आकर्षणको केन्द्र बनाउने प्रयासमा यो उच्च ध्वजा शिंगारिन्थ्यो। एक सप्ताहसम्मको नाच, गान, खेल, तमासा क्रय बिक्रय, खान-पानले गर्दा देश भरिका जनताको आकर्षण– केन्द्र नै इन्द्र जात्रा थियो। देश विदेशका दर्शक, ब्यापारी, गायक, बादक, नचनियाँ तमासा देखाउनेहरूको भीड लाग्ने हुँदा राष्ट्रिय स्तरमा यो पर्व मनाउनको निम्ति सर्व आर्य राजाहरू उत्सुक रहन्थे। वाणिज्य र व्यवसाय गर्ने अन्य खेल तमासा देखाउनेहरूबाट राज्यलाई आम्दानी पनि हुन्थ्यो। यसैकारण, इन्द्रध्वजाको परंपरा यस उप-महाद्वीपका देशहरूमा सर्वत्र चलेको अनुमान गर्न सकिन्छ।

भारतीय प्राचीन इतिहासका वरिष्ट बिद्वान् डा० वासुदेवशरण अग्रवाल दक्षिण भारतको परंपरालाई इङ्गित गर्दै भन्दछन्— तामिल भाषा-को अति प्रसिद्ध काव्य 'शिलप्पाधिकारम्,, को अनुसार इन्द्रध्वज पूजनको उत्सव दक्षिण भारतमा चैत्र पूर्णिमाको दिनमा मनाइन्थ्यो। शिलप्पाधिकारम्-को पञ्चम सर्गमा शक्रोत्सवको बहुतै सजीव वर्णन गरिएको छ। यो सर्गको नाम 'इन्दिर विलावुरे डुत्तकडै' भनिन्छ।[१] त्यस काव्य ग्रन्थमा भनिएको छ–

कावेरी नदीको किनारमा रहेको पुहार नामक राजधानीका वासिन्दाहरूले मिलेर इन्द्रध्वजोत्सव मनाउने निश्चय गरे। यो सहर त्यो समय-मा समृद्धिशाली पोत्तन वन्दरगाहयुक्त (सहर) थियो। यहाँ अनेक प्रकारका व्यवसाय गर्नेहरू बस्तथे। रेशमी सूती वस्त्र, मूगा, चन्दन, मोती, रत्न, सुन, चांदी, अन्य धातुका सामान र खाद्य, नाना प्रकारका पेय सामग्रीको क्रय विक्रय पनि हुन्थ्यो। यस्तै, अनेक कुशल शील्पिद्वारा निर्मित बिक्रीका वस्तु पनि त्याहाँ थिए। शील्पी, कुंभकार, सुवर्णकार, मणिकार आदि व्यावसायीहरूको साथै वीणा वादन, वेणु-वादन आदि वाद्य–कुशल कलाकार, प्रसिद्ध गायक

१) साभार– डा० वासुदेवशरण अग्रवाल–प्राचीन भारतीय लोकधर्म पृ ०३२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नर्तकहरू पनि त्यो नगरमा बस्तथे। सबैले मिलेर धूमधामसँग खान पानको व्यवस्था गरे। इन्द्रध्वजोत्थानको निम्ति पनि तयारी गरियो। यसै उत्सवको एक अङ्ग समुद्र स्नान पनि थियो। उक्त काव्यकै छैटौं सर्ग (कडलदुकडँ) मा[१] समुद्र स्नानको विस्तृत वर्णन गरिएको छ। यसको तुलना हरिवंश पुराण (२।८८) को यदुकुलका अन्धक, वृष्णि आदि समूहको चमत्कारिक समुद्र स्नान (जल क्रीडा) संग गर्न सकिन्छ।

संस्कृत साहित्यमा इन्द्रध्वज महोत्सवको निरन्तर उल्लेख पाइन्छ। इतिहास, पुराण, काव्य, नाटक र अन्य ज्योतिष लक्षण, ग्रन्थ र धर्म शास्त्रहरूमा उल्लेख पाइनुले थाहा हुन्छकि यो पर्वको समस्त आर्य परंपराका राष्ट्र तथा जनजीवन संग घनिष्ट सम्बन्ध थियो।

राजा महाराजा धनीमानी व्यक्तिहरूमा वैदिक यज्ञको महत्ता थियो भने, साधारण जनताको यस्तै 'मह, संज्ञक देवपूजन र मेला उत्सव आदिले धार्मिक भावनाको आकांक्षा पूर्ति गर्दथ्यो।

डा० अग्रवालको विचारमा, अन्य वैदिक यज्ञको सम्बन्ध वेदत्रयी (ऋक् यजुः साम) सँग थियो भने, जनताको धार्मिक विश्वास, सामाजिक मनोरञ्जन गर्ने चाड, पर्व, महोत्सवको घनिष्ट सम्बन्ध अथर्व वेदसँग रहेको थियो। किनकि वैदिक देवतावाहेक अनेक लोक देवताको उल्लेख अथर्व वेदका मंत्रहरूमा पाइन्छ। अथर्ववेदको कौशिक सूत्रमा 'इन्द्रमह' सम्बन्धी विषय वर्णन पाइन्छ। यस्तै अथर्व परिशिष्ट भन्ने ग्रन्थमा– इन्द्र महोत्सव, व्रह्म याग र स्कन्द याग यी तीन महोत्सव सम्बन्धी चर्चा छ।[१]

ई०पू० दोस्रो शताब्दीतिर भएका संस्कृत नाटककार भासले आफ्नो बाल चरित्र भन्ने नाटकमा नन्दगोपको घोष (गोठ) मा इन्द्र–यज्ञ उत्सवको उल्लेख गरेका छन्। त्यस्तै ईसाको पहिलो शताब्दीतिर अन्दाज गरिएको नाटककार शूद्रकको मृच्छकटिक भन्ने नाटकमा पनि प्रसङ्गवश 'इन्द्र महको' उल्लेख आएको छ। "अरे। इन्द्रमहको लालची काग जस्तै कति काग काग गर्दछस्। (मृच्छ कटिक)।"

१) डा० वासुदेवशरण अग्रवाल - प्राचीन भारतीय लोक धर्म।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उक्त प्रसङ्गबाट इन्द्रमहको पर्वमा सबैले देख्ने गरी खाद्य सामग्रीको थुप्रो लगाइन्थ्यो भन्ने अनुमान हुन्छ। इन्द्र पूजाको विरोध गरेर गोवर्धन गिरिको पूजा गराउँदा, यस्तै अन्नकूट, पक्वान्नको थुप्रो लगाएर पूजा गरेको वर्णन छ। कृष्णले इन्द्रमहकै निम्ति तयार गरेको सामानबाट 'गिरिमह' गर्दा, तदनुरूप नै सम्पन्न गरेका थिए। गोपगणहरूको पूजा प्रकारमा कुनै अन्तर नभैकन देवता मात्र फेर वदल भएर इन्द्रको सट्टामा गोवर्धनगिरिको पूजा भएको थियो।

खुला ठाउँमा खाद्य सामग्री जम्मा गरेर गरिने यो उत्सवमा काग, कुकुरहरू लोभिने नै भए। यस्तै कोषकार हेमचन्द्रले (देशीनाममाला १।८२) कुकुरलाई 'इन्द्रमह कामुक' भन्ने संज्ञा दिएका छन्। यसबाट पनि इन्द्रमह उत्सवमा पक्वान्नको थुप्रो लगाइन्थ्यो भन्ने ज्ञान हुन्छ।

खेती र पशुपालन नै मुख्य जीविका हुने प्राचीन कालका राष्ट्रहरूमा अन्न, घाँसपातसँग घनिष्ठ सम्बन्ध भएका वर्षा वादलका अधिपति देवराज इन्द्रको ध्वजोत्थान र पूजा गरिने यो पर्व, राजा जनताको साझा चाड थियो। वर्ष भरिको सबै भन्दा ठूलो र आठ दिन सम्म लगातार पूजा, खेल तमासा नाच गान, क्रय–विक्रय भैरहने, वरपरका र देश विदेशका यात्रीहरू जम्मा हुने यो महोत्सव, राष्ट्रिय र सार्वजानिक चाडको रूपमा प्रसिद्ध रहेको थियो।

इन्द्र ध्वजोत्सवको महत्ता भरत मुनिको नाट्य शास्त्र (रचनाकाल ई०पू दोस्रो शदी देखि ई० पहिलो शताब्दी) पनि प्रसङ्गमा आएको छ। उक्त ग्रन्थमा भनिएको छ– भरत मुनिले नाटक प्रयोगको निम्ति सबै व्यवस्था मिलाएर ब्रह्मासँग सोधे, अब के गर्ने ? अनि ब्रह्माले भने—

महानयं प्रयोगश्च समयः समुपस्थितः।
अयं ध्वजमहः श्रीमान् महेन्द्रस्य प्रवर्तते।
अत्रेदानीमयं वेदो नाट्य संज्ञ प्रयुज्यताम्।
ततः तस्मिन् ध्वज महे निहतासुर दानवे।
प्रहृष्टा मर संकीर्णे महेन्द्र विजयोत्सवे।
नान्दीकृता मया पूर्वं माशीर्वचन संयुता।१।५६।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नाटक देखाउने ठीक समय भएको छ । देवराज महेन्द्रको 'ध्वजमह; नामक उत्सव हुँदैछ, त्यही ठाउँमा नाट्य-वेदको प्रयोग गर्नुपर्छ ।

ब्रह्माको आज्ञा पाएर, जहाँ असुर बिजयको उपलक्ष्यमा देवताहरू मिलेर खुशियाली मनाइरहेका थिए, त्यही ठाउँमा गएर भरत मुनिले नाट्य वेदको प्रयोग गर्न (नाटक देखाउन) आशीर्वादको उच्चारण गर्दै नान्दी गान गरे । नाट्यवेदको प्रयोग देखेर खुशी भएका ब्रह्मादि देवताले नाटकको निम्ति अलग अलग उपकरण प्रदान गरे । इन्द्रले नाटक प्रयोगको सफलताको लागि ध्वजा प्रदान गरे तथा अन्य देवताले अन्य उपकरणहरू दिए ।

ततो ब्रह्मादयो देवा प्रयोग परितोषिता :।
प्रददुर्हृष्ट मनसः सर्वोपकरणानि न :।
प्रीतस्तु प्रथमं शक्रो दत्तवान् स्वध्वजं शुभम्''१।५८-५९ नाटयशास्त्र.

यसै प्रसङ्गमा भनिएको छ— जव सम्पूर्ण तयारीका साथ नाटकको प्रारंभ भयो तव क्षुभित भएका दैत्यहरूले अनेकन विघ्नवाधाहरू उपस्थित गरेर नाट्य प्रयोगलाई वाधा दिए । उनीहरूले भने,—'यो नाटकको प्रयोग, यस प्रकार जनतासम्म पुगेको हामी हेर्न चाहँदैनौ । यसपछि उनीहरूले माया (जादू) द्वारा नाच्ने गाउनेको वाणी, चेष्टा (हाउ भाउ) र स्मृति नै स्तम्भित गरिदिए । नाटक प्रदर्शनमा परेको विघ्नवाधाले सूत्रधार नै हृतप्रभ भएको देखेर इन्द्र अत्यन्त रिसाए । उनले झटपट इन्द्रध्वज उठाएर रङ्ग पीठमा जमेको विघ्न-वाधाहरूलाई जर्जर नामक लौराले पिटेर भगाए ।

एवं प्रयोगे प्रारब्धे दैत्य दानव नाशने
अभवन् क्षुभिताः सर्वे दैत्या ये तत्र संगताः।
विरुपाक्ष पुरोगांश्च विघ्नानुत्पाद्यते ब्रुवन्
नेत्यमिवच्छा महे नाट्य मेतदा गम्यता मिति ।
ततस्तै रसुरैः सार्धं विघ्न माया मुपाश्रिताः।
वाचश्चेष्टां स्मृतिं चैव स्तम्भयन्तिस्म नृत्यताम् ।
एवं विध्वंसितां दृष्ट्वा सूत्र धारस्य देवराट् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तस्मात् प्रयोग वैषम्यमित्युक्त्वा ध्यानमाविशत् ।
अथा पश्यद् सदा विघ्नैः समन्तात् परिवारितम् ।
सहेतरं; सूत्रधारं नष्ट संज्ञं जडी कृतम् ।
अथोत्थाय बुतं क्रोधाद् दिव्यं जग्राह सध्वजम् ।
सर्व रत्नोज्वल तनूः किञ्चिदुद्वृत्त लोचनः।
रंगपीठगतान् विध्नानसुरांश्च स देवराट् ।
जर्जरीकृत देहास्तानकरोज्जर्जरेण सः ।

नाटयशास्त्र१।६४–७०)

उपर्युक्त कथनबाट के थाहा पाइन्छ भने, इन्द्रध्वजाको महोत्सव, ठूलो राष्ट्रिय पर्व थियो । यसमा अनेक आमोद प्रमोदका साधनहरू जुटाइन्थे । यसै अवसरमा नाटक प्रदर्शन पनि गरिन्थ्यो ।

नाटक प्रदर्शन गर्ने समय पनि यही उत्सव थियो र नाटक शास्त्र तथा इन्द्रध्वजोत्थानको परस्पर गाढा सम्बन्ध रहेको कुरा पनि माथिका प्रकरणबाट ज्ञान हुन्छ । स्फीत (वृहद्) इन्द्रमहको अवसरमा बराबर नाट्य प्रयोग हुने गरेको चर्चा पनि नाट्य - शास्त्रमा नै पाइन्छ ।

प्रयोग पस्तुते त्वेवं स्फीते शक्रमहे पुनः–

नाटय शास्त्र०१।७६

महाकवि कालिदासलाई विक्रम सम्वत्का प्रवर्तक मालवाधीश विक्रमादित्यको समयमा मान्ने कतिपय विद्वान् छन् भने, केही विद्वान्हरू, गुप्त सम्राट् चन्द्रगुप्त विक्रमादित्यका सभापण्डित भनेर मान्दछन् । पहिलो शताब्दी अथवा चौथो शदीमा नै जन्मेका भए पनि उनले लेखेको रघुवंश महा-काव्यमा इन्द्रध्वजाको झिलिमिली र अत्युच्चता भएको कारणले माथितिर फर्केर हेर्नु पर्ने कुरा इङ्गित गरेका छन् ।

पुरुहूत ध्वजस्येव तस्यन्नयन पङ्क्तय ः।
नवाऽभ्युत्थान दर्शिन्यो ननन्दुः सप्रजा प्रजा ।

रघुवंश ४।३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इन्द्रध्वजाको नयाँ उत्थान जस्तै, महाराज रघुको नयाँ अभ्युदय-लाई माथितिर नयनपङ्क्ति उठाएर, अथवा उल्लसित भएर सन्तानसहितका प्रजागणले हेरे र खुशी भए ।

उपर्युक्त श्लोकमा इन्द्रध्वजाको उच्चतासँग रघुको महत्ता, ध्वजोत्सवको हर्षोल्लाससँग नयाँ राजा भएको खुशियालिको तुलना कविले गरेका छन् । यसबाट ध्वजा अग्लो, सुन्दर हुन्थ्यो भन्ने र नयाँ ध्वजा खडा गरेको दिन नयाँ राज्याभिषेक भए जस्तै जनताले हर्षोल्लास युक्त भएर हेर्थे भन्ने भावको अभिव्यक्ति यो श्लोकमा भएको छ । उक्त काव्यका वरिष्ट टीकाकार मल्लिनाथ भविष्योत्तर पुराणको यसरी उद्धरण दिन्छन्:—

एवं य कुरुते यात्रा मिन्द्रकेतो युँधिष्ठिरः।
पर्जन्यः कामवर्षी स्यात्तस्य राज्ये नसंशयः।

अर्थात् हे युधिष्ठिर ! यसरी जसले इन्द्रध्वजाको यात्रा गर्छन्, तिनीहरूको राज्यमा इच्छा गरेअनुसारकै मेघले वर्षा गर्छन्, फरक पर्दैन ।

साथै चारपाटे ध्वजाको आकार भएको राजाको ढोका नजीकै उभ्याइएको ध्वज यष्टिलाई इन्द्रध्वजा भन्दछन्, जुन ध्वजा सहरवासीहरू-लाई सुख दिने हुन्छ भन्ने श्लोक पनि दिएका छन् । जो निम्नस्थ छः—

चतुरस्रं ध्वजाकारं राजद्वारे प्रतिष्ठितम् ।
आहुः शक्रध्वजं नाम पौरलोक सुखावहम् ।।

भविष्योत्तर पुराणको उध्दरणमा इन्द्रध्वजोत्सवलाई यात्रा मानि-एको छ । यात्रा शब्दको प्राकृत वा पालि भाषामा 'जत्त' हुन्छ र हिन्दीमा 'जात' भनेको पाइन्छ । नेपालीमा यात्रा शब्दकै उच्चारण जात्रा बनेको छ । बूढो ष र य दुईठाउँ पढ्ने प्राचीन चलन थियो । वेद मा 'य' जनै पढिन्छ । नेपालमा जात्रा अनेक हुन्छन् । नदी तटमा, देवालयमा विशेष पूजा हुने दिनमा र धर्मार्थ तीर्थस्नान गर्ने दिनमा असंख्य नरनारी जम्मा भएर स्नान, दान, पूजा गरिने पर्वलाई जात्रा भन्दछन् । यसकारण, नेपाल उपत्यकाभित्रका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पर्वहरू, घोडेजात्रा, गाईजात्रा, इन्द्रजात्रा, भोटो देखाउने जात्रा, हिलेजात्रा, कृष्णाष्टमी जात्रा, दशैंमा खड्ग जात्रा, भक्तपुरको विस्केटजात्रा, आदि नाउँले प्रख्यात् छन् ।

इन्द्र, वैदिक देवता हुन् । जसलाई वैदिक कालमा यज्ञद्वारा उपासना गरिन्थ्यो । उत्तर-वैदिक कालमा इन्द्र भन्दा विष्णुको व्यापकता देखाएर उनकै उपासना हुन थाल्यो । वैदिक कालमा नै शिव पनि सम्पूर्ण मानव जातिका परमेश्वरको रूपमा पूजित भए । त्यसपछि सम्प्रदायवादी (शैव तथा वैष्णव) धर्मसँग वैदिक देवता इन्द्रको समन्वय आवश्यक ठानियो । यसैको प्रारूप —"**भगवान् पूज्यते चात्रहास्य रूपेण शंकर,** भनेर इन्द्रध्वजा-लाई शिवको हास्यरूप मानिएको पाइन्छ ।

यस्तै, इन्द्र र विष्णुको पनि समन्वय हुनु जरूरी भएकोले कृष्ण-सँग पनि इन्द्रध्वजाको सामञ्जस्य भएको कुरा हरिवंशको निम्नस्थ श्लोक-बाट थाहा पाइन्छ ।

नारास्तां चैव मां चैव ध्वजाकारासु यष्टि सु ।
महेन्द्रं चाप्युपेन्द्रं च महयन्ति महितले ॥

हरिवंश२।१६।५६

द्वादशादित्यमा कान्छा भाइ विष्णुको नाम पाइन्छ । यिनलाई वामन, उरुक्रम, आदि नाउले अभिहित गरिन्छ । विष्णुको अर्थ तीनै लोकमा व्यापक भन्ने छ र तीन पाउले स्वर्ग, अन्तरिक्ष, पृथ्वी ढाकेको कथा पुराण-हरूमा पाइन्छ ।

वैदिक-साहित्यबाट अदितिलाई परमसत्ता रूपिणी मानिएको छ । आदित्यको तेजोमयरूप अदितिबाट नै जन्मन्छ । बाह्र आदित्य मध्येका कान्छा विष्णु पनि त्रिलोकव्यापी तेजतत्वरूप नै हुन् । आदित्यको तेज स्वर्ग, अन्तरिक्ष र पृथ्वीमा व्याप्त छ । यही कुरालाई रहस्यमय प्रतीकार्थमा तीनै लोक तीन पाउले ढाक्ने कथाको रोचक वर्णन पुराणहरूले गरेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसकारण, वैदिक साहित्यको उत्तराधिकारी महाभारत र पुराण-साहित्यमा महत्वशाली देखिएका शिव विष्णुसँग इन्द्रको समन्वय हुनु आवश्यक नै ठानियो । शिवपरमेश्वर महायोगी हुन् भने विष्णु व्यापक ईश्वर। परन्तु इन्द्र सबै देवताका राजा पनि हुन् । राज्यव्यवस्थामा बाधिएका आर्य राजाको निम्ति शिव र विष्णु परमेश्वरको रूपमा मान्य भए पनि आदर्श राजा, एव सृष्टिका पहिला देवराजको रूपमा पूजित इन्द्र नै वास्तविक आराध्य देवता हुन् । जस्लाई वैदिक मन्त्रले नै वरिष्ट देवताको रूपमा स्तवन गरेका छन् । राजतंत्रात्मक राज्य व्यवस्था—वैदिक कालदेखि नै महत्वपूर्ण मानिएको हुँदा र विजय लाभ, ऐश्वर्य, सुख, शान्ति प्राप्तिको निम्ति देवराज इन्द्रको पूर्वकालदेखि नै उपासना गरिने परंपरा भएकोले पूजा प्रकारमा अन्तर देखिए तापनि इन्द्र-महोत्सवको परपरा आजसम्म अविच्छिन्न रहेको पाइन्छ ।

जैन तथा बुद्धधर्मको साहित्यमा 'इन्द्रमहः'

प्राकृत भाषामा लेखिएको जैन सम्प्रदायको ग्रन्थ 'नायाधम्मकहा' को सूचिमा लोक-प्रचलित १५ मह (जात्रा) को उल्लेख भएको छ । इन्द्र-मह, खन्द (स्कन्द) मह, रुद्रमह, शिव, वैश्रवण, नाग, यक्ष, भूत, नदी, तडाग वृक्ष, चैत्य, पर्वत उद्यान, गिरिमहको गणना पाइन्छ । उपर्युक्त गणनामा कुनै आर्य-सभ्यताका देवता छन् भने बहुशः आर्येतर जातिका लोक देवता यो सूचिमा पर्दछन् ।

> **अज्ज रायगृहे नगरे इन्द्रमहे इ वा खन्द महे इ वा एवं रुद्द शिव बेशमण नाग, जक्ख भूय, नई तलाय रुक्ख-चेइय पव्वय उज्जाण गिरि जत्ता ई वा । नायाधम्म कहाओ–(१।२५).**

देवपूजन समारोह, जात्राको रूपमा मनाइने भएपछि, यस्ता उत्सव जाति विशेषका मात्रै नभएर सम्पूर्ण समाजकै लागि मान्य हुन्थे । नृत्य, गीत, रङ्गमञ्च, वाद्यवादन, जादू चटक, खेल तमासा मल्लयुद्ध, गोयुद्ध, मेष-युद्ध, आदि दर्शनीय आयोजनाले सम्पूर्ण समाजकै मनोरञ्जन गर्थ्यो । क्रय विक्रय, खान पान, मद्य, मांस मिष्टान्न पनि जाति वा व्यक्ति गात्रको नभएर समाजकै हुने भएकोले जात्रा पर्वहरू समाजको साझा नै भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

डा० वासुदेवशरण यस्तै उत्सवको परम्पराबाट नै नाट्य कलाको विकाश भएर उच्च प्रतिष्ठा प्राप्त गरेको कुरा व्यक्त गर्दछन् । साथै ग्रामीण समाजमा पनि 'इंदरकाजग' भनेर आषाढ महीनाको कुनै पनि आइतबारको दिन मनाउने चलन भएको कुरा उल्लेख गर्दछन् । इंदरकाजगको अघिल्लो दिनमा हलै पिछे डेढ सेर देखि पांच सेर सम्म अन्न उठाएर हवन र ब्रह्म भोजको निम्ति व्यवस्था गर्दछन् । त्यसै दिनको साँझमा जति दूध दुहिन्छ, त्यो सबै जम्मा गरेर राखिन्छ र भोलि पल्ट विहानै त्यस दूधमा गंगा जल मिसाएर गाउँको वरिपरि दूधको धाराले छेक्तै आवाल वृद्ध वनिताले गाउँको परिक्रमा गर्दछन्[१] । यो वेला ढोल नगरा झ्याली शंख घण्ट बजाइन्छ । सबै-मा हर्षोल्लास भरिएको पाइन्छ । यसपछि सबै मिलेर ब्रह्म भोज (ब्राह्मण भोजन) पछि सबै खान पान गर्दछन् । यस प्रकार राजा इन्द्रको यज्ञोत्सव मनाइन्छ ।

प्राचीन परम्परामा चैत्र शुक्ल प्रतिपदादेखि नव-वर्षारम्भ भएको कहीं मानिन्छ भने, कार्तिक शुक्ल प्रतिपदादेखि नयाँ वर्ष शुरू हुने परम्परा पनि पाइन्छ । यस कारण, वर्षको शुरूमा इन्द्रध्वजोत्सव गर्ने कहीं चलन थियो भने, कहीं वर्षको आखिरीतिर पनि यो उत्सव मनाउने चलन चल्यो । तामिल प्रदेशमा बाह्रै महीना धान रोप्ने, गोड्ने र काट्ने भइ नै रहन्छ । यस कारण वर्षापछि शस्य शामला धर्तीको रूप हेरेर अथवा सुनौला धानको बाला वयली खेलेको दृष्यले पुलकित भएर इन्द्रजात्रा मनाउने चलन त्यहाँ चैतमा पनि धान पाक्ने हुँदा चल्यो होला । गाउँ ठाउँको सुविस्ता र फुर्सद हेरेर इन्द्रजात्रा मनाउने गरेको देखिए तापनि इन्द्रध्वोजोत्सवको पर्व वैदिक धर्मानुयायी आर्य परम्पराको महत्वशाली उत्सव हो भन्ने कुरामा चाहिं सन्देह छैन ।

जैन-ग्रन्थ निशीथचूर्णि १९।पृ० ११७४ को उद्धरण प्रस्तुत गर्दै डा. अग्रवाल भन्दछन्- इन्द-मह, खन्दमह, यक्षमह, भूतमह, यी चार पर्वहरू भारतवर्षका महामह (ठूलो उत्सव) मा गनिन्थे । इन्द्रमह असार पूर्णिमामा, स्कन्दमह आश्विन पूर्णिमामा, यक्षमह कार्तिकको पूर्णिमाको दिन र भूतमह चैत्र पूर्णिमाको दिन मनाइन्थ्यो । यस्तै उपर्युक्त ग्रन्थको भनाइमा, लाट देश-

---

१) डा० अग्रवाल – भारतीय लोक धर्म पृ०३६-३८। –(१/२५)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मा श्रावण पूर्णिमाको दिन इन्द्रध्वजोत्सव गरिने अनुश्रुति पाइन्छ, भन्ने छ।[१]

वर्षा ऋतुको समाप्तिपछि शरद ऋतुमा ध्वजोत्थानको समारोह सम्पन्न गरेर राजा महाराजाहरू दिग्विजय गर्ने यात्रामा निस्कन्थे। जहाँ वर्षा ऋतुमा पानीले हिलो मैलो बढता हुने, दह, खत्ता जमेर बाटोघाटो बन्द हुने र टाढा टाढाका जनताका व्यापारी वर्ग, नटुवा, गवैयाहरू जम्मा हुन नसक्ने ठाउँमा सबै सुविधाको ख्याल राखेर, आश्विन महीनामा ध्वजोत्सव गरिन्थ्यो र वर्षाले त्यति असर नगर्ने ठाउँहरूमा चाहिं भाद्र शुक्लमा नै यो पर्व मनाइन्थ्यो। नेपाल पहाडी प्रदेश भएकोले हिलो मैलो कम हुने आवागमनलाई पनि त्यति बाधा नपर्ने भएकोले यहाँ भाद्र शुक्लमा नै यो पर्व मनाइने चलन चल्यो। यो दिन पुराणहरूले स्वीकारेको दिन पनि हो।

नेपालका प्रसिद्ध स्वर्गीय इतिहास शिरोमणि पं० बाबुराम आचार्यज्यूले प्राचीन नेपाल भन्ने लेख (नेपाली अङ्क ४२) लेख्नु भएको छ। त्यसमा इन्द्रजात्रा संग सम्बन्धित 'इन्द्र गृह' को चर्चा गर्दै वहाँ भन्नु हुन्छ– "गुप्तराज्यको उत्थान हुनु भन्दा ११ वर्ष पहिले ई. ३१९मा भारतीय कालगणनामा ठूलो परिवर्तन हुन आएको देखिन्छ। वाल्हीक देशबाट शकहरू द्वारा ई० पू० १२३ मा लखेटिएका मालव गणले राजपुतानाका पुष्कर कुण्ड नजीकको जङ्गल आवाद गरी ई. पू. ५८ देखि उठान भएको 'कृत' नामक वर्षगण चालू गरेका थिए। यसको परिमाण ४८०० वर्षको थियो। त्यसैले यिनताक मध्य देश र प्राच्य देशमा वर्षा ऋतुको आरम्भ श्रावण मासबाट गरिन्थ्यो र यो कृत–वर्षको आरम्भ पनि श्रावणमासबाट नै गरिन्थ्यो।

यस वर्ष भन्दा १३५ वर्षपछि सौराष्ट्र र काठियावादमा राज्य स्थापना गर्ने शकहरूले ई० १५० का आसपास उज्जयनी नगर सात वाहन राजसँग खोसेर लिएपछि, ज्योतिष विद्यामा प्रवीण भएका शकहरूले ई. ३१९ देखि नै रोमक सिद्धान्तअनुसार, रात दिनको बराबर घटि पला हुने वसन्त ऋतुको मध्य (मार्च २१ तारिख) अर्थात् चैत्र शुक्ल पक्षको शुरू दिन देखि वर्षारम्भ हुने चलन चलाए।

---

१) डा० अग्रवाल - प्राचीन भारतीय लोक धर्म पृ० ४२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषुव अर्थात् दिन र रात समान हुने कुरा काल्डियन ज्योतिषी-हरूले पत्ता लगाएका थिए । काल्डिहरूको भाषा वर्तमान अरबी भाषाको प्राचीन रूप थियो र शकहरू यो भाषा जान्दैन थे तापनि यूनानीहरू यो भाषा जान्ने हुनाले अरवहरूको ज्योतिष विद्यालाई शकसम्म पुऱ्याउने काम उनी-हरूले नै गरे ।

कृत्त (विक्रम) सम्वत् र शक सम्वत् दुवैको आरम्भ श्रावणदेखि नै हुन्थ्यो र ३१९ ई० को शुरू समय देखि श्रावणबाट उठान हुने वर्षको आठ महीना वितेपछि ठप्प रोकी चैत्रदेखि नयाँ गणना शकहरूले चलाए ।

शक (शाक द्वीपी) ब्राह्मणहरूको वहकावटमा लागेर आर्य ब्राह्मण-हरूले पनि ई. पू. ३४८१ देखि कलियुगको आरम्भ मानेर कृतको आरम्भवर्ष-लाई लाखौं वर्ष पूर्व हटाइदिएको हुनाले मालवहरूले शकहरूको कलियुगलाई मानेका थिएनन् । तर लगत्तै ३३० देखि गुप्त राज्य खडा भएको र यस वंशको दोस्रा राजा चन्द्रगुप्त विक्रमादित्यले शकहरूले आरम्भ गरेको कलि-कालको समर्थन गरेर सम्वत्सर भन्ने नाम दिई ई. ३१९ देखि उठान भएका ऋतु चक्र पूर्ण काललाई शक ब्राह्मणहरूको निर्देशनअनुसार सम्वत्सर भन्ने नाम दिएर गुप्त वंशको राज्य चालु रहे सम्म चलाए ।

पुराना नियमअनुसार वर्षा ऋतुको पूर्वार्धमा श्रावण मास र उत्त-रार्धमा भाद्र मास एवं शरद ऋतुको पूर्वार्धमा आश्विन मास पर्दथे । तर नयाँ नियमअनुसार शरदऋतुको पूर्वार्धमा भाद्रमास र उत्तरार्धमा आश्विन मास पर्न आयो । शरद ऋतुमा धानका बाला पहेंला भई कृषकहरूका दिन वहलाएका हुँदा वर्षा गराउने देवता इन्द्रलाई प्रसन्न गराउनाका निमित्त भाद्र मासका माझमा पर्ने पूणिमा वरपरका सात दिन जति इन्द्रध्वज-स्थापनाको चाड, गुप्त राजा चन्द्रगुप्तको समय देखि पुष्पपुरमा चालू भएको देखिन्छ । चन्द्रगुप्त राजाका समकालीन कवि कालिदास (३७५-४४५) का रघुवंश काव्यमा इन्द्रध्वजको वर्णन तल लेखिएको पद्यमा देखिन्छ"[१]

इतिहास शिरोमणिज्यूको उपर्युक्त कथनमा केही केही सत्यांश भए

१ उक्त पद्य पृ. २१मा उधृत भैसकेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि सबै कुरा मान्न सकिदैन । शक ब्राह्मणले कलियुगको गणना चलाएको कुरा र गुप्तहरूको पालादेखि मात्रै इन्द्र ध्वजोत्थानको जात्रा चलेको कुरा पनि केवल तर्कको आधारमा लेख्नु भएको रहेछ भन्नु पर्छ ।

महाभारत, अथर्व परिशिष्ट, वाल्मीकि रामायणको वर्तमान रूप गुप्तकालको मान्न सकिदैन, जसमा इन्द्रध्वजोत्थानको वर्णन पाइन्छ, ती प्राचीन ग्रन्थहरूको रचना ईसा पूर्वका वर्षहरूमा नै सम्पन्न भइसकेका थिए ।

युग प्रमाण पनि शाक द्वीपी ब्राह्मणहरूको गणना होइन । ईसा पूर्व दोस्रो शताब्दीको रचना मानिएको मनुस्मृतिमा दैव युगको वर्ष गन्दा त्यही युग प्रमाण दिइएको छ । तर मनुस्मृतिकारले स्पष्ट रूपमा दैव युग भनेका छन् । त्यो बेलासम्म पृथ्वीको र सृष्टिको आयु सम्बन्धमा ऋषिमुनिहरूको चिन्तन मन्थनले एक निश्चित गणना क्रममा पुऱ्याई दिएको थियो । मानव वर्ष अर्थात् मानवीय युग गणना पद्धतिले मात्र ब्रह्माको आयु तथा पृथ्वीको आयुको परिगणितगर्न नभ्याउने भएकोले देव वर्ष र दैवी युग मात्रको लेखा पद्धति बनिसकेको थियो । ई. पू. १४०० वर्ष तिरको वेदाङ्ग ज्योतिष भन्ने ग्रन्थमा देव युग र मानव युगको छुट्टा छुट्टै गणना गर्ने पद्धति रहेको पाइन्छ । यसको विस्तृत विवेचना लेखकको "सांस्कृतिक परम्परा र राजमुकुट" भन्ने ग्रन्थमा गरिएको छ ।

यस्तै उत्तर वैदिक कालदेखि नै आर्य राजाहरूको परंपरामा मुख्य पर्वको रूपमा प्रसिद्धि पाइसकेको इन्द्रध्वजोत्थानलाई गुप्तराजाहरूले चलाए भन्ने अडकल पनि तथ्यहीन सावित हुन्छ । कालिदासले वाल्मीकि रामायणबाटै कथा लिएर रघुवंश लेखेका छन् । कतिपय ठाउँमा दुवै कथन साम्य र भाव साम्य पनि पाइन्छ । त्यसैले शरद् वर्णनमा इन्द्रध्वजाको उल्लेख कालिदासले गरेका छन् । त्यसको तुलना गर्ने विषय यहाँ नभएकोले विस्तृत विवरण प्रस्तुत गरिएन ।

साथै गुप्तराजा चन्द्रगुप्तको समकालीन शङ्करदेवलाई मानेर नेपालमा इन्द्रध्वजोत्थापन गरेको त्यही बेलादेखि हो भन्ने कुरा पनि इ. शि. ज्यूको अनुमान वाहेक प्रमाण छैन[१] । अनुमान नै गर्ने हो भने, रामायण, महा-

१) नेपाली ४२ अंकको लेख

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भारत, हरिवंश आदि इतिहास र पुराणहरू, जुन इशाको पहिलो शदीदेखि ई. पू. १८०० वर्षसम्मको समयमा वनेको कुरा विद्वान्हरूले मानेका छन्, त्यसमा विशेष रूपले उल्लेख भएको, उपमा दिइएको, इन्द्रध्वजोत्थानको महोत्सवबाट लिच्छविहरू अपरिचित थिएनन् । यसकारण, अगाडि नभए पनि किराँत विजय गरी शासन गर्ने लिच्छवि पहिला राजा जयदेव प्रथमका समयदेखि अर्थात् (अनुमानित ई. पू. पहिलो शदी र ईसाको शुरू शदीभित्र कुनै वेला) नेपालमा 'इन्द्रध्वजोत्थापनको महोत्सव शुरू भएको मान्नुपर्छ । किनकि, इन्द्रध्वजोत्थान पर्व ई. पू. तिर नै आगैं राजाहरूको विजय, ऐश्वर्य एवं राजसस्थाको प्रतीक भैसकेको थियो ।

अर्को कुरा वावुराम आचार्यले शंकरदेवकै पालामा दक्षिण कोलिग्राम राजधानी भई सकेको कुरा उल्लेख गर्नु भएको छ । शङ्करदेवका नाती मानदेव प्रथमको राजदरवार नै गोकर्ण नजीक थियो भन्ने विद्वान्हरूले अनुमान गरेका छन् । प्राचीन कालमा राजदरवारको नजीकै वरपर शहर हुन्थ्यो । अझ नगरको बीचमा राजदरवारको अस्तित्व रहेको प्रमाण पाइन्छ । इन्द्रध्वजोत्थान, पनि राजदरवारको मूल ढोका नजीकै हुन्थ्यो । अन्यथा लिङ्गो ढालेको राजाले हेर्नु नहुनु हुनाले राती ढाल्नु, भन्ने कुरा पौराणिक साहित्यमा उल्लेख गर्नुपर्ने थिएन । वाहाँ अगाडि भन्नुहुन्छः—

इन्द्रगृहको नाम संस्कृत भाषामा लेखिएको कुनै शिला पत्र पाइएको छैन तापनि इन्द्रगृहको अपभ्रंश 'यँग्ल' देखिन आएको छ । नेवारी भाषामा आज पनि भाद्रशुक्ल पूर्णिमा 'यंद्या पुन्ही' अर्थात् इन्द्रदेव पूर्णिमाको दिन कहिँदैछ र यँग्ल हिटी, देखि उत्तरपट्टि उस समयको बाँझो भूमि रहेको हुनाले इन्द्रभूमि कहिन्थ्यो । त्यसको अपभ्रंश ''यण्वु' पछिको नेवारी भाषामा पाइन्छन् । उत्तरपट्टिको टोल 'यँग्लटोल' कहिदैछ । यँग्ल र यम्वु समेतलाई लिएर वर्तमान समयको काठमाण्डु शहरका निमित्त 'ञ' शब्दको व्यवहार हुँदछ । लिच्छवि कालदेखि चलेर आएको यस इन्द्र पूजाको क्षेत्र काठमाडौं शहरदेखि पश्चिम पट्टिको दहचोक नामक डाँडामा रहेको त्यसवेलाको ठूलो दहका नामबाट दहचोक नाम रहेको हो र त्यो दह सुकेर वर्तमान समयमा हिले पोखरी वनेको छ तापनि आजसम्म भाद्रशुक्ल पूर्णिमाका दिन नुहाउने मेला चालु रहेको हुनाले नेपाली पात्रामा 'इन्द्रदह स्नान' छापिदैछ । कोलि-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ग्रामको प्रचार रोकिएता पनि त्यस ग्रामका पुराना वासिन्दाको थर दन गोल वनेर दक्षिण कोलिग्रामको याद दिलाउँदै छ। दक्षिण = दन, कोलि ग्राम = गोल वनेको छ र भाद्रशुक्ल पक्षमा इन्द्रध्वंज स्थापना गर्ने, चतुर्दशीका दिन इन्द्रजात्राको चाड आज पनि मनाइँदै छ।[१]"

आचार्यज्यूको अरू कथन मान्य भए पनि उपर्युक्त लेखाइमा दुई कुरा मान्न सकिँदैन[२]। कोलिग्राम लिच्छवि कालीन वस्ती भए पनि पूर्व लिच्छवि कालको दरवार त्यहाँ संभव छैन र दरवार नभएको ठाउँमा इन्द्रध्वजा स्थापना गर्ने प्रश्न नै उठ्दैन। वर्तमान हनूमान् ढोका दरवारलाई उत्तर लिच्छविकालीन मान्न सकिन्छ। त्यस्तै उत्सव समाप्तिमा अवभृथ स्नान (यज्ञ समाप्ति स्नान) र पर्व स्नान पनि ठूला नदी र समुद्रमा गरिन्छ। वाग्मती, विष्णुमती, छोडेर इन्द्रजात्राको पूर्णिमा स्नान किन दहचोकमा गर्ने प्रथा चल्यो, त्यो खोजीकै विषय छ। हुन सक्छ, इन्द्र – दह नजीकै कुनै राज-दरवार र इन्द्रध्वजोत्थान गर्ने ठाउँ पनि प्राचीन काल देखि नै रहेको होस्। त्यो क्षेत्र आभीर राजकुलको वस्ती भएको प्रमाण पाइन्छ र गुप्तहरू विशेष रूपले वैदिक सनातन धर्मका पक्षपाती रहेका पनि देखिन्छन्। लिच्छविकालीन युगमा सामान्य राजाहरूको विशेष अस्तित्व पनि देखिन्छ र थानकोट क्षेत्रका राजाको तीर्थ इन्द्रदह हुनुपर्छ। वावुराम आचार्यज्यूले अनुमान गर्नु भएको कतिपय कुराहरूलाई जस्ताको तस्तै मान्न नसकिएता पनि इन्द्रगृह र त्यसको अपभ्रंश रूपमा बनेको नेवारीशब्द यँगल टोल, यँद्यापुन्ही आदिको विश्लेषणलाई भने नकार्न सकिँदैन।

इन्द्रध्वजा सम्बन्धीशास्त्रीय विधिविधान

इन्द्रध्वजोत्थानको निम्ति गर्नुपर्ने विधि सम्वन्धमा अथर्ववेदको विशेषरूपले अभिचारिक विधान गर्ने कौशिक सूत्र भन्ने ग्रन्थमा 'इन्द्र मह'

---

(१) साभार – नेपाली अंक ४२ पृ. २२ (वावुराम आचार्य)

(२) इतिहास शिरोमणिज्यूका आँखा चाँडै वन्द भएकोले पछि पछि फेला परेको शिलापत्रहरूको तुलनात्मक अध्ययन गर्न पाउनु भएन। त्यस्तै रामायण र पुराणहरूको प्रमाणलाई त्यो वेलाका इतिहासज्ञहरूले महत्व नदिएकोले पनि इ, शि. ज्यूले उल्लेख नगर्नु भएको हुन सक्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नामले वर्णन गरिएको छ। यसैलाई छोटो रूपमा 'अथर्वपरिशिष्ट' भन्ने उत्तर वैदिक कालीन ग्रन्थले केही पक्षमा प्रकाश पार्दछ। पौराणिक ग्रन्थमा यसको पूजा पद्धतिमा विशेष चर्चा भएको पाइन्छ भने, अथर्व परिशिष्टमा इन्द्र यज्ञको हवनीय पक्षमा नै बढ्ता जोड दिएको पाइन्छ। यस उत्सवमा ब्रह्मा हुने ब्राह्मण (मूल पुरोहित) ले राजाले स्नान गरेर पवित्र भई, शुद्ध वस्त्र पहिरेर उपवास व्रत बस्नुपर्छ। भोलि पल्ट सन्नोदेवी ˙˙ आदि मंत्र पढेर आचमन गरी यज्ञमा हवन गरून्। त्यसपछि राष्ट्रका उच्चवर्ग (वरिष्ट राजकर्मचारी) समेत जम्मा भएर इन्द्र ध्वजोत्थान गरून् भन्ने उल्लेख छ। साथै त्यस ग्रन्थमा भनिएको छ– यज्ञका अग्निको ज्वाला पूर्व, पश्चिम, उत्तर दक्षिण आदि दिशामा ढल्केर बल्यो भने, विभिन्न फल दिने हुनाले अशुभ– देखिएमा शान्तिस्वस्ति गर्नु पर्छ। त्यस्तै, उठाएको ध्वजामा गृद्ध, काक, कपोत (परेवा) आदि पक्षीहरू बसे भने पनि अनिष्टको शान्ति गर्नु पर्छ। लिङ्गो ढाल्दा भाँचिएमा, लिङ्गो उठाउने डोरी छिनेमा, पताका झर्‍यो भने पनि अशुभ मानिन्छ र त्यसको पनि शान्ति गर्नु पर्ने विधि लेखिएको छ।

१) प्रोष्टपदे शुक्ल पक्षे। संभृतेषु संभारेषु ब्रह्मा राजा चोभौ स्नाता-वहतवसनौ सुरभि सुजातानुलेपनौ कर्मण्यौ व्रतवन्ता वुपवसथः।
अ० परिशिष्ट

२) अद्भुतं सवनानयंतसमुत्थितं भवति। यदि प्राच्यमग्निभयम्। यदि दक्षिणस्यां यम भयम्। प्रतीच्यां वरूण भयम्। उदीच्यां क्षुद् भयम्।
परिशिष्ट पृ० ८०

३) शिरोभङ्गे तु राजानं मध्य भङ्गे तु मन्त्रिणम्। आदि भङ्गे जनपदं मूलभङ्गे तु नागरान्। इन्द्राटको यदा भिद्यात् राजकोषो विलुप्यते। रज्जुच्छेदोपरिजाते नृपतितु विनश्यति॥
अथर्व परिशिष्ट इन्द्र प्र० पृ० ८०।

उक्त अनिष्ट हुने समय आइपर्‍यो भने, गायत्री मन्त्रले प्रदक्षिणा गरेर राजान मभि भूयंश ˙˙˙भन्ने वैदिक मन्त्र पढेर पूर्ण होम गर्नु पर्छ। आ–आफ्नो कल्याणका लागि गरिएको इन्द्र महोत्सवले राज्य स्थिर हुन्छ। यज्ञ कर्ता चाँडै बूढो हुँदैन। आयु, यश, धनधान्य आदिको वृद्धि हुन्छ भन्ने कुरा पनि ब्राह्मण ग्रन्थमा लेखिएको छ भन्ने उल्लेख परिशिष्टमा पाइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देव प्रतिमाको पूजा भन्दा पनि यज्ञाग्निको ज्वालाबाट शुभाशुभ फलको निर्देशन गरिएकोले इन्द्रध्वजाको उत्सव मनाउने कार्य, यज्ञ विधानको महत्व रहेकै वेला, बुद्ध भन्दा पूर्वकालमा नै चलेको थियो भन्ने अनुमान गर्न सकिन्छ । सूत्रकालमा यज्ञ र प्रतिमा पूजनको समन्वय भइसकेको थियो ।

पौराणिक कथन र विधिः–

इन्द्रध्वजोत्थानको विधिविधानको बारेमा कालिका पुराणको अठासीऔं अध्याय र देवी पुराणको एक्काईसौं अध्यायमा विस्तारपूर्वक वर्णन गरिएको छ । यसैसँग मिल्दो–जुल्दो वर्णन, पाँचौं शताब्दीका ज्योतिर्विद् वराह मिहिरको 'वृहत्संहिता' भन्ने ग्रन्थमा पनि उल्लेख भएको छ ।

कतिपय विधिविधानमा कालिका पुराण र देवि पुराणको मन्तव्य मिल्ने भए तापनि ध्वजाको लिङ्गो सम्बन्धी नाप, साइज र काष्ट विशेषमा भने निकै नै अन्तर रहेको पाइन्छ ।

देवी पुराणमा अगस्त्य ऋषिले नृप वाहनलाई इन्द्रध्वजासम्बन्धी विधि बताएका छन् भने, कालिका पुराणमा त्यो कुरा और्वऋषिले बताएको वर्णन छ । नेपाली परम्परामा दुवै पुराणको कथनलाई मिलाएर नयाँ परम्परा कायम गरेको देखिन्छ[१] ।

नेपालको परम्परागत महान् पर्वको रूपमा इन्द्रध्वजोत्थानको चलन चलेको देखिएको र निर्विवाद रूपले लिच्छवि कालदेखि आजसम्म पनि राष्ट्रिय पर्वकै रूपमा मान्यता पाएकोले यस विषयमा विशेष चर्चा गर्नु उपयुक्त नै होला भन्ने सम्झेर दुवै पुराणको मन्तव्यलाई लिएर विधिनियमसम्बन्धी उल्लेख गरिन्छ ।

वर्षा ऋतुको भाद्र महीनाको शुक्ल पक्षमा शुभ–लग्न, मुहूर्त नक्षत्र करण भएको बेला पारेर शुभ–मङ्गल वाचन सहित दैवज्ञ र ज्योतिषी सूत्रधार (नाप साइज लिने व्यक्ति) र अन्य सहायक साथमा लिएर वनमा जाऊन् ।

---

१) देवी पुराण अध्याय २१ तथा कालिका पुराण अध्याय ८८ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विधि पूर्वक वन जानु भन्दा अगाडि देवीको पूजा पनि गर्नुन् । वनमा पुगेर इन्द्रध्वजा प्रस्थापन गर्ने लिङ्गाको निम्ति वृक्ष पनि छानून् । ध्वज यष्टि बनाउन ड्म्री, खरी, बोटधँगेरी, कदम र सेतो शाल वृक्षहरू उत्तम हुन्छन् । उल्लिखित वृक्ष नपाइएमा शाल सल्लो, शाक (सागवान) वृक्ष पनि हुन्छ । ध्वजाको निम्ति बाटाको, देवताका बगैंचाको, कीरा लागेको, चिता (श्मशान) को र धेरै पंक्षीले गूँड लगाएका वृक्ष नकाट्नू । धमीराको देवल भएको, पितृहरूका वन भित्रको, धेरै आँखला भएको, बाङ्गो, लहराले बेन्हिएको, डढेको, वज्र परेको, धेरै टोड्का भएको, नराम्रो नाउँ रहेको र स्त्रीवाचक वृक्ष पनि लिङ्गाको लागि शुभ हुँदैन । उपयुक्त वृक्ष नपाइएमा चन्दन, आँप पनि हुन्छ । असल जमीनमा उम्रेको, सफा पानीका नजीकको, टुप्पो भएको, सग्लो र सोझो रूख छानेर पूर्व वा उत्तर फर्केर वृक्षको पूजा गर्नू[१] । हे वृक्षपति ! इन्द्र ध्वजाको निम्ति तिम्रो पूजा गरेका छौं, यसका अधिपति अर्का ठाउँमा जाऊ भनेर प्रार्थना गर्नु पर्छ ।

> **नमो बृक्षपते बृक्ष ! त्वा मर्च्चयति पार्थिवः । ध्वजार्थं तत्त्वतो नाथ अन्यथा उपगम्यताम् । देवी पु० अ २१।**
>
> **अथवा— यानि वृक्षेतु भूतानि तेभ्य स्वस्ति नमोऽस्तु वः । उपहारं गृहीत्वेमं क्रियतां वासव ध्वजः'। पार्थिवस्त्वां वरयते स्वस्तिस्तेतु नगोत्तम । इत्यादि कालिका पु. अ. ८८**

यस्ता दुइटा रूख छानेर पूजा गरेपछि रात्रिमा वृक्ष देवता (वन-देवी) को निम्ति बलि दिनू । भूतवलि पनि दिनु पर्छ । यसरी पूजा गरी बलि दिएपछि अन्यत्र नजीकमा गएर बस्नु र रात्रिमा कस्तो सपना देखिन्छ त्यसको विचार गर्नू ।

सेतो कपडा लगाएका मानिस देखिए भने, समुद्र तरेको, ठूला वृक्ष, ब्राह्मण, नदी, देवालय जान लागेको, देवता, असल शिवलिङ्ग, विष्णु प्रतिमा, स्वप्नमा देखिए भने तुरुन्तै फल दिने हुन्छ । मत्स्य, मांस, दही, लाभ भयो भने, रगत र मरेको व्यक्ति देखिएमा, रोएको, अगम्यागमन गरेको देखेमा पनि स्वप्न

---

१) देवी पुराण अ० २१ तथा शब्द कल्पद्रुम भाग ५ पृ० ७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तुरुन्तै सिद्धि फल दिने हुन्छ। वृक्ष, तील, धनधान्य, फलफूल, सेतो दूभो देखिएमा शत्रु नाश भएर जय लाभ हुन्छ। शंख, गाई, हात्ती देखिएमा राज्य प्राप्ति हुन्छ। बाच्छो सहितको गाई देखिएमा पुत्र लाभ हुनेछ र कुवा ईनार, हिलो भासबाट उक्सिएको देखियो भने रोग मुक्ति हुन्छ। यस्ता शुभ–स्वप्न देखिए भने विहान उठेर वृक्ष काट्नू।

रूख ढल्दा पूर्व उत्तर ढल्यो, ठूलो शब्द गरेन, धेरै चोट पटक लागेन, अर्को रूखमा अड्केन भने शुभ हुन्छ। अन्यथा अर्को काट्नु पर्छ। आठ अंगुल फेदमा छाडेर काट्नु र हाँगाविगा टुप्पा पानीमा फालिदिनू। कर्मी लगाएर ताछतुछ पारी चारपाटे वा गोलो लिङ्गो तयार पारेर बलिया युवकहरूले बोकेर ल्याउनु अथवा गोरू लगाएर तान्नु या गाढामा राखेर ल्याउनू। लिङ्गो ल्याउँदा टुट्यो, चोइटियो भने, गाडाको पांग्रा भाचिएमा, धूरा भाँचिएमा पनि अशुभ हुन्छ। यस्तै जुवा भाँचिएमा पनि शान्ति गर्नू।

शुभ लग्न पारेर लिङ्गो ल्याउँदा ब्राह्मणले शंखध्वनि गरुन्। ढोल दमाहा, आदि अन्य वाजा गाजाका साथ वेद मन्त्रद्वारा स्वस्तिवाचन गरेर ल्याउनु पर्छ। ठाउँ ठाउँमा ढोका बनाएर शोभा यात्रा पनि गरियोस। वेश्याहरू नृत्य गरून्, मङ्गल वाचन गरेर शहरको मूल ढोकासम्म ल्याएर लिङ्गो राखियोस्।

बाईस हात सम्मको लिङ्गो साधारण अथवा अधम हुन्छ। बाईस हात भन्दा माथि, बत्तीस हात अथवा बयालीस हातको, उत्तम र यो भन्दा बढी बाउन्न हात सम्मको लिङ्गो अत्युत्तम मानिन्छ।

द्वा विशद् हस्त मानस्तु अधमः केतु रूच्यते। द्वात्रिंशत्तु ततो ज्यायान् द्वाचत्वारिंशदेव च। ततो धिक समाख्यातो द्वायंचाशत्तथो त्तमः।

कालि० पु०अ०८८

देवी पुराणमा भने एघार हातको नौ हात र पाँचहातको ध्वजदण्ड को प्रमाण पनि पाइन्छ। इन्द्रध्वजा, मातृका ध्वजा र कुमारी ध्वजाको निम्ति उक्त ध्वज दण्ड (लिङ्गो) को प्रमाण प्रस्तुत गरेको ज्ञात हुन्छ र अग्ला रूख पाउन नसकिने ठाउँका निम्ति यो कुरा उल्लेख भएको हुनु पर्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कन्या मध्येतु या यष्ठीः कर मानेन कल्पयेत् । एकदश करा वत्स!
नव पञ्चकरा परा ॥ देवी पु० प्र० २१ श्लो० ६

नेपालका विभिन्न ठाउँका देवी देवताको विशेष महोत्सवमा पौराणिक विधिविधानअनुसार नै लिङ्गा काटेर खडा गरिन्छ। पश्चिम नेपालमा नेपालीं खश वाहुनका कुलदेवताको रूपमा पूजित 'मष्टो' देवताको निम्ति वर्तमान कालमा बाजुरा र कालीकोट जिल्लाको सीमानामा पर्ने बढीमालिकाको निम्ति पनि लिङ्गो काटेर खडा गर्ने चलन छ। यी लिङ्गाको परिमाण पनि ३२ हात (४८ फीट) भन्दा कम हुँदैन। काठमांडौ उपत्यकाभित्र भक्तपुरमा विस्केटको पनि ३२ हातको लिङ्गो चैत्र मासान्तको दिन खडा गरेर वैशाख संक्रान्तिका दिन ढालिन्छ। नुवाकोटकी भैरवीको पनि लिङ्गो खडा गरिन्छ। गुह्येश्वरीको यात्रामा, इन्द्रयात्रामा, र खड्पुको विस्केट जात्रामा पनि लिङ्गो खडा गर्नु पर्ने परंपरा जीवित छन्। उपर्युक्त विषयमा पनि यस लेखको उपसंहार भागमा विवेचना गरिने छ।

प्राचीन कालको आर्य संस्कृतिको अनुशीलन गर्दा स्तंभरूप ध्वजदण्डलाई नै मुख्य देवताको रूपमा मानिएको र त्यही परंपराभित्र नै काष्ट मूर्तिकलाको पहिलो रूप जन्मेको हुनु पर्छ। काष्ट–मूर्ति शिल्प र मृत्तिका-मूर्ति शिल्पपछि, धातु र पाषाणका मूर्तिकलाको विकास भएको थाहा पाइन्छ। हाम्रा शास्त्रमा अद्यावधि आठ किसिमका प्रतिमालाई मान्यता प्राप्त छ।

प्रतिमा सैकती पैंष्ठी लेख्या लेप्या च मृण्मय ।
वार्क्षी पाषाणा धातूत्था स्थिराज्ञेया यथोत्तरा ॥
शुक्र नीतिः

इन्द्रध्वजोत्थानको पौराणिक चर्चा गर्दा भाद्र शुक्ल र आश्विन शुक्ल अथवा श्रावण शुक्लमा पनि ध्वजोत्थान गर्ने परंपरा रहेको उल्लेख पहिले नै गरिएको छ। उक्त विभिन्न परंपरालाई मान्यता दिएको प्रमाण, देवी पुराणमा पनि देखन पाइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रौष्टपदे तु अष्टम्यां शुक्लायां शोभने ऋक्षे ।
आश्विने वाथ शुक्लायां श्रवणेनाथ उच्छ्रयेत् ।।

देवी पु०अ०२१ श्लो०४४

(अर्थात् भाद्र शुक्ल अष्टमीका दिन असल नक्षत्र पारेर अथवा आश्विन शुक्ल-मा श्रवण नक्षत्र परेको दिन इन्द्रध्वजा खडा गरियोस्) कालिका पुराणमा लिङ्गो काटेर वाजा गाजा, स्वास्तिवाचन, नृत्य आदि उत्सव साथ ल्याएर शहरबाहिर राखने कुराको उल्लेख छ भने, देवी पुराण र अन्य ग्रन्थमा, उभ्याउने ठाउँसम्म नै लैजाने कुराको उल्लेख छ । शहरको बाहिरी भागमा पनि दरवार हुन सक्छ र दरवार नजीकको खालि ठाउँमा ध्वजोत्थान हुने भएमा उभ्याउने ठाउँमा नै पुऱ्याउने वचन लेखिएको अनुमान गर्न सकिन्छ ।

आर्य सभ्यतामा देवराज इन्द्रको विशिष्ट स्थान रहेकोले राजन्य वर्ग (जमीन्दार, सामन्त, महा–सामन्त,) बसेको ठाउँमा नगरबाहिर पनि छुट्टै इन्द्रजात्रा पर्व हुन सक्ने भएकोले लिङ्गो नगरबाहिरसम्म ल्गेर राख्ने र खडा गर्ने ठाउँमा नै पुऱ्याउने दुवै उक्ति सार्थक नै देखिन्छन् । शहरको बाहिर पुऱ्याएर राख्ने उल्लेख पछि, त्यहीं नै ध्वजा सिगारेर शुक्ल अष्टमी-(भाद्र) का दिन ध्वजाको लिङ्गोलाई वेदीसम्म पुऱ्याउनु भन्ने उल्लेख कालिका पुराणको हो ।

ततो नीत्वा पुर द्वारं केतुं निर्माय तत्र वै ।
शुक्लाष्टम्यां भाद्र पदे केतुं वेदीं प्रवेशयेत् ।

कालिका पु० अ० ८८

इन्द्रध्वजाको निम्ति लिङ्गो काट्दा, कुमारी र शक्रमातृकाको निम्ति पनि अरू लिङ्गहरू काट्नु पर्छ । पाँचओटा कुमारीका निम्ति र अरू, शक्रमातृकाको निम्ति पनि लिङ्गा उभ्याउनु पर्छ । यी लिङ्गाहरू शाल वृक्षका हऊन् । मूल ध्वजाको पाद (चौथाई) अग्ला कुमारीका लिङ्गा अर्थात् (१२ फीट) आठ हात अग्ला हुनु पर्छ । मातृकाको निम्ति भने मूल ध्वजाको आधा (१६ हात) को लिङ्गा हुनु पर्ने कुरा कालिका पुराणमा उल्लेख छ ।

प्रसिद्ध ज्योतिर्विद् वराह मिहिर पनि वृहत्संहितामा इन्द्र ध्वज

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्बन्धी लामो एक अध्यायमा विस्तारपूर्वक विधिविधानको उल्लेख गर्दछन् र उनको मन्तव्य पनि धेरै अंशमा कालिका पुराणसँग मेल खान्छ। त्यसमा पनि भनिएको छः—

श्रवणेन द्वादश्यां उपोष्याऽन्यत्र वा श्रवणात्।
शक्र कुमार्यः कार्याः प्राह मनुः सप्त पञ्च वा तज्ज्ञैः।
नन्दो पनन्द संज्ञैः पादेनार्धेन चोच्छ्रायान्।
षोडश भागाऽभ्यधिके जय विजय द्वे वसुन्धरे चान्ये।
अधिका शक्र जनित्रो मध्येऽष्टांशेन चैतासाम्।

वृहत्संहिता।

अर्थ — श्रवण नक्षत्रले युक्त द्वादशीमा 'अथवा अरू दिन श्रवण नक्षत्र पारेर उपवास बसेर ध्वजोत्थान गर्नू। मनुले भनेका छन्, — सात या पाँच शक्र कुमारीका निम्ति मूलध्वजाको चौथाई र आधा परिमाणको ध्वज यष्ठी खडा गर्नू। जया र विजयाको निम्ति दुई हाते र पृथ्वीको निम्ति पनि दुई हाते नै ध्वजा गाड्नू। शक्र मातृकाको बीचमा (अष्टांशेन) ३२ हातको मूल ध्वजा छ भने, त्यसको आठौं भाग अर्थात् चार हातका जया विजया र बसुन्धराको ध्वजयष्ठि हुनु पर्छ।

वृहत्संहिताकार, इन्द्र–ध्वजाको विषयमा भन्छन् "प्राचीन युगमा असुरसँग संग्राम गर्दा देवताहरूको पराजय भयो। ब्रह्माका शरणमा पुगेका देवतालाई उनले विष्णु सुतेको क्षीर सागरमा जाने सल्लाह दिए। वाहाँ पुगेर देवताहरूले विष्णुको स्तुति गरे। नारायणले असुर विजय गर्न एउटा ध्वजा दिनु भो। देव वनिताका मुख कमल जस्तै सेतो अथवा हिमाल जस्तै तीक्ष्ण सेतो कान्ति भएको, घण्टी, घुंगुरा, छत्र, चमर, माला, पिटक (पेटारी) ध्वजा, पताकाले सिंगारिएको अग्लो शरद ऋतुको सूर्य जस्तै तेजश्वी रत्न-मणिले अलङ्कृत ध्वजयष्ठिलाई आठ पाङ्ग्रे रथमा राखेर खुशी हुँदै देवताहरू फर्के। त्यै ध्वजाको प्रभावले असुरहरूलाई जिते। त्यसैको प्रतिरूप वंशदण्डको ध्वजा चेदिराज वसु उपरिचारलाई इन्द्रले दिए। उपरिचरले पनि त्यो ध्वजाको विधिपूर्वक पूजा गरे। इन्द्रले पनि खुशी भएर वरदान दिँदै भने— जसले यो ध्वजोत्सव गर्छन्, तिनीहरू धन, बल, सुवर्णले युक्त भएर पृथ्वीमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बोलेको कुरा पुग्ने हुने छन् । तिनीहरूका प्रजागण पनि रोग व्याधिले रहित र भयरहित हुनेछन् । अन्नपात प्रशस्त हुनेछ । ध्वजा पूजनले नै पृथ्वीमा राम्रो फल दिनेछ र राजा विजयी भएर धनधान्य आयुवृद्धि यश प्राप्त गर्नेछन् ।

उनी भन्छन्– "इन्द्रद्वारा वर प्राप्त भएको इन्द्रध्वजाको पूजा-विधान आगम शाश्त्रअनुसार भन्दैछु ।" वृहत्संहिताको पूजा र अन्य प्रकार, माथि वर्णन गरिए जस्तै छ । अगाडि भनिएको छ–

भाद्रपद शुक्ल अष्टमीका दिन शहरवासीसहित भएर ज्योतिषी, मंत्री, कञ्चुकी, ब्राह्मण, पुरोहितका साथमा राम्रा शुद्ध कपडा लगाएका व्यक्तिहरू मिलेर राजाले ध्वजालाई उभ्याउने ठाउँमा पुऱ्याऊन् । ध्वजा शहर-भित्र लाँदा माला फूलले सिंगारेर सुवासित धूप सल्काएर बाजा बजाउँदै, नाच गान गर्दै, सफा पारेर बढारेको बाटोबाट लगियोस् । पुरवासीहरूले पनि पूजा गरून् । पसलेहरूले पनि पूजा गरून्, वेदध्वनि, पुण्याहवाचन, पनि गरियोस् । नट, नर्तक, गायकहरू मिलेर चौबाटोमा नाचगान गरून् । सेता पताकाहरूले विजय हुन्छ । पहेंलाले रोग लाग्छ । चित्र विचित्रका पताका पनि विजय दिने हुन्छन् । राताले युद्ध गर्नु पर्छ ।

बाटामा लाँदा चोट पटक लागेर क्षत विक्षत भएको लिङ्गो भए पुनः तक्षा (कर्मीहरूले) ले ताछेर राम्रो पारून् । एकादशीका दिन राजाले जाग्राम गरून् । सेतो धोती वस्त्र लगाएका, सेतो उष्णीश (फेटा वा पगरी) लगाएका पुरोहितले वार्षिक सुख शान्तिका निम्ति यज्ञाग्निमा हवन गरून् । फराकिलो, सुगन्धी, स्निग्ध, सोझो यज्ञका अग्निको ज्वाला भएमा अति असल कल्याणदायक हुन्छ । 'स्वाहा' भनेर आहुति दिने समयमा अग्निको ज्वाला उज्वल र दक्षिणावर्त घुम्यो भने, त्यो देशको राजाले गङ्गा यमुनाको हारले शोभित भएकी धरणीको वश गर्न सक्छन् ।

---

१) वृहत्संहिता– वराह मिहिर, पांचौं शताब्दी
२) टिप्पणी– गङ्गा यमुनाको अन्तर्वेदी नै पञ्चाल राज्य थियो र यस क्षेत्रको धार्मिक, सांस्कृतिक र राजनीतिक महत्व भएकोले यहाँका राजाको विशेष स्थान हुन्थ्यो र भारतको विशेष राज्यको महत्त्व उल्लेख भएको थाहा हुन्छ । –लेखक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यज्ञ समाप्तिपछि ब्राह्मण भोजन र दक्षिणा गर्नू । शक्र मातृका र कुमारीका ध्वजा खडा गरेर दशदिक्पालको वर्णअनुसारको ध्वजा पताकाले शिंगार्नू । एघारौं, विश्वेदेवाको सेतो ध्वजा टाँग्नु र बाह्रौं, मुनिहरूका निम्ति नीलो कमलको वर्ण जस्तै ध्वजाले शिंगार्नू । शुक्र, बृहस्पति, स्कन्धका निम्ति पनि तत्तत् वर्णअनुसारको पताका फहराउनू ।

कालिका पुराणमा बताएको अनुसार, ठूलो उत्सव गरेर भाद्र शुक्ल एकादशीको दिनमा लिङ्गो शिंगार्नू र गन्धद्वारा ... आदि मन्त्रले द्वादशीका दिनमा पूजा गर्नू । पहिले विष्णुको पूजा गरेर सुवर्ण, काष्ठ, अथवा माटाको या अन्य धातुको इन्द्र–प्रतिमा बनाउनु र मण्डलको माझमा स्थापना गरेर पूजा गर्नू । अनि शुभ–मुहूर्त पारेर पौरजानपद, ब्राह्मण, पुरोहितले सहित भएर पाँचोटा डोरीले बाँधिराखेको इन्द्रध्वजा खडा गर्नू । ध्वजा उठाउँदा निम्नस्थ मन्त्र पाठ गर्नु पर्छ–

> बज्रहस्त सुरारिघ्न बहुनेत्र पुरन्दर ? ।
> क्षेमार्थं सर्वलोकानां पूजेयं प्रतिगृह्यताम् ।
> एह्ययेहि सर्बामरसिद्ध संघं रभिष्टुतो वज्रधरा मरेश!
> समुत्थितस्त्वं श्रवणाद्य पादे गृहाण पूजा भगवन्नमस्ते ।

अर्थ– वज्र हातमा लिने, देवताका शत्रुको नाश गर्ने, धेरै नेत्र हुने हे पुरन्दर! सम्पूर्ण लोकका कल्याणको लागि गरिएको पूजा स्वीकार गर्नुहोस् ।

> सम्पूर्ण सिद्धगण सहित देवताहरूसँग यहाँ आऊ हे इन्द्र !
> श्रवण नक्षत्रको पहिलो पाउमा तिम्रो प्रतिक ध्वजा उठाइएको छ ।
> यो पूजा ग्रहण गर, हे इन्द्र! तिमीलाई नमस्कार छ ।

उपर्युक्त प्रार्थनाद्वारा लिङ्गो उठाउनु र मालपूवा, खीर, भुटेका अन्न, पकवान्न, पान, गुड (संखर), खाने, पिउने, चाट्ने, चुस्ने वस्तुहरू चढाएर पूजा गर्नू ।

घडा थापेर दशदिक्पाल, साध्यादिदेवता, सम्पूर्ण देववृन्द र मातृकाको पूजा गर्नू । यज्ञवेदी भन्दा पश्चिमपट्टि ध्वजोत्थान गर्नू ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बराहमिहिरको कथनअनुसार, ध्वजामा छाता, पताका, काँचको माला अर्धचन्द्राकृति अलङ्करण, घण्टा, केरा, फलफूल, चित्रविचित्रका मालाहरू, पिटक (करण्ड) बाँसका चोयाले बुनेका रङ्गी चङ्गी बट्टाहरू, आधा भाग सिंहाकृति, आधा पुच्छर जस्तो पारेर बनाइएका खेलौनाहरूले सजाउनु भनिएको छ ।

सकिंकिणी जाल परिच्छदेन, स्तक् छत्र घण्टा पिटकान्वितेन ।

वृहत्सं. ४७।७

छत्र ध्वजादर्श फलार्ध चन्द्रं विचित्र माला कदलीक्षु दण्डैः ।

स व्याल सिंहैः पिटकैर्गवाक्षै रलंकृतं दिक्षु च लोक पालैः।।ऐ४२।५७

पिटक (पेटारी जस्ता बाँसका बट्टा) इन्द्र ध्वजामा सजाउने चलन बङ्गालमा भएको उल्लेख डा० वासुदेव शरणले गरेका छन् । यस्तै कालिका पुराणमा पनि ध्वजा शिंगार्ने र उठाउने विषयमा भनिएको छ । वर्ण, जाति, देश अनुसारको (परम्परा देखि गर्दै आएको) कपडाले बेह्रेर घुघुँरा, घण्ट, चामर, रत्नमाला, अनेक किसिमका पुष्पमाला पुष्पगुच्छा, चित्रविचित्रका कपडा, चार किसिमका तोरणले युक्त ध्वजालाई राजाका मन्त्रीहरूले विस्तार विस्तार उठाउन् । यसरी महाध्वजा मण्डलको बीचमा खडा गरेपछि ध्वजाको फेदमा इन्द्र प्रतिस्थापना गरेर पूजा गर्नु र इन्द्र पत्नी इन्द्रायणी, सारथी मातलि, पुत्र जयन्त, वज्र, वाहन, ऐरावत हात्ती एवं नवग्रह, दिक्पालहरू सम्पूर्ण गणदेवताहरूको पूजा गर्नू ।

पूजापछि होम गरी पूजित देवताहरूलाई आहुति दिनु र होमपछि इन्द्रलाई बलि दिनू । तिल, घिउ, दूध, अक्षता, पायसको हवन गर्नू । इन्द्र ध्वजा खडा गरेको दिनदेखि सप्तरात्र पर्यन्त वेदविद्यामा पारङ्गत भएका ब्राह्मणहरू सहित भएर स्वयं राजाले त्रातार मिन्द्र आदि वैदिक मन्त्र पढेर दिनमा पूजा गर्नु पर्छ र आठौं दिनको भरणी नक्षत्रको चौथो पाउ पारेर रात्रिमा राजाले नदेख्ने गरी लिङ्गो ढाल्नु पर्छ । बिस्तारै बिस्तारै लिंगो नटुट्ने, अंग भंग नहुने गरी ढाल्नु पर्छ र विसर्जन गर्दा यो मन्त्र पढ्नु पर्छ—

सार्धं सुरासुर गणैः पुरन्दर शतक्रतोः ।

उपहार गृहत्वेमं महेन्द्र ध्वज गम्यताम् । का० पु०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इन्द्र ध्वजाको विसर्जन गर्दा मङ्गलवार, शनिवार पर्‍यो भने भू–कम्प आदि उत्पात भएमा पनि इन्द्रध्वजाको विसर्जन नगर्नू । उल्का, उत्पात भएमा, शनि मङ्गलवार परेमा अर्को दिन विसर्जन गर्दा रोहिणी नक्षत्र परेन भने पनि विसर्जन गर्नु हुन्छ । जन्म र मृत्युको सूतकमा परेमा सूतकान्तमा विसर्ज्रन गर्नु पर्छ ।

उठाउँदा बाजागाजा होहल्ला सँग उठाउनु पर्छ तर ढाल्दा बिस्तारै शब्द नगरिकन ढालेर गहिरो पानीमा विसर्जन गर्नू । सम्पूर्ण विघ्न नाश गर्ने हे इन्द्रध्वज ! वर्ष भरि यो पानीमा बसेर लोक कल्याण गर भन्ने प्रार्थना गर्नू ।

तिष्ट केतो ! महा भाग ! यावत् सम्वत्सरं जले ।
भवाय सर्वलोकाना मन्तराय विनाशकः ।। कालिकापुराण अ० ८८ ।

यसरी इन्द्र ध्वजोत्थान समारोह सम्पन्न गर्ने राजाको राज्य स्थिर रहन्छ । धेरै कालसम्म राज्यको सुख भोग गरेर पछि पनि इन्द्रलोकमा जान्छन् । इन्द्रध्वजोत्सव गर्ने राष्ट्रमा अधर्म हुँदैन, दुर्भिक्ष हुँदैन, तथा अकाल मृत्यु र महामारी पनि हुँदैन । महाभारत आदि पर्वमा पनि, ठूलो यज्ञ गर्नाले तथा इन्द्रध्वजोत्सव गर्नाले इन्द्र खुशी भएर वरदान, दिन्छन् । धनधान्यले युक्त भएर राजा ईश्वरतुल्य हुन्छन् भनिएको छ ।

आर्य सभ्यतामा इन्द्रध्वजाको अनुशीलन गर्दा अनादि कालदेखि नै लगातार चल्दै आएको र सम्पूर्ण हिन्दू राष्ट्रले निर्विवाद रूपमा मान्दै आएको महोत्सव रहेछ भन्ने थाहा पाइन्छ । संस्कृत साहित्यमा यत्रतत्र इन्द्रध्वजाको उल्लेख पाइनुले पनि यसको महत्व ज्ञात हुन्छ भने प्राचीन कालका प्राप्त अभिलेखमा पनि इन्द्रपूजाको महत्व रहेको प्रमाणहरू उपलब्ध छन् ।[१] इन्द्रध्वजाको पौराणिक विशेष विस्तार परिशिष्टमा छ ।

---

१. धनवज्र–लिच्छविकालका अभिलेख शिवदेव अंशुवर्माको लेलेको अभिलेख । भक्तपुर तौमढी टोलका यक्षमल्लका पालाको अभिलेख ।
—मे. ने. पृष्ठ ६६ को ३६ पंक्ति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालमा इन्द्रध्वजोत्थानको परंपरा:-

नेपालमा इन्द्रध्वजोत्सवको परंपरा कहिलेदेखि चल्यो भन्ने सम्बन्धमा इतिहास शिरोमणि बाबुराम आचार्यको विचारलाई प्राप्त इतिहास पुराण, र अन्य ग्रन्थको परिशीलन गर्दा अन्तिम हो भनेर मान्न नसकिने स्थिति देखा पर्दछ। महाभारत आदि ग्रन्थमा नेपालका नदी नाला र तीर्थ स्थानको महात्म्य लेखिएकोले ईसाका धेरै शताब्दी अगाडि नै यहाँ आर्यधर्म प्रवेश भई सकेको कुरा सिद्ध हुन्छ। ईसाको पहिलो शताब्दीदेखि नै आर्य धर्मका मूर्तिकला पनि यहाँ पाइएका छन्। वैशालीमा लगभग ईसा पूर्व आठौं नवौं शदीदेखि सत्तासीन रहेका लिच्छविहरू, मगध र उत्तर प्रदेशका काशी कोशल, आदि देशका आर्य राजाहरूका छिमेकी भएकोले र उनीहरू पनि आर्य मूलकै सन्तान भएकोले आर्य परंपरामा अत्यन्तै लोकप्रिय रहेको यो महोत्सव मान्दैनथे भन्न सकिदैन। नाग पूजा, यक्ष पूजा, स्कन्द पूजाको साथै इन्द्रपूजा (इन्द्र महः) को संकेत जातक कथामा पाइन्छ। देवराज इन्द्रको मान्यता र महत्वबारे पनि पालि साहित्य-त्रिपिटकमा प्रशस्त उल्लेख पाइन्छ र यो पर्व, वुद्ध कालीन समाजमा पनि लोक प्रिय थियो भन्न सकिन्छ। वुद्धको समय र त्यसपछिका शताव्दीहरूमा वैशालीमा वुद्धधर्मको लोक प्रियता रहेको साहित्यिक प्रमाण भए पनि सम्पूर्ण लिच्छविसमाज वौद्ध थिएनन्। अन्यथा नेपालमा शासन गर्ने लिच्छवि वंश पनि वुद्धधर्मानुयायी हुनु पर्ने थियो। वुद्ध-धर्ममा जातिपाति वर्णव्यवस्था नमानिने र वैदिक संस्कार पनि नहुने भएकोले वौद्ध भइसकेको वंश पुनः आर्य वैदिक धर्मानुयायी हुने अवस्था थिएन। राज-कुल जातिव्यवस्था नमान्ने भएमा आर्यधर्मका अनुयायीलाई ठाउँठाउँका राज-घरानासँग वैवाहिक सम्बन्ध जोड्न पनि गान्हो पर्थ्यो। यसकारण, जहाँ जाति-पाति, वर्णव्यवस्थाको घेरा छैन, त्यहाँ मात्र राजकुल वौद्धमार्गी भएको छ।

नेपालका लिच्छविहरू सनातन धर्म नै मान्दथे भन्ने ऐतिहासिक अभिलेखवाट प्रमाणित हुन्छ। मल्लकालीन केही पहिलेका वर्षहरू, वर्णविहीन समाजको दिग्दर्शन गराउँछन् तापनि यहाँ सदैव राज-धर्म चाहिं वैदिकधर्म नै थियो। वास्तवमा हेर्ने हो भने, राजसस्था र वैदिकधर्म अन्योन्याश्रयी छन्। वुद्ध, गणतन्त्रका पक्षपाती थिए र भिक्षु संघवाट राज्य व्यवस्थामा पनि संघीय प्रणालीको प्रभाव परोस् भनेर आफैले त्यो परम्परा सँघमा पनि चलाए। महायान सम्प्रदायको जन्मले वैदिक सनातनधर्मका विविध पक्षसँग समता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राख्रेकोले पछिल्लो कालमा बुद्ध धर्म पनि राजधर्मको रूपमा कहिं कहिं स्वीकृत भएको पाइन्छ। त्यो पनि वर्ण वा जाति व्यवस्था नभएका चीन, जापान, मङ्गोलिया तिब्बत आदि देशमा मात्र यसको बढी प्रभुत्व रह्यो।

नेपालका प्राचीन वंशावलीमा किराँत भन्दा अगाडि शासन गर्ने आर्य मूलका राजाहरूको नाउँ पाइन्छ। यी राजाहरूको वंश दक्षिणबाटै आएको कुरा वंशावलीले लेखेका छन्। ईसा पूर्व हजारौं वर्षदेखि नै नेपाल भन्दा दक्षिणमा वैदिक धर्म चलेको थियो। त्यहाँबाट यहाँ आउने राजवंशले आफ्नो धर्म, संस्कृति, समाजका रीति, स्थिति, साथमा नलिईकन आएनन्। यस कारण इन्द्रध्वजोत्सव जस्ता रामायण र महाभारतमा चर्चित उत्सवहरू किराँत पूर्वका कालमा नै यहाँ पसेको हुनु पर्छ।

ठूलो समाज मिलेर मनाउने गरेका उत्सव, चाड, पर्वहरूको विरोध, किराँत राजाहरूले पनि गरेनन्। उनीहरू पनि कट्टर शैव भएको कारणले आर्यसंग विरोध थिएन तथा अग्नि पूजा (चूल्हो पूजा), वृक्ष पूजा, नदीपूजा, पृथ्वीपूजा पनि गर्दथे। पूर्वबाट पश्चिमतिर फैलिंदै गएका किराँतहरूको आर्य मूलका मानिसहरूसँग ठाउँ ठाउँमा सम्पर्क पनि भयो। देवताहरूको मान्यता, पितृको मान्यता आदि कुरामा वैदिक आर्य जातिसँग किराँत जातिले पनि समता राख्ने हुँदा इन्द्रध्वजोत्सव पर्व किराँत शासनमा बन्द भयो होला भन्न सकिंदैन। संसारको इतिहासमा राजवंशका हेराफेरि भएको पाइन्छ। तर एक दुई धर्मका कट्टर अनुयायीहरूले वाहेक अरूले जनताको धर्म संस्कृति नै बदल्ने दुष्प्रयास गरेनन् बरू जनताको धर्म संस्कृतिलाई आत्मसात् गरेको इतिहास मात्रै पाइन्छ।

किराँतकालमा इन्द्रध्वजोत्थान राजधर्मको अङ्ग रह्यो कि रहेन, त्यो कुरा अन्वेषण हुन बाँकी नै छ। परन्तु लिच्छविका पहिला राजा जयदेव प्रथम (ई. पू. तेस्रो देखि ई. को पहिलो शताब्दी सम्मको कुनै समय) का पाला देखि यहाँ निश्चय रूपले इन्द्र महोत्सवको परम्परा चल्यो। त्यसबेला यहाँ आर्यहरूको विशाल जमघट भई नसकेको भए किराँत हटाउन र यहाँ शताब्दियौं सम्म शासन गर्न लिच्छविले सक्ने थिएनन्। आर्य परम्परामा विकशित भएका राजतन्त्रात्मक गुणले र धर्मयुक्त प्रशासनले तथा प्रजारञ्जन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नै मुख्य राजधर्म मानिने परम्पराले गर्दा (क्रिण्वन्तोविश्वमार्यम्) "विश्वलाई आर्य (सभ्य) बनाऊ" भन्ने वैदिक नारा आर्यहरूमा पुग्न सफल भएको थियो ।

यसकारण, रघुवंशको श्लोकलाई मात्र अगाडि सारेर शंकरदेव लिच्छवि राजाका पालादेखि (त्यो पनि गुप्त राजा विक्रमादित्यका समकालीन भएको नाताले) नेपालमा इन्द्रध्वजोत्थान शुरू भएको अनुमान गर्नु, बाबुराम-ज्यूको व्यक्तित्व सुहाउँदो भएन ।

राजा शंकरदेवका नाती मानदेव प्रथमदेखि अभिलेखात्मक प्रमाण-हरू पाइन्छन् । राजा मानदेवलाई चांगुको शिलास्तम्भमा उल्लेख भएको गरूड नारायणको पूजा पर्वले वैष्णव भनेर विद्वान्हरूले अनुमान गरे तापनि उनी शिवलिङ्ग स्थापना गर्ने, मान विहार बनाउने राजा भएकोले वैदिक सनातन धर्म मान्ने राजा बाहेक अरु होइनन् भन्ने कुरा स्पष्ट छ । हिन्दू धर्म मात्रै त्यस्तो उदार धर्म हो जसले सबै धर्मका अनुयायीहरूलाई पनि पुत्रा-पुत्रको नाताले हेरेर संरक्षण दिन्छ । यस कारण, हिन्दू राज्यलाई शैव, वैष्णव, शाक्त, बौद्ध, आदि शब्दले संकीर्ण घेरामा बाँध्न खोज्नु पनि मूर्खता हुन्छ । उनीहरू-को कीर्तिकलापलाई हेरेर मठ मन्दिर, विहार, गुम्बा बनाएको प्रमाणले मात्र धार्मिक पक्षको संकेत गर्नु, हिन्दू राज्यको कर्तव्य र राजधर्म नबुझेको भन्न सकिन्छ ।

यस्तै "पशुपति चरण – कलम धूलि धुसरित-शिरोरूह' भन्ने अंशु-वर्मा र त्यसपछिका लिच्छवि राजाहरू, श्रीमन्मानेश्वरीष्ट देवता लब्ध वर प्रसाद' भन्न गौरव मान्ने मल्लराजाहरू, न शैव मात्रै हुन्, न शाक्त मात्रै हुन् । आर्य धर्मानुयायी राजा भएकोले इष्ट देवता कसैलाई माने पनि सम्पूर्ण देवी देवतालाई समान आदर भाव राख्दथे । प्रजाले स्वीकृत गरेका धर्मलाई पूर्ण संरक्षण र सहयोग दिन्थे । यसकारण, राजाहरूको विशिष्ट देवता देवराज इन्द्रको निम्ति गरिने पूजा, ध्वजोत्सव, यज्ञ पर्वहरू पनि लिच्छविकालदेखि अविच्छिन्न रूपमा यहाँ चलिरहेकै छन् ।

मानदेव प्रथमको चाँगु स्तंभ लेख (ई. ४६४) तेस्रो पाटाको पाँचौ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पङ्क्तीमा "**यूपं श्चारुभिरुच्छ्रितै र्व्वसुमती पित्रा ममा लङ्कृता**" अर्थात् अग्ला अग्ला र राम्रा यूपहरूले (मौलाले) मेरा बाबुले पृथ्वीलाई शिगारेका थिए" भनेर मानदेवले लेखाएका छन् । यसकारण, लिच्छवि राजाहरू वैदिक यज्ञ गर्ने रहेछन् भन्ने देखिन्छन् । राजाहरूले गरिने ठूला यज्ञमा राजसूय, अश्वमेध, यज्ञ पर्दछन् । यी दुवै किसिमका यज्ञ गर्नलाई वरपरका राजा रजौटा जित्नु पर्दथ्यो । यसबाट राजा धर्मदेवले दिग्विजय गरेको कुरा झल्कन्छ ।

यज्ञमा मौला गाढ्ने कुरा, अनिवार्य विधिभित्रै पर्दछ । अग्ला मौलाहरू ठूलो यज्ञमा नै गाडिन्छन् । मौलामा पनि तीनै लोक आक्रान्त गरेर रहेका देवताको कल्पना गरिन्थ्यो भन्ने चर्चा भइसकेको छ । त्यसैको प्रतिरूप, इन्द्रध्वजाको परंपरा र अन्य देवी देवताको निम्ति गरिने विशेष पर्व-मा पनि ध्वजोत्थान गरिने परंपरा निकै नै पुरानो हो भन्ने कुरा निश्चय छ ।

लिच्छवि कालीन इतिहास, संस्कृति, धार्मिक लोक धारणाका कति-पय पक्षमा प्रकाश पार्ने प्राचीन अभिलेखहरूको यथा शक्य अन्वेषण र अध्ययन गरी विद्वान्हरूले संपादन र प्रकाशन गरिसकेका छन् । लिच्छविकाल, विभिन्न धार्मिक सम्प्रदायको विकास र मूर्ति मन्दिरको पनि निकै निर्माण भएको समय हो । यो बेलामा याज्ञिक विधि विधान र उत्तर वैदिक कालका प्रतो-कात्मक देवोपासनाको क्रममा पनि मूर्ति–कलाको निर्माणले र देवालय निर्माण का नयाँ वातुस्कलाले मानव समाजको धार्मिक भावनालाई नयाँ दिशातिर मोडेको थियो । यी समयतिर आफ्नो कल्याणका लागि र वाबु, आमा, लोग्ने पिता पुर्खाहरूको उध्दारका निम्ति पनि देव प्रतिमा स्थापना गरी पूजा अर्चा-को लागि स्थायी आम्दानी हुने जगा गुठी राखिन्थे ।

भारतका मठ मन्दिर विहारहरूको खर्चका निम्ति पनि जग्गा पर सारिन्थ्यो । जागालाई "अग्रहार" शव्दको प्रयोग भएको पाइन्छ । यो, देवताको सम्पति, विहारको सम्पति वा ब्राह्मणहरूको व्यक्तिगत सम्पति हुने गरी दान दिइएको जमीनलाई बुझाउने शव्द हो ।

तर नेपालमा सम्पत्ति पर सारेर मात्रै नहुने, त्यसको रेखदेख र र परिचालन हुनु पर्ने आवश्यकतालाई हृदयङ्गम गरी गोष्ठी खडा गरिएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाइन्छ । गोष्ठी सभा, परिषद्, जस्तै समूह वाचक शब्द हो । परन्तु शब्दको वर्गीकरण गर्ने विद्वान्हरूको विचारमा,-सभा, परिषद्, समिति शब्दले मानव समूहलाई एक निश्चयात्मक परिधिमा बाँधेर गणना गरिएको विभिन्न विचार-को जाति र वर्गलाई बुझाउँछ भने, गोष्ठी शब्दले समान विचार भएको स्वार्थ मिल्ने एक जातिको मात्र वर्ग वा समूहलाई बुझाउँछ । गोष्ठीमा विभिन्न जाति वा वर्गको (अलग अलग विचार राखनेको) काम छैन । यस्तो समितिलाई गोष्ठी र गोष्ठीमा सम्मिलित हुने व्यक्तिलाई गौष्ठिक भनिन्थ्यो । गोष्ठीबाट गुठी र गौष्ठिकबाट गुठियार शब्द नेपालीमा बनेको पाइन्छ ।

विभिन्न धार्मिक र सामाजिक कार्यमा आबद्ध गुठियारलाई वृत्तिको निम्ति वा काम गरेको ज्यालाको रूपमा यति अन्न आउने खेत, भनेर शासन पत्रद्वारा छुट्टयाई दिने चलन थियो यस्ता जमीनलाई आज पनि गुठी वा गुठी जमीन भन्ने चलन नेपालमा पाइन्छ । गोष्ठीको परिकल्पना, लिच्छवि–गणको परम्परागत शासनको अवशेष हो ।

शाके ५२६ (वि. सं. ६६१) आश्विन शुक्लमा लिच्छवि राजा शिवदेव र महा सामन्त अंशुवर्माले 'लेले' नामक गाउँका विभिन्न गुठीका गुठियारलाई भाग छुटयाएर शिलापत्र शासन (सनद) गरिदिएका छन् । त्यस शिलापत्रको दशौं पंक्तीमा प्रदीप (वत्ती बाल्ने) गोष्ठीको नाउँमा १० मल्ल युद्ध गौष्ठिकहरूलाई ६८ धूप गोष्ठीका गुठियारलाई २ र इन्द्र गौष्ठिक (गुठियार) लाई ४ मानिका धान पर सारेका छन् ।[१]

उक्त शिलापत्र रहेको ठाउँमा र अन्यत्र पनि इन्द्रको मन्दिर भएको पाइँदैन । वत्ती बाल्ने गुठी, पहलवानको कुस्ती लडाउने गुठी र इन्द्र गुठीको नाम संगसंगै आएकोले यो इन्द्र जात्रा सम्बन्धित गुठी व्यवस्था रहेछ भन्नु पर्ने भएको छ ।

इन्द्रजात्रा आठ दिनसम्म लगातार चलिरहने पर्व भएकोले जात्रु-हरूको मनोरन्जनको निम्ति मल्ल युद्ध आवश्यक थियो । त्यहाँ वत्ती बाल्ने

१) धनवज्र– लिच्छविकालका अभिलेख सं. ७ पृ. २८२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काम पनि त्यत्तिकै जरूरी थियो । धूप बाल्ने वा त्यो वेलालाई चाहिने धूप–गोकुलधूप, सालधूप, कुमकुम आदि धूपको व्यवस्था गर्नेलाई जागिरको रूपमा दुई मानिका धान पर सारेको र इन्द्र गोष्ठीको (लिङ्गो काट्ने, ताछ्ने र केही पर सम्म पुऱ्याइदिने कामको) निम्ति तोकिएको हो कि भन्ने अनुमान हुन्छ ।

यस्तै, उक्त शिलापत्रको १५ औं पंक्तिमा पनि पुनः इन्द्रगोष्ठी अर्चनीय गोष्ठी मल्ल युद्ध गौष्ठिक र ध्वज गौष्ठिकको नाम आएको छ। यसमा ध्वजा गुठीमा १० मानिका, मल्लयुद्धमा ३ मानिका र इन्द्र गोष्ठिको नाउँमा ६ मानिका धान पर सारेको देखिन्छ ।

यसै शिलापत्रमा वादित्र गोष्ठिक (वाजा बजाउने गुठियार) प्रवचन गौष्ठिक (वग्गी, गाढा चलाउने) गुठियारको पनि नाम आएको छ । प्रवहन शब्द, विशेष भारी बोक्ने अर्थमा पनि प्रयोग हुने हुँदा यहाँ वग्गी गाढा भन्नु भन्दा विशेष बोझ बोक्ने अर्थ गर्नु नै उचित हुन्छ ।

इन्द्र गौष्ठिकका सँगसँगै प्रयोग नभए पनि एउटै शिलापत्रमा धार्मिक कामकुराको निम्ति वृत्ति ठेकिएकै मध्ये यो प्रवहण (बोक्ने) शब्द पनि आएकोले यस्तै विशेष कुरा बोक्ने कामको लागि बीस मानिका अन्न पर सारेकोले इन्द्रध्वजाको निम्ति काटिएको लिङ्गो बोक्नको निम्ति नै यो गुठी राखिएको हुनु पर्छ । इन्द्रजात्रा सम्बन्धी अन्य कुनै कार्यको निम्ति यो गुठी ठेकिएको होला ।

इन्द्रध्वजाको पर्व, दुई ठाउँ हुन्यो भन्ने कल्पना चाहिं गर्न सकिन्न । कुनै पनि राज्यको राजधानीमा मात्र इन्द्रध्वजोत्सव गरिन्थ्यो । अन्नको नाप तौलको परिमाण बुझाउने मानिका शब्दको निश्चित अर्थ र परिमाण पत्ता लागेको छैन । लिच्छविहरू यहाँ तराईको इलाकाबाट नै पसेका हुन् र यहाँका व्यापारीवर्ग मगधको राजधानी पाटली पुत्रसम्म नै पुगेर व्यापार गर्दथे । भारतमा नाप तौलको प्रथा, सिन्धुघाटीको सभ्यताको वेलादेखि नै पाइन्छ र बौद्ध साहित्यमा र कौटिल्यको अर्थशास्त्रमा पनि गुञ्जा, भाषा, कर्ष, पत्त, प्रस्थ, आठक, द्रोण, कुल्या आदि परिमाणले नाप तौल हुन्थ्यो र यसको परिमाणमा केही तलमाथि भए तापनि गुप्तकाल र आजको केही दशक अघिसम्म पनि यो परिमाणको नापतौल प्रयोगमा आएको थियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तै, नाप्ने भाँडाको पनि पुरानो परिभाषा (फार्मुला) पाइन्छ। त्यसमा आठ मुठीको एक कुञ्चि, आठ कुञ्चिको एक पुष्कल, चार पुष्कलको एक आढक र चार आढकको[1] द्रोण मान हुन्छ।

अष्ट मुष्ठि भंवेत् कुञ्चि कुञ्चयोष्टौ च पुष्कलम्।

पुष्कलानि तु चत्वारि आढक परिकीर्तित :।

चतुराढक द्रोणस्याद् इति। यो परिमाणलाई आजको नापमा बदल्दा २६ मानाको एक आढक र १०४ माना = १३ पाथीको एक द्रोण हुन्छ। ३२ सेरको एक द्रोण हुने नाप कुमाउँ गढवालमा चलेको थियो। उ.ख.इ. डबराल

भारतको मगधर् उत्तर प्रदेशका जिल्लाहरूमा नाप तौलको परिमाणमा भिन्नता थियो। नयाँ नाप तौल लागू नभए सम्म ४० सेरको मन अन्तिम, मान भए पनि मनको नापमा ठाउँ ठाउँमा फरक भएको पाइन्छ। नेपाल-तराईका जिल्लाहरूमा, जहाँ दक्षिण सीमानाको प्रभाव उत्तरमा पर्दछ, त्यहाँ परिमाण अलग थियो। मैथिल क्षेत्रमा ५० गण्डी (पक्का) सेरले ४० सेरको मन हुँदा हाम्रो परिमाणमा धान १४ पाथी हुन्छ। तर भोजपुरी क्षेत्रको उत्तर रौतहट र वारा मा ५६ गण्डा सेरको चलन थियो र ४० सेर तौलँदा पक्का मनमा एक पसेरी बढी अर्थात् धान १६ पाथी हुन्थ्यो। मानक शब्दकै परिणति मन भएको र यो भारत वर्षमा व्यापक, तौलको परिणाम भएकोले, **उत्तर भारतबाट प्रवेश गर्ने लिच्छविले** मन वा मानक शब्दलाई नै मानिकको रूपमा यहाँ पनि चलाए। वाहाँ तौलनेको सट्टा यहाँ भर्ने चलन चलाएको भए पनि मानिकाको परिणाम १६ पाथीको थियो भन्ने अनुमान गर्न सकिन्छ। पुरानो परंपरामा ४, ८ र १६ को विभाजन नै नाप तौल र रूपैया पैसामा पनि थियो। १६ पणको एक पुराण हुने मुद्रा पद्वति लिच्छवि-कालमा भएको देखिन्छ।

१) ५ गुन्जा १ माषा, १६ माषाको १ कर्ष, ४ कर्षको १ पल (६४ माषा), १०० पलको १ तुला, २० तुलाको १ भार, १० भारको १ आचित (१ गाठाको भारी), ३२ पल=१ प्रस्थ, ४ प्रस्थ एक आढक, ४ आढक १ द्रोण (मन) (मानिका ?)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालमा लिच्छवि-कालदेखि शुरू भएका धार्मिक कृत्य, देव देवी-का पूजा नृत्य गायन र वादनका परंपरा नै मल्ल कालमा पनि चले । त्यसैमा केहीं विशेषता थपिए । चाड पर्व, जात्रा मेलाहरूले पछि पछि बढी ठाउँ ओगट्तै गएका देखिन्छन् । मनोरञ्जनका साथै भोज–भातको पनि चाड पर्वमा विशेष प्रवन्ध हुने भएकोले यो प्रथाले प्रश्रय नै पायो ।

ध्वज यात्रा, रथ यात्रा, दोला यात्रा, कारण पूजा, वर्ष वन्धन-(वार्षिकोत्सव) र पर्वका विशेष पूजाहरूको व्यवस्था गरी विशेष रूपमा चाड मनाउने परंपराले नेपालको सँस्कृतिमा गहिरो जरा हालेको छ ।

उत्तर लिच्छवि कालदेखि यो उपत्यकाभित्र तांत्रिक परपराको पनि प्रवेश भयो । ईसाको तेत्रो शदीमा शैव शाक्त तांत्रिकको अनुकरणमा वुद्धधर्मको महायान शाखाभित्र पनि दक्षिण भारतको श्री शैलमा तंत्रयानको जन्म भयो र छैटौं शताब्दीदेखि दक्षिण भारतका सवै भागमा एवं उडिसा र वंगालमा पनि यो पक्षले निकै प्रभाव पा-यो । नालन्दा र विक्रम शीला महा विहारले त्यो वेला विश्व विद्यालयको रूप लिई सकेका थिए र नवौं दशौं शदीमा तांत्रिक साधनाको मुख्य केन्द्रको रूपमा दुवै विहार प्रख्यात थिए । वौध्द तांत्रिक पक्षको विकास यहीं नै भयो ।[१]

अंशुवर्माको समय (ई. छैठौं शदीको अन्त्य) मा स्रङ-चन् गम्पोको नेतृत्वमा तिव्वतको एकीकरण भएर ठूलो साम्राज्य खडा भए पछि, नेपालसँग पनि राम्रो सम्वन्ध कायम भएकोले भारतबाट तिव्वत जाने वुद्धभिक्षुहरूको आवत जावत नेपालको बाटो भएर हुन थाल्यो । तिव्वतमा त्यो वेला प्रचलित वोन-पो धर्म, (टूनामूना, धामी, झांक्री वलिदानमा विश्वास गर्ने) संग मेल खाने तांत्रिक साधना र सिद्धहरूको चमत्कारले अशिक्षित जनतामा बढता प्रभाव पार्ने हुँदा पछि गएर तिव्वतमा वज्रयानको व्यापक प्रभुत्व कायम भयो ।

तंत्र साधना पक्षमा शैव र शाक्तहरूले पनि उत्तरोत्तर विकाश गरेका थिए र वज्रयानको प्रवेश सँगै, उपत्यकाभित्र वैदिक परंपराभित्र हुर्केका

१) राहुल–पुरातत्त्व निवन्धावलि - ''वज्रयान''

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तांत्रिक पक्षले पनि आसन जमाएको कुरा, यहाँका मठ-मन्दिरबाट जान्न पाइन्छ। यहाँका शैव, वैष्णव र शाक्ति पीठहरूले पनि तांत्रिक पक्षकै अभिव्यक्ति दिन्छन्। साथै अनेक देवीहरूका मन्दिरले बौद्ध पक्षको प्रतिनिधित्व गरेका छन्। वज्रयान र वैदिक तंत्रवादको विकाशले आपसमा समन्वयको पक्षलाई बलियो पारेको कुरा यहाँका मन्दिर नृत्य, जात्रा मेला र अन्य चाड पर्वहरूमा उभय पक्षकै स्वीकृति र मान्यताले स्पष्ट गरेको छ।

जहाँ विभिन्न देव-देवीका नयाँ नयाँ मन्दिरहरू निर्माण भए, तंत्र पक्षको उत्कर्ष संगसंगै मनोरञ्जन गर्ने साधनको रूपमा जात्रा पर्वहरूको संख्यामा वृद्धि हुँदै गएको कुरा जहाँको लौकिक परंपराभित्र आज पनि देख्न पाइदै छ, त्यहाँ हिन्दू आदर्श र मर्यादाको मूलभूत पर्व, इन्द्रयात्राको परंपरा थिएन भन्न सकिदैन। उपर्युक्त लेलेको शिलालेख बाहेक इन्द्र गोष्ठीको प्रसङ्ग भएको शिलालेख, लिच्छविकालीन चाहिं पाउन सकिएको छैन। तथापि ई. सं. दोस्रो शदी पूर्वमा भारतको वेशनगरको कृष्णध्वजा स्थापनाको प्रसङ्गले पनि यो परंपरा आर्य सकृतिको अङ्ग बनेको थियो भन्ने थाहा हुन्छ। जुन परंपराभित्र नै मानदेवले पनि चाँगु नारायणमा ध्वजाको रूपमा नै आफ्नो प्रति मूर्तिको गरुड बनाएर शिलास्तंभ स्थापना गरेका थिए। यस पछिका शिलालेख र वंशावलीबाट विभिन्न देवताका मन्दिरमा ध्वजोत्थान गर्ने लहर नै चलेको थाहा पाइन्छ।

उपर्युक्त परंपराको समीक्षा गर्दा एउटा कुरा के भन्न सकिन्छ भने प्राचीन कालदेखि नै चलि आएको इन्द्र ध्वजोत्थानको परंपराभित्र नै देव-मन्दिरमा ध्वजोत्थापना गर्ने र विशेष पर्वमा जात्रा चलाउँदा पनि काठका लिङ्गाको ध्वजोत्थान गरेपछि नै पूजा आजा, रथ यात्रा, खट यात्रा गर्ने बलियो परंपराले जग हाल्यो। आज पनि मेचीदेखि महाकालीभित्रका देवस्थल र जात्रा विशेषमा पनि ध्वजोत्थानको परंपरा देखन पाइन्छ।

नेपालको प्राचीन इतिहासलाई प्रकाश पार्ने र वंश परंपराको शृंखला जोडने साधन हामीसंग वंशावलीबाहेक छैनन् भने पनि हुन्छ। तर यी वंशावलीहरू अनुश्रुतिका आधारमा आ-आफ्ना धार्मिक सम्प्रदायको पुष्टि गर्न लेखिएका र पुराना टिपोट सार्दा, टुटेफाटेका कागज पत्र उतार्दा भएका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गल्तीले इतिहासको क्रमलाई प्रमाणित रूप दिदैनन् । तथापि अनुसन्धाताहरू-को प्रयासबाट प्राप्त भएका शिला पत्र, ताम्र पत्र, र स्तंभलेखहरूले प्रमाणित गरेका कुरालाई वंशावलीले पनि उल्लेख गरेका हुंदा सम्पूर्ण रूपमा वंशावलीका कुरालाई नकार्न पनि सकिदैन । राजा स्थिति मल्लपछिका घटनाक्रमलाई भने, वंशावलीले र 'ठ्यासफुहरूले अधिकांश प्रमाणित गर्दछन् । यसकारण–ने०सं० शुरू भएपछिको वंशावली ठ्यासफु र प्राप्त अभिलेखको आधारमा इन्द्रजात्राको नेपाली परंपराको दिग्दर्शन गर्न यहाँ प्रयास गरिएको छ ।

इन्द्रजात्राको ऐतिहासिक परम्पराको गोरेटो

नेपालमा इन्द्र जात्राको ऐतिहासिक गोरेटो पहिल्याउन लेलेको अभि-लेखको उल्लेख गरियो । तर इन्द्र ध्वजोत्थानको पूर्ण प्रकाश चाहिं त्यो अभि-लेखबाट पाइँदैन । तै पनि इन्द्र जात्रा पर्व चाहिं हुँदैनथ्यो भन्न सकिदैन ।

दोस्रो उद्धरणको निम्ति हामी उत्तर लिच्छविकालका राजा गुणकामदेवलाई उल्लेख गर्न सक्दछौं । नेपाल सम्वतको पहिलो शताब्दीतिर अर्थात् ईसा को १००० वर्षतिर राज्य गर्ने राजा गुणकामदेवले वाग्मती र विष्णुमतीको दोभानमाथि खड्गाकार रूपमा १८०० घरको वस्ती बसाएर कान्तिपुर शहरको नामकरण गरी राजधानी बनाएको कुरा वंशावलीले गरेको छ । त्यस भेकमा दक्षिण कोलि–ग्रामको नाउँले पूर्व लिच्छविकालमा नै वस्ती बसिसकेको कुरा प्राचीन शिलापत्रहरूले प्रमाणित गर्दछन् । कोलिहरू बुद्ध-कालीन समयमा कपिलवस्तुकै नजीक आवाद थिए । विडुडभको युद्ध र साम्राज्य लिप्साले शाक्यहरू तहस नहस भएकै बेलातिर कोलिहरू उपत्यका-भित्र पसेको अनुमान गर्न सकिन्छ । बज्जी-गण, लिच्छबि गण राज्यकै यौटा कुल हो र यो पनि कोलिहरू सँगै आवाद थियो । 'कोलिग्राम, दक्षिण र उत्तर-मा विभाजित थियो । वर्तमान् हनुमान ढोका दरवार भन्दा दक्षिण, "दक्षिण कोलिग्राम" र इन्द्रचोक उत्तर, "उत्तर कोलि ग्राम' थियो भन्ने कुरा पनि अभिलेखले नै सावित गर्दछन् । पूर्व लिच्छविकालमा नै "द्रङ्ग" (सानु शहर)को रूपमा विकसित भई सकेको दक्षिण कोलिग्राममा पुन: १८०० शयको वस्ती बसाएको कुराले नयाँ सहरको जग हालेको भन्न सकिदैन । संभव छ–दक्षिण कोलिग्रामलाई राजधानीको मान्यता दिन त्यो बेलाको मान्यता एवं परंपराले अथवा धार्मिक कृत्यले के कस्तो रूप दिनु पर्थ्यो, त्यति मात्र पूरा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरी कान्तिपुर नामकरण गरी राजा गुणकामदेवले राजधानी बनाएको हुनु पर्छ। शहर बन्ने तर्खरमा अवश्य नै नयाँ घरहरू थपिए होलान्। अठार शयको संख्यामा नयाँ पुराना दुवै किसिमका घर हुन सक्छन्।

नगर निर्माणमा इन्द्रध्वजा

वैदिक कालदेखि नै आर्यहरूको स्थापत्य (वास्तु शिल्प) ले निश्चित बाटो समाति सकेको थियो। गृह निर्माणमा विभिन्न रूप भएको कुरा ऋग्वैदिक मंत्रहरूबाट थाहा पाइन्छ। स्तंभ (खाँबा) ढोका, विभिन्न किसिमका छाना चोक, आँगन, चौगिर्दा अग्निशाला अतिथिशाला, गोठ तबेला आदिको उल्लेख-का साथै शये ढोका भएका प्रासादहरूको वर्णन पनि ऋग्वैदिक मंत्रहरूमा पाइने भएकोले वास्तु-शास्त्रको विकास भई सकेको मान्नु पर्छ। अथर्व वेद कालमा भने स्थापत्यको प्रशस्त विकास भएको थियो। बढ्दो जनसंख्या, राज्य-विस्तार, राजाको संप्रभुतामा विशेष वृद्धि, राजा एक राट्, महाराज र सम्राट जस्ता उपाधिले विभूषित राजाहरूको निम्ति वैभवयुक्त महलहरू एवं सुव्यवस्थित शहरहरूको निर्माण आदि विषयमा अथर्व वेद र ब्राह्मण साहित्यले प्रशस्त प्रकाश पार्दछन्। विश्वकर्मा (देव शिल्पी) मय त्वष्ट्रा (असुर शिल्पी) आदि सर्वगुण सम्पन्न शिल्पकारहरूको उल्लेख प्राचीन साहित्यमा नै भएको छ। ब्रह्मा, त्वष्ट्रा, मय, मातङ्ग, भृगु, काश्यप, अगस्त्य, शुक्र, काश्यप आदि ऋषि महर्षिले चिन्तन मनन गरी वास्तु शास्त्रको निर्माण र विकास गरिसकेका थिए। सिन्धु-घाटीको उत्खननबाट पनि विश्व सभ्यतामा नै विशिष्ट नगर निर्माणको शैली भारतमा विकास भएको मानिन्छ।

विद्वान्हरूले यज्ञवेदी निर्माण–कौशलबाट वास्तु शास्त्रको उद्भव र विकास भएको मानेका छन् र सूत्रकाल (ई.पू) ७/८ शये वर्ष तिरमा आर्य–शिल्पले व्यापक र अत्युच्चता प्राप्त गरिसकेको थियो। ईसा को १००० वर्ष-तिर धारा नगरीमा राज्य गर्ने राजा मिहिर भोजले प्राचीन वास्तु शास्त्रको विभिन्न पक्षलाई एकत्र गरेर समराङ्गण सूत्रधार नामक विशाल र व्यापक वास्तु शास्त्रको निर्माण गरेका छन्।

वास्तु शास्त्रको प्रमाण अनुसार नगर निर्माण गर्दा आवश्यक पर्ने अनेक कुराहरू छन्। यसैलाई ध्यानमा राखेर राजा गुणकामदेवले नगर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निर्माणका आवश्यक अङ्गहरू, कान्तिपुर राजधानी बनाउँदा पुऱ्याएको हुनुपर्छ ।

समराङ्गण सूत्रधारको उल्लेख (अ ४५) अनुसार नगर-निर्माणमा ८ अङ्गको विवेचना भएको पाइन्छ । त्यसमा चौथो ध्वजोच्छ्रिति पनि एक अङ्ग हो । ध्वजोच्छ्रितिको अर्थ इन्द्रध्वजोत्थान हो । समर० सू० को १७ अध्यायमा २०० श्लोकमा इन्द्रध्वजोत्थानको साङ्गोपाङ्ग वर्णन छ ।

कुनै पनि नयाँ विशाल कार्यारम्भमा स्वस्ति शान्ति तथा निमित्तावलोकनको निम्ति इन्द्रध्वजोत्थान आवश्यक कृत्य मानिएको छ । नगर योजनाको मध्य भागमा इन्द्रध्वजोत्थान गरिने र शुभाशुभको लेखाजोखा गरिने कुरा वास्तु शास्त्रमा उल्लेख छ ।[१] इन्द्रध्वजा राज दरबारको मूल ढोका-अगाडि खडा गरिने शास्त्रीय विधि भएकोले र राजमहल पनि प्राचीन वास्तुशास्त्रअनुसार शहरको मध्य भागमा नै निर्माण गरिन्थ्यो । शास्त्रानुसार शहर निर्माण गर्ने गुणकामदेवले शहरको मध्य भाग अर्थात् दक्षिण कोलिग्रामको उत्तर, तथा उत्तरकोलिग्रामको दक्षिणमा खालिरहेको चौरमा इन्द्रध्वजोत्थान गरी शुभाशुभ विचार गरेर त्यसैको दक्षिण पूर्वमा आफ्नो राजप्रासाद बनाए ।

यसपछि इन्द्रजात्राको पर्व पनि व्यवस्थित रूपमा चल्यो । पाटन र भक्तपुरमा इन्द्रजात्राको पर्व चले पनि ध्वजोत्थानको ठाउँ शास्त्रसम्मत थिएन भन्ने कुरा थाहा हुन्छ ।

खड्गाकार बनाउन तदनुसार नै घर बनाउने व्यवस्था गरे हुनन् । खड्ग-बन्धको नगर बसाउने नगरको राजा देवीका उपासक हुनुपर्छ । किनकि खड्ग, देवीको मूख्य हतियार हो । तदनुसार चार दिशामा मूख्य देवी-पीठको स्थापना गरेको वंशावलीको कथन पनि प्रामाणिक मान्नुपर्छ ।

नेपालको लिच्छवि कालीन राजदरवार कहाँ थियो भन्ने कुरा

---

१) समराङ्गण सूत्रधार अ० ४५ तथा वृहत्संहिता– वराहमिहिर, पाँचौ शदी ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

टुङ्गो लाग्न सकेको छैन । भक्तपुरलाई पनि प्राचीन राजधानी मान्ने इतिहासकारहरू छन् । परन्तु गुणकामदेवको कान्तिपुर राजधानी हुनुभन्दा पहिले ललितपुर नै राजधानी भएको थाहा हुन्छ । उत्तर लिच्छवि-कालीन राजधानी पाटन नै थियो ।

गुणकामदेवले इन्द्रजात्राको शुरु कान्तिपुरमा आश्विन शुक्ल पञ्चमीका दिन गरेका थिए भन्ने कुरा वंशावलीबाट थाहा हुन्छ र त्यसै वेलादेखिमात्र इन्द्रजात्रा नेपालमा चलेको हो भन्ने कुरा पनि वंशावलीकारकै कथन छ (राइट)

मेडिभल नेपाल पृ १२२ मा उल्लिखित गो. वं. पाना नं. २६ (ख) र पाना नं. २७ क **"राजा जयतारी प्रथमः प्रविष्ट सम्वच्छर चारि शय आठ पोष मासे ·· ···**
सम्वच्छर चारिशय एकारह माघमासे जौ राजिनी श्री विरमदेवी ना कृ (पृ २६) ऐं पृ २७ कमा–ऐन्दुकूट सम्वच्छर चवुद्रह वैशाख मासः तस्य पुत्र जयशक्ति देवेन ऐन्दुकूट ध्वज मारोहन । तत्रेव पतालिका च कृतं । राजा श्री अनन्त मल देवेन कर्तव्यः मुनेन्दुः वेद शत सम्वच्छ्र आषाढ शुक्ल पञ्चमी वुधवासरेः पशुपति भटारकाय स्ववर्ण शङ्खली शच्छादन कृते ।
चतुष्कोने सुवण वञ्चं।। ध्वजा सम्पूर्ण प्रतिष्टितं ।।
चगु ध्वजा रोहन······इत्यादि ।

गोपाल वंशावली पृ. २६–२७

नेपाल सम्वत् ३२० तदनुसार ई. सं. १२०० तिर नेपाल उपत्यकामा प्रथम मल्लवंशको शासन शुरु हुन्छ । प्रथम मल्ल उपाधिधारी राजा अरिमल्ल हुन् । यिनका छोरा अभय मल्ल र नाती जयदेव मल्ल क्रमैसँग राजा भए । जयदेवको छोरा भीमदेव र उनका छोरा शाहदेव (सिंहदेव) पनि क्रमशः राजा भए । नेपाल संवत ३९९ (ई० सं० १२७९) सिंहदेवका छोरा अनन्त मल्ल राजा भएको कुरा इतिहासकारले मानेका छन् ।

गोपाल वंशावलीअनुसार नेपाल सम्वत् ४०८ र ४०९

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(ई सं. १२८८–१२८९) कर्णाली प्रदेशका राजा जयतारी मल्लको काठमाडौं उपत्यकाभित्र दुई पटक आक्रमण भएको र सं. ४११ (ई. सं. १२९१) मा तिरहुँतक। राजाको आक्रमण भएको कुरा वंशावलीबाट थाहा पाइन्छ । यसरी बाह्य आक्रमणको उपद्रव भइरहेकोले शान्ति स्वस्तिको निम्ति नेपाल सम्वत् ४१४ (ई. सं. १२९४ को वैशाख महिनामा अनन्त मल्लकी जेठी बुहारी युवराज्ञी विरमदेवी (जयादित्यकी पत्नीले) ऐन्द्रकूट महोत्सव गरिन् । उनका छोरा जयशक्तिदेवले ऐन्द्रकूट पर्वको ध्वजोत्थान (इन्द्रध्वजारोहण) गरे । राजा अनन्त मल्लदेवले पनि ने० सं० ४१७ मा पशुपतिमा सुनको मोलम्बा लगाएको तोरण चढाए तथा चाँगुनारायणमा पनि ध्वजारोहण गरे । त्यस्तै जयशक्तिदेवकी आमा युवराज्ञी विरमदेवीले पनि सुनको मोलम्बा लगाएको 'वृषध्वज' बनाएर पशुपतिनाथमा चढाइन् ।

गोपाल वंशावली पृ २७ को उपर्युक्त कथनबाट इन्द्रकूट (अन्नहरूको थुप्रो लगाएर पूजा गर्ने) इन्द्रध्वजोत्थान समेत गरेको कुरा ज्ञात हुन्छ । इन्द्रजात्रा पर्वमा विभिन्न थरी आमान्न तथा पक्वान्नको थुप्रो लगाएर पूजा गर्ने प्राचीन परंपरालाई मान्यता दिएको थाहा हुन्छ । पौराणिक साहित्यले यो कुरालाई व्याख्या गरेको छ ।[१]

भगवान् कृष्णले इन्द्र महोत्सवका निमित्त तयार पारेको खाद्य सामग्री देखेर नै गोपगणसंग कारण सोधेको थिए । इन्द्रमहको सट्टामा गिरिमह (गोवर्धन पर्वतको पूजा) गराउँदा इन्द्र ध्वजोत्थानको निम्ति तयार पारिएको सामग्रीबाट नै केवल देवता मात्र बदलेर "गिरियज्ञ" सम्पादन गरेका थिए । अनेक किसिमका अन्न र पाकेका रोटी, पूवा, लड्डु, खीर, दूध, दही, घिउ, फल फूलको राशिमा पूजा गर्ने परंपराअनुसार नै गोवर्धन पर्वतको पूजा गरेको वर्णन पुराणमा पाइन्छ । यसै परंपराको अनुशरण विरम देवीले गरेकी थिइन् र यसको नाउँ "ऐन्द्रकूट" भनेर वंशावलीमा उल्लेख भएको छ । ध्वजोत्थान चाहिं शास्त्रअनुसार राजाले नै गर्नु पर्ने हुँदा भावि राजाको रूपमा रहेका जयशक्तिले गरेका थिए । केशर पुस्तकालयको वंशावलीमा पनि

---

१ परिशिष्ट १, २, ३, वृहत्संहिता, कालिका पुराण र देवी पुराण श्री मद्भागवत,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उक्त कुराको उल्लेख भएको छ।[२]

> ... नाशम करोति । सम्वत ४०८ पौष मास जय तारि प्र [विष्ट प्र] थमम् सम्वत ४१४ फाल्गुन मास द्वितियावार प्रवि [ष्ट] खशिया प्रवेस । सम्वत् ४११ माघ मास तिरहुतिया भगत ग्रामे प्रविष्ट ।। सम्वत ४३१ माघमास तिरहुतिया ललित ग्रामे प्रविष्टः राष्ट्रे अतिसंताप दण्ड प्रच्यते पात्र सृष्ट वन्धनन् महत्पंडा। नेपाले जुव राजिनी विरम देवी नाम् कृत्य सोमेश्वर नीमस् देवकृते पुनः चंगु देवालय कृतम् ध्वजारोहन च पुन इन्द्रकूट प्रतिष्टितस् ध्वजारोहनम् च जय सत्तेरमाता विरम देवी ।।
>
> केशर पुस्तकालयको वंशावली पृ० १०–११

त्यसमा भनिएको छ – सं ४०८ मा जयतारी पहिलो पल्ट पस्यो । सं ४१४ फागुनमा दोस्रो पटक खसिया राजा पसे । सं ४११ मा तिरहुँतिया भक्त ग्राममा पस्यो। सं ४३१ मा तिरहुँतिया पाटनमा पस्यो। राष्ट्रमा अति सन्ताप भयो । नेपालमा युवराज्ञी विरम देवीले सोमेश्वरको स्थापना पूजा गरिनन्। चाँगुको देवालय बनाइन् र ध्वजा चढाइन् फेरि 'ऐन्द्रकूट' स्थापना गरेर ध्वजारोहन पनि गरिन् ।

उपर्युक्त कथनबाट अन्नको पर्वत खडा गरेर इन्द्रको पूजा गरिनं भन्ने र इन्द्र ध्वजा खडा गरिन् भन्ने थाहा हुनुको साथै देवता प्रीति गरी ध्वजा चढाउने प्राचीन परंपरा नेपालमा पनि चलेको प्रमाणित हुन्छ ।

देबतालाई प्रसन्न गर्नको निम्ति ध्वज स्तंभ खडा गर्ने पुरातन काल-देखिकै परंपरा पाइन्छ । ई० पू २०० तिर यवन दूत हेलिडोराले श्री कृष्ण प्रीतये गरी वेस नगरमा गरुडस्तंभ खडा गरेको पुरातात्विक प्रमाण पाइन्छ भने, आफ्नो चौतर्फी विजयको खशीयालीमा लिच्छवि नरेश मानदेवले चाँगु नारायणको विशेष पूजा गरी अभिलेख कुँदिएको गरूड ध्वज (स्तंभ) पनि खडा गरेका थिए । वैष्णव मन्दिरमा गरूडध्वज, शिवमन्दिरमा वृषध्वज आदि स्थायी ध्वजस्तंभ खडा गर्ने परिपाटी कहिलेदेखि शुरु भयो भनेर विचार गर्यौं भने, वैदिक कालमा पुग्न सकिन्छ । यज्ञीय स्तूप (मौलो) मा व्रह्मादि देवताको अस्तित्त्व कल्पना गरी यूपहरू खडा गर्ने चलन थियो । वैदिक देवता इन्द्रको सपर्या यज्ञ इन्द्र ध्वजोत्थापन पनि 'यूप'कै अनुकरणमा भएको हो । शान्ति, पौष्टिक, र स्वर्गकामनाको निम्ति पनि ध्वजारोहण गर्ने चलन चलेको देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राष्ट्रको सुख समृद्धिका निम्ति अथवा मठ मन्दिरको नयाँ निर्माण तथा जीर्णोद्धार गर्दा, या देवताको विशेष पूजा-आजा गरी केही विशेष कुरा अर्पण गरेर कीर्तिस्तंभको रूपमा ध्वजस्तंभ खडा गर्ने चलनले व्यापकता पाएको देखिन्छ ।

इन्द्रध्वजा चाहिं नयाँ काठ काटेर बनाउने र विशेष पूजा अर्चना-पछि आठ दिनसम्म खडा गरेर पूजा गर्ने, ढालेपछि पानीमा लगेर विसर्जन गर्ने शास्त्रीय विधि नै भएकोले स्थायीरूपमा शिलास्तंभ र धातुस्तंभको रूपमा देख्न पाइँदैन ।

शास्त्रको वचनअनुसार 'इन्द्रध्वजा' राज-भवन नजीक सिंहद्वार-अगाडि स्थापना गर्ने परंपरा रहेकोले यस उपत्यकाभित्र कुन कुन ठाउँमा इन्द्रध्वजोत्थापन हुँदै आयो, त्यो कुरा निश्चय भन्ने प्रमाण हामीसँग छैन । उत्तर लिच्छवि कालका राजाहरू पाटनमा बसेर शासन गर्थे भन्ने कुरा वंशा-वलीले इङ्गित गर्दछन् । गुणकाम देवले पाटनबाट कान्तिपुरमा राजधानी सारेपछि भने यो परंपरा निश्चित ठाउँमा चल्दै आएको अनुमान हुन्छ । काठमाडौंमा राजधानी सारेपछि राजा गुण कामदेवले हिलेजात्रा, कृष्णजात्रा, लाखेजात्रा, श्रृङ्ग भेरि जात्रा पनि यहाँ चलाएको वर्णन, वंशावलीमा उल्लेख भएकोले यी जात्रापर्वहरू कान्तिपुर राजधानी हुनु भन्दा अगाडिको राजधानीमा पनि चलेका थिए कि भन्ने शंका हुन्छ । त्यो बेलातिर मनोरञ्जनका मूल साधन नै धार्मिक पर्व, जात्रा र नृत्यहरू थिए । प्रत्येक नृत्य धार्मिक स्थल एवं देवताका मूर्ति मुद्रासंग नै संबन्धित पाइएकोले यस सम्बन्धमा बढी खोजी हुन आवश्यक भएको छ ।

४१४ ने० सं० मा विरमदेवीले ऐन्द्रकूट पर्व र इन्द्रध्वजोत्थापन कर्म वैशाख महीनामा गरेको कुरा उल्लेख गरियो । राजा अनन्तमल्ल जीवित अवस्थामा छंदै बुहारी र नातीले किन यो उत्सव गरे भन्न सकिएन ।

बाबु अनन्तमल्ल जीवित नै रहेको बेला जेठाछोरा आदित्यमल्ल कान्छा आनन्दमल्लका बीच खटपट चल्यो । आनन्दमल्ललाई आदित्यमल्ले वन्दी बनाई पलाञ्चोकको जेलमा थुने । युवराज आदित्यमल्लको ने० सं० ४१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फाल्गुन शुक्ल अष्टमीका दिन निधन भयो । यस कारण जेठी बुहारी र नाती जयशक्तिले ऐन्द्रकूट पर्व गरे । दाजुको मृत्यु भएको र कर्णालीका खश शासक एवं तिरहुँतिया कर्णाटक वंशीले आक्रमण गरी शासनतंत्र शिथिल भएको मौका छोपेर आनन्दमल्ल जेलबाट मुक्त भए । आनन्दमल्ल स्वतन्त्र भएको समय ४१३ श्रावण हो भन्ने कुरा वंशावलीले उल्लेख गरेको छ ।

> **पृ. ४४ मा, स ४१३ फाल्गुन शुक्ल अष्टमी श्री जयादित देवस अष्त ।।**
> **गो० वं० मे० ने० पृ. १३८ ।**

राइटको वंशावलीअनुसार भक्तपुर राजधानी बनाउने आनन्दमल्ल हुन् । साँगा, पनौती, बनेपा, खड्पुर, चौकोट आदि पूर्वी नेपालका सात शहर आनन्दमल्ल (प्रथम) ने० सं० २६७–२८७ (ई० ११४७–११६७) ले बसाएको कुरा राइटले उल्लेख गरेका छन् । लगभग यसको १४० वर्ष पछि आनन्द मल्ल (द्वितीय) ले भक्तपुरलाई फेरि राजधानी बनाएर पूर्वीक्षेत्रको समेत शासन गर्दछन् ।

अनन्त मल्ल जीवित छँदै राज्यका उत्तराधिकारी आदित्य मल्ल र नाती जयशक्ति मल्लको पनि निधन भइसकेकोले उत्तराधिकारी कान्छा छोरा आनन्द मल्ल नै हुन्छन् । अनन्त मल्लले राज्य गरिरहेकै बेलामा आनन्द मल्लले भक्तपुर राजधानी बनाएर शासन गर्न थालेको अनुमान हुन्छ । अन्यथा कान्तिपुर छाडेर भक्तपुर पछिसम्म राजधानी कायम हुनु पर्ने थिएन । ऐन्द्रकूट महोत्सव भने, विरमदेवीले भक्तपुरमा नै गरेकी थिइन् । यसकारण भक्तपुरको शासकको रूपमा जेठी बुहारी र नाती जयशक्तिलाई अनन्त मल्लले राखेका रहेछन् कि भन्ने कुरा पनि अनुमान हुन्छ । अन्यथा "इन्द्रकूट पर्व" कान्तिपुरमा नै हुनुपर्थ्यो । यसकारण भाउज्यू र भतिजाका शेषपछि भक्तपुरका अधिपति भएका आनन्द मल्लले बाबुको अपुताली पाएर पनि राजधानी भक्तपुर नै कायम गरी वहींबाट कान्तिपुर ललितपुरको शासन गरेका होलान् ।

भक्तपुरको ऐन्द्रकूटको परिणति बिस्केटमा

भक्तपुरमा चैत्रमसान्तको दिन ठीक इन्द्रजात्रामा ध्वजोत्थापन गर्ने जति नै अग्लो लिङ्गो बिस्केटको नाउँले खडा गरिन्छ र वैशाख संक्रान्तिको दिन ढालिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसको चार दिन अगाडिदेखि नै भैरव र गणेशको रथयात्रा शुरु हुन्छ। टोल टोलका देवी देवताको पूजाआजा इन्द्रायणी देवीको पूजापछि नै लिङ्गो उभ्याउने काम गर्न पाइन्छ। भैरव र भद्रकालीको खट घुमाउने र जुधाउने काम पनि यो जात्राको विशेष उत्सव हो। लिङ्गो ढालेको चार दिनपछि नै बिस्केट जात्राको समाप्ति हुन्छ। इन्द्रजात्रा पर्व आठ दिनको हुन्छ बिस्केटले पनि त्यतिकै दिन लगाएर ओ पर्वलाई भक्तपुरको विशेष चाड बनाएको छ।

बिस्केटको लिङ्गो सम्बन्धमा अनेकौं किंवदन्तिहरू चलेका छन्। नाग नागिनीको सम्झना ा यो जात्रा शुरु भएको मानिन्छ। परन्तु लिङ्गो काट्ने र ल्याउने विधिविधान, लिङ्गोको नाप, साइज आदि कुराले इन्द्रजात्राको लिङ्गो ल्याउने विधिसंगै समानता राख्दछन्। बिस्केटको लिङ्गो चाहिं पुरानो पनि काम लाग्छ।

लिङ्गाको ध्वजापताकाले पनि समानता राख्दछ। इन्द्रजात्रा तथा बिस्केटको लिङ्गाका पताका अष्ट मङ्गल चिन्हहरूले नै सु–सज्जित हुन्छन्।

नाग नागिनीको परिकल्पनामा पनि गहिरो अर्थ लुकेको छ, जसको स्पष्टिकरण छुट्टै प्रकरणमा गरिने छ। विस्केटको शाब्दिक अर्थ गर्नेहरू कोही छैनन्। न किंवदन्तिका सङ्कलनकर्ता नै यसबारे केही भन्दछन्। अभिलेखहरूमा बिस्केटजात्रालाई विश्वजात्रा भनेको पाइन्छ। वैशाख संक्रान्तिको दिन गरिने यो जात्रालाई कुनै शास्त्रीय प्रमाणले पनि छुंदैन। 'बिस्केट' शब्दको विश्लेषण र निर्वाचन गर्दा विस्केट ' वृषकेतु शब्दको अपभ्रंश रूप हो। वृष शब्दले गोरू, नदी, इन्द्र, बलवान्, दलको मूख्य व्यक्ति, गुण, सत्कर्म, विष्णु र शिवलाई कहन्छ। त्यस्तै केतु शब्दले ध्वजालाई बताउँछ। उपर्युक्त व्याख्याले वृषकेतुको अर्थ शिवध्वज, इन्द्रध्वज र विष्णुध्वज पनि भन्न सकिन्छ। वृषकेतु> विषकेतु > विसकेतु> विसकेत> विस्केट, शब्द बनेर लोकमा प्रसिद्धि पाएको छ। यो ध्वजा शिव, विष्णु तथा इन्द्र यी तीन देवता मध्ये कसको प्रतीक मानिएको छ वा सबैको प्रतिनिधित्व गर्दछ त्यो अझै पनि अनुसन्धेय छ। वर्तमानमा यो जात्रा भैरवसँग बढी सम्बन्धित छ र भैरव शिवकै अघोर मूर्ति हो जहाँ भैरव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छन् त्यहाँ भैरवी पनि हुन्छिन् । गणेश शिवपरिवारभित्रकै देवता भएकोले यी तीन देवताको संगमबाट विस्केट वृषध्वज (शिवध्वज) हो भन्ने कुरामा शंका रहँदैन ।

दक्षिण भारतमा चैत्र वैशाखमा पनि इन्द्रध्वजारोहण हुने कुरा भनि सकिएको छ । नेपालका नेवार जातिलाई पनि इतिहासकारहरू दक्षिण भारतका 'नैयर' जाति नै भएको मान्दछन् । नैयर नेवार नभए पनि दक्षिणका मानिसहरू यहाँ आएर परंपरा ल्याए भन्ने कुरामा मतैक्य हुन सक्छ । यस्तै आगन्तुक व्यक्तिहरुको समर्थनबाट नै विरमदेवीले वैशाखमा इन्द्रकूट र ध्वजारोहण गरिन् भन्न सकिन्छ ।

नेपाल उपत्यकामा बाहिरबाट प्रवेश गर्ने जातिले आफ्ना साँस्कृतिक परंपराका जति पनि नौला उपहारहरू बोकेर ल्याए, ती सबैलाई आंशिकरूपमा नै किन नहोस्, यहाँ बस्ने उदारमनाहरूले स्वीकार गरे । एक पल्ट चलिसकेको प्रथालाई उपत्यका नगरवासीहरूले नाशिन दिएनन् साथै समय समयमा बाहिरबाट आएका धार्मिक र साँस्कृतिक आचारविचारहरूलाई पनि आफ्ना पुराना परंपराभित्र मिसाएर अझ भव्यताका साथ, मनाउन शुरुगरेको कुरा यहाँका सांस्कृतिक पक्षको अनुशीलन गर्दा थाहा पाउन सकिन्छ । काठमाडौंको इन्द्रध्वजोत्थान पर्वमा वैदिक विधिविधानकै अङ्ग भएर तांत्रिक विधि र लोक परंपरा पनि गाँसिएका छन् । देवीको पूजा र प्रदर्शन, भैरव भैरवीको प्रदर्शन र पूजा, रथयात्रा, कुमारी, गणेश, भैरवको, रथयात्रा, विष्णुको विश्वरूप प्रदर्शन, देवी र भैरवहरूलाई बलिदान, राजाको सिंहासनारोहण, नगर परिक्रमा, आदि अनेकौ शास्त्रीय र लोक परंपराका अनौंठा कृत्यहरू यहाँ इन्द्रजात्राकै अङ्ग भएका छन् । इन्द्रजात्रा पर्वको मौलिक पक्ष नै गौण भई सकेको छ । आफ्ना बाबुका पालामा आइपरेका विघ्नबाधाको शान्तिका निम्ति भाउजु र भतिजाले शुरू गरेको इन्द्र ध्वजारोहण पर्व, जुन वैशाखमा गरिएको हो, त्यसलाई भक्तपुरमा बसेर शासन गर्ने आनन्द मल्लले यथावत् कायम राखेको अनुमान हुन्छ । वैशाखको सुखखा दिनमा हुने रमाइलो उत्सव पर्वमा गरिने भोज भतेर खान पानका विविधता एवं नृत्य गानको रमणीयतालाई भोज-प्रिय उपत्यका वासीले त्याग्न चाहेनन् । अझ यसलाई आ-आफ्ना शहरको पेवा बनाउनै पट्टि जनता लागेको थाहा पाइन्छ । भक्तपुरको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विस्केट जात्रा संगै नाला र खँडगु शहरमा पनि चैत्र मसान्तको दिन विस्केटको ध्वजोत्थान गर्ने चलन अद्यावधि रहेकै छ ।

काठमाडौंमा राजा गुणकाम देवले आश्विन शुक्लमा शुरू गरेको इन्द्र जात्रा पौराणिक प्रमाणबाट भाद्र शुक्लमा सरेपछि वैशाखमा गर्ने भक्तपुरको इन्द्रजात्राले वृषकेतु (विस्केट) को रूप लिएको अनुमान हुन्छ । यस सम्बन्धी चर्चा, प्रसङ्ग वश फेरि पनि गरिने छ ।

इन्द्रध्वजाको प्रचलनलाई अंशु वर्माको लेलेको अभिलेखले (६०४ ई०) इङ्गित गरेको छ भने, ई० सं० १००० तिर कान्तिपुर राजधानी बनाउने गुणकामदेवले काठमाडौंमा चलाएको उल्लेख छ । त्यसपछि ई.सं. १२६४ मा विरमदेवीले भक्तपुरमा शुरू गरिन् ।

भक्तपुरमा नै बसी शासन गर्ने राजा यक्ष मल्ल ने. सं ५६१–ई.स १४४१ को पालामा इन्द्रजात्राको प्रसङ्ग भक्तपुर तौमढी टोलको अभिलेखबाट जान्न पाइन्छ ।[१] उक्त अभिलेखमा, इन्द्रजात्रा, महाष्टमी, विश्वजात्रा, आदि पर्वमा विशेष कार्य गर्ने प्रसङ्ग आएको छ । इन्द्रजात्रा र विश्वजात्राको छुट्टा-छुट्टै प्रसङ्ग आएको हुंदा त्यसबेला सम्म वैशाखको इन्द्रजात्रा भदौमा सरेको र वैशाखको जात्रा विश्वजात्रामा परिणत भइ सकेको अनुमान हुन्छ । राजा यक्ष मल्लले भक्तपुरको त्यौमढी टोलमा जनतालाई पाटी बनाइदिएको, सुनधारा बनाएको र श्रीलक्ष्मी नारायणको भव्य मन्दिर बनाएको कुरा पनि उक्त शिला पत्रमा उल्लेख छ ।

> **१५ पङ्ती……णाली निर्मित षाददि स्थापन विजय वैजयन्ती प्रतिस्पर्धिनि (देव) प्रासाद प्रतिष्टा कृत श्री लक्ष्मी नारायण मूर्त्याकित् (किंत्) जय यक्ष मल्ल देवेन ।**
>
> **१८ पङ्क्तीमा–सुलक्षणालंकृतं प्रासादं समदत्त ष्ग्र शतक पूर्ण प्रतिष्टा कृतं ।**

---

१) सूर्यविक्रम ज्ञवाली–नेपाल उपत्यकाको मध्यकालीन इतिहास

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३६ पङ्क्तीमा……इन्द्र जात्रा कोन्ह ।। महाष्टमी कोन्ह ।। विश्वजात्रा कोन्ह ।। ध्वनेदिन मफिसे… कोथु फले थाँ । पङ्क्ती ४५ सम्वत् ५६१ ज्येष्ट शुदी ११ बुधवार ध्व कुन्ह संपूर्णा जिन जुरो ।

मे०ने०पृ० ६६–६७ डा० रेग्मी ।

आदि कालदेखि वैदिक धर्मको परपरामा चल्दै आएको इन्द्र जात्रा पर्वको संकेत लिच्छवि-कालीन अभिलेखबाट पाइन्छ भने, त्यसको अटूट परंपरा रहेकै थियो भन्ने कुरा मल्लकालको उक्त शिला पत्रले प्रमाणित गर्दछन् । यसभन्दा अगाडिको परंपरालाई औंल्याउने शिला-पत्र प्राप्त नभएता पनि गोपाल वंशावलीले उल्लेख गरेको विषयमा चर्चा भई सकेको छ ।

नेपाल उपत्यकाका वासिन्दाहरू अत्यन्त नै परम्परावादी छन् र सौभाग्यवश यहाँ राज्य सिंहासनलाई अलङ्कृत गर्ने राजाहरू सबै नै वौदिक धर्मका अनुयायी नै रहे ।

देशमा सांस्कृतिक पक्षलाई नखलबल्याइकन भएको कुनै परिवर्तनले साधारण जनतामा कुनै असर पर्दैन। देशका अधिकांश जनताबाट प्रारम्भ भएको होस्, अथवा राजामहाराजाबाट नै शुरु भएको होस् कुनै जात्रा, पर्व, उत्सव, देव पूजाले राष्ट्रिय संस्कृतिको रूप पाइसकेको छ भने त्यसमा कुनै आँच आउँदैन । सत्ता परिवर्तनले मात्र कुनैं असर पार्दैन । यसको निम्ति त्यस ठाउँ कोसंकृति र सभ्यतालाई सत्ताधारीले यथावत् स्वीकार गरिनु पर्दछ ।

नेपालको अध्ययनलाई विश्लेषणात्मक अध्ययन गर्दा किरांत सभ्यताका कतिपय कुरालाई स्वीकार गरेर नै लिच्छविहरूले यहाँ शासन शुरू गरे। बिस्तार बिस्तार आफ्नो धर्म संस्कृतिका विषयहरू पनि समावेश गर्दै गए। त्यस पछि पनि पुरातन सांस्कृतिक परम्परामा नै नयाँ नयाँ आयामहरू थपिदै गए तथा लौकिक मान्यतालाई पनि सुविधा हेरी शास्त्रीय रूप दिइयो । दशौं शताब्दीमा आश्विनमा शुरू भएको इन्द्रजात्रा तेह्रौं शदीमा वैशाखमा गरियो र चौधौं शताब्दीमा भाद्रमा भयो । किन्तु– प्रथा निर्मूल भएन र जुन बेला चाडको रूपमा यसलाई एक पटक मान्यता दिइयो, त्यो समयको पर्वले अर्कै रूप लिए पनि समयको चाड यथावत् नै रह्यो । भक्तपुरमा ऐन्द्रकूटको रूपमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शुरू भएको वैशाखको पर्वले विस्केटको रूप लियो र आठ दिन नै ओगट्यो। काठमाडौं र पाटनमा भने यो परम्परा कायम भएन । अर्थात् विश्वजात्रा भनेर मान्यता दिए पनि विस्केटको लिङ्गो उभ्याउने काम भक्तपुर र त्यस मातहतका शहरमा नै सीमित रह्यो । तान्त्रिक परम्पराको विकाश र आश्विन शुक्लमा दशैं पर्व मनाउने पौराणिक आधार बनेपछि इन्द्रजात्राले भाद्रशुक्लमा स्थान पायो । यो पक्ष उत्तर भारतका राज्यहरूमा चलेको शास्त्रीय परंपरामा नै आधारित थियो र यहाँ पनि मान्यता पायो ।

नेपाल उपत्यका भित्र विधिवत् प्राचीन स्थलहरूको उत्खनन् हुन बाँकी नै भएकोले कुन कुन राजवंशको राजधानी कहाँ थियो भन्ने कुरा अज्ञात नै छ । मानगृह र कैलासकूट भवन जस्ता इतिहास प्रसिद्ध भवनहरूको पनि स्थान पत्ता लाग्न सकेको छैन । यसकारण प्राचीनकालदेखि नै इन्द्रजात्रा पर्व यहाँ चलेको कुरामा विश्वास गर्न सकिएता पनि ठाउँको निश्चय गर्न सकिने स्थिति छैन ।

मल्लकालीन नेपालमा बौद्धधर्मको प्रवेशले समाजमा भने निकै नै प्रभाव जमाएको थियो । राजाहरूबाट पनि मान्यता र संरक्षण प्राप्त गरेको कुरा इतिहासको अनुशीलनबाट जान्न पाइन्छ । यो वेलामा पनि गद्दीनसीन राजाहरूको धर्म चाहिं वैदिक सनातन धर्म नै भएकोले वैदिक धर्मको अङ्ग भएर समाजमा जरो गाडिसकेका जात्रामात्रा, चाडपर्व, आदि सांस्कृतिक पक्ष यथावत् चलि नै रहे । वज्रयान सम्प्रदायको प्रवेशले गृहस्थकै रूपमा बौद्ध मार्गीलाई अङ्गीकार गरेकोले खान, पान, रहन, सहनमा फरक परेन । किन्तु- यसको तान्त्रिक वाममार्ग पक्षको बाहुल्यले जातीय समता ल्याई दिएकोले वैदिक धर्मका विशेष पक्षपाती राजा स्थितिमल्लले जाति विभाजन गर्नु पर्‍यो । कार्य अनुसारको जात (थर) दिएर स्थान निर्धारण गर्नु पर्‍यो । यो विभाजन पछि समाजमा सनातन धर्मका अनुयायीभित्र मात्र होइन कि बौद्ध परिवारभित्र पनि जातिको भेदभाव चलेको पाइन्छ ।

पौराणिक कथामा उल्लेख भएका चाडपर्वहरू शैव र बौद्धले समान रूपमा नै मान्दछन् । अधिकांश मन्दिर र चैत्यहरू पनि दुवै धर्मावलम्बीका साझा छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देशको राजतन्त्र–परम्परालाई वैदिक धर्मका अनुयायीहरूले जसरी सम्मान गर्दछन्, त्यसरी नै बौद्धहरूले पनि सम्मान गर्दछन् भन्ने कुरा १२ वर्ष वा ३।३ वर्षमा गरिने सम्यक्पर्वले स्पष्ट गर्दछ। यसरी साझा संस्कृतिको रूपमा इन्द्रजात्रा, दशैं, घोडाजात्रा, मत्सेन्द्रनाथ जात्रा मनाइन्छन्। यस अर्थमा उपत्यकाभित्रका नगरबासीहरूका निम्ति के बौद्ध के सनातन (शैव) दुवैको निम्ति इन्द्रजात्रा साझे पर्वकै रूपमा चलेको देखन पाइन्छ।

भक्तपुरमा अद्यावधि प्रचलित 'बिष्केट' (वृष केतु) जात्राको रूपमा कहिलेदेखि शुरू भयो भन्ने कुरा निश्चय गर्ने प्रमाण त प्राप्त छैन। किन्तु यो परिवर्तनलाई हरिसिंहदेवका परिवारका साथमा झा ब्राह्मण र अन्य सनातन धर्मका अनुयायी जातिहरूले भक्तपुरमा प्रवेश गरेपछि नै हो कि भन्ने शंका गर्नु पर्ने भएको छ।

नेपालमा पहिले देखि नै शक सम्वत्को चल्ती थियो। शक संवत्कै आधारमा अंशुवर्मा सम्वत् र शक सम्वत् ८०१ देखि नेपाल सम्वत् चलेको कुरामा इतिहासकारहरू शंका गर्दछन्। त्यसपछि, मध्य भारतबाट उत्तर भारत एवं दक्षिणपथतिर पनि चल्तीमा आएको विक्रम सम्वत् नेपालमा देखा पर्छ। विक्रम सम्वत्को गणना हुने दिन वैशाख संक्रान्ति हो र यसै दिन यहाँ विस्केटको लिङ्गो ढालिन्छ।

गुप्त सम्वत् चलाउने गुप्तराजाहरूले पनि उज्जयनलाई राजधानी बनाउँदा विक्रम सम्वत्लाई मान्यता दिएका थिए। विक्रम सम्वत् गुप्त संवत्-को विलय पछि पनि उत्तर भारतमा चलेको थियो। १२२४ ई.स. मा सिमरौन गढको पतनपछि नेपाल उपत्यकामा पस्ने ब्राह्मणहरूले नै यो सम्वत् यहाँ ल्याएर वृषध्वज खडा गरी वैशाख संक्रान्तिदेखि नयाँ सम्वत्को श्रीगणेश गरे। सम्वत्को महत्तालाई देखाउन विस्केटजात्रा शुरू गरियो। तुलजा भवानीको प्रवेश यहाँका राजघरानामा भयो भने, बौद्ध प्रभावित क्षेत्रमा शैव-यात्र पनि शुरू भयो।

पाशुपात क्षेत्रमा शिवको उपासना र पशुपतिलाई इष्ट देवता मान्ने चलन पुरानो हो। यस कारण यहाँका जनताले यो नयाँ 'विस्केट' जात्रालाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नयाँ लादिएको संस्कृति ठानेनन् ।

त्रिस्केट जात्राको बारे लोकमा प्रचलित एउटा कथा के पनि छ भने, यो जात्रा हेर्न काशीबाट गणले सहित विश्वनाथ पनि मनुष्यरूप लिएर यहाँ आएका थिए । उनलाई तांत्रिकहरूले पक्रन खोज्दा उम्के किन्तु भाग्न लागेका भैरवलाई भने तांत्रिकहरूले यहीं राख्न जोड गर्दा नसकी हतियारको प्रयोग गरे । भैरवको शिर काटिएर यहीं झऱ्यो भैरव भागेर काशी फर्के । त्यसपछि त्यही भैरवको टाउकोलाई भक्तपुरमा तांत्रिक विधिले स्थापना गरियो । यहाँका भैरवको टाउको मात्रै छ । काशीका भैरव विनाटाउकाका छन् । मूर्तिको प्रदर्शनले यो कथालाई पुष्टि गर्दछ । यहाँ भैरव मन्दिरमा दुइटा खोपा छन् । योटामा राखेर पञ्चामृतले सात्त्विक पूजा गरिन्छ, यो विश्वनाथको रूप हो। अर्को खोपामा राखेको बखत् भैरव अघोर मूर्ति हुन्छन्, जसलाई वलि पनि दिएर पूजा गरिन्छ ।

यिनै भैरवलाई रथयात्रा गरी लिङ्गो ठड्याउने ठाउँमा पुऱ्याएर विस्केट (वृषकेतु) को लिङ्गो खडा गरिन्छ। साथै काशीवासी विश्वनाथको संस्मरणको यो जात्रा हुने भएकोले यसको नाउँ 'विश्वजात्रा' भएको हो भनिन्छ।

वृषको ठाउमा सजिलो उच्चारण गर्दै 'विश्व' लेखिएको कतिपय उदाहरण नेवारी भाषामा पाइन्छन् । लिच्छवि राजा वृष देवलाई पनि गोपाल वंशावलीकारले विश्वदेव लेखेका छन् । विप्र मल्लको नाउ पनि सजिलाका निम्ति विश्व मल्ल लेखिएको पाइन्छ ।

'विस्केट' को लिङ्गमा नाग नागिनीको प्रतीक पताकाले पनि लोक कथा जन्माएको छ । राज कुमारीका नाकबाट सुतेका वेलामा निस्कने एक जोडी नागले डसेर संधै राज कुमारहरू मारिन्थे । एउटाले जागा रहेर उक्त नाक बाट निस्कने जोडी सर्प मारेकाले उनी बाँचे र तिनै सर्पको संझनामा लिङ्गो ठड्याउने चलन चलेको कथा पनि प्रसिद्ध छ ।

बाह्रौं शताब्दीतिर शैव दर्शनको प्रशस्त विकास भई सकेको थियो । शिव योगीरूप थिए । शिवरूप वृषकेतु (लिङ्गो) थियो भने योग विद्यामा चर्चित, मेरूदण्डका अगलवगलमा रहने नाडी इडा, पिङ्गला

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुसुम्णाको प्रतीक नाग - नागिनीयुक्त पताका हो । कुण्डलिनीको नाउँले प्रसिद्ध नाडीलाई सर्पकै रूपमा व्याख्या गरेको पाइन्छ । शिवका प्रमुख गहनामा पनि सर्प नै छन् । यसकारण, सर्पको प्रतीकयुक्त ध्वजाले अलङ्कृत लिङ्गोलाई विस्केट वा विस्क्यात भनेर वृषकेतुको अपभ्रंश रूपमा भनिएको हो भन्ने कुरामा सन्देह रहँदैन ।

वैशाखमा गरिने ध्वजोत्थानले वृषकेतुको रूप लिएपछि पनि इन्द्र-जात्रा पर्व पनि भक्तपुरमा हुन्थ्यो भन्ने कुरा त्योमढीटोलको ने.सं. ५६१ को शिलापत्रले प्रमाणित हुन्छ ।

ललितपुरको इन्द्रजात्रापर्व

वंशावलीको कथन अनुसार, इन्द्रजात्रापर्व राजा गुणकामदेवले कान्तिपुर नगरको विधिवत् विस्तार गरी आश्विन शुक्ल पञ्चमीको दिन इन्द्रजात्रा गरेको भनिन्छ । यो भन्दा अगाडि गुणकामदेवको राजधानी ललित-पुरमा नै थियो । वास्तुशास्त्रअनुसार शुभा-शुभ विचार गर्न पहिले शहरको बीचमा पर्नेगरी इन्द्रध्वजोत्थान गरिन्थ्यो भन्ने कुराको उल्लेख भइसकेको छ । पाँचौं शदीका वराहमिहिरले बृहत्संहिता भन्ने सर्वाङ्गपूर्ण ग्रन्थ लेखेका थिए । त्यो भन्दा पनि अगाडि वास्तुशास्त्रका ग्रन्थ– मयमत, कामिकागम, विश्वकर्मा-शास्त्र, मत्स्यपुराण, महाभारत आदि ग्रन्थको रचना र प्रचार भइसकेको थियो । भारतीय साहित्य, संस्कृति, कला, दर्शन, ज्योतिषसंग लिच्छवि - राजा-हरू नै पूर्ण परिचित भएका हुँदा गुणकामदेव भन्दा अगाडि आर्य परम्पराको महत्त्वपूर्ण पर्व इन्द्रजात्रासँग नेपालीहरू अपरिचित थिए भन्न मिल्दैन । प्राचीन नगरनिर्माणमा ध्वजोत्थान गर्ने ठाउँ विधिवत् नभएको हुन सक्छ । यसलाई ठीक ठाउँ पारेर ध्वजोत्थान गर्ने परम्परा कान्तिपुरमा चाहिं गुणकामदेवले नै चलाए भनेर वंशावलिको कथनलाई स्वीकार गर्न कुनै आपत्ति छैन । परन्तु ललितपुरको इन्द्रध्वजोत्थान र तत्सम्बन्धी जात्राहरू, देवमन्दिरको पूजा-आजालाई परिशीलन गर्दा कान्तिपुरमा यसको परम्परा शुरू हुनुभन्दा पहिले पनि ललितपुरमा इन्द्रजात्रा हुन्थ्यो भन्ने थाहा पाइन्छ ।

गुणकामदेवले राजधानी वर्तमान काठमाडौंमा सारेपछि ललितपुरका सामन्त प्रमान (प्रधान अमात्य) आदिले यथापूर्व इन्द्रजात्रा चलाउँदै आए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जब मल्लराज्य फुटेर पाटन, भक्तपुर र काठमाडौं तीन ठाउँमा राजधानी बन्यो, त्यसवेला परस्परको पतिस्पर्धामा इन्द्रजात्राले काठमाडौंको जस्तै विशेषता कायम गर्‍यो । आज विशाल नेपालको निर्माण भएर काठमाडौं-ले मात्र राजधानी हुने सौभाग्य पाए तापनि ललितपुरमा इन्द्रजात्राको ध्वजोत्थान हुँदैछ । परम्परा अनुसार नै बालकुमारी, भोरगणेशको मन्दिरनिर इन्द्रजात्राको लिङ्गो खडा गरिन्छ । यो उत्सव काठमाडौंमा जुन दिन जुन समयमा हुन्छ त्यही दिन त्यही वेलामा ललितपुरमा पनि उपर्युक्त ठाउँमा लिङ्गो खडा गरिन्छ ।

फरक के छ भने काठमाडौंमा शास्त्रीय विधिविधानअनुसार प्रति-वर्ष नै इन्द्रध्वजोत्थानको निम्ति नालाको जङ्गलमा नयाँ लिङ्गो काटिन्छ र यसको प्रमाण पनि शास्त्रीय वचनअनुसार नाप, साइजको हुन्छ । ललितपुरमा भने प्रतिवर्ष नयाँ लिङ्गो काटिँदैन । लिङ्गो शास्त्रानुसार ३२ हातमाथिको हुनुपर्ने जरूरी पनि छैन ।

पाटनको अन्य परम्परा

भाद्रशुक्ल एकादशीका दिन पाटन (ललितपुर) का प्रत्येक टोलमा इन्द्रको प्रतिमा स्थापना गरिन्छ । द्वादशीको दिन, काठमाडौंको जस्तै लिङ्गो खडा गर्ने र पूजा गर्ने काम हुन्छ । त्रयोदशीका दिन ललितपुरका निवासीहरूले कुंभेश्वरको दर्शन र पूजा गर्छन् । च्यासलटोलका भीमसेनको दर्शन, झ्यालचा हेर्ने र च्यासलटोलकै महादेवको दर्शन गरेर भोज खान्छन् । चतुर्दशीको दिन सुनधाराको भीमसेनको दर्शन गरी पूजा गर्दछन् । त्यसपछि लुकसी महादेवको दर्शन गरी भोज खान्छन् ।

पूर्णिमाको दिन– मङ्गलवजारका भीमसेनको दर्शन र पूजा गरी त्यसपछि कोपेश्वर महादेवको पूजा गर्न जान्छन् । त्यसै दिन पितृहरूको नाउँमा सम्हेवजी पनि बाँडिन्छ र खान्छन् पनि ।

प्रतिपदा– यस दिन द्वादश भूजा (बाह्र हात भएकी) पूर्णचण्डीको पूजा र यज्ञयागादि गरिन्छ । छ्वायवहालका भीमसेन (गुप्तवास बसेका भीम-सेन) को पूजा र दर्शन पनि यसै दिन हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द्वितीयामा– (वालुखा) त्रिलिङ्गेश्वरको दर्शन र पूजा गरेपछि भोज खाने गर्दछन् ।

यसरी परम्परागत भिन्नाभिन्न देवताको पूजा गरी एक हप्तासम्म इन्द्रजात्राको महान् पर्व मनाएर काठमाडौंमा इन्द्रध्वजा ढालेकै दिन ललितपुरमा पनि इन्द्रध्वजाको लिङ्गो ढालेर विसर्जन गरिन्छ ।

ललितपुरका इन्द्रजात्रासम्बन्धी ऐतिहासिक प्रमाणहरू

ऐतिहासिक परम्पराको अनुशीलन गर्दा ललितपुरमा इन्द्रजात्राको प्रसङ्ग आएको शिलापत्र, योगनरेन्द्र मल्लका पालाको नेपाल संवत् ८०८ (ई.सं. १६८८) को दुलमाजु भन्ने ठाउँको भेटिन्छ ।

नेपाल संवत् ७२३ (ई. सं. १६०३) मा काठमाडौंका राजा शिवसिंहले ललितपुरका पुराना सामन्तहरूको वंशलाई हटाई आफ्ना छोरा ठाकुलसिंहलाई सामन्त (राजा) बनाएका र उनी पनि चाँडै दिवंगत भएकाले उनका भाइ हरिहरसिंह सामन्त भए भन्ने कुरा इतिहासमा उल्लेख भएको छ । उनको मृत्यु पनि चाँडै नै भएकोले हरिहरसिंहका छोरा सिद्धिनरसिंह-मल्ल सामन्त भए तथा बाजे शिवसिंहको मृत्युपछि यिनी पाटनका स्वतन्त्र राजा भएको प्रमाण नेपाल संवत् ७५१ (ई. सं. १६३१) को मोहर पाइएकोले अनुमान हुन्छ ।

ऋद्धिनरसिंहपछि श्रीनिवासमल्ल र उनीपछि योगनरेन्द्र मल्ल ललितपुरका राजा भएका थिए । यिनैको पाला (नेपाल संवत् ८०८ तदनुसार ई. सं. १६८८) मा यिनका सेनापति परशुराम भारोले चिकुटि भारोको निम्ति पुण्य प्राप्त होस् भनेर १३ रोपनी खेत गुठी राखेका थिए । त्यसको काम पनि शिलापत्रमा उल्लेख गरेका थिए ।

> पंक्ति ७ मा वुंताया भाषा थ्वते ।। वोंशियाले वुरो १३ × थ्वते या वर्षप्रति वर सान वु ।। श्री वुंगयात गरवहारयात कुन्हु श्री इन्द्र यात्रा, धुनचण्डीयात कुन्हु निप्रपाघातसं थ्व फलेस श्री भैरव छाक हायकाव मत पात पि४ छोय् काव दान ।। ... ...

दुलमाजु (पाटनको) शिलापत्र – मे. भ. ने. VI पृ० २१६ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतिवर्ष मत्स्येन्द्रनाथ यात्रा, गरवहार यात्रा, इन्द्रयात्रा, धुन चण्डीयात्रा (पूर्ण चण्डीयात्रा) मा विशेष पूजा र भैरवलाई छ्याङ (जाँड) खुवाउने काम गर्ने कुरा उक्त अभिलेखमा अह्राइएको छ ।

यसपछि नेपाल संवत् ८२१ (ई. सं. १७०१) को पाटन दरवार एरियामा बनेको मणिमण्डपको जीर्णोद्धार गरिएको बेलामा, पाटनका तत्कालीन राजा योगनरेन्द्रमल्लले कोटीहोम गरी भगवती सहित भैरवको मूर्ति पनि स्थापना गरेको र इन्द्रजात्रा पर्वको पूर्णिमाका दिन भैरवको पूजा गरी नित्य दुई पाथी चामल सदाबर्त बाँड्न गुठी राखेको शिलापत्र पढ्न पाइन्छ ।

पंक्ति २१– तेव्या वरसानन नित्य अस्ता १ चेकं तस्य मत छोय्के माल, इन्द्रयात्राया पूर्णिमा (पंक्ति २२) सि कुन्हु राजगुर्वाहार तं श्री भैरवमूर्ति पूजा याय माल ।। फंसियाफल कि प्र. २ म्वात कु ..
मे. भ-ने. IV पृ० २३६।

यसपछि, सुगलटोल पाटनको नारायण मन्दिरको दक्षिणपट्टि टाँसिराखेको नेपाल संवत् ८२५ (ई. सं. १७०५) को शिलापत्रमा इन्द्रजात्रा र वुंग यात्रा (मत्स्येन्द्रनाथयात्रा) को पर्वमा विशेष पूजाआजा गर्न भनिएको छ ।

यो शिलापत्रमा श्रीनिवासमल्लकी छोरी योगनरेन्द्र मल्लकी दिदी रुद्रमतीले नारायणको मन्दिर बनाई गोपीनाथको मूर्ति स्थापना गरेको कुरा उल्लेख गरिएको छ ।

नेपाल संवत् ८२५ मा योगनरेन्द्र मल्लको निधन भएकोले राज्य-व्यवस्था अस्तव्यस्त थियो । उनकी दिदी रुद्रमतीका पति (भिनाजु) पनि रुद्रमल्ल नाउँ गरेका थिए । रुद्रमल्लवाट रुद्रमतीमा रुद्रेन्द्रमल्ल नाउँ गरेका संगीतशास्त्रका ज्ञाता, दानी, विष्णुभक्त, वीणावादनमा नारदलाई पनि माथ गर्ने छोरा जन्मे । उनका पनि नीतिवान् सौन्दर्यका खानी ऋद्धिमल्ल नाउँ भएका छोरा जन्मे ।

" लक्ष्मीनिवासात्प्रथिताभिधानः श्री श्रीनिवासाख्यमवाप भूपः । (९ पंक्ति) तस्याद्रुद्रमती वभूव जलधेः- पद्मेव पद्मेक्षणा यस्याः

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विष्णुरिवक्षमी विमलधीः श्री रुद्रमल्लःपति । प्रासादो रजताचलाकृति रयं नारायण प्रीतयेऽनेक स्वर्णघटं विभूषित शिखो हृद्यो यया कारितः । यस्या श्चावरजः सशास ललिताखियां पुरीं श्रीमतीं श्रीमद्योगनरेन्द्रमल्ल नृपति वैरीभ पंचाननः । यस्याःसूनुरभून्मुरारि चरण ध्यानाम्बु धौताशयः संगीताम्बुधि पारगो रिपुतमो विध्वंस भास्वत्समः । दारिद्रचार्णवमग्नविप्र निचयोध्दारक नौका-वहो वीणावादन निर्जितामरमुनीरुद्रेन्द्र मल्लाह्वयः । तस्यात्मजो नीतिविदां वरिष्ट सौन्दर्य रत्नाकर आविरासीत् । कृष्णै..चित्तो विसदान्तरात्मा श्रीऋद्धिपूर्वो नरसिंहनामा ।।

मे. भ. ने. IV २४१ बाट ।

यसै अभिलेखको ४० पंक्तिमा पनि इन्द्रजात्राको चर्चा छ ।
पं. ४० मा वय विय ।। थ्वदेवलस घाचपुयके वालके वुगयात वो इन्द्रयात वो न ज्ुलो ।।

मे. भ. IV पृ. २४१

श्री ज्ञवालीज्यूले मध्यकालीन इतिहासमा (पृ. १८६) मुद्राको प्रमाण प्रस्तुत गर्दै हृद्धिनरसिंह नाम उल्लेख गर्नुभएको छ र यिनलाई योगनरेन्द्रमल्लका भित्रेनीपट्टिका दौहित्र भन्ने लेख्नुभएको छ । यो शिलापत्रबाट ऋृद्धिनरसिंहमल्ल योगनरेन्द्रका दिदीका नाति अर्थात् भानिजका छोरा रहेछन् भन्ने कुरा स्पष्ट हुन्छ । इतिहासलेखनको बेलामा यो शिलापत्र प्राप्त नभएकोले नै यो भ्रम वाहाँलाई भएको हुनुपर्छ । यहाँ यो प्रसंगको आवश्यक थिएन तापनि इतिहासको भ्रमनिवारणले पाठकलाई मद्दत नै हुने उद्देश्यले उल्लेख गरिएको हो ।

वैदिक कालका प्रमुख देवता इन्द्रको यज्ञीय महोत्सवपछि विशेष स्थान प्राप्त गर्ने ध्वजोत्सवको परम्परा, अनुसन्धानको छोटो समयमा जति सङ्कलन हुनसक्यो, त्यसको यहाँ दिग्दर्शन गर्ने प्रयत्न गरिएको छ । आर्यजनको इतिहासमा ध्वजाको निकै महत्त्व छ । वैदिक सनातन धर्मभित्र टुसाएका कतिपय विकृत पक्षलाई सुधार गर्न चाहने भगवान् बुद्ध र उनका प्रमुख अनु-यायीहरूले पनि ध्वजोत्थानको विशेषतालाई नकारेका छैनन् । नेपालीहरूको सभ्यताको अनुशीलन गर्दा पनि ध्वजोत्थानको परम्पराले सांस्कृतिक पक्ष सम्पूर्ण नै जेलिएको छ । विशेष पूजा गरिने पर्वमा ध्वजोत्थान प्रत्येक देवताको निम्ति अनिवार्य भएको पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काठमाडौंभित्र ध्वजोत्थानको ऐतिहासिकता

ललितपुरको ध्वजोत्थानको ऐतिहासिक दिग्दर्शनपछि मुख्य राजधानी भएको काठमाडौंमा यसको परम्परा कसरी कायम हुँदै आयो भन्ने कुरा यहाँ उल्लेख गरिन्छ ।

राजा गुणकामदेवले काठमाडौंमा नेपाल संवत् १०० (ई. सं. ९८०) तिर इन्द्रजात्रा पर्वको शुरू गरे भन्ने वंशावलीकारको कथनको उल्लेख भइसकेको छ । त्यसपछि कान्तिपुर राजधानीको प्रमुख जात्राको रूपमा वर्तमान हनुमानढोकाअगाडिको डबलीमा इन्द्रध्वजोत्थान गरिने परम्परा अविच्छिन्न रूपले चलेको कुरा त्यस ठाउँको टोलको नामकरण आदिले बताउँछ । कारणवस भक्तपुरमा राजधानी सरेका बखत पनि काठमाडौं र ललितपुरमा राजाकै भाइ,छोरा वा अन्य प्रमुख भारदार सामन्तको रूपमा बसी शासन गर्दा रहेछन् भन्ने कुरा इतिहासको अन्वेषणबाट थाहा पाइने हुँदा यी नगरहरूमा परम्परागत चलेका पूजापाठ, जात्रापर्वहरू चल्दै आए । त्यसबेला जात्रापर्व र नृत्यगान नै प्रमुख मनोरञ्जनका साधन भएकोले यस्ता पर्वजात्राहरूको उपेक्षा हुँदैनथ्यो ।

राजा रत्नमल्ल (ने. सं. ६०२ ई. सं. १४८२ आ.) तिर काठमाडौंको राजा भएपछि यहाँका जात्रापर्वहरूले विशेष प्रोत्साहन पाए हुनन् । किन्तु रत्नमल्ल र त्यसपछिका अन्य राजाहरू, जो प्रतापमल्लभन्दा अगाडि काठमाडौंको शासन गर्थे, तिनीहरूको पालाको इन्द्रजात्रासम्बन्धी अभिलेख पाउन सकिएको छैन ।

राजा प्रतापमल्ल विद्वान् कवि र रसिक थिए भन्ने कुरा इतिहास, अभिलेखहरूबाट जान्न पाइन्छ । नेपाल संवत् ७७७ (ई. सं. १६५७) को हनुमानढोका दरबारमा रहेको विश्वरूप मूर्तिको अभिलेख प्राप्त छ । राजा प्रतापमल्लले इन्द्रजात्राको पर्वमा विशेष पूजा र प्रदर्शन गर्न भनी आफ्नै अनुकृतिको सुनको मोलम्वा लगाएको विश्वरूप भगवान्‌को मूर्ति बनाई आफ्ना नोकरचाकर जम्मा भएर स्थापना गरे । अभिलेखमा भनिएको छ– "सधर्मयात्रा, इन्द्रयात्रा, मेगुलियाँ नामक जात्रामा ऐश्वर्य (सौन्दर्य) बढोस् भनेर विश्वरूपाक्ष नामक ईश्वरलाई स्थापना गरे" ।

नेपाले संवतोस्मिन् हयगिरिमुनिभिस्संयुते शुक्लपक्षे ।
जीवे वै पूर्णमाया विमलतरलसच्चातिगण्डे च योगे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिंहे संस्थे च सूरे सु ललित दिवसे देव संस्थे च चन्द्रे
मल्लः श्री मत्प्रतापः क्षितिपतितिलकः स्थापितं विश्वरूपं ।
कनक घटितरूपा स्वीयभृत्यै स्समेता जननयनसुरम्यां स्थापितं स्वय मूर्तिः ।
प्रभुचरणसरोजे न्यस्त चित्तैकविन्द्रै निखिलगुणीगुणज्ञैर्योग त्रैलोक्य साध्यैः ।
सधर्मपूर्व यात्रासु इन्द्रयात्रासु भूतये । स्थापितं किल पूजार्थं विश्वरूपाक्षमीश्वरम् ।

पंक्ति (६) लुन दयका ओ सधर्मयात्रा मेगुलियाँ नाम यात्रा यायमावक दयका दिजराङा जुरो ।। सम्वत् ७७७ श्रावणमासे शुक्लपक्षे पूर्णमास्यान्तिथौ धनेष्ट नक्षत्रे अतिगण्ड योगे यथाकरण मुहूर्ते वृहस्पति वासरे सिंहराशिगते सवितरि कुम्भराशि गते चन्द्रमसि...।

विश्वरूप मूर्तिको अभिलेख

मे.ने.भो IV पृ. १११

यस उक्तिबाट प्राचीन कालदेखि आर्य परम्परामा चलिआएको इन्द्रजात्रा महोत्सवलाई अझ भव्य रूपमा मनाउन अन्य विशिष्ट देवताको स्थापना र पूजाआजा एवं देवीदेवताको प्रदर्शन गर्ने कार्यहरू थपिदै गएको थाहा हुन्छ । नगरका प्रमुख देवता, इष्टदेवता, कुलदेवताको पूजाआजा र दीपावलीको विशेष व्यवस्था पनि राजा प्रतापमल्लले गरेका थिए ।

इन्द्रजात्राको पर्वमा तलेजुभवानी तथा दिगुतलेजुको मन्दिरमा वत्ती वाल्न र प्रत्येक महीनामा उक्त मन्दिरहरूमा दीपमालिका गर्नको लागि १८ रोपनी खेत गुठी राखिदिएका थिए भन्ने कुरा एउटा ताँवापत्रमा उल्लेख छ । उक्त दुई मन्दिरमा प्रतिदिन वत्ती बाल्नको निम्ति कुतपद्वय (दुई कुरुवा ?) र इन्द्रजात्राको पर्वमा द्वादशीको दिन देखि लिएर पाँच दिन अर्थात् प्रतिपदाको दिनसम्म तुलजा र देगुलीतले मन्दिरमा दीपमालिका गर्न ६।६ कुतुव तेल बाल्नुपन कुरा ताँवापत्रमा उल्लेख छ । यो परम्परा अद्यावधि नै कायम छ ।

श्री तरेजुदेवी श्री ३ देगुलि तले देवान्नित्य प्रति मासाभ्यन्तरे कुतपद्वयपरिमितं तैलानि यथा संभवन्ति तथा तैरेव प्रतिदिन प्रदिपार्थ पुनरिन्द्रजात्रायां षड्भि षड्भि कुतवपरिमित्रै रतैलै संप्ररितो च्चावचिभूत दीपमालिकार्थं द्वादश्या मारभ्य पञ्चरात्रं यावत् श्री ३ तलेजुदेवी श्री ३ देगुतले देवीभ्यां श्री प्रतापमल्ल भूपतिना अस्मिन्नर्थे अष्टादश रोपनिकानि संप्रदत्तानि संवत् ७९४ जेष्टमासे शुक्लपक्षे पूर्णमास्यां तिथौ ।।

तलेजु मन्दिरको ताम्रपत्र मे. ने. IV पृ० १६ मा पनि ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजा प्रतापमल्ल काठमाडौंका राजा हुन् । राज्यक्षेत्रको विस्तारमा समय समयमा भक्तपुर र ललितपुरले प्रगति गरे तापनि नेपालको महत्त्वपूर्ण राज्य चाहिं काठमाडौं नै थियो । यो ठाउँ कान्तिपुर नाउँले राजधानी नभएसम्म अथवा राजा गुणकामदेवभन्दा अगाडि पनि यहाँ इन्द्रजात्राको पर्व ध्वजोत्थान गरिन्थ्यो भन्ने कुरा निश्चय गर्ने प्रमाण पाइँदैन ।

राजा प्रतापमल्लको निधन नेपाल संवत् ७९४ (इ. सं. १६७४) मा भयो भन्ने उल्लेख पाइन्छ । त्यसपछि उनका छोरा नृपेन्द्रमल्ल राजा भए । उनी पनि नेपाल संवत् ४९७ मा परलोकगामी भएकाले प्रतापमल्लका अर्का छोरा पार्थिवेन्द्रमल्ल काठमाडौंका राजा भए । राजा पार्थिवेन्द्रमल्लको उल्लेख गर्ने ठ्यासफुमा इन्द्रजात्रासम्बन्धी चर्चा भएकोले परम्पराको बोध हुन्छ । ठ्या ए. मा नेपाल संवत् ८०४ को मितिमा पनि इन्द्रजात्राको चर्चा आएको छ ।

सं. ८०४ भाद्र पद कृष्ण गाकतिराख कुन्हुतों इन्द्रजात्राया तदयकु ध्वकुन्हु– या... ... **ठ्या. ए. पृ. ५३, मे. ने. २३**

यसपछिका राजाहरूका पालामा इन्द्रजात्रासम्बन्धी चर्चा भएको अभिलेख पाउन नसकिए तापनि देशको धर्म,संस्कृति र परम्परालाई व्याघात पार्ने कुनै पनि उथलपुथल देशमा नभएको र उपत्यकाका शहरियाहरू कट्टर परंपरावादी र संस्कृतिप्रिय भएको नाताले यो परम्परा बढाई-चढाई नै कायम गरियो भन्न सकिन्छ । धर्म, संस्कृति, कला र साहित्यमा तीनशहरका राजाहरूको आपसी प्रतिद्वन्दिता रहेकोले र पार्थिवेन्द्रमल्लपछिका भूपालेन्द्रमल्ल, भास्करमल्लका समकालीन ललितपुरका राजाहरूको इन्द्रजात्रासम्बन्धी अभिलेख पाइने हुँदा काठमाडौंमा यो परम्परा जीवान्त रहेको स्वतः सिद्ध हुन्छ । गृहकलह र चारैतिर शत्रुको आक्रमणले गर्दा बेचैन जीवन व्यतीत गर्ने राजा जयप्रकाशमल्लले इन्द्रजात्रा पर्वलाई कुमारी, गणेश, भैरवको रथयात्राको क्रमलाई नगरव्यापी बनाएर कुमारीको निवासस्थल पनि दरवारको सन्निकट र घेराभित्रै बनाएर सम्मान प्रकट गरे । चारैतिर संकटको वादलले घेरिएको अवस्थामा पनि इन्द्रजात्राको महान् पर्वलाई हर्षोल्लासयुक्त बनाउनैपर्छ लागेका राजा जयप्रकाशमल्लको व्यस्त कार्यक्रमको मर्म बुझेका राष्ट्रनिर्माता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले यसै पर्वको सुअवसरलाई आफ्नो ऐतिहासिक अभियानको सफल दिन बनाए । राष्ट्रनिर्माताको यो नै सफलताप्राप्त गर्ने रणनीतिको ज्वलन्त उदाहरण हो ।

भक्तपुरको इन्द्रजात्रासम्बन्धी ऐतिहासिक विश्लेषण

एकपटक फेरि इन्द्रजात्रापर्वको विशेषतालाई भक्तपुरको ऐतिहासिक र सांस्कृतिक पक्षमा विवेचना गर्नु आवश्यक भएको छ। किनकि समान जाति, धर्म, संस्कृति र परम्परा बोकेका मल्लकालीन तीन राज्य भक्तपुर, ललितपुर र काठमाडौं,मध्ये प्राचीन राज्य मानिने भक्तपुरको वर्तमान स्थिति विचित्र छ । इन्द्रजात्रा पर्वलाई पर्वकै रूप दिए पनि यसको प्रसङ्ग अपौराणिक र व्यङ्ग्यात्मक देखिन्छ ।

नेपाल संवत् ४१४ मा युवराज्ञी विरमदेवीले वैशाखमा शुरु गरिएको इन्द्रजात्राको उल्लेख भइसकेको छ । त्यसपछि ४८८ मा राजमल्लको मृत्यु भाद्रशुक्ल एकादशीको दिन भएकोले इन्द्रजात्रामा बाधा परेको कुरा 'ठ्यासफु' मा उल्लेख भएकोले विरमदेवीको इन्द्रकूटको ७४ वर्षपछि नै इन्द्रजात्राको पर्व भाद्रमा मनाउन थालिएको कुरा थाहा हुन्छ। वाल्मीकि रामायणको उल्लेखअनुसार आश्विनमा मनाइने परम्परालाई राजा गुणकामदेवले प्रयोगमा ल्याएका थिए भने, चारशय वर्षपछिको प्रमाण, दक्षिण भारतको परम्पराअनुसार वैशाखमा विरमदेवी तथा जयशक्तिमल्लले सम्पन्न गरेका थिए । त्यसको शताब्दी नपुगीकन नै भाद्रशुक्लमा उक्त पर्वको प्रचलन हुनुले उत्तरभारतमा चलेको पौराणिक परम्परालाई अँगालेको थाहा हुन्छ । यसबाट नेपाल उपत्यकाभित्र समय -समयमा दक्षिणभारत, विहार, बंगाल र उत्तर तथा मध्यप्रदेशका विद्वद्वर्ग, कलाकार, व्यापारीहरू आइरहन्थे भन्ने कुराको पुष्टि हुन्छ । सिमरौनगढ ध्वस्त भएको र उत्तरभारतका क्षेत्रमा बढ्दो मुस्लिम प्रभावले शरणार्थीको रूपमा नेपाल प्रवेश गर्ने मैथिल ब्राह्मण, राजपूत, कायस्थ एवं विभिन्न शिल्पकार, कलाकारहरूको यहाँ जमघट भएपछि भारतीयक्षेत्रमा रहेका पुराण, धर्मशास्त्र, ज्योतिष, तन्त्र, आगम एवं स्थापत्यशास्त्रहरूको विशाल ग्रन्थराशिले यहाँ प्रवेश गऱ्यो । भारतका विभिन्न प्रान्तमा चलेका सम्प्रदाय र सांस्कृतिक परम्परा पनि नेपाल पसेर नयाँ -नयाँ रूपमा मौलायो । भक्तपुरमा राजमल्ल राजा हुँदा कर्णाटकहरूको नेपाल-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रवेश भइसकेको र हरिसिंहकी रानीले भक्तपुर दरबारमा ग्रासन जमाइ-सकेकी हुँदा सिमरौनगढका धर्म, संस्कृति, परम्परा र देवताले पनि यहाँ प्रवेश गरेर प्रभुत्व जमाएको थाहा हुन्छ । राजमल्लको तिथि 'ठ्यासफु'मा गलत लेखिएको छ ।

> **सम्बत् ५८८ भाद्रपदशुदी ८ । राजमल्लदेव अभाग जुव ।। इन्द्र-यात्रा याङाव यदलृ स्वाय मदु । मे. ने. भा. III, ठ्यासफु सी० पृ ५४ । अनन्त मल्लपछि आनन्दमल्ल भक्तपुरको गद्दीमा बसे । उनी निःसन्तान भएकोले अनन्त मल्लका भाइ तुङ्गमल्लका छोरा रुद्रमल्ल र अनन्तमल्लका दौहित्र अरिमल्लको संयुक्त शासन-पछि राजमल्ल राजा भएको कुरा इतिहास या वंशावलीले उल्लेख गरेको पाइन्छ । यो समय मिलाउँदा ५८८ को सट्टा ४८८ हुन आउँछ । यसकारण, यहाँ ४८८ ने. सं.मानेर नै प्रसङ्ग उल्लेख गरि-एको छ ।**

यसपछि ने. सं. ५६१ को त्यौमढटोलमा रहेको राजा यक्षमल्लको शिलालेखले इन्द्रजात्राको उल्लेख गर्दछ र साथै विश्वजात्राको पनि ।

विश्वजात्राको प्रसङ्गमा पहिले पनि केही भनिएको छ । अन्वेषण बाँकी नै हुँदा यहाँ इतिवृत्ति दिन सकिएन । विश्वजात्रा र विक्रम सम्वत्को घनिष्ठ सम्बन्ध हुनुपर्छ साथै वृषकेतुको उत्थान - परम्पराले शैव - सम्प्रदायको विशेष हात रहेको अनुमान गर्न सकिन्छ ।

भक्तपुरको शैवसम्प्रदाय र इन्द्रजात्रा

नेपालमा शैवसम्प्रदाय, पाशुपत, श्रृखलित पाशुपत, वशपाशुपत आदिको इतिहास ज्यादै पुरानो छ । पशुपतिको चरणधूलिले रञ्जिएका केश भन्ने प्रशस्ति लिच्छवि राजाहरूले पनि ग्रहण गरेका थिए र पशुपति राष्ट्रिय देवताको रूपमा आज पनि पूजित छन् । साथै, नेपालका ब्राह्मण, क्षत्रियहरू पनि शैव छन् । कुलदेवता, गोष्ट देवता शिव नै छन् । तथापि सम्प्रदायवादमा जत्ति धार्मिक कट्टरता हुन्छ, त्यो वैदिक धर्मका अनुयायी भएका नाताले ब्राह्मण, क्षत्रिय आदि नेपालीमा पाइँदैन ।

कट्टर शैव -सम्प्रदायका "वीर शैव" अथवा जङ्गमहरूको प्रवेश उपत्यकाभित्र भक्तपुरमा मात्रै भएको छ । यो के कारणले कसरी भयो भन्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुरा खोजीकै विषय छ तथापि यो शैव - सम्प्रदायको भक्तपुर प्रवेशले अवश्य नै ठूलो भूमिका खेलेको हुनुपर्छ ।

यो 'वीर शैव' अथवा लिङ्गायत सम्प्रदाय दक्षिण भारतमा पहिले-देखि नै चलेको थियो । बाह्रौं शदीको शुरूतिर कलचुरी नरेश विज्जलका मन्त्री यसै सम्प्रदायका 'वसव' भन्ने ब्राह्मण थिए । राजा र मन्त्रीमा कुनै समय घोर संघर्ष शुरू भयो । वशव र उनका अनुयायीहरूले आफ्नो धर्म बचाउन प्रण गरे । यसको लागि घाँटीमा, हातमा, शिरमा, जनैमा शिवलिङ्ग धारण गर्ने क्रम चलाए । यो सम्प्रदायवादीहरूले यसरी शिवलिङ्ग सङ्ग प्राणको तादात्म्य स्थापित गरे । यिनीहरूको व्रतबन्ध आदि संस्कार, दीक्षा विधानमा पनि शिव-लिङ्गकै प्रधानता छ । यसैकारण यिनीहरूलाई वीर शैव र अर्को नाउँ लिङ्गा-यत पनि भनिन्छ । यिनीहरूको धर्मग्रन्थ 'वसवपुराण' पूनाबाट प्रकाशित भएको छ । त्यसमा सम्प्रदायका रोचक वृत्तान्तका साथै यो परम्परा वसव-भन्दा धेरै प्राचीन हो भनिएको छ ।

वसवभन्दा पूर्वाचार्यहरूको नाम– रेणुकाचार्य, दारुकाचार्य, एक-रोमाचार्य, पण्डिताराध्य र विश्वाराध्य हो । जसले क्रमशः सोमेश्वर (कोल्लि-पकि, दक्षिण भारत) बटवृक्ष सिध्देश्वर रामनाथ (द्राक्षाराम क्षेत्र) मल्लि-कार्जुन (श्रीशैल-दक्षिण भारत) विश्वेश्वर (काशी) आदि शैव पीठमा जन्मेर शैवधर्मको प्रचार गरे भनिन्छ । यी पाँच आचार्यको नामले प्रसिद्ध पाँच शैव-पीठ (सिंहासन) भारतका विभिन्न क्षेत्रमा छन् । वीरसिंहासन-रंभापुरी (मैसूर) सद्धर्मसिंहासन-उज्जयन (मध्य प्रदेश) वैराग्य सिंहासन, केदारनाथ, डावीमठ, सूर्यसिंहासन श्रीशैल (दक्षिण तामिलनाडु, भारत) र ज्ञानसिंहासन, काशी विश्वाराध्य संस्थान जङ्गमवाडीको स्थापना गरेको कुरा वीरशैवहरूको इतिहासले भन्छ ।

यिनीहरूको तेस्रो नाउँ जङ्गम हो । यिनीहरूले वैदिक धर्मको वर्ण व्यवस्था जस्तै छुट्टै शैवीय वर्ण व्यवस्था खडा गर्ने प्रयासमा संघ स्थापना गरे। शंकराचार्यका प्रसिद्ध पाँच पीठकै अनुकरणमा पाँच सिंहासनको महत्वपूर्ण प्रस्थापन पनि हो । यिनीहरू वैदिक वर्ण व्यवस्था मान्दैनन् । उच्चवर्गहरू लिङ्गी ब्राह्मण भनिन्छन्, अथवा आचार्य । अन्य वर्गलाई अनुयायी भन्दछन् । लिङ्गीब्राह्मणको पनि दुई विभाजन छ, आचार्य र पंचम। पाँच आचार्यहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवका पाँच मुखबाट उत्पन्न भएका हुन् भनिन्छ । जङ्गमहरूको गोत्र पनि बीर, नन्दी, वृषभ, भृङ्गी र स्कन्द पाँच हुन्छन् । पाँच मूल आचार्यबाट पाँच उप आचार्यको प्रादुर्भाव भयो । ती हुन्– 'मखारि, कालारि, पुरारि, स्मरारि वेदारि । यिनीहरूको गोत्र आचार्यकै गोत्र भयो । गोत्र, प्रवर, शाखा, पनि अलग्गै कल्पना गरिएकोले लिङ्गायत शैवले छुट्टै समाज रचना गर्ने प्रयत्न गरेको थाहा पाइन्छ । यिनीहरूको ब्राह्मणको व्रतबन्ध संस्कार जस्तै दीक्षा संस्कार हुन्छ र गायत्रीको सट्टामा शिवको पञ्चाक्षरीमंत्र दिइन्छ । यसपछि जनैगा अनिवार्य, शिवलिङ्ग धारण गर्नुपर्छ । यिनीहरूको प्रधान सिद्धान्त 'अष्ट-वर्ण र 'षट्स्थल' हो । शैव सिद्धान्तको २८ आगम ग्रन्थ र श्री कर भाष्य' पनि मान्य ग्रन्थ हुन् । 'सिद्धान्त शिखामणि' भन्ने शिवाचार्यको ग्रन्थ, वीरशैव सम्प्रदायको संमान्य ग्रन्थ हो । वीरशैवहरूको आफ्नै दुनियाँ छ ।

वीरशैवको प्रसङ्ग यहाँ चर्चित हुनु विषयान्तर हो तापनि यस सम्प्रदायको नेपालभित्र भक्तपुरमा मात्र भएको प्रवेशले, त्यहाँको सनातन सांस्कृतिक पक्ष भित्र के भूमिका निभायो भन्ने कुराले निकै महत्व राख्दछ ।

नेपालका जङ्गमहरू काशीको जङ्गमवाडीमठसंग सम्बन्धित छन् । यहाँ उनीहरूको प्रवेश, राजा विश्वमल्लका पालामा भएको हो भन्ने किंवदन्ति भएता पनि मठको स्थापनामा विशेष योगदान विश्वमल्लले गरेका हुन सक्छन् । बौद्ध र शैवको तांत्रिक वाममार्गले समाजमा अनेकौं विकृति र विसङ्गति जन्माएको तथा जातीय मान्यताको विनाशले अव्यवस्था सिर्जना गरेको बेलामा यो सम्प्रदायका बरिष्ट आचार्यहरूले सामाजिक पतनोन्मुख धारालाई अर्कैतिर मोड्ने काम गरेको हुनुपर्छ । यसकारण यो सम्प्रदायका आचार्यहरूको आवागमन स्थितिमल्ल भन्दा अगाडि वा त्यसै समयतिर भएको होला । काशीका विश्वनाथसँग सम्बन्धित, वृषकेतु वा विश्वयात्रा गर्ने परंपरा चलाउनेमा जङ्गमहरूको नै प्रमुख हात हुनुपर्छ । भक्तपुर र कुनै कुनै बेलामा त्यसका मातहतमा रहेका शहर साँगा, खड्पु, आदि ठाउँमा मात्र बिस्केट जात्रा गरिन्छ । काठमाडौं र पाटन नजीकै भए पनि यो जात्राको परंपरा यहाँ स्थापित भएन । यद्यपि शिवको मुख्य भूमि पशुपति क्षेत्र काठमाडौंमा नै पर्दथ्यो । यो कुरा अनौठो नै छ ।

त्यो वेला, चान्द्रमान (तिथिबाट दिन गनिने) शुदी बदीको चलन थियो । सम्वत्हरू पनि तिथिबाटै शुरू हुन्थे । कि कार्तिकदेखि कि चैत्रदेखि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शुरू हुने वर्षगणना यहाँ र भारतमा पनि चलेको पाइन्छ । विक्रम सम्वत् सौरमानले वैशाखदेखि गणना गरिने परंपरा यहाँ कायम भएको र सौरमानले गरिने दिनमा शिवको पर्वदिन पर्ने शास्त्रीय प्रमाण नपाइने भएकोले वृषकेतु (विस्केट) पर्व के आधारमा शुरू भयो भन्न सकिएन । वैशाख संक्रान्तिको दिन ढालिने र वर्षको अन्तिम दिन खडा गरिने वृषध्वज निश्चय नै सांस्कृतिक आँगनमा नौलो पुष्प हो ।

मुपात्र यात्रा, भक्तपुरमा

मू. को अर्थ नेवारीमा मूल वा मुख्य भन्ने हुन्छ । यो जात्रामा दैत्य बन्ने व्यक्ति, मुख्य पात्र भएकोले मुपात्र भनिएको हो । भाद्र शुक्ल द्वादशीको दिन, अर्थात्, काठमाडौंमा ध्वजोत्थान गर्ने दिन विहान ८।९ बजेको समयमा १० हात करीवको गोलो खम्वा चोक चोकमा गाडिन्छ । त्यो इन्द्र-पुत्र जयन्तको प्रतीक हो । त्यसमा ताँवाको हात र मुखुन्डो जडिन्छ । दुवै हात बाँधेर उक्त खम्बामा जडेको मुखुण्डाको मुख बांधी राखिएको हुन्छ । स्थानीय नेवारी भाषामा यसलाई 'यमाद्यो' भनिन्छ । द्वादशीको दिन यो कार्य सम्पन्न भएता पनि अरू विधि भने, पूर्णिमाको दिन मात्र शुरू गरिन्छ । भाद्र शुक्ल पूर्णिमाको दिन 'यमाद्यो' का अगाडि होम गरिन्छ र परेवाको दिन चाहिं खालि नै रहन्छ ।

आश्विन शुक्ल द्वितीयाको दिनमा वेलुकी पख सलागणेशको खटको साथमा 'घीचा' यामतारमुहपात्र समेतलाई भक्तपुर शहर घुमाई ल्याएर त्यो 'यमाद्यो'लाई मुपात्र (राक्षसको प्रतीक) ले तीन पटक प्रदक्षिणा गरी 'यमाद्यो'को खम्वामा खड्ग प्रहार गर्दछ ।

आश्विन कृष्ण तृतीयाको दिनमा छुमा गणेशको खटयात्रा सहित मुपात्र र यामता सहित भएर शहर घुम्नु पर्दछ । चौथीका दिनमा तौमढी टोलका भैरवलाई खटमा राखेर यामता र मुपात्र सहित शहर घुमाइन्छ ।

त्यही दिन सांझमा लाकुलाछेको पुलु-किशी (ऐरावत हात्तीको प्रतीक) लाई छ्वाली बालेर भक्तपुर शहर घुमाउने काम गरिन्छ र यसपछि पुनः 'यागता' र मुपात्रलाई शहर घुमाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इन्द्र ध्वजोत्थानको दिन टोल टोलमा नै यमाद्यो (इन्द्र पुत्र जयन्त-को प्रतीक खम्बा) गाडिएको हुन्छ, जसलाई मुपात्र (राक्षसको प्रतीक हुने व्यक्तिले परिक्रमा गरी खड्गको छक्को हान्दछ ।

पूर्णिमाको दिन, वाल–भोजन-सम्हेवजी बाँड्नु पर्दछ । यो पर्वमा घरघरमा चाड मनाउने, भोज खाने क्रम जारी नै रहन्छ । 'मुपात्र' राक्षसको प्रतीक हो र यो प्रतीक बन्ने व्यक्ति अनचिनारू यात्रीलाई पक्रेर बनाउने परापूर्वकालकै चलन हो । यस्ता व्यक्ति तीन जना हुनुपर्छ । दुइटालाई 'धीचा' भन्दछन् र एउटालाई मुपात्र भन्छन् । इन्द्र पुत्र जयन्तको प्रतीक बनाई हात बाँधी मुख छोपी टोलटोलमा राख्ने र राक्षस बनेको व्यक्तिबाट खड्ग प्रहार गराउने तथा इन्द्रको वाहन ऐरावत हात्तीको प्रतीक बनाएर शहर घुमाउने प्रथावाट यो जात्रा वैदिक देवता इन्द्रको निम्नावस्था देखाउन गरिएको खेल-तमासा हो भन्ने बुझिन्छ । इन्द्र ध्वजोत्थानको महत्त्वपूर्ण पक्षमा नै ध्वजोत्थान-को सट्टामा यस्तो नाटकको अभिनय गरिने जात्राले के बुझाउँछ भने, वैदिक सभ्यताको पछि पछि जन्मेका अन्य सम्प्रदायवादीको कुनै वेला भक्तपुरमा प्रभुत्व जमेको थियो कि ? यसकारण नै ध्वजोत्थान गरिने परम्परालाई उच्छेद गरेर यो हास्यास्पद जात्राको शुरू गरियो । इन्द्र-ध्वजोत्थानको रमिता चाहिं विस्केटमा सऱ्यो भन्ने आशंका हुन्छ ।

यससम्बन्धी लोक धारणा

इन्द्रका छोरा जयन्त अनन्त चतुर्दशीको व्रत गर्न फलफूल र पारिजातको फूल जम्मा गर्न पृथ्वीमा आए । दिनभरि वन वगैंचा घुम्दा रात पऱ्यो र संयोगवश अँध्यारोमा मर्त्यलोकमा वस्ने राक्षसहरूका बगैंचामा पुगे-छन् । फलफूल टिप्न लागेकै वेलामा दसीसहित पक्रेर चोर भनी राक्षसहरूले जयन्तलाई डोरीले बाँधी राखे तथा जयन्तको हातकाटि दिने हुकुम पनि राक्षस राजले दिए ।

स्वर्गका राजा इन्द्रले हराएको छोरो खोज्न पुलु-किशी (ऐरावत हात्ती) लाई पठाए । हात्तीले भूतलमा आई खोजी गर्दा बाँधिएका जयन्तलाई फेला पारेर इन्द्रलाई यथार्थ विन्ती गऱ्यो । अनि इन्द्र आएर छोरालाई छुटाई लगे । यही दन्त्य कथाको आधारमा मुपात्र जात्रा, इन्द्र जात्राको वेलामा सम्पन्न गरिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यी उपर्युक्त कथालाई ग्राधार बनाई राक्षस र जयन्तको कथाको ग्रभिनय गर्ने गराउने जात्रा, इन्द्र जात्रा पर्वको खिल्लिउडाउने सम्प्रदायवादीको धार्मिक प्रभुत्व भक्तपुरमा जमेपछि नै शुरू भएको कुरामा सन्देह रहँदैन। यक्षमल्लका पालासम्म इन्द्र जात्राको विवरण पाइने हुँदा त्यसपछि नै मुह पात्र जात्रा शुरू भयो। सभव छ– भक्तपुरमा कट्टर शैव सम्प्रदायको प्रवेशले यो परिवर्तन ल्याएको हुन सक्तछ। शैव धर्म, वैदिक धर्मको ग्रङ्ग नै मानिएको र इन्द्र, केवल देवताका राजाको रूपमा मात्र मान्यता पाउन थालेको सम्प्रदायवादी धर्म र दर्शनको विकास भएपछि नै हो। शिव देवाधिदेव महादेवमा पूजित हुन थालेको कथाहरू पुराणमा संकलन भएकोले त्यसकै प्रभावमा भक्तपुरे मल्लराजाले इन्द्रलाई महत्व नदिएर शैवमतलाई मान्यता दिने विस्केट यात्रा शुरू गरे। परन्तु भाद्र शुक्लमा ८ दिनसम्म मनाइने चाडले जनमानसमा जरो गाडिसकको थियो र मनोरञ्जनको साधन र भोज भतेरले सिंगारिएको चाड बन्द हुनु उचित थिएन। यसकारण, यसलाई लोक कथाको मनोरञ्जक ग्रभिनयले सम्बन्धित गरेर इन्द्रको उपहास गर्ने चाडको रूपमा परिवर्तन गरियो। यो पक्ष ग्रझै विशेष ग्रनुसन्धेय भएकोले यहाँ दिग्दर्शन मात्रै गरिएको छ। यो लेखकको ग्राजसम्मको धारणा 'वीरशैव' सम्प्रदायको भक्तपुरमा प्रवेश पछि नै यो इन्द्र जात्राको परिवर्तित रूप मुपात्र जात्राले लिएको हो भन्ने छ।

काठमाडौंको वर्तमान इन्द्र जात्रा

इन्द्र जात्राको ध्वजालाई चाहिने लिङ्गा काट्न, राजज्योतिषीबाट शास्त्रीय विधि ग्रनुकूलको साइत हेरी गुठी संस्थानलाई सूचित गरिन्छ। भाद्र शुक्ल ग्रष्टमी वा त्यो भन्दा ग्रगाडिकै दिनहरूमा हनुमान ढोका राजदरवारबाट राज प्रतिनिधिको रूपमा लिङ्गा काटेर ल्याउन खड्ग यात्रा हुन्छ। यस खड्गसँग सेनाका जवानहरू ज्योतिषी मूल पुरोहित वा उनले खटाएका उप-पुरोहित, लिङ्गो बनाइने वृक्षमा पहिलो चिन्ह लगाउने पुरानो गुह्येश्वरीका पुतवार जातिका व्यक्तिहरू, वृक्ष ढालेर नाप साइज वमोजिम काँटछाँट गर्ने तक्षाशिल्पीहरू, गुठी संस्थान खर्च कार्यालयका कर्मचारीहरू, जम्मा भएर हनुमान ढोका दरवारबाट खड्गका साथमा लिङ्गो काटेर ल्याउन प्रस्थान गर्दछन्। मल्लकालीन र लिच्छविकालीन राजाहरूका पालामा कुन कुन ठाउँको वनबाट लिङ्गो काटेर ल्याइन्थ्यो, त्यो कुरा ग्राज ठीक ठीक भन्न सकिदैन। किनकि त्यो बेलामा तीन शहरका राजाहरूको राज्य सीमाना नै ददलिन्थे र ग्रापसी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वैमनस्य पनि वेलावेलामा परि नै रहन्थ्यो । तर शाहकालमा श्रञ्ज श्री ५ प्रताप सिंहका पालादेखि भने काठमाडौं भन्दा १० माइल पूर्वमा रहेको नाला-भञ्ज्याङको सल्लेरी वनमा लिङ्गो काट्नको निम्ति जाने चलन छ ।

ज्योतिषी, पुरोहित र पुतवारले निखुनी र ध्वजोत्थानको निम्ति उपयुक्त टहराएको सल्लाको वृक्षमा पूजा निमन्त्रणा आदि शास्त्रीय विधि गरी राती त्यहीं नजीक वास बस्दछन् । भोलिपल्ट बिहानै नित्य कर्म सकी विधिवत् वृक्षको पूजा प्रार्थना र वनदेवीका निम्ति उक्त वृक्षकै फेदमा बोकाको बलिदान दिने काम सकिए पछि पुतवारले चिनु लगाएको रूख, आठ अङ्गुल फेदमा छाडि काट्तछन् । हाँगा बिगा टुप्पो पानी भएको ठाउँमा सेलाइन्छ र साथमा गएका शिल्पीहरूले ताछतुछ पारी मानिसद्वारा डोरीले तानी ल्याइन्छ र काठमाडौंको प्राचीन शहरको सीमा बाहिर पर्ने भोटाहिटीमा राखिन्छ ।

भोटाहिटीमा नै भाद्र शुक्ल एकादशीको दिन पूजाको सामान साथ राजदरबारका पुरोहित आएर लिङ्गाको पूजा गरिन्छ । यो बेला गुठी संस्थान-बाट पनि पूजाको सामान दिइन्छ । कौशी अड्डाबाट पनि एक भाग पूजाको सामान दिने गरिएको छ ।

इन्द्र जात्रामा खडा गरिने लिङ्गो भोटाहिटीबाट बाजागाजा, मङ्गल वाचन नृत्य गान आदि उत्सवका साथ हनुमान ढोका अगाडि पुऱ्याउने काम शहरका मानन्धर परिवारले गर्ने परापूर्वकालदेखिकै चलन थियो तथा केही दशक अगाडिसम्म लिङ्गो खडा गर्ने जम्मा भएका मानन्धरको तँछाडमछाडलाई नियन्त्रण गर्न टिकट बाँडेर मानिस तोक्नु पर्थ्यो, किन्तु अबको समयमा यो प्रथा छुटिसकेको छ ।

भाद्र शुक्ल द्वादशीका दिन श्रवण नक्षत्र पारी राज ज्योतिषीले दिएको साइतमा बाजागाजा, देवीनाच, आदि उत्सव गरेर इन्द्र ध्वजाको लिङ्गो खडा गरिन्छ । यो भन्दा पहिले यज्ञमा हवन गरिन्छ । नगर प्रशासन गर्ने वरिष्ट अधिकृत, नगर पञ्चायतका पञ्चहरू, वागमती अञ्चलाधीश, गुठी संस्थानका वरिष्ट अधिकारी एवं शहरका वरिष्ट नागरिकहरू जम्मा भएर उक्त कार्य सम्पन्न गर्न सहभागिता गर्दछन् । फौजको टुकडी पनि राजसी सलामी दिन उपस्थित रहन्छ । मूल पुरोहित, कर्म गराउने ब्राह्मण तथा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शहरका दर्शकहरू पनि यो वेलामा उपस्थित रहन्छन् । मानन्धरहरूको सहयोग-को अभावमा अत्र सरकारी पीपाद्वारा ध्वजोत्थान गर्ने काम हुन्छ । लिङ्गो खडा गरेपछि ध्वजापताका टाँग्ने र वरिष्ठ राजकर्मचारी, फौजी जवानहरू, उपस्थित पुरोहित र नगरका विशिष्ट नागरिकहरूले ध्वजाको तीन पटक परिक्रमा गरेपछि शाही धून बजाएर सलामी दिइन्छ ।

यसपछि अष्टमातृकाको निम्ति मूल ध्वजाको वरिपरि आठ दिशा-मा आठ ओटा शालका लिङ्गाहरू खडा गरिन्छन् । ती लिङ्गाहरूका फेदमा ताँबाका कलशहरू राखेर अष्टमातृका दशदिक्पाल तथा विश्वेदेवाको आवाहन पूजा गरिन्छ । मूल ध्वजाको फेदमा इन्द्रको स्वर्ण प्रतिमा राखेर पूजा हुन्छ । यो पूजा प्रकार ध्वजोत्थानको दिन भाद्रशुक्ल द्वादशीदेखि शुरू भएर लिङ्गो नढालेसम्म, अर्थात् आठ दिन लगातार चलि नै रहन्छ । प्रतिदिन पूजाको सामग्री गुठी संस्थान खर्च कार्यालयबाट पठाइन्छ ।

लिङ्गो विसर्जन गर्ने पद्धति पनि शास्त्रीय विधिअनुसार नै सम्पन्न गरिन्छ । अर्थात् पानीमा विसर्जन गरिन्छ ।

इन्द्र ध्वजोत्थानको यो आठ दिनको भित्र गरिने कुमारी पूजा, रथ-यात्रा र अन्य सम्बन्धित यात्राको विषयमा लेखकको अर्को अनुसंधानात्मक "नेपालमा शाक्त सम्प्रदाय र कुमारी" भन्ने पुस्तकमा विशेष चर्चा गरिएको छ।

इन्द्रध्वजाको शास्त्रीय र लौकिक पक्ष

कुनै पनि देवताको ध्वजोत्थान गर्दा देवताको वर्ण (रूप) अनुसारको ध्वजा चढाउने सामान्य प्रक्रिया छ । इन्द्रको वर्ण सेतो मानिएको इन्द्रको ध्वजा पनि सेतै रङ्गको हुनु पर्थ्यो ।

बराहमिहिरले आफ्नो वृहत्संहिता भन्ने ग्रंथको इन्द्रयात्रा प्रकरणमा पनि श्वेतध्वजा नै भनेका छन् । अरू दिक्पालको ध्वजा उनीहरूकै रङ्ग जस्तो, ऋषिमुनिको निम्ति नीलो र कुमारीहरूको रातो ध्वजा पताका भनिएको पाइन्छ । यसरी अनेकन देवी देवताको वर्णानुरूप ध्वजाले शिंगारिएकोले इन्द्र-ध्वजा रङ्गीचङ्गी हुने वर्णन, बराह मिहिरले गरेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालको इन्द्रध्वजामा टांगिने पताका भने, नेपाली समाजमा अष्टमंगलको नाउँले प्रसिद्ध रहेको, विभिन्न शकुन (शुभलक्षण) मानिएका वैदिक प्रतीकले चित्रित गरिएको र अनेक रङ्गले चित्रकारी गरिएको हुन्छ।

वैदिक-कालदेखि नै मांगलिक चिह्न मानिएका शंख, चक्र, हात्ती, कलश,चमर,कल्पवृक्ष, फलफूल, कमल, ध्वजा, मणि, वेदिका, सप्तरत्न, स्वस्तिक चिह्न, अनन्त, वृषभ मत्स्य, अश्व, वराह, नाग, किञ्जल्किनीमाला, स्वर्णमाला मन्दिर,छत्र, समुद्र, पानी, पर्वत, सूर्य, चन्द्र आदि अगणित वस्तुहरू छन्। अनेकौं प्रतीक मध्येका मुख्य आठलाई अष्टमंगलको नाउँ दिएर देवताको ध्वजामा र अन्य मंगल कार्यमा प्रयोग गरिएको पाइन्छ । आर्य सभ्यताभित्र अनेकौं प्रतीक चिह्नहरूलाई माङ्गलिक चिह्न मानिएता पनि सिलसिलाबद्ध तरिकाले यिनै चिह्न मात्र प्रमुख हुन् भन्ने आधार र परंपराभने पाइदैंन । मांगलिक चिह्नहरू, जुन वैदिक कालदेखि नै आर्यहरूका परंपरामा चल्दै आएका थिए, तिनै मध्येका अधिकांश चिह्नहरू नै वौद्धहरूले पनि अपनाए। बुद्ध राजकुलका थिए र विशिष्ट धार्मिक नेता भएको कारणले उनलाई चक्रवर्ती राजाको मान मर्यादाले विभूषित गर्ने इच्छा उनका शिष्यगण तथा अनुयायीहरूको थियो। यो कुराको पुष्टि, आनन्दको स्तूप (स्मृति चिह्न) खडा गर्ने बारेको प्रश्नोत्तरवाट थाहा हुन्छ । भगवान् बुद्धले चक्रवर्ती राजाहरूको जस्तै महात्माहरूको पनि भव्य स्तूप वनाउनुपर्छ भनेका थिए । छत्र, घण्टा, सेतो चमर' वज्र, धनु, चक्र, आदि आयुध पनि राजाका मांगलिक चिह्न भएकोले आर्यसभ्यतामा अपनाइएको पाइन्छ ।

इन्द्र ध्वजोत्थान गर्ने शास्त्रीय परंपराको विषयमा धेरै नै कुरा उल्लेख भइसकेको छ। पताकाको विषयमा भने, शास्त्रीय र लौकिक पक्षमा भिन्नता देखिन्छ । हुनत वर्तमान इन्द्रजात्रामा लिङ्गोमा टांगिने पताका पनि शास्त्रीय प्रतीकले नै युक्त छ। तथापि यस्तै हुनुपर्छ भन्ने निश्चित प्रमाण भने पाइएको छैन । अष्टमंगल तथा अनेक मांगलिक चिह्नले युक्त पताका टांगने जुन परंपरा यहाँ कायम भएको छ, त्यसको ऐतिहासिक पृष्ठभूमि थाहा पाउन नसकिएता पनि, यो परंपरा रूढिगत भइसकेको छ र अब एक दुई चिह्न पनि यताउति हुन सक्तैनन् । यो पताकाका प्रतीकसंग नेपाल-उपत्यकाको सांस्कृतिक पक्षसंग घनिष्ठ सम्बन्ध रहेको छ । यी अष्टमाङ्गलिक चिह्नहरूले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेवारी संस्कृतिको ऐतिहासिक धरातललाई कोट्याउन पनि प्रेरणा दिन्छन् । परन्तु यसको आधार भित्ति भने, शास्त्रसंमत नै छन् ।

इन्द्र-ध्वजाको वर्तमान रूपको व्याख्या गर्नु भन्दा पहिले ध्वजा र मांगलिक चिह्नको शास्त्रीय पक्ष पनि हेरिहालौं ।

पताका र चिह्नहरू

ध्वजा बनाउने विषयमा युक्तिकल्पतरु भन्ने ग्रन्थमा, शिवसवस्व नामक तंत्र शास्त्रमा, देवी पुराणमा, नारद पाञ्चरात्र संहितामा, ध्वजापताकाको विषयमा अनेकन कुरा भनेको पाइन्छ ।

ध्वजा बनाउँदा दश हात भन्दा कम र वीस हात भन्दा बढीको नबनाउनु भनेको प्रमाण पाइन्छ भने, ध्वज दण्ड (लिङ्गो)को आधा पताका हुनु पर्छ भन्ने प्रमाण पनि पाइन्छ ।

सेनाको चिह्नको निम्ति पनि ध्वजा (निशान) बनाइन्छ र राजाको पनि आफ्नो ध्वजा हुन्छ । देवताको मन्दिरमा पनि ध्वजा चढाइन्छ । यस्तै हयशीर्ष पंच रात्र भन्ने ग्रन्थमा, देवमन्दिर, राजप्रासाद (दरवार) मा र घरमा पनि ध्वजा राख्नु भनिएको छ–

ध्वज वंश प्रकर्तव्यो निर्व्रणः सगुणो दृढ :
तदुर्धं ताम्रजं चक्रं सूक्ष्मं कुयाद्‌द्विजोत्तम !
प्रासादस्यच विस्तारो मानं दण्डस्य कीर्तितम् ।
ध्वजयष्ठि र्देवगृहे ऐशान्यां विशि देशिकै: ।
स्थापनीया थ वायव्ये सांप्रतं ध्वज मुच्यते ।
पट्ट कार्पास क्षौमाद्यै र्ध्वजं कुर्यात् सुशोभनम् ।
एक वर्णां विचित्रं वा घण्टा चामर भूषितम् ।
किङ्किणी जालकोपेतं बर्हिपत्रविभूषितम् ॥
शुक्लादि वर्णौ विप्रादि क्रमाद् वा कारयेद् ध्वजम् ।
दण्डाग्राद् धरणीं यावत् हस्तैकं विस्तरोणतु ।

× ×

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ध्वजेण रहितो विप्र प्रासादस्तु वृथा भवेत् ।
पूजा होमा दिकं सर्वं जपाद्यं यत्कृतं नरैः ।

हयशीर्ष पंचरात्र–ध्वज प्रकरणम्

अर्थात्–छिद्र, चोट पटक नभएको दरिलो बाँसको ध्वज-दण्ड बनाउनु र त्यसको माथि सानो तांबाको चक्र बनाउनु मन्दिर वा घर जति अग्लो छ त्पति नै उचा ध्वजदण्ड पनि हुनुपर्छ ।

देवमन्दिरमा ईसान पट्टि ध्वजा राखिनु पर्छ र भवनमा राखिने ध्वजा, वायव्य दिशामा हुनुपर्छ । सूती र रेशमी कपडाको एकै रङ्गको, अथवा चित्रविचित्रको ध्वजा होस् । त्यसमा घण्ट, चमर, घुँघुराको जाल लगाइयोस् र मयूरको प्वाँखले शिंगारेको होस् । सेतो ब्राह्मणको निम्ति, रातो क्षत्रिय र पहेंलो वैश्यको निम्ति ध्वजाको रङ्ग हुनुपर्छ । एक हात चौडा र ध्वजदण्डको टुप्पाबाट भुइँ छुने ध्वजा होस् ।

ध्वजाले रहित दरबार र घर पनि व्यर्थ हुन्छ । ध्वजारहित घरमा गरिएको पूजा जप-पाठ र होम पनि व्यर्थै जान्छ ।

उपर्युक्त कथनबाट शास्त्रको वचनले नै ध्वजाको व्यापक चलन भएको रहेछ भन्ने कुरा थाहा पाइन्छ । त्यस्तै, युक्ति कल्पतरु भन्ने धर्म शास्त्र ग्रन्थमा भनिएको छः–

नोर्ध्वं विंशतिहस्तेभ्यो नचार्वाक् दशहस्तकात् ।
हस्त हस्तंक संवृध्या ध्वजो दश विधोमत : ।

× ×

प्रतापाय पताकास्तु प्रष्टावेव प्रकाशिता : ।
पञ्चहस्तायता हस्तपरिणाहा जयाभिधा ।।
जया च विजया, भीमा, चपला वैजयन्तिका
दीर्घा विशाला लीला च ज्ञेया हस्तंक वृद्धितः ।
परिणाहे पादवृद्धि रथ वर्णास्य निर्णय : ।
रक्त श्वेतो ऽरुणः पीत श्चित्रो नीलो ऽथ कर्बुर : ।
कृष्णश्वेति पताकानां वर्णरूप प्रकाशित : ।। युक्ति कल्पतरु : ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्– दश हातभन्दा कम र वीश हातभन्दा माथिको ध्वजा नबनाउनू । दश हातबाट एक एक हात बढाउँदै लगेर वी। हातसम्मको दश किसिमको ध्वजा हुन्छ । हजार जनाको मालिकदेखि दश हजार, लाख जनाका अधिपतिले ध्वजा राख्नु । बीस हातको ध्वजा करोड जनाका अधिपतिको निमित्त हो । हजार भन्दा घटी जनताका मालिकहरूले ध्वजा राख्न योग्य छैन ।

प्रताप बढोस् भन्नेहरूको निम्ति आठ किसमिका पताकाको विधान छ । पांच हात लामो एक हात चौडा भएको ध्वजालाई जया भन्दछन् । छ हातको विजया, सात हातेको नाम भीमा, आठ हातको ध्वजा चपला नौ हाते ध्वजाको नाउँ वैजयन्ती भनिन्छ । यस्तै, दश हातेलाई दीर्घा, एघार हाते विशाला र बाह्र हाते ध्वजाको नाउँ लीला हो । जति लम्वाई बढ्दछ चौडाई पनि एक चतुर्थांशले वृद्धि गर्दै लैजानु । अर्थात् पाँच हातेको एक हात चौडाई छभने, छ हातेको सवा हात, सात हातेको डेढ हात, आठ हातेको पौने दुई हात इत्यादि । त्यस्तै रङ्गमा रातो, सेतो, गुलाफी, पहेलो, चित्ते, नीलो, छिर्बिरे, कालो आदि हुन् ।

यस्तै पताकामा जडिने मांगलिक चिन्हको वारेमा भनिएको छ–

अवंद्वादिक संज्ञाना मष्टानामष्टकत्रयम् ।
कलशो दर्पण श्चन्द्र पद्मकोषो यथाक्रमम् ।
ब्रह्म क्षत्रिय विट्शूद्र जातीनां संप्रकाशित : ।
गजादियुक्ता साप्रोक्ता जयन्ती सर्वमंगला ।
गज सिंहो हयो द्वीपी चतुर्णां पृथिवीभूजाम् ।
हंसादि युक्ता विज्ञेया राज्ञां सैवाष्ट मंगला ।
हंस केकी शुक श्चासो ब्रह्मादिनां यथाक्रमम् ।
चामरादि समायुक्ता साज्ञेया सर्वबृद्धिवा ।
चामर श्चास पक्षाणि चित्रवस्त्रं तथासितम् । युक्ति क.

अर्थ– मांगलिक आठ चिन्हमध्ये तीन आठ मानिन्छन् । कलश, ऐना, चन्द्रमा, पद्मकोष (मणिमुक्तादि युक्त वाकस) ब्राह्मणादि वर्गको क्रमैले माङ्गलिक चिन्ह मानिन्छन् । यस्तै हात्ती आदि पशुको चिन्ह अंकित भएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पताका जयन्ती भनिन्छ। पशुमा हात्ती, सिंह, घोडा, बाघ, राजाका ध्वजामा अंकित गरिन्छन्।

त्यस्तै पक्षीहरूमा– हाँस आदि गरिएका क्रमैले चारवर्णका माङ्गलिक चिन्ह हुन्– ब्राह्मणको हाँस, क्षत्रियको मयूर वैश्यको सुगा र शूद्रको निम्ति चासपक्षी (ठेउआ)

यस्तै– चमर आदि चिन्ह, बुद्धिको अधिष्ठाता मानिन्छन्। चमर, ठेउवाका प्वाँख, चित्रेकपडा, सेतो कपडा, पनि माङ्गलिक चिन्ह हुन्। त्यस्तै ४, ३, २, १ अंक पनि मंगल चिन्ह हुन्छन् यदि त्यसका अगाडि पताका चिन्ह छ भने।

त्यस्तै राजाको ध्वजा निम्ति भनिएको छः–

कानकं राजतं ताम्रं नाना धातुमयं क्रमात्
कुंभादिनां प्रशंसन्ति पताकाग्रे महीभूजाम् ।।
तत्रापि रत्न विन्यासो विधेयो राजतक्रमः
चतुर्भि मकरास्यार्द्यै युंक्ताचेत् सर्वसिद्धदा ।।
तदा श्रेयस्करी नाम सा पताका विजायते।
मकरो ऽथ गजः सिंहो व्याघ्रो वाजी मृग शुकः।
शूचिश्चेति समुद्दिष्ट मादिंस्यादि दशा भूवाम् ।। युक्ति. क.

अर्थात्– सुन, चाँदी, ताँवो र अन्य धातुको नै भए पनि घडाको चिन्ह पताकामा अंकित हुनु राजाहरूको निम्ति राम्रो मानिन्छ। त्यसमा पनि रत्नहरूको चिन्ह देखाइनु असल छ। यस्तै चारोटा मकरका मुखको चिन्ह अंकित छ भने, सम्पूर्ण सिद्धि दिने हुन्छ।

यी उपर्युक्त कुराहरू राजध्वजाको निम्ति भनिएका हुन्। इन्द्र, देवताका पनि राजा भएका र इन्द्र ध्वजा उनैको प्रतीक चिन्हको रूपमा खडा गरिने हुनाले उल्लिखित मांगलिक चिन्ह, इन्द्र ध्वजामा अंकन हुन सक्दछन्।

पताकालाई पनि "सपताक" र "निष्पताक" दुई किसिमको नाउँले उल्लेख गरेको पाइन्छ। ध्वजाको निम्ति दण्ड (लिङ्गो) बाँस, काभ्रो, शाल,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पलाँश, चाँप कदम, निम्व, आदि हुनुपर्छ भन्ने कुरा पनि उल्लेख भएको छ। उपर्युक्त वर्णन सपताक ध्वजाको बारेमा भनिएको छ। दण्डको नियम दुवैको उस्तै हो मान्छेको आधिपत्यानुसार लम्वाई हुन्छ भनिएको छ–

पूर्ववद्दण्ड नियमं स्तत्र दैर्घ्ये विशेषणम् ।
दण्ड पक्षाणि पद्मश्च कुंभश्च विहगो मणि ।
निष्पताको ध्वजो राज्ञां षड्भिरेतै: सुसंस्थितै: ।
जय कपालो विजय: क्षत्रःतत्र शिव: क्रमात् ।
राज्ञ: पुरुष मानेन दण्ड मानं प्रकीर्तितम् ।।
उर्द्धाध: क्रम योगेन तद् दण्डादक मुच्यते ।।

केकी चासो मत्स्यरङ्क त्रिविधानां महीभूजाम् ।
ध्वजाग्रेषु विधेयानि पक्षाणि श्रियमिच्छताम् ।।
पद्म कुंभश्च विहगो मणिश्चैव यथा क्रमात ।
उपर्युं परितो धेयो निष्पताके महीभूजाम् ।।

अष्टशोडष द्वात्रिंशच्चतु षष्टिदलान्वितम् ।
वृत्ताष्टदिग्दलै आढ्य: कुंभ सम्पत्ति कारक: ।।

(राजदण्ड, प्वाँख, कमल, कलश, चराहरू र मणि यी छ कुरा निष्पताक ध्वजामा राख्नु । जय, कपाल, विजय आदि ध्वजाको नाम हुन्छ । कति जनसंख्याको मालिक छ, त्यही प्रमाणले ध्वजाको लम्वाई राख्नु । मयूर, ठेउवा र माछो ध्वजाको अग्रभागमा राख्नु । ऐश्वर्यको इच्छा गर्नेले मयूर ठेउवाका प्वाँखहरू राखून् त्यस्तै कमल कुंभ (कलश) पक्षी, मणि, क्रमैसंग माथि माथितिर राख्दै जानु ।

आठ पाते सोह्र पाते बत्तीस पत्रे र चौसठ्ठी पत्रवाला कमलको पनि चित्रण गर्नु । गोल आठ पाते कमलले धनी हुन्छ । त्यस्तै कलश पनि सम्पत्ति कारक छ ।

यसरी मांगलिक वस्तुको पतकामा समावेश गर्ने शास्त्रीय निर्देशन छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तै– शिव सर्वस्वमा भनिएको छः–

देवेभ्यश्च गृहे दद्यात् वाहनै रूप शोभितम् ।
तुरङ्गमेण सूर्यस्य हरस्य वृषचिन्हितम् ।
विष्णवे गरुडाङ्कन्तु दुर्गायै सिंह चिन्हितम् ।

(देवालयमा देवताहरूलाई ध्वजा चढाउंदा उनीहरूकै वाहनको चिन्हले युक्त ध्वजा चढाउनु पर्छ । सूर्यको घोडा, शिवको वृषभ, विष्णुको गरुड र दुर्गाको सिंह, ध्वजाको लाञ्छन हुन्छ ।)

यस्तै सिंहले युक्त ध्वजा भएमा शत्रुनाश, कपि (बाँदर) भएमा पनि सर्वशत्रुनाश, वृषभ चिन्ह भएमा इष्टलाभ, कलश भएमा ऐश्वर्य, हाँस चिन्ह भएमा विद्या, अर्थ, काम, मयूर भएमा छोरो, गरुड भएमा सर्वरोगको विनाश हुन्छ । महिष चिन्हले महामारीको नाश हुन्छ । हात्ती भएमा सबै कार्यको सफलता, चमर, कलश, शङ्ख, छत्र, चँदूवा, चिन्ह भएमा कार्यसिद्धि हुन्छ । यी उपर्युक्त लाञ्छनले युक्त भएका ध्वजा, देवीलाई चढाउने पनि विधान छ ।

यस्तै देवी पुराणमा भनिएको छ—देवीका पूजा उपासना गर्दा मन्दिरमा महाध्वजा खडा गर्न ध्वजाको अन्तिम भागमा सिंहाकृति चित्रण गर्नु इत्यादि। अष्टमीको दिनमा ध्वजा खडा गरेर नवमीमा पूजा गर्ने कुरा लेखिएकोले नै पश्चिम नेपालका प्रायशः सबै जिल्लाका देव-मन्दिरमा विशेष पर्वमा ध्वजोत्थापन हुन्छ र देवी मन्दिरमा दशैं पर्वमा नै लिङ्गो उठाइन्छ । यो कहीं प्रतिपदाको दिन र कहीं अष्टमीकै दिनमा गरिन्छ ।

स्थायी र अस्थायी दुवै किसिमका लिङ्गा उभ्याएर ध्वजोत्थापन गर्ने शास्त्रीय वचन भएकोले मन्दिरहरूमा सुनको मोलम्वा लगाएका ध्वजा चढाएको देखिन्छ र ढुङ्गाको, सुनको र अन्य धातुको पनि ध्वजा चढाएको पाइन्छ । राजा मानदेवले ढुङ्गाको गरुडध्वज नै चांगुमा चढाएका थिए । धातु र पाषाण जस्ता स्थायी ध्वजा नभएका ठाउँमा वा भएकै ठाउँमा पनि विशेष पर्वमा नयाँ ध्वजोत्थान गर्ने परंपरा रहेकोले काठ वाँसको लिङ्गो उभ्याइन्छ। ध्वजा पनि विशेष पर्वहरूमा नै बदलिन्छ । मन्दिरको नजीक बाहेक ध्वजोत्थान गर्ने परंपरा इन्द्रजात्राको मात्रै पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालको इन्द्र-ध्वजामा टाँगिने पताका

नेपालमा इन्द्र जात्रा पर्वमा खडा गरिने लिङ्गाका बारेमा विवेचना भइसकेको छ । लिङ्ग उभ्याएपछि विभिन्न माङ्गलिक चिह्नको चित्रकारी गरिएका पताका लिङ्गाको शीर्षभागमा सिक्रीले झुण्ड्याएर टाँगिन्छ । बलियो सिक्रीमा अडेको पताकाको चौडाई र लम्बाई निश्चित परिमाणको हुन्छ । यसमा सिक्री अड्याउने भागपछि एउटा मूर्ति छ । मूर्तिका चार हात छन्, मुकुट लगाएको छ । प्रभामण्डल देखिन्छ । दाहिने पट्टिको पछाडि हातमा वज्रजस्तो चिन्ह छ अगाडि पट्टिको केही लत्रेको हातमा कुनै फल लिएको देखिन्छ । अगाडिको बाँया हातमा कुंभ छ र पछाडि पट्टिको हातमा गदा छ । २४ पत्रे कमलमाथिको आसनमा उभिएको यस मूर्तिको रूप सज्जा सुन्दर देखिन्छ । किनारी वाल धोती फेरेको, लामू मुक्ताहार लगाएको, नाभि सम्म अर्को रत्न हार र कानमा कुण्डल लगाएको यो मूर्तिलाई हामी इन्द्रकै भन्दछौं ।

इन्द्रको वैदिक साहित्यमा सर्व प्रमुख स्थान रहेता पनि पछिल्लो कालमा देवताका र राजा पूर्वदिशाका दिक्पालको रूपमा मात्र प्रसिद्ध रहेकोले मूर्तिकलाको विकसित-अवस्थामा इन्द्रका प्रतिभाहरू पनि त्यति बनेका पाईदैनन्, जति विष्णु, शिव, देवी र गणेशका छन् ।

विष्णु धर्मोत्तर पुराणमा (३।५०) चार दांत हुने हात्तीमा विराजमान, चारहात भएका, श्वेत वर्णका, नीलो वस्त्र धारण गर्ने, गहना लगाएका त्रिनेत्र भएका सची (पत्नी) सहितको इन्द्र मूर्ति बनाउने निर्देश छ ।

दायाँ हातमा कमल, र अंकुश, बायाँमा वज्र धारण गर्ने इन्द्रको प्रतिमासँग यो मूर्ति त्यति मेल खाँदैन ।
त्यस्तै मत्स्य पुराण (अ. २६०–६७–७०) भनिएको छ—

सहस्त्र नयनं देवं मत्तवारण संस्थितम् ।
पृथूरुवक्षो वदनं सिंहस्कन्धं महाभूजम् ।
किरीट कुण्डलधरं पीवरोरु भुजेक्षणम् ।
वज्रोत्पलधरं तद्वन्नानाभरणभूषितम् ।

× ×

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिहासन गतश्चापि गन्धर्व गण संयुतम्
इन्द्राणीं वामत श्चास्य कुर्यादुत्पल धारिणीम् ।

(हजार आँखा भएका मत्ताहात्तीमा बसेका, ठूलो छाती, मोटा तिघ्रा र फैलेको वदन भएका, सिंहको जस्तै उँचा कांध र लामा मोटा हात भएका किरीट मुकुट धारी कुण्डल र अन्य गहना लगाएका ठूला आँखा हुने एक हातमा वज्र र एक हातमा कमल धारण गर्ने इन्द्रप्रतिमा बनाउनू ।)

सिंहासनमा बसेका इन्द्र - प्रतिमा कुँदेमा पनि वायाँ पट्टि कमल धारिणी इन्द्राणी र गन्धर्व अप्सरा गणले सहित देखाउनु भनिएको छ ।

करीब यस्तै कुरालाई, समराङ्गण सूत्रधार र अग्नि पुराणले पनि उल्लेख गरेका छन् । तर यहाँ पताकाको इन्द्र मूर्तिचित्र भने, छुट्टै पाराको देखिन्छ ।

ध्वजामा वाहनको चिन्ह अङ्कन गर्ने प्राचीन परंपरा हो । यहां पनि हात्तीको चित्रयुक्त ध्वजा हुनु पर्थ्यो । परन्तु यो देवायतनको ध्वजा नभएर राष्ट्र वा राज-ध्वजाकै प्रतीक रूपमा नयाँ ध्वजा खडा गरेर इन्द्रको चल-प्रतिमा स्थापना गरिने भएकोले, इन्द्रध्वजा भनेर परिचय दिन पताकाको शुरुमा इन्द्रको चित्र अंकन गरिएको छ । यो नेपाली परंपरागत चित्र शिल्प भएकोले पौराणिक लक्षणसंग हुवहु नमिलेता पनि इन्द्र प्रतिमा हो भन्न सकिन्छ । नेपाली मूर्ति शिल्प तथा चित्र शिल्प-विधामा यस्तो पृथक्ता प्रशस्तै पाइन्छ। संभव छ, कुनै तांत्रिक ग्रन्थमा यस्तो रूपाङ्कन गर्ने उल्लेख भएको होस् ।

पताकामा चित्रण गरिएका माङ्गलिक चिन्हहरूको व्याख्यात्मक निदर्शन निम्नस्थ छ ।

(क) इन्द्र प्रतिमा– वेदमा इन्द्रलाई सर्वश्रेष्ठ देवताको रूपमा मान्यता छ । यिनलाई सहस्राक्ष (सर्वत्र दर्शी भएकोले) भनिन्छ । महापराक्रमी, सबै देवताका राजा, वर्षाबादल, बिजुली, मरुत् वायुका अधिपति मानिएका इन्द्रको चित्रणले, राष्ट्रको सुरक्षा, सहकाल, धनधान्यको वृद्धि हुने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र सर्वत्र विजय प्राप्ति, ऐश्वर्य, राज्यश्री, सम्रभुता दीर्घजीवन प्राप्तिका साथै दुष्ट दमन असुर–संहार हुने र समस्त प्रजावर्गको कल्याणको कामना पूर्ति हुने कुराको विश्वास गरिन्छ । उनका आयुध लान्छनहरू वज्रले शत्रुनाश, पद्मले ऐश्वर्य प्राप्ति, पूर्ण घडाले अमरता, जीवनको पूर्णता, र गदाले शत्रु दमन सुखसमृद्धि दिने कुरा पनि मानिन्छ । यहाँ इन्द्रलाई ऋज्वागत मण्डलक मुद्रामा चित्रण गरिएको छ ।

(ख) श्रीवत्स लान्छन– श्रीवत्स विष्णुको हृदयमा रहेको चिह्न मानिन्छ । पौराणिक कथाअनुसार भृगुको लात्ती प्रहारबाट यो चिन्ह बनेको हो । दया, एकता, विनम्रता र सहानुभूतिको प्रतीक श्रीवत्स चिन्ह. अष्टमङ्गल मध्येको मुख्य मानिन्छ र यसको चित्रण एक यन्त्रको रूपमा भएको छ ।

कसै कसैले यो चिन्हलाई नागवेणी पनि भन्दछन् । नाग पञ्चमीमा टाँस्ने अष्ट–कुली नागकै आकारसंग मिल्न खोज्ने भएकोले यो नाम रहेको हुनसक्छ । नाग लोक देवता हुन्, वुद्ध कालमा नागको देवगणमा स्थान मिलेको कुरा इतिहासकारहरूले उल्लेख गर्दछन् । पौराणिक कथामा पनि नाग, देव–योनि नै मानिन्छन् । नागमा अनन्त, वासुकी, पद्म, महापद्म, तक्षक आदि आठ-कुल मुख्य मानिन्छन् । अनन्त वा शेषनाग महा समुद्रमा शयन गर्ने नारायणको शैया बन्दछन् र सम्पूर्ण ब्रह्माण्ड उनको शिरमा अडेको कल्पना गरिन्छ । श्रीवत्स चिन्ह कै अर्को नागवेणीको नाम व्याख्या गरिने हो भने महासमुद्रको वीचमा रहेको चारपाते कमलरूपी पृथ्वीलाई वेष्टित गरेर रहेको देखिन्छ । नागराजको व्यापकता नेपालका असंख्य कलाकृतिमा देखन पाइन्छ । नागहरू असंख्य मणि, रत्न धन धान्यका स्वामी हुन् र खुशी भएमा अतुल धनधान्य प्रदान गर्दछन्, भय, विषबाट वचाउँछन् । वैदिक प्रतिकार्थमा, तम, मृत्यु, अनृतको वर्णन पाइने भए तापनि पौराणिक कालमा माङ्गलिक प्रतीकको रूपमा नै नागको महिमा छ । नागको कुण्डलिनी रूप नै श्रीवत्स लान्छनको चिह्न मानिएकोले पनि यसको महत्व थाहा हुन्छ । नागहरूको दर्प-दलनको कथा पनि विष्णुसँग नै जोडिएको छ । किन्तु नागवेणीको अर्थ गरिएता पनि यहाँ चाहि यो चिह्न, श्रीवत्स लान्छन (भृगु लान्छन) कै रूपमा चित्रित छ ।

(ग) कमल–महा समुद्रको अगाध जलराशीमा पहिलो उद्भिजको रूपमा कमलको जन्म हुन्छ । अनन्त ब्रह्माण्डरूप सत्ताका अधिपति नारायण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महासमुद्रको जलमा शेषनागको शैया गरेर सुत्दछन्, उनको नाभिबाट कमल रूप पृथ्वीको जन्म हुन्छ । कमलको कर्णिकामा अबोध चैतन्य स्वरूप ब्रह्मा जन्मन्छन् । यिनैले परमेश्वरको अनुग्रह पाएर समस्त जगत्को चेतन र अचेतनको रूपमा सिर्जना गर्दछन् । यसकारण सृष्टिको पहिलो पुष्प, आप (महासमुद्र) को पहिलो सन्तान, पृथ्वीको पहिलो रूप र पहिलो चैतन्य रूप ब्रह्मको जन्मदाता कमल, समस्त प्राणी र लता वीरुधको पनि प्रतीक हुन् । वेदमा सूर्यलाई ब्रह्म भनिएको छ । तेजोमय शक्ति र आप (जलशक्ति) को संयोगबाट नै सृष्टि शुरु हुन्छ । कमल सूर्यको दर्शन पाएपछि फक्रन्छ, सूर्य अस्त भएपछि ओइलाउँछ । यसकारण– सूर्यद्वारा प्रस्फुटित हुने कमलले समस्त जगत्को प्राण शक्तिलाई आवाहन गर्दछ र जीवन-दान गर्छ ।

लक्ष्मी पनि समुद्रकी छोरी हुन् । अग्रज कमलको काखमा हुर्किन् वढिन् र कमल उनलाई प्यारो छ । जेठा दाज्यूको काख छाड्न उनी चाहन्नन् । विश्वकी अधिष्ठात्री धनधान्य ऐश्वर्यकी देवीको रूपमा पूजित हुँदा पनि उनी कमलासना (कमलकैकाखमा) हुन्छिन् । कमल र लक्ष्मीको यसै कारणले तादात्म्य सम्बन्ध छ । लक्ष्मीसँग विवाह गर्ने विष्णु पनि लक्ष्मीका प्रिय कमललाई आफ्नो कल्याणकारी लाञ्छन बनाउँछन् । त्यति मात्रै होइन, सम्पूर्ण देवतालाई कमल-पुष्प प्यारोछ । श्री, ऐश्वर्य, कल्याणको प्रतीक रूपमा सबै देवताले कमल लाञ्छन स्वीकार गरेका छन् । सर्वदा मंगल कामना र श्री प्राप्तिका लागि घरको मूल ढोकाका अगलबगलमा शंख र कमलको चित्र बनाउने प्राचीन कालको चलन थियो । कालिदासले मेघदूतमा यस्तो चित्रको उल्लेख गरेका छन् ।

यहाँ चित्रण गरिएको कमल द्वादश दलको छ । कमलको चित्रण गर्दा ८, १६, २४, ३२, ६४ पत्रवाला बनाइन्छ परन्तु यहाँ १२ पत्र देखाउनुको अर्थ बाहि १२ महिना १२ राशि युक्त बाह्र आदित्यको प्रतीकार्थमा चित्रण गरेको थाहा हुन्छ । दिन रात महिना ऋतु वर्षको काल चक्रका निर्माता सूर्य हुन् कमल सूर्यकै प्रतीक पनि हो ।

पुराणमा भू-पद्मकोष भनिएको छ र विष्णुको नाभिदेखि उत्पन्न भएको कमलपुष्पमा पद्म संभव (ब्रम्हा) जन्मन्छन् । यसकारण, आदि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सृष्टिको शुरू कमलदेखि नै हुन्छ । लक्ष्मीलाई कमला र कमलालया आदि नाउँ दिएको पाइन्छ । यसैले श्री ऐश्वर्यको प्रतीक पनि कमल पुग्न नै वन्दछ । चतुर्बाहु विष्णुको एक लाञ्छन पद्म (कमल) हो ।

यहाँ चिन्हित गरिएको चारै कुनामा पाँच पत्र वाला कमलका बीचमा द्वादश पत्रको कमल छ । पाँचदल पञ्चतत्व, पाञ्चायतन देवताको प्रतीक मानिन्छ भने १२ महीना, १२ आदित्यको प्रतीक द्वादश-दलवाला कमल हो । सूर्योदयद्वारा विकशित हुने पद्म, महीना, राशि आदिको प्रतीकको साथै समय (काल चक्र)को चिन्ह पनि हो । शान्त, सौम्य, भद्र ऐश्वर्यको प्राप्तिका निम्ति पनि कमलको चित्रण गरिन्छ ।

(घ) छत्र– यो प्रतीकात्मक अर्थमा साम्राज्य लक्ष्मीको चिन्ह हो । एकता विजय, अखण्ड सत्तात्मक राज्यश्री युक्त राष्ट्रिय एकता संप्राप्तिको लागि यो माङ्गलिक चिन्ह अङ्कित गरिन्छ । एउटै छत्रका छांयामनि रहेको राज्यको अभिव्यक्ति दिन श्वेत छत्र, श्वेतचामरलाई राज चिन्ह मानिएको छ ।

(ङ) पूर्ण कलश– अमृत, लक्ष्मी, अमरत्व, पवित्र जल, समुद्र, सामुद्रिक रत्नको प्रतीकको साथै फूलपातीले युक्त पूर्ण घट सुख सम्पत्ति र जीवनको पूर्णताको चिन्ह पनि हो । विराट-विश्व नै पूर्ण कलश हो र कलशको जल नै प्राण-रस हो । ऋग्वेदमा (पूर्णमद पूर्णमिदं पूर्णात्पूर्ण मुदच्यते) भनेर सोमरसले परिपूर्ण भद्र कलशको व्याख्या गरिएको छ,

(च) श्वेत चमर– विद्या लक्ष्मी, अन्धकारनाशक मानिन्छ र राज्यश्री, ऐश्वर्य संप्रभुताको प्रतीक पनि मानिन्छ । राज चिन्हमा श्वेत छत्र, श्वेतचामर सिंहासन आदि नै प्रमुख हुन् र यी कुरा राज्यलक्ष्मीका प्रतीक हुन् ।

(छ) मत्स्य– युगल मत्स्य, श्रीलक्ष्मीको प्रतीक, सृष्टिको आदि रूप, विष्णुको पहिलो अवतार, जलमय पृथ्वी भएको वेलामा, वेद ज्ञान, वीज र मानवका आदिपिता मनुका उद्धारक मत्स्यलाई समस्त नेपाली जातिका शगुन (शुभ साइत) मानिएको छ । जोडी चित्रित गर्नु चाहिं सृष्टिको प्रतीक मानेर हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(ज) गजूर (हर्मिका) प्रतिरूप छत्र– पताकामा चित्रित गरिएको छत्रको व्याख्या भई सकेको छ । किन्तु- पृथ्वी, अन्तरिक्ष स्वर्गको कल्पनामा तीनतला भएको छाना (हर्मिका) बौद्ध स्तूपहरूमा पनि बनाइन्छ । गजूरको कल्पना पनि देवलोकको प्रतीक र कलशको रूपमा गरिन्छ । राज्यश्री युक्त छत्र र त्रिलोकको प्रतीक छत्रको भेदले दुई ठाउँमा अङ्कन गरिएको छ । बौद्ध शास्त्रानुसार पनि हर्मिका देवलोकको परिकल्पना मानिएकोले माङ्गलिक प्रतीकको रूपमा यस पताकामा राखिएको छ । पृथ्वी, अन्तरिक्ष र देवलोकको कल्पनामा तीन तलाको छत्र बनेको छ । हाम्रा देव मन्दिरमा पनि यस्तै कल्पनामा तीन तले छाना बनाइन्छ ।

(झ) शङ्ख– दाहिनो शंख विष्णुको लाञ्छन मध्येको हो । तांत्रिक पक्षमा चण्डी लक्ष्मीको प्रतीक मानिएको छ । भूत, प्रेत, पिशाच-वाधा हटाउन पनि शंख-ध्वनि गरिन्छ । देवपूजा र यज्ञमा पनि चेतना केन्द्रित गर्न र विघ्न बाधा हटाउन शंख ध्वनि हुन्छ । यसैकारण, देवपूजामा धूप, दीप, नैवेद्य अर्पण गर्दा पनि शंख र घण्टको ध्वनिसाथ गरिने परम्परा रहेको छ । ईश्वरको स्मरण र मुक्तिको निम्ति सँधै शंखनाद गरौं भन्ने पनि यसको अर्थ हुन्छ । शंख-ध्वनि समरको घोषणा गर्दा र युद्ध समाप्तिमा पनि गरिन्थ्यो । पाञ्चजन्य शंख (दाहिने शंख) विष्णुको प्रतीक हो । समुद्रबाट जन्मेकोले श्रीको प्रतीक पनि हो ।

(ञ) शुगा– मांगलिक चारपक्षीको शास्त्रीय निर्देशन उल्लेख भइसकेको छ । पुष्पलतामा वसेका एक जोडी शुगा शान्ति, अहिंसा, स्नेह, ममता र ज्ञान ज्योतिको प्रतीक मानिएको छ । जोडी पक्षीको चित्राङ्कनले प्रकृतिपुरुष जीवात्मा परमात्माको पनि प्रतीकार्थको द्योतन गर्दछ ।

(ट) चक्र– चक्र विष्णुको प्रतीक हो । अन्याय अत्याचारलाई समाप्त गरेर धर्म स्थापनाको निम्ति विष्णुले सुदर्शन चक्र प्रयोग गर्थे । बुद्धको पनि धर्म-चक्र प्रवर्तनको लाक्ष्यणिक अर्थमा चक्र-चिन्ह अंकित गरिन्छ । सुख समृद्धि ऐश्वर्यको प्राप्तिका लागि र शत्रु विनाशको निम्ति चक्रको अंकन गरिन्छ ।

(ठ) वज्र– इन्द्रको प्रतीक हो । तम-बाधा विरोधको विनाश गरेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जनकल्याणको निम्ति, अधर्माचरण गर्ने असुर, दानवलाई इन्द्रले वज्रद्वारा नाश गर्थे । यसकारण– सुख शान्ति समृद्धिदाताको रूपमा यो माङ्गलिक चिन्ह मानिन्छ । अज्ञान अन्धकार र असत्य नाश होस् भनेर चित्रण गरिन्छ ।

(ड) अष्टकोण चक्र– बीचको कर्णिकामा परमेश्वर वा परमेश्वरी-को पूजा गरिन्छ भने, आठ कोणमा अष्टमातृका, अष्ट दिक्पाल, अष्ट चिरञ्जीविको आवाहन गरिन्छ । बीचमा सूर्यरूप ब्रह्मको चिन्तन गरिएमा अन्य अष्ट ग्रहको स्थान आठकोणमा हुन्छ । यसकारण, दिकपाल, ग्रह, मातृका, आदिको यन्त्ररूप यां अष्टदललाई माङ्गलिक चिन्ह मानिएको छ । बीचमा चारपाते कमलरूप पृथ्वी, गोल मण्डल सूर्य, त्यसपछि १२ पत्र दल कमलले वाह्र महीना, द्वादशराशीको प्रतीकार्थ गर्छ र त्यसपछि आठ दिशा र दिशाका अधिपति समेतले सम्पूर्ण ब्रह्माण्डकै प्रतिनिधित्व गरेको छ । शान्ति, समृद्धि, ऐश्वर्य प्राप्तिको कामनामा यसको माङ्गलिक रूप चित्रण गरिएको छ ।

(ढ) खड्ग– महाभैरवी कालीको प्रतीक खड्ग हो । शत्रु संहार कारिणी कालीको यस प्रतीकबाट शत्रुनाश, संप्रभुता, राज्यैश्वर्य प्राप्तिको कामना गरिन्छ । खड्ग देवता वा खड्ग देवीको नामले प्रसिद्ध, देवीको मन्दिरहरू पश्चिमी नेपालमा प्रशस्त छन् । जहाँ देवीको रूपमा खड्ग नै राखिएको हुन्छ । तांत्रिक परंपराले काली, भैरव, भैरवी आदि देवताको पुरश्चरण गरी खड्ग सिद्धि गर्ने चलन अद्यावधि पनि छ । राजा महाराजाहरू यस्तै सिद्ध गरेका खड्गले देश विजय गरी राज्य स्थापना गर्थे र मुलुक बढाउंथे । कुलदेवीको रूपमा खड्ग स्थापना गरी पूजा बलिदान गर्थे । यहाँ चित्रित गरिएको बीचमा चिह्नले युक्त खड्गले पनि अनन्त सत्ता रूपिणी महाकालीको नै प्रतिनिधित्व गरेको छ । यद्यपि खड्ग अन्य देवताहरूको पनि आयुध हो । तर यहाँ महाकालीकै प्रतीकार्थमा चित्रण गरिएको छ ।

(ण) घण्टा– संग्राममा शत्रुको तेजोबध गरेर युद्ध विजयको उद्घोष गर्ने घण्टा, वैदिक आर्यहरूको समाजमा सबैलाई सचेत गराएर सधैं जागरूकता ल्याउने देवताको प्यारो बाजाको रूपमा प्रसिद्ध छ । शिवको डमरू जस्तै देवीको विजय नाद गर्ने वाद्य, घण्टा हो । यहाँ चित्रित घण्टको उपरी भागमा त्रिशूलको आकार छ । यसकारण, यो घण्टाको चित्रणले शिव शक्तिको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नै प्रतीक, मगल चिह्नको रूप देखाउँछ । घण्टाको आकार, घोप्टिएको आकाश अथवा द्यावा– पृथ्वीको रूपमा छ र शब्दसँग आकाशको घनिष्ठ सम्बन्ध हुने भएकोले रूपाङ्कनद्वारा लाक्ष्यणिक अर्थको प्रतिपादन भएकोछ । 'घण्टा स्वन विमोहिता' (घण्टाको शब्दले मोह भएका असुरको) वर्णन पुराणमा आएकोले मीठो र भीषण, दुवै किसिमका ध्वनिले मोहनी लाउथ्यो भन्ने बुझिन्छ । यो घण्टाको महत्त्व बौद्धहरूमा पनि छ । वैदिकहरूले बजाउने घण्टामा गरुड र हनूमान् चित्रण गर्ने वा त्रिशूलको चित्रण गर्ने वा त्रिशूलको चित्रण गर्ने चलन छ भने, बौद्धहरूको त्रिरत्नको चित्रण हुन्छ । स्मृति प्रस्थानको निम्ति घण्टाको ध्वनिले सचेतता प्रदान गर्दछ ।

यहाँ शत्रुनाश, विजय, सचेतता, जागरुकता र समृद्धिको प्रतीकको साथै देवीको र कुमार - कार्तिकेयको पनि लाञ्छन मानिएकोले शिव-परिवारकै यहाँ प्रतिनिधित्त्व गरेको छ ।

(त) चारवेद– ब्रह्माको प्रतीक, वेद मानिन्छ । आर्यहरूको सव-प्राचीन धर्मग्रन्थ वेद हो । वेदकै आधारमा इतिहास पुराण, धर्मशास्त्र दर्शनहरू बनेका छन् । ईश्वरको मुखबाट नै निस्केको भनेर मानिएकोले वेदलाई ब्रह्म-स्वरूप मानिएको हो । चार वेदद्वारा नै समस्त शास्त्रको उत्पति मानिन्छ । यसकारण– समस्त मानव जगतको कल्याण कामनामा यसको चित्राङ्कन भएको छ । यसबाट धर्म, अर्थ, काम, मोक्ष, चतुर्वर्ग फल प्राप्ति हुने भएकोले माङ्गलिक चिह्न मानिएको छ ।

मोतीमाला– मोती समुद्र, महानदीहरूको प्रतीक हो भने अमूल्य सामुद्रिक रत्नको रूपमा पनि यसको महत्व छ । स्वर्णस्रग (स्वर्णमाला) रजत स्रग र रत्न माला, रत्नकोष आदिको चिह्न पनि शास्त्रीय प्रमाणमा माङ्गलिक चिह्न मानिन्छ । श्री, ऐश्वर्य, राज्यलक्ष्मी प्राप्ति, लक्ष्मीको स्थिरता आदि यसको प्रतीकार्थ हुन्छ । रत्न घट, स्वर्णकलशको चित्रण र अन्य कलशमा पनि रत्नको चिह्न अंकित गरिन्छ । यहाँ लक्ष्मीको प्रिय मुक्ता हारको नै चित्र छ ।

पूर्णघट– पूर्ण कलश वा पूर्ण-घटको प्रतीकार्थ एउटै हो । हाम्रो धार्मिक तथा सांस्कृतिक क्रियाकलापमा पूर्णघटको सदैव आवश्यकता हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पहिले वर्णन गरिएको घट कलशको रूपमा छ । फूलपातीले मुख ढाकिएको र कपडाले अलङ्कृत गरिएको तथा शान्तिका प्रतीक उडिरहेका स्वर्गीय पक्षीले आलिङ्गन गर्न खोजिएको रूपमा चित्रित गरिएको हुनाले हामी शान्ति-कलशको संज्ञा दिन सक्छौं तर अठारौं चिह्नको रूपमा देखिने चाहिं, घडाको रूपमा छ । मुखमा कमल पुष्प, वरिपरि पनि कमलकै चित्र, पेटमा तीन दलको आकारको रत्न चिह्न भएकोले यसलाई माङ्गलिक घडा भनिन्छ । यो समुद्रबाट प्राप्त जीवनदायिनी अमृत-घटको रूपमा देखाउन खोजिएको छ । यसको प्रतीकार्थ पनि कलशकै जस्तो हो । पूर्ण घटले समस्त देवी देवताको प्रतिनिधित्व गर्दछ । पूर्णघट लिएकी कुमारी,दुभो, सिन्दूर, अक्षता, लावा, अबिर, वेदमंत्र, शान्तिपाठ आर्य सभ्यताका माङ्गलिक वस्तु हुन् । कुनै पनि यज्ञयागादि पूजापाठ, यात्रा, उत्सवहरू पूर्ण घटविना सम्पन्न हुदैनन् । यही घडामा आवाहन गरी देवीदेवताको प्रतीक रूपमा पूजा, दर्शन, जात्रा, नृत्य गर्ने चलन छ ।

कमल– माङ्गलिक चिह्नमा, आठ, वाह्र, सोह्र, बत्तीस र चौसठ्ठी दलका कमलको चित्रण गर्ने परंपरा छ र त्यसको प्रतीकार्थ, पनि भिन्ना-भिन्नै छन् । माथि श्री, ऐश्वर्य, लक्ष्मी, विष्णुको लाञ्छन भएका कमल र माझमा कर्णिका देखिने द्वादश दल सूर्यकमलको व्याख्या भइसकेको छ । यो पताकाको अन्तिम भागमा चित्रण गरिएको ७ पत्रवाला कमलले सप्त द्वीप वती पृथ्वीको प्रतीकार्थ प्रस्तुत गर्दछ । महासमुद्रको बीचबाट यो उत्पन्न भएको छ । यसका दुई वगलमा उड्न लागेका दुई पक्षी छन् । पानीमा उम्रने कमलका सहचारी हाँस हुन सक्दछन् र हांस व्रह्माको प्रतीक मानिन्छ । उड्न लागेको वेलाको चित्रणले सृष्टिको लागि जागरुक अवस्था देखाउँछ भने दुई पक्षीको अंकन सृष्टिको प्रतीक हो । हिरण्य गर्भ व्रह्मा र पद्मसंभव व्रह्माको आद्यसृष्टि विधानमा चर्चा गरिएको छ । मैथुनीसृष्टिका प्रतीक व्रह्माचाहि पद्मसंभव व्रह्मा हुन् । पानीको पहिलो स्थावर सृष्टि कमल भए, हंस जङ्गम सृष्टि हो । पानी नै उसको क्रीडा क्षेत्र हुन्छ । जलैजलले भरिएको व्रह्माण्ड-भित्र कमलको कोखमा चैतन्य रूप लिएर जन्मने व्रह्माको निम्ति वाहन हुने हाँस बाहेक अन्य के हुन सक्छ र ।

सप्त द्वीपवती पृथ्वी (कमल) को जन्मपछि नै अन्य जलचर र स्थलचर प्राणीको सृष्टि हुने कुरा शास्त्रमा बताइएकोले आद्यसृष्टिको प्रतीकको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रूपमा पुन: कमलको चित्र अंकन गरिएकोछ । यसबाट पनि शान्ति, सौख्य, श्री, ऐश्वर्य प्राप्तिको कामना गरिएको अर्थ निस्कन्छ ।

यसरी अनेकन माङ्गलिक चिह्नले युक्त, नानाविध अर्थ गर्न सकिने पताकाको शुरुआत कहिलेदेखि भयो, त्यो, निश्चय रूपमा भन्न हामीसँग प्रमाण छैन । लिङ्गो खडा गर्ने चलन भने, उपत्यकाभित्रका टोल, गाउँ, शहरमा अझै प्रशस्त छन् । सबै ठाउँका लिङ्गामा अनेकन माङ्गलिक प्रतीकहरू राखेर पताका टाँग्ने गरेको कुरा सुन्न पाइन्छ तापनि यसको निर्माण गर्न, निकै खर्च पर्ने हुनाले सबै ठाउँमा यस्तो परंपरा बाँचिरहन सकेन । काठमाडौंको इन्द्रजात्राको निम्ति टाँगिने पताका र भक्तपुरको वृषकेतुको (विस्केट) नाममा खडा गरिने लिङ्गोमा टाँगिने शिव-शक्त्यात्मक पताका भने, पुराना भएपछि नयाँ निर्माण गरिने भएकोले परंपरा बाँचेकै छ । विस्केटको लिङ्गाको परिमाण ६५ हात भएकोले त्यसको आधालम्बा पताका बनाइन्छ । शक्ति पताका २ हात अझ छोटो हुन्छ ।

भैरव प्रीतये गरी चढाएको 'वीर ध्वजा' नामक विस्केटको लिङ्गा-मा टाँगिने पताकाको इतिहास केलाउँदा श्री जगज्जय मल्लको पाला ने. सं. ७६८ (१९०४) को अभिलेख युक्त पुरानो ध्वजा फेला परेको छ । त्यसपछि बराबर थोत्रो भएमा नयाँ बन्दै आए । श्री ५ गीर्वाण र श्री ५ रण बहादुर शाहबाट पनि नयाँ बनाएर चढाइएको थियो । २००४ सालमा श्री ५ त्रिभुवन-बाट पनि नव निर्माण भएको थियो । हाल २०४१ मा श्री ५ महाराजाधिराज-का हुकूमले नयाँ वीरध्वजाको निर्माण भएको छ ।

तुलनात्मक अध्ययन गर्दा अधिकांश माङ्गलिक चिह्नहरू मिल्दछन् । वीरध्वजाको लम्बाई ३२½ हात र ३० हात हुने भएकोले माङ्गलिक प्रतीकहरू इन्द्रध्वजाको भन्दा बढता छन् । यसबारे छुट्टै अनुसन्धान गरिने हुनाले यहाँ विशेष उल्लेख गरिएन ।

सडकको केही वर, चोकमा लुमडी-भद्रकालीको प्रसिद्ध स्थान छ । यी देवी र संकटा (टेवहाल) वटुटोलकी देवी भद्रकाली तथा कंकेश्वरीको संयुक्त रूपमा हुने खटयात्राको शुभारंभ पनि यही दिन हुन्छ ।

यो जात्रा शुरू गर्न लुमडी भद्रकालीको स्थान अगाडिको सडकमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ध्वजोत्थान गरिन्छ । यो ध्वजोत्थान गरिने काठको लिङ्गाको नाप, साइज पनि इन्द्रध्वजोत्थानको लिङ्गोसँग समानता राख्दछ ।

यो लिङ्गो उभ्याएपछि एकातिर भद्रकालीको पूजाआजा गरी यात्रा शुरू हुन्छ भने, भोलिपल्ट औंसीको दिन नेपाल प्रसिद्ध घोडेजात्रा गरिन्छ । राष्ट्रका प्रमुखहरू, वरिष्ट राज कर्मचारी र जन-प्रतिनिधिहरू, प्रहरी र शाही सेनाले पनि भाग लिने यो जात्रालाई इन्द्रजात्रा जस्तै नेपालको 'राष्ट्रिय समारोह' मध्येको एउटा हो भन्नुपर्छ । यसै पर्वदेखि उपत्यकामा जात्रापर्वहरू शुरू हुन्छन् ।

भक्तपुरको आदिगणेशको लिङ्गो:-

भक्तपुर शहरमा चैत्र मसान्तको दिनमा विस्केट (वृषकेतु)को ध्वजोत्थान गर्नु भन्दा पहिले भक्तपुर शहरको दक्षिण टोल (कुमाल टोल)मा आदि गणेशको स्थान अगाडिको डबलीमा विस्केटको जस्तै अग्लो सल्लाको लिङ्गो उभ्याएर ध्वजोत्थान गर्ने परंपरा छ । यो ध्वजोत्थान नगरी, विस्केटको लिङ्गो खडा गर्नु हुँदैन । मेष संक्रान्तिकै दिन यो पनि ढालिन्छ ।

यो लिङ्गो काट्ने ल्याउने काम र खडा गर्ने काम पनि स्थानीय निजी गुठीका गुठियारले नै गर्दछन् । गुठी संस्थानले यो कार्य गर्न साधारण सहयोग मात्र गर्दछ । लिङ्गाहरू सुरक्षित राखो ठाउँ बनाइदिएको छ र नटुटेसम्म पुरानैले काम चल्दछ ।

श्री गणेशको पूजा उपासना गरेर मात्रै अरू देवी देवताको पूजा गर्ने आर्य परंपरा हो । यसै कारण, गणेशको निम्ति पहिले ध्वजोत्थान गर्ने परंपरा चल्यो होला । गणेशको नाम आदि गणेश भएकोले पनि पुरानो मन्दिर र देवताको प्राचीनताको बोध हुन्छ । यहाँ लिच्छविकालीन अभिलेख पनि छ । तर मूर्तिमा सटाएर भित्तामा टाँसिदिएकोले देवता नझिकी पढ्न सकिएन । शायद त्यो पढ्न पाए यसबारे बढी जानकारी पाउन सकिन्थ्यो कि ।

विस्केट वा वृषकेतु जात्रा भक्तपुर:-

चैत्रकृष्ण चतुर्दशीको लिङ्गो खडा गर्ने घोडेजात्रापछि चैत्र मसान्तको दिन लिङ्गो खडा गर्ने जात्रा, भक्तपुरको प्रमुखजात्राको रूपमा रहेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विस्केट हो। यो जात्राको प्रारंभ ४ दिन अगाडिदेखि हुन्छ तापनि मूख्य चाहिं ध्वजोत्थान र पछिका ४ दिन हुन्। इन्द्रजात्रा जस्तै विस्केटका लिङ्गाको पनि उठाउने तरिका हुन्छन्. भने, भोलिपल्ट वैशाख संक्रान्तिका दिनमा यो ढालिन्छ। जात्रा भने अघि पछिका दिन समेत आठ दिनसम्म चल्दछ। विस्केटको लिङ्गाको नाप ६५ हातभन्दा बढी हुन्छ।

विस्केट जात्रा, पूर्व १ नं. खडपु:–

नेपालको मध्यकालीन इतिहासको अध्ययन गर्दा आनन्द मल्लले भक्तपुरभन्दा पूर्वपट्टि ७ शहर बसाएको वर्णन पाइन्छ। साँगा, नाला, बनेपा, धुलीखेल आदि शहरमध्ये खडपु र साँगामा विस्केट जात्रा पर्वमा ध्वजोत्थान गर्ने चलन आज पनि छ।

खड्पुको ध्वजा खडा गर्ने लिङ्गो ४२ हातको हुनुपर्छ भन्ने छ र यो भक्तपुर सल्लाघारीबाट काटेर लगिन्छ। चैत मसान्तको सट्टा एकदिन अगाडि नै खडा गरेर वैशाख ५ गते मात्र ढालिन्छ। गणेश भैरव र कुमारीलाई खटमा राखेर श्वेत भैरवको मन्दिरसम्म पुऱ्याउँछन्। १ गते दिन भरि पूजाआजा हुन्छ र रथ (खट) दोबाटासम्म पुऱ्याइन्छ। २ गते बजार घुमाएर देवता स्थानमा राख्दछन्। लिङ्गो भने वैशाख ५ गते मात्रै ढालिने हुंदा यो जात्रा ७ दिनको हुन्छ।

इन्द्रजात्रा– इन्द्रजात्रा पर्व ८ दिनसम्म नै मनाइन्छ। लिङ्गो गाड्ने चलन छैन। इन्द्रको मूर्ति १६ खुट्टे पाटीमाथि राखिन्छ र वेलुका तल झारी पूजा गर्दछन्। यो ८ दिनभरि नै हुन्छ। पूर्णिमाको दिन काठको हात्तीमाथि इन्द्रलाई राखी जात्रा गर्ने चलन थियो। हात्तीको प्रतीक टूटफूट भएकोले यो चलन छुटेको छ।

मु पात्र यात्राको जस्तै चार ठाउँमा जयन्तको प्रतीक खम्बामा राखेर जात्रा गर्ने चलन चाहिं जयन्तको मूर्ति ३ वटा चोरी भएकोले टुट्न लागेको छ। एउटा मूर्ति बाँकी छ। त्यसैलाई राखेर जात्रा सम्पन्न गरिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साँगा भञ्ज्याङ:–

साँगा शहरको उत्तरपट्टि भञ्ज्याङमाथि डवलीमा चैत्र मसान्तकै दिन विस्केट लिङ्गो खडा गरिन्छ । लिङ्गो ५२ हातकै हुन्छ र भक्तपुर सल्लाघारीबाटै काटेर लगिन्छ । गणेश, लक्ष्मी, भैरव समेतको जात्रा हुन्छ । यो जात्रा निजी गुठीका गुठियारले चलाउँथे । अब खर्चिलो भएकोले गुठी संस्थानले केही मद्दत गर्नु परेको छ ।

यी दुई ठाउँबाहेक धुलीखेल, चौकोट, पनौती, नालामा उपर्युक्त परंपरा पाइएन । विभिन्न देवी देवताका जात्रा भने चलाइँदै छन् । जात्रासम्बन्धी छुट्टै शोधग्रन्थमा विवरण प्रस्तुत गरिने हुँदा, यहाँ उल्लेख गरिएन ।

पूर्व २ नं दोलखा– दोलखा पनि प्राचीन राज्य हो । यहाँ पनि लिङ्गो गाढेर उपत्यकाको जस्तै इन्द्रजात्रा मनाउने चलन छ । अन्य विवरण पाउन सकिएन ।

आकाश भैरव जात्रा, काठमाडौं इन्द्रचोक

इन्द्रचोकको आकाश भैरवको विशेष जात्रामा पनि लिङ्गो उभ्याइन्छ ।
दुमाजु टुंडिखेल –– दुमाजु रामकी देवीको विनाछानोको चौतारा वा यस्तै अग्लो ठाउँ र कुनो परेको ठाउँमा लोहोरा जस्ता शिला राखेर पूजा गर्ने परंपरा छ । दुमाजु, द्विमाजु वा द्योमाजु कुन रूप ठीक हो त्यो अहिले भन्न सकिदैंन । तथापि प्रसिद्ध देवी तुलजा भवानीका मन्दिर नजीक बाहिरैपट्टि दुमाजुको स्थापना र पूजा गर्ने चलन छ । सर्व प्राचीन दुमाजुको स्थान काठमाडौंको गोकर्णको दक्षिण ढोकाबाट पूर्व पर्ने मूल पानी पंचायतको दुमाखाल भन्ने गाउँमा पर्दछ । स्थानीय जनताले श्रद्धासाथ यिनको पूजा र वलिदान गर्दछन् । यो ठाउँलाई लिच्छवि - कालीन वस्ती भएको कोट वा नगरको शंका गरिएको छ र देवीकै नाउँबाट गाउँको नाउँ पनि रहेको छ ।

दोस्रो स्थान भक्तपुर दरबार क्षेत्रभित्र नै पर्दछ । जहांको पूजा आजा र वलिदानपछि नै तुलजा भवानीको पूजा गर्ने परंपरा छ । वर्तमान भक्तपुर नगरको पश्चिमोत्तर क्षेत्रमा रहेको दरबार एरिया प्राचीन कालमा शहर बाहिर नै पर्दथ्यो । दुमाजुको मान्यता र यसको स्थापना बारेमा अध्ययन गर्दा यी संसारीदेवी वा वनदेवीको रूपमा देखिन्छिन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काठमाडौंमा दुमाजुको स्थान वीर अस्पताल भन्दा पूर्वपट्टि टुंडिखेलकै छेउमा छ। यिनलाई टुंडिखेलको आधुनिकीकरण गर्दा विनाछतको चौतारो जस्तो स्थान बनाई दिएकोछ।

अर्को स्थान हनूमान् ढोका दरबाको क्षेत्रभित्र पर्दछ। यो स्थापनाको कारण भक्तपुरको अनुशरण गर्नु हो। तुलजाको पूजा पर्व गर्नु अगाडि दुमाजुको पूजा गर्ने परंपरा भएकोले तुलजाको मन्दिर नजीकै स्थापना गर्नुपर्ने आवश्यक ठानियो। अन्यथा संसारी देवीकै रूपमा शहर बाहिर टुंडिखेलमा नगर निर्माणकै वेलातिर स्थापना गरिएको प्राचीन स्थान छँदै थियो।

ललितपुरमा पनि भक्तपुर र काठमाण्डुकै अनुशरण गरिएको छ। उपर्युक्त ४ ठाउँ बाहेक दुमाजुको अस्तित्व अन्यत्र पाउन सकिएको छैन। यिनको स्थापना गर्ने रीति हेर्दा उपत्यकाभित्रकी यी प्राचीन अनार्यद्वारा पूजित भएकी देवी आर्य मूलका जातिको प्रवेश पछि पनि लोकदेवीको रूपमा संमान प्राप्त गर्ने र कुलदेवीकै रूपमा पूजिने देवी हुन् भन्ने कुरा अनुमान गर्न सकिन्छ। विन्ध्याचलकी विन्ध्यावासिनी देवीलाई पनि इतिहासकारहरू अनार्यकुलकी देवी हुन् र आर्यहरूले पछि स्वीकार गरेका हुन् भन्ने उल्लेख गर्दछन्। त्यस्तै यिनको नाउँको विश्लेषण गर्दा र स्थान र प्रतीक हेर्दा आष्ट्रियन मूलका जातिले मानिएकी मातृ-देवी भन्न कर लाग्छ। यिनलाई यदि द्योमाजुको अपभ्रंश मान्ने हो भने देवमाता अदितिको प्रतीक भन्नु पर्दछ र यो मान्यता पनि ज्यादै प्राचीन हो।

ध्वजोत्थान

'दुमाजु'को पूजा पर्व टुंडिखेलमा जात्रासंग सम्बन्धित छ। पिशाच चतुर्दशीकै दिनमा (अर्थात् चैत्र कृष्ण चतुर्दशीमा) दुमाजुको स्थान अगाडि टुंडिखेलमा लिङ्गो गाढेर ध्वजोत्थान गरी जात्रा शुरू गरिन्थ्यो। हनूमान् ढोका दरबारको क्षेत्रमा रहेकी दुमाजुलाई खटमा बोकेर यहाँ ल्याउने परंपरा छ।

यो लिङ्गो गाढेर ध्वजोत्थान गर्ने काम निजी गुठीका गुठियारले नै गर्दथे। लिङ्गो भाँचिएर ठूटो भएपछि त्यही ठूटै गाढेर काम चलाइन्थ्यो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धार्मिक परंपरामा उदासीन प्रवृत्ति बढ्दै गएकोले यो प्रथा बन्द हुने स्थितिमा देखिएको छ ।

ललितपुरको डुमाजु र बालकुमारी

ललितपुरमा इन्द्रजात्रा पर्वको वर्णन पहिले नै गरियो । दुमाजुको जात्राभने विश्वयात्रा (विस्केट) संग सम्बन्धित देखिन्छ ।

वैशाख १ गतेदेखि वर्तमान नेपालमा चलेको विक्रम सम्वत्को नयां वर्ष शुरू हुन्छ । भक्तपुरमा चैत्रमसान्तमा वृषकेतु खडा गरेर वैशाख १ गते ढालिन्छ । त्यस्तै पाटन बालकुमारीमा पनि लिङ्गो उभ्याइन्छ । वैशाख १ गते द्विमाजु वा दुनाजुको विश्वयात्रा पर्व गरिन्छ । गणेश, भैरव र पाटन न्हुँछे देवलको दुमाजु र तलेजुसमेत चार देवी देवतालाई खटमा राखेर जात्रा गरिन्छ । यस पर्वमा चिउरा पाथी १४ हाँसको फुल २० र खट बोक्नेको ज्याला गुठी संस्थानबाट दिइन्छ र अन्य आवश्यक खर्च निजी गुठीका गुठियारले नै गर्दछन् ।

उपत्यकाभित्रका शहरमा भएका देवस्थलहरूमा विशेष जात्रापर्वमा ध्वजोत्थान गर्ने परंपराको अनुसन्धान गर्दा यो स्थिति व्यापक रूपमा रहेको थियो भन्ने थाहा भएको छ । धार्मिक आस्थाको ह्रास हुँदै गएको र निजी तवरबाट गरिने यस्ता परंपरा बोझिलो भएको कारणले दिन प्रतिदिन लोप हुँदै गएका छन् । नजीक जंगल नहुनु, लिङ्गा काटेर ल्याउने स्वतंत्रता नहुनु निजी-गुठीको बाली नउठ्नु र गुठियारको खर्च गर्ने क्षमता नहुनु आदि मुख्य कारण देखिएका छन् । प्रतिवर्ष गरिने यस्ता सांस्कृतिक परंपराको पालना गर्न नसके तापनि १२ वर्षमा गरिने विशेष जात्रा पर्वमा भने ध्वजोत्थान गर्ने परंपरालाई पालन गर्ने प्रयत्न गरिदैछ ।

मुख्य शहरदेखि बाहिर रहेका घनावस्तीका देवस्थलमा पनि यस्तो परंपरा पाइएको छ । त्यसको विस्तारपूर्वक लेखाजोखा गर्न यहां संभव पनि छैन । मुख्य मुख्य ठाउँको यथा संभव छोटो विवरण प्रस्तुत गरिएको छ । यस्ता सांस्कृतिक परंपरा कुन कुन ठाउँमा कसरी संचालित छन् त्यो देशव्यापी रूपमा दिग्दर्शन गर्नु चाहि उपयोगी नै होला । प्रायशः यस्तो परंपरा उपत्यका र पश्चिमी नेपालमा बढी पाइन्छन् । पूर्वी क्षेत्रमा भने छैन नै भने पनि हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसपछि भाद्रशुक्ल अष्टमीका दिन काठमाडौंमा खडा गरिने इन्द्रजात्रा पर्वको ध्वजोत्थान, भव्यताका साथ राष्ट्रिय समारोहको रूपमा मनाइन्छ भन्ने कुराको उल्लेख भइसकेको छ। उक्त दिनमा नै काठमाडौंको साइत छोपेर ललितपुर बालकुमारी अगाडि पनि इन्द्र ध्वजा खडा गरिन्छ भन्ने कुराको पनि दिग्दर्शन गरिसकिएको छ।

गुह्येश्वरी यात्रा र ध्वजोत्थान– काठमाडौं:–

नेपाल काठमाडौं उपत्यकाको इतिहासमा गुह्येश्वरी पीठको महात्म्य र ऐतिहासिक महत्त्व ज्यादै प्राचीन हो। सती देवीको गुह्यस्थल पतन भएको महात्म्य पुराण तंत्रसाहित्यले बखान गरेका छन्। बुद्धको अलौकिकता र मानव बुद्धहरूको नेपाल आगमनको कुरालाई प्रमुखता दिएर लेखिएका नेपालका प्राचीन वंशावलीमा पनि गुह्येश्वरीको महत्ता कम छैन। उपत्यका जल मग्न भएको बेलामा आएर कमलको बीज रोप्ने विपश्वी बुद्ध फर्केपछि आश्विनशुक्ल पूर्णिमामा जुन कमलको फूल फुल्यो, त्यसमा स्वयंम्भू बुद्धको ज्योति प्रादुर्भाव भयो। त्यो कमलको उद्भव गुह्येश्वरी पीठमा नै भएको थियो। त्यसपछि नेपाल आउने प्रत्येक मानव बुद्धले स्वयम्भूको दर्शन गरेपछि गुह्येश्वरी दर्शन गरेको तथा गुह्येश्वरीको विराट्रूपको दर्शन पाएको र ब्रह्मा, विष्णु, महेश्वरका साथै इन्द्रादि देवता आई स्तुति गरेको वर्णन पनि वंशावलीकारहरूले उल्लेख गरेका छन्।

उत्तरबाट आउने मंजुश्री बुद्ध, शोभावती निवासी कंकमुनि बुद्ध, काशीबाट आउने काश्यप बुद्धले पनि गुह्येश्वरीको दर्शन गरेका थिए।

उपर्युक्त वंशावलीको कथनभित्र बुद्धको महात्म्य बखान गर्ने प्रयत्न गरिएता पनि गुह्येश्वरीको दर्शन र स्वयंम्भूको उत्पत्ति कथाले नेपाल, प्राचीन कालमा शिव-शक्तिको उपासक देश रहेछ भन्ने थाहा हुन्छ।

मंजुश्री बुद्धले मार्ग कृष्ण दशमीको दिन गुह्येश्वरी विराट स्वरूपको दर्शन पाएको आधारलाई मानेर नै आज पनि गुह्येश्वरीको विशेष जात्रा उक्त दिनमा गरिंदै छ। इतिहासकारहरूले यो तिथिलाई कींहकहीं पौष कृष्ण दशमी भन्ने उल्लेख गरेका छन् र त्यो वंशावली सार्ने व्यक्तिहरूको भूलबाट भएको हुन सक्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उक्त ज.त्रामा पनि पहिले मार्ग कृष्ण नवमीका दिन ध्वजोत्थान (लिङ्गो खडा गर्ने काम) गरिन्छ र त्यसपछि नै जात्रा शुरु हुन्छ। दशमीका दिन लिङ्गो ढालेर जात्रा विसर्जन गरिन्छ। यो ध्वजोत्थानको परम्परा श्री ५ रण बहादुर शाहले चलाएको अनुश्रुति पाइएता पनि जात्राले भने ज्यादै प्राचीन समयको मान्यतालाई प्रख्यापित गर्दछ।

काठमाडौं, हाँडीगाउँको जात्रामा ध्वजोत्थान

काठमाडौंको लिच्छविकालीन वस्ति भनिएको हाँडीगाउँ (हरि-गाउँ?) मा पनि ध्वजोत्थान गर्ने परम्परा कायम छ। यो प्रथा कहिल्यैदेखि शुरु भएको हो भन्ने कुराको प्रमाण पाउन सकिएको छैन। नेपालको प्रसिद्ध कैलास-कूट भवन यहीं रहेको हुनुपर्छ भन्ने इतिहासविद्हरूको तर्क छ। श्री अंशुवर्मा-द्वारा राखेको देवताको सलामी भाग छुट्याएको शिलापत्र यसै क्षेत्रमा पाइ-एको हुँदा शंका गर्ने ठाउँ पनि छ।

यहाँको डबलीमा चैत्र शुक्ल अष्टमीका दिन ध्वजोत्थान गरिन्छ। यो कार्य सम्पन्न गर्ने १२ जना गुठियार छन् र ११ रोपनी खेत गुठी राखिएको छ। हाँडी गाउँकै भूतेश्वरको मन्दिरअगाडि पनि सोही दिन लिङ्गो खडा गरिन्छ। हर्ष नारायण भन्ने एउटा व्यक्तिले यो संचालन गर्दछन्। गुठीमा खेत रोपनी २ राखिएको छ। ८ दिन पछि पूर्णिमाको दिन ध्वजा ढालिन्छ।

ललितपुर सुनागुठी

ललितपुर शहरको दक्षिण भागमा सुनागुठी भन्ने ठाउँ छ। त्यहाँ स्वर्णेश्वर महादेवको मन्दिर छ। शायद महादेवकै नाउँबाट यस ठाउँलाई सुना-गुठी भनिएको हो।

यहाँ चैत्रशुक्ल पूर्णिमाको दिन मेला (जात्रा) लाग्दछ। यो जात्रा गर्नु भन्दा अगाडि लिङ्गो गाढेर ध्वजोत्थान गरिन्छ। चैत्रशुक्ल पूर्णिमाको दिन चापागाउँ, लेले, टीकाभैरव, आदि ठाउँमा पनि जात्रा लाग्दछन्। काठमाडौं जिल्लामा पर्ने बालाजूको २२ धारा नुहाउने जात्रा पनि यसै दिन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लाग्ने गरेको छ । चैत्र, वैशाख, जेठ, र आषाढका पूर्णिमाहरूमा नेपाल अधिराज्य भित्रका अधिकांश ठाउँमा विशेष पूजा पर्व मेला जात्राहरू लाग्ने गरेको पाइन्छ । खास गरेर शिवजी, देवी र लोक देवताका जात्राहरू उक्त वेलामा नै गरिन्छन् ।

पश्चिम १ नं. मा पर्ने नुवाकोटको भैरवीको जात्रा

पश्चिम क्षेत्रको काठमाडौं नजीकैमा पर्ने नुवाकोटले इतिहासमा कैयन पटक राजधानी हुने सौभाग्य प्राप्त गरेको छ । लिच्छविकालमा पनि यो क्षेत्रमा सामन्त राजाहरूको अस्तित्व भएको कुरा इतिहासको परिशीलन गर्दा थाहा पाइन्छ भने, मल्लकालमा पनि यस्तो स्थिति रहेको बोध हुन्छ । पछिल्लो मल्लकालमा यो काठमाडौंका राजाहरूको मातहतमा रहेको भएता पनि मुख्य गढीको रूपमा विशिष्ट भारदारले प्रशासन गरेको थाहा हुन्छ । यसको विकाश पनि प्राचीन शहरका रूपमा भएको र काठमाडौंकै देखासिकीमा यहाँ पनि असन, इन्द्रचोक आदि टोलका नाउँ रहेको पाइन्छ । साथै हिलेजात्रा लाखेजात्रा, गाईजात्रा र कृष्णजात्रा (कृष्णाष्टमी) आदि पनि काठमाडौंकै अनुकरणमा हुन्थे ।

यो ठाउँमा प्रसिद्ध र साक्षात् फलदात्री भनेर मानिएकी भगवती भैरवीको स्थान छ । अन्य देवी देवता पनि प्रशस्तै छन् । त्यहाँ रहेकी भैरवी र वूढीदेवता (जसलाई भैरवीकी आमा भन्ने लोकोक्ति चलेको पाइन्छ) को स्थानमा पनि ध्वजोत्थान गरी जात्रा शुरु हुन्छ ।

फाल्गुनको पूर्णिमामा फौवा मनाएपछि ज्योतिषीबाट प्राप्त साइतमा लिङ्गो काट्ने र ल्याउने चलन छ । यो लिङ्गाको नाप, साइज ४२ हात अग्लो र तदनुसार, ल्याउन सकिने गरी ताछतुछ पारेको गोलाई हुन्छ । नटुटुन्जेल पुरानै लिङ्गोबाट पनि काम चलाउन पाइने हुँदा प्रतिवर्ष दुइटा लिङ्गो काट्ने चलन भने छैन । टुट्यो भाँचियो भने तुरुन्त अर्को खडा गर्नु पर्ने हुँदा प्रति वर्ष एउटा भने ल्याउनै पर्छ । यो पहिले गुठीको जगगा खाने गाउँलेहरूले काटी ल्याई दिन्थे । आजकल त्यो परंपरा टुटेकोले पूजा पर्व चलाउने व्यवस्था भएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो ध्वजोत्थान, चैत्र कृष्ण चतुर्दशीका दिन गरिन्छ । भैरवीमा एक र बूढीदेवताको स्थान अगाडि अर्को लिङ्गो उभ्भाएपछि चैत्र शुक्ल प्रतिपदा(चैते दशैं) देखि दैनिक पूजा पाठ बलिदानको काम हुँदै जान्छन् । दशैं पर्व सकिए-पछि साधारणतया दशमीका दिन लिङ्गो ढालिन्छ । दशमीका दिन शनि मंगलवार पऱ्यो भने नवमीकै दिन लिङ्गो ढाल्नु पर्छ । चैत्र शुक्ल पूर्णिमाको दिनमा भैरवीको मुख्य जात्रा हुन्छ र यसै दिन नुवाकोट भन्दा ३ कोश तल रहेकी जालपादेवीको पनि विशेष पूजा आजा बलिदान हुन्छ । जालपादेवी देवीघाट (तादी र त्रिशूली नदीको संगम) मा रहेकी छन् ।

भैरवीको अर्को प्रसिद्ध जात्रा, 'सिन्दूर जात्रा' पनि हो । यो जात्रा चाहीं वैशाख कृष्ण द्वितीयाको दिनमा पर्दछ ।

लमजुङ

लमजुङ जिल्ला प्राचीन कालदेखि नै शाहवंशको राज्य भए पनि लिङ्गो ल्याउने कुनै निश्चित पर्व दिन भने पाइँदैन । शाहवंशको कुल देवीको रूपमा पूजित लमजुङ कालिकाको र तुर्लुङकोट कालिकाको पूजामा पंचबलि गर्ने भाकल भए, पूजा गर्दा बाजागाजा सहित बाँसको लिङ्गा काटेर ध्वजा-पताकाले शिंगारी लगेर उभ्याउने चलन छ । त्यसबाहेक अन्य निश्चित परंपरा रहेको थाहा पाइएको छैन । ईशानेश्वर महादेव पनि लमजुङमा प्रसिद्ध छन् र शिवरात्रीको दिन मेला लाग्छ । वंशध्वजोत्थान पनि हुन्छ ।

कास्की

कास्की (पोखरा) जिल्लामा पनि मध्यकालमा चौबीसे राज्यको गणनामा आउने राज्य थियो । कास्की कोटकी गुप्त कालिका देवीको प्रसिद्ध मन्दिर कास्की कोट भन्ने ठाउँमा फेवाताल भन्दा पूर्व पट्टिको पाखामा रहेको छ । यस्तै पोखरा बजारको सिरानमा विन्ध्य-वासिनी भगवतीको मन्दिर पनि प्रसिद्ध छ यस्तै दशैं तथा बडा दशैंपर्वमा देवी पीठहरूमा विशेष पर्व पूजा हुने शास्त्रीय परंपरा नै हो र यहाँ कास्कीकोटमा श्री ५ को सरकाबाट विन्ध्य-वासिनीमा गुठी संस्थानबाट पूजा पर्वको निम्ति खर्च जाने गरेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यी दुवै देवस्थलको गुठी जगा पनि छ । गुप्तकालिकाको दशैं पर्वमा सङ्ग खेल्ने चलन छ । जसको निम्ति स्थानीय कँवरहरू ठेगिएका छन् ।

तनहूँ

तनहूँ जिल्लाको राज्य-व्यवस्थाको इतिहास सेन वंशीहरूबाट शुरु हुन्छ । यो भन्दा प्राचीन व्यवस्था के कस्तो थियो भन्न सकिँदैन । त्यस जिल्लामा तनहूँ शूरकी कालिका, थाङ गा. पं. मा, सिद्धेश्वर महादेव, पार्वती कालिका र भैरवका मन्दिरहरू छन् । छाङ गा. पं. छाङमा देवीको मन्दिर छ । यहाँ कुण्ड छ र देवी मन्दिरमा धेरै शालग्राम राखेर पनि पूजा गरिन्छ। देवीहरूको मन्दिरमा चैतेदशैं र बढादशैंमा विशेष पर्वको पूजा हुन्छ, मेला लाग्दछ । किन्तु अन्यत्रको जस्तै लिङ्गो उभ्याउने चलन यहाँ पाइएन । त्यस्तै थांपद वाराही, गुणादि वाराही र ढोर वाराही पनि तनहूँका प्रसिद्ध देव पीठ हुन् । यहाँ पनि पूर्णिमा, बुधवार पूजा र बलिदान हुन्छ । ध्वजोत्थानको परंपरा भने छैन । यी देवता र ग्राम देवता वा लोकदेवताहरू पनि पूजिन्छन्। त्यस्ता ठाउँमा पनि साधारण ध्वजा पताका मात्रै चढ्दछन् । देवी मन्दिरमा पञ्चवलि गर्दा तोरण ध्वजा चढाइन्छ । लिङ्गाको अनिवार्य परंपरा भने छैन।

शिव मन्दिरमा शिवरात्रीमा विशेष पूजा र जात्रा हुन्छ । सिद्धेश्वरमा रोट चढाउने चलन छ । त्यहाँ सन्यासी पूजारी भए पनि यो नाथ-पंथीहरूको परंपरा चलेको बुझिन्छ । थाङ हटिया प्राचीन कोट (गढ) हो यहाँ मौलो छ र दशैंमा ३ रांगाको वलि दिने चलन छँदै छ ।

बाराही वा बाराह, मध्यपश्चिम नेपालका प्राचीन वासिन्दा मगर-हरूको कुल देवताको रूपमा पनि पाइन्छ । ब्राह्मण, ठकुरी, खश क्षत्रियहरूले पनि कैय्यन ठाउँमा मष्टा सँगै वाराह मष्टा भनेर पनि पूजा गरेका हुन्छन्। कसैले वाराहलाई विष्णु मानेर सात्विक पूजा गर्छन् र कहीं बलिदान पनि गर्दछन् । यो सम्बन्धमा सांस्कृतिक विवेचना गर्न यहाँ संभव छैन । खास गरेर लिङ्गो उभ्याउने परंपराको मात्र यहाँ दिग्दर्शन गर्ने प्रयत्न गरिएको छ।

पालपा-ऋषिकेश

पालपा पश्चिम नेपालको प्रसिद्ध ठाउँ हो । यहाँ सेन-वंशी ठकुरी-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हरूलें राज्य स्थापना गरी सोह्रौं शताब्दीका मध्यतिर विशाल साम्राज्य खडा गरेका थिए । ठूलो साम्राज्य खडा गर्ने मुकुन्द सेन प्रथम हुन् । यिनी अन्तिम अवस्थामा योगी भएकोले मुनि मुकुन्द सेनको नाउँले इतिहास र लोकोक्तिमा प्रसिद्ध छन् । हिन्दूराजा भएको यस ठाउँमा इन्द्रजात्रको परंपरा भने पाइएन । यिनले स्थापना गरेका ऋषिकेश भगवानको मन्दिर रिडी खोला र काली नदीको संगमनिर रुरुक्षेत्र (रिडी) मा छ । तानसेनबाट ४ कोश पश्चिम पर्दछ र माघे संक्रान्तिमा मेला लाग्दछ ।

भैरव

पाल्पाको मुख्य राजधानी बन्ने सौभाग्य पाएको तानसेन शहरमा सेन-वंशीहरूका पालामा स्थापना भएका नगर–देवताहरूको अस्तित्व पाइएन । सेनहरूको पालामा तांत्रिक परंपरा विकसित रूपमा भएकोले उग्र रूप भैरवको पूजा उपासना हुन्थ्यो कि भन्ने शंका हुन्छ । तानसेन बजारबाट २ कोश टाढा रहेको कीर्तिमुख भैरवलाई मुकुन्द सेन प्रथमको राज्यव्यवस्थासँग जोड्ने किंवदन्ती हरू सुन्न पाइन्छ । जैमन नामका ऋषिले गण्डकीको जल ल्याई शिला (भैरव) लाई स्नान गर्ने गरेकोले गण्डकी प्रसन्न भई "अब यहाँ आउनु पर्दैन, भैरव स्थान मुनिको धारामा यहाँको जल पुग्ने छ" भनेकोले त्यहीं धाराको जलबाट स्नान गराउने चलन चल्यो । उक्त धाराको जलबाट शालिग्राम पनि आउने गरेको छ भन्ने किम्वदन्ती छ । यिनै भैरवको कृपाले मुनि मुकुन्द सेनले राज्य विस्तार गरेका थिए भन्ने पनि अनुश्रुतिहुँदा भैरवको प्राचीनताबारे थाहा पाइन्छ । यहाँ प्रति दिन रोट चढाउने परंपरा हुँदा नाथ–सम्प्रदायसँग संबन्धित भएको र बलि चड्ने, मंगलवार र शनिवार विशेष दर्शनार्थीहरूको भीड लाग्ने भएकोले पनि उक्त कुराको पुष्टि हुन्छ । गणेश, नन्दी र अङ्ग देवताको साथै श्री चक्रको स्थापना भएकोले पनि नाथसम्प्रदायको संबन्ध थाहा हुन्छ ।

भगवती - रण उजरेश्वरी (नारायणी)

तानसेन शहरमा प्रसिद्ध रण उजरेश्वरी भगवतीको मन्दिर र श्री अमरनारायणको मन्दिर छ । यी मन्दिरहरू नेपालको एकीकरण पछिका हुन् । सेनवंशीको पतनपछि पालपाका प्रशासक भएर जाने काजी अमर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिंह थापाले अमरनारायण स्थापना गरेर गुठी राखे । उजिर सिंह थापाले लडाई जित्ने भाकल गरी कार्य सिद्धि भएपछि भगवतीको स्थापना गरेका थिए । भाद्र कृष्णाअष्टमी (कृष्ण-जन्माष्टमी) को दिन भगवतीको रथयात्रा हुने परंपरा रहेकोले पौराणिक कथाअनुसार विष्णुकी योगमाया गोकुलमा यशोदाका गर्भबाट त्यसै दिन जन्मेकी थिइन् र कृष्णलाई लुकाउन लगेका वसुदेवले छोरालाई त्यहीं छाडी, सट्टामा योगमाया छोरी लिएर फर्केका थिए। कंशले थाहा पाई देवकीको गर्भ भनी मार्न खोज्दा आकाशमा उडी गइन् र पछि विन्ध्यवासिनीको नाउँले विन्ध्याचलमा निवास गरिन्, भनिन्छ । यसकारण, उजरेश्वरी भगवतीको मान्यता, नारायणी, योगमाया, विन्ध्यवासिनीको रूपमा रहेको जन्माष्टमी पर्व जात्राबाट अनुमान गर्न सकिन्छ। भगवतीको स्थापना १८७८ साल वैशाखमा भएको हो । लिङ्गाको परंपरा यहां छैन ।

अमर नारायण

तानसेनको प्रसिद्ध अमर नारायण मन्दिर वि. सं. १८६३ मा निर्माण भएको हो । यहाँ चैत्र र आश्विनको विजया दशमी, कृष्णाष्टमी र कार्तिक पूर्णिमामा विशेष जात्रा पर्व हुन्छ । यहाँ पनि ध्वजोत्थान गरी पर्व गर्ने चलन छैन ।

अन्यान्य देवी देवता

राम जानकी, लक्ष्मी नारायण, रैना देवी, रम्भा देवी, माझा देवी, कलंकी देवी, सत्येश्वर महादेव, खड्गभक्तेश्वर महादेव आदि नयाँ पुराना देवस्थलहरू र तिनको पूजाआजाको निस्ती गुठी जग्गा जमिनको व्यवस्था भएको पनि पाइन्छ । ध्वजोत्थानको चर्चित परंपरा भने पाइदैन ।

अर्घाखाँचो जिल्ला

अर्घाखाँची क्षेत्र मध्यकालमा राज्यको रूपमा रहेको पाइन्छ र नेपालको एकीकरणपछि पाल्पा अन्तर्गत रह्यो । गुल्मी जिल्ला अलग भए-पछि गुल्मी अन्तर्गत र •१७ साल पछि छुट्टै जिल्ला बनेको हो । चौबीसे

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राज्य कालमा अर्घा र खाँचीको अलग अलग अस्तित्व थियो । राज्य क्षेत्र भएकोले यहाँ पनि परंपरा अनुसार देवी देवता र लोक देवताको मान्यता रहेको पाइन्छ ।

अर्घा – कालिका (अर्घाखांची जिल्ला)

अर्घा गा पं १ नं वडामा कालिकाको मन्दिर छ । यो मन्दिरले चौबीसे राज्यकालदेखिकै परंपरा अँगालेकोले प्राचीन हो भन्नेमा संदेह रहँदैन । यो कालिका देवीको दशैं पर्वमा विशेष रूपले पूजा आजा हुन्छ । आश्विन शुक्ल परेवाका दिन कालिकाको निम्ति मसुरी कटुसको ५२ हातको मूल लिङ्गो ल्याएर ध्वजोत्थान गरिन्छ । मूल लिङ्गाको वरिपरि साना साना ६४ लिङ्गा ६४ योगिनीको निम्ति भनी उभ्याउने चलन छ । यस बाहेक पाँच लिङ्गामा आलम (ध्वजा) पनि उभ्याइन्छ ।

मूल स्तंभमा पाँचोटा साना साना लिङ्गा टांसेर बाबियाका जुइनाले बांधेर उभ्याइएको हुन्छ । लिङ्गा अगाडि कालिकाको मौलो छ जहां दशैं भरि बलि हुन्छ ।

त्यस क्षेत्रमा गाइने जाति धेरै भएकोले उनीहरूले पनि एउटा लिङ्गामा 'आलम' बाँधेर उभ्याउँछन् जसलाई जेठी आलम भनिन्छ । यिनीहरूका देवताको छुट्टै मन्दिर छ । शुद्ध पवित्र भएर हविष्य खाएर गाइनेहरूले यो पर्वमा उपासना गर्दछन् । माथि उल्लेख भएका पाँच आलममा चार अरूको र एक गाइनेको समेत गरी पाँचको संख्या भएको हो ।

दशैंको प्रतिपदादेखि विजयादशमीसम्म र एकादशी छाडि, पूर्णिमासम्म नै पूजा पर्व चलि नै रहन्छ । मौलामा काटिएका राँगा बोकाको रक्त लिङ्गाहरूमा पनि चढाइन्छ ।

यो परंपरा– अर्घाका राजाबाट चलाइएको हो र नेपालको एकीकरणपछि नेपालका श्री ५ महाराजाधिराजकै नाउँबाट यो पूजा पर्वको संकल्प गरिन्छ । गाइनेहरू पनि १५ दिनसम्म नै पूजा उपासनामा संलग्न रहन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्णिमाको दिन लिङ्गाहरू उखेली विसर्जन गर्न लैजान्छन् । यस पर्वमा पहिले गाइनेहरूको जेठी आलम लैजानुपर्छ । लिङ्गा सेलाउने ठाउँमा झिक्रे देवताको स्थान छ । त्यहाँ लगी विसर्जन गरिन्छ र तीन वर्षसम्म ती लिङ्गाहरू राखि-छाड्ने चलन छ । झिक्रे देवताको त्यसै बेला पूजा हुन्छ । कालिकाको दैनिक पूजा पनि राजाकै नाउँबाट संकल्प गरी गर्ने परंपरा रहेको छ ।

छत्रदेवता

छत्रगंज भन्ने ठाउँमा छत्रदेवता (छत्र महाराज) को स्थान छ। यहाँ पनि दशैं पर्वमा विशेष पूजा-आजा हुन्छ। बाँसको लिङ्गो ल्याएर आलम उभ्याइन्छ । छत्र महाराजको नाउँले प्रसिद्ध त्यो देवस्थलमा, हात-हतियारहरू नै मूर्तिको सट्टा राखिएका हुन्छन् । विजया दशमीमा सराय (सरुन) खेल्ने चलन छ । सरुन, हातहतियार हातमा लिएर नाच्ने खेल्ने नक्कली युद्ध गर्ने खेल तमासा हो । यसलाई राम रावण युद्धको प्रतीक भनिन्छ तापनि मध्यकालीन राजाहरूको शक्ति प्रदर्शनको प्रतीक रूपमा चलेको हो भन्न सकिन्छ । यहाँ गाई भैंसी नब्याहेमा भाकल गर्ने र गाई भैंसी ब्याहेपछि, घीउ ल्याएर चढाउने परं-परा पनि चलेको छ।

बलकोटका शिवजी

अर्घा खाँची जिल्लाको बलकोट गा. पं. बलकोटमा लिङ्गेश्वर महा-देवको मन्दिर छ । यहाँ नित्यपूजा र महाशिवरात्रीमा विशेष पूजा हुन्छ। वंश ध्वजोत्थान गरिने परंपरा पनि छ ।

द्यौराली देवी

नेपाली जातिको सांस्कृतिक परंपरामा महाकालीदेखि मेचीसम्म जनसाधारण र विशेष व्यक्तिहरूले पनि मान्दै आएका देव-देवीमध्ये द्यौराली पनि प्रसिद्ध देवी हुन् । डांडाको भञ्ज्याङमा ढुङ्गाको थुप्रो नै द्यौरालीको मन्दिर र मूर्ति हो । प्रत्येक बटोहीले त्यो ठाउँबाट यताउता लाग्दा, सानो ढुङ्गो र ठाउँ विशेषको पाती देउरालीलाई चढाएर मात्र अघि बढ्छ । द्यौराली

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुनै ठाउँमा यत्तिकैले संतोष गर्दछिन् र कहिँ कहिँ भने विशेष पूजा र वलिदान पनि लिन्छिन् । नेपालीहरूको आहवनीय विधि-(अग्निस्थापना) मा पनि द्यौरालीलाई हवन गर्ने विधि छ । कसैकसैले चण्डीद्यौरालीको नाउँले कुलपूजा र गोष्ठ पूजा गर्दा पनि यिनलाई विशेष पूजा गर्दछन् । मोही पारेर धूप हाल्दा पनि द्यौरालीलाई भाग पर सारिन्छ । द्यौराली पूज्ने जातिवर्ग छुट्टिँदैन ।

अर्घा खाँची जिल्लामा सीतापुर गा. प. अन्तर्गत सुरपाकी द्यौराली निकै प्रसिद्ध छन् । यहाँ देशविदेश जानेहरूले, धन आर्जनको निम्ति र विद्याप्राप्ति, तथा जागिरको निम्ति पनि भाकल गर्दछन् । द्यौरालीले भक्तहरूको मनोकामना पूरा गरिदिन्छिन् । यसपछि उनलाई पूजा गरी पाठीको बलि दिइन्छ। शयौं हजारौं संख्यामा बलिदान हुने स्थितिमा पुगेकी द्यौराली, सुर्पाकी द्यौराली नामले नै प्रसिद्ध छन् ।

कुलबराह

हंसपुर गा. पं. हंसपुरमा कुल बराहको स्थान छ । बराह नेपाली संस्कृतिमा विशेषरूपले पूजिने प्राचीन देवताभित्र पर्दछन् । बराह वा बाराहीको पौराणिक कथामा मिल्ने नै अनुश्रुति र लोकधारणा भए पनि बराहको मूर्ति भने, कमै ठाउँमा पाइन्छ । रूपाङ्कन नभएको शिलामा नै अधिकांश ठाउँमा पूजा हुन्छ र बलिदान गरिन्छ । खास गरेर मगरात क्षेत्रमा अत्यधिक बराह छन् । मगर जातिका कुलदेवता र इष्टदेवताको रूपमा सर्वत्र पूजित बराहको सांस्कृतिक अन्वेषणमा पनि पृथ्वीको उद्धार गर्ने आदि बराहकै पौराणिक गाथासँग मिल्ने लोकोक्ति पाइन्छ । तर पश्चिम नेपालका बराह वा बाराही स्थानमा राँगा, बोका, भेंडा, सुँगूरको बलि हुन्छ ।

आर्को सांस्कृतिक धाराको विकासचाहिं के हो भने, ब्राह्मण क्षत्रिय वर्गले पूज्न थालेपछिका बराहचाहिं सात्विक विष्णुरूप भएका छन् ।

सांस्कृतिक अन्वेषण गर्दै जाँदा, कुल पूजामा बराहको पूजा सम्मिलित गर्ने ब्राह्मण वा क्षत्रियहरूको मूल थलो अथवा ८।१० पुस्तासम्म बसोवास गरेको ठाउँ खोज्दा मगर संस्कृति भएकै क्षेत्रमा हुन्छ । नेपाली क्षत्री बाहुन मगरका थरहरू बसोवास गरेकै गाउँको नाउँबाट बनेका छन् । एउटै नाउँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएका गाउँहरू विभिन्न अंचल र जिल्लामा पाइन्छन् । त्यसकारण मूल थलो पहिल्याउने काममा भ्रम पर्न सक्दछ । तर कुलदेवता, कुलदेवताका लहरमा मिलेर पूजिने अन्य लोक देवता ग्राम देवताको पनि विधिवत् अध्ययन गर्ने हो भने आदि थलो र त्यसपछि वसँ सरेर ८।१० पुस्ता बितेको थलो छुट्याउन मुश्किल पर्दैन ।

जस्तै– कर्णाली अंचल खतिबाडामा बस्ने अत्रि वा अत्रेय गोत्री ब्राम्हण खतिवडा बनेपछि मध्यपश्चिमाञ्चलमा पर्ने अर्जीमा बस्न थालेपछि अर्जेल भए । जुम्लाबाट ल्याएका मष्टासँग, अर्जीमा मगर संस्कृतिमा पूजिने वराह पनि लोक देवताको रूपमा पूजिन थाले । अर्जेलहरू काठमाडौं आइपुग्दा वराह पनि वैष्णवरूपधारी सात्विक कुलदेवता भएर मष्टाकै लहरमा बस्न पुगे । फरक के भो भने अर्जीमा वलि खाने बराहले दूध र खीर रोटी मात्रै खाने भए । यसरी मष्टाबाट आदि थलो, वराहबाट बीचको थलो छुट्टिन्छ र थप्न विन्ध्यवासिनी पनि थपिइन् भने पोखराको आसपासमा तेस्रो थलो मान्न सकिन्छ । वराहको निम्तिमा भने ध्वजोत्थान गरिने परंपरा पाइएन ।

नृसिंह वा नरसिंह

अर्घाखाँची जिल्लामा अर्को प्रसिद्ध देवस्थल नृसिंहको विशाल शिलामय मूर्ति रहेको ठाउँ हो । यो शिला ५२ हात उचाई र गोलाईको भन्ने श्रुति छ । यस शिला मूर्तिलाई पूजा गर्दा अगल-बगलमा त्यति नै अग्ला लिङ्गा गाडेर त्यसबाट माथि पुगी हतहरका पानीले शिरबाट स्नान गराइन्छ र पूजा गरिन्छ । यो विशाल काय-शिला भएकोले नरसिंहको उग्र मूर्तिको प्रतीक मानिएको बुझिन्छ । यसमा खडा गरिएका लिङ्गा चाँहि ध्वजोत्थानको निम्ति नभएर स्नान र पूजाको सुविधाका लागि मात्रै हो । यी देवताको निम्ति गुठीको व्यवस्था भएको बुझिदैन ।

गुल्मी जिल्ला

गुल्मी जिल्ला चौविसे राज्यहरू खडा भएका वखत नै राज्यको रूपमा रहेको जिल्ला हो । यो जिल्ला अन्तर्गत पूराना राज्यहरूमध्ये मूसीकोट,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धुरकोट, इस्मा, पौंदी गलकोट आदि पर्दछन् । इष्टदेवता ग्रामदेवता र कुलदेवताको पूजा गर्दा विशेष पर्वमा ध्वजोत्थान गर्ने परंपरा रहेको छ । विशाल जुम्लाको राज्य रहेको वेलामा पनि अनेक सामन्त राजाहरू थिए । यिनीहरूलाई माण्डलिक भनिन्थ्यो ।

जुम्ला सिजाको राज्य-शक्ति क्षीण हुँदै गएपछि अधीनस्थ माण्डलिक राजाहरू स्वतंत्र हुँदै गए, जसको विकास बाइसी राज्य भन्न सकिन्छ ।

बाइसी राज्य अन्तर्गत विकसित संस्कृति नै चौबिसी राज्यको मूल आधार भएकोले चौविसी राज्य अन्तर्गतका देवमन्दिरमा पर्वको दिन ध्वजोत्थान गर्ने परंपरा रहेको छ ।

१. छत्र देवता (पौंदी)

पौंदी अमरार्ही गा. पं. (गुल्मी)मा छत्रदेवताको मन्दिर छ । यहाँ परंपरा अनुसार वडा दशैंको पर्वमा विशेष पूजा-आजा हुँदा ध्वजोत्थान गर्ने परंपरा छ । पहिले कटिवाँस (कट-बाँस) को लिङ्गो ल्याएर खडा गरिन्थ्यो । आजकल उक्त बाँसको अभाव भएकोले मुसुरी कटिस (लकडी) को लिङ्गो ल्याएर ध्वजोत्थान गरिन्छ । छत्र देवताको मन्दिरमा मूर्तिको सट्टा हातहतियार छन्, ओदान पनि देवताको रूपमा रहेका छन् र पूजा हुन्छ । हात-हतियार भएको ठाउँमा शक्तिको आराधना हुन्छ । शायद राज्यको छत्र यहाँ रहेकोले छत्र देवता भनिएको हो कि, अनुसंधान बाँकी नै छ ।

२. इस्मा (खड्गदेवता)

इस्मा पनि प्राचीन राज्य नै हो । दोहोरी भन्ने ठाउँमा खड्ग देवता (खड्ग देवी) को बडा दशैंमा पूजा हुन्छ र यहाँ पनि उक्त पर्वमा ध्वजोत्थान गरिन्छ ।

३. तम्घास (रैनादेवी) गुल्मी

गुल्मी जिल्लाको सदर मुकाम रहेको ठाउँ तंघास हो । यहाँ ढाइयुम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने ठाउँमा रेना देवीको पूजा हुन्छ । यस ठाउँलाई कोट भनिन्छ । कोट (कोत) राज्यको मुख्य ठाउँ हो । यहाँकी देवीलाई नौवहिनी भन्ने चलन हुँदा नवदुर्गाको उपासना हुँदोरहेछ भन्ने थाहा हुन्छ । यहाँ पनि दशैं पर्वमा लिङ्गो ल्याई ध्वजोत्थान गरेपछि पूजा आजा गरिन्छ ।

४. मूसीकोट (खड्गदेवता)

मुसीकोट पनि मध्यकालमा एउटै राज्य थियो । यहाँ पनि खड्ग देवता (खड्गदेवी) को स्थान छ । बडागाउँ गा. पं. मा रहेको यो देवताका मन्दिरमा पनि बडादशैंको पर्वमा ध्वजोत्थान गरी विशेष पूजापर्व चल्दछ। पश्चिम नेपालका अधिकांश जिल्लामा लिङ्गोमा टाँगिने ध्वजालाई 'आलम' भन्दछन्, यो एक मीटर कपडाको हुन्छ । यहाँ जेठो राँगो (वलि) को निम्ति जसको घरमा जन्मेको भए-पनि देवींको निम्ति भनी ढाप मारे॰ पछि पाको हुन्छ । अहिले पनि रु. १।५० ले त्यो राँगो दिनैपर्छ र त्यो वलि भएपछि मात्र अरु बलि हुन्छ ।

धुरकोट (खड्गदेवता)

धुरकोट पनि एउटा राज्य थियो । यसै कारण, यहाँ पनि खड्गमा देवताको भावनाले पूजा गर्ने चलन चल्यो । प्राचीन समयमा 'खड्ग सिद्धि' गर्ने पूजा आजा हुन्थ्यो । उपत्यका भित्र पनि यस्तो परंपरा रहेको पाइन्छ । पचली (पंचलिङ्ग) भैरवको दशैंमा हुने जात्रा पनि यसै परंपरा हो ।

धुरकोटको खड्ग देवतामा पनि बडादशैंको पूजापर्वमा लिङ्गो ल्याएर आलम बाँधी खडा गरिन्छ ।

यस्तै गुल्मी जिल्लाभित्र पर्ने अन्य देवस्थलमा पनि ध्वजोत्थानको परंपरा छ । यहाँ केवल लिङ्गो खडा गर्ने सांस्कृतिक पक्षलाई दिग्दर्शन गर्न मात्र उल्लेख गरियो सबै ठाउँको विवरण दिन संभव भएन ।

उपर्युक्त मुसीकोट, धुर्कोट, इस्मा, पौंदी, आदि ठाउँमा ध्वजोत्थान गरी खड्ग देवताको पूजा गरिन्छन् भने, त्यहाँ दशैंपर्वमा सरायँ, खेल्ने चलन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि व्यापक रूपमा रहेको छ। हातमा खड्ग तरवार आदि हतियार लिई नाच्ने खेल्ने तमासालाई सरायँ भन्दछन्। यो विजयादशमीको दिनमा, रामको विजय, देवीको विजय, आदिलाई संस्मरण गर्न, आयुध प्रदर्शन गर्ने परंपरा चलेको भएता पनि आजभोलि यो पर्व, मनोरञ्जन गर्ने मूल साधन भएको छ। यसकारण, यो खड्ग प्रदर्शन जात्रा, आज यहाँ, भोलि वाहाँ, गरेर दशैं भरि नै खोलिने चलन चलेको थाहा भएको छ।

वागलुङ र पर्वत जिल्ला

पर्वत जिल्लामा कुस्मा गाउँ पंचायत अन्तर्गत नृसिह भगवान्, महादेव, गुप्तेश्वर महादेव, कुस्मा बजारमा नारायण आदि देवताको मन्दिर छ। यी देवताहरूको निम्ति धेरै नै जग्गा जमीन गुठी रहेका छन्। किन्तु यी देवालयहरूमा हुने विशेष पर्वमा लिङ्गो खडा गर्ने चलन पाइएन।

वाग्लुङ – वाग्लुङ जिल्लामा कालिका देवीको प्रसिद्ध मन्दिर छ। यहाँ चैत्र दशैंमा ठूलो मेला (जात्रा) लाग्दछ र विशेष पूजा आजा हुन्छ। त्यहाँ भने ध्वजोत्थान गरिन्छ। अर्को भूमेस्थान भनिने देव मन्दिरमा सिमे भूमे देवताको पीठमा बडादशैं पर्वमा पूजा आजा हुन्छ। त्यहाँ पनि लिङ्गो उभ्याउने चलन रहेको थाहा भएको छ।

पाक्जाकोट, भन्ने ठाउँमा मध्यकालीन मल्ल राजाहरूको मौलो रहेको छ। यहाँ, मल्लहरूको कोतपूजा हुन्थ्यो र आजकाल पनि दशैंमा मौलाको पूजा हुन्छ। यहाँ मौलोसँगै लिङ्गो खडा गर्ने चलन रहेको थाहा भएको छ। प्रायशः लोक देवता र भगवती पीठको पर्व पूजामा ध्वजोत्थानको चलन छ।

१. सल्यान (फलावाङ)

फलावाङ सल्यानमा गोरख पन्थी प्रसिद्ध सिद्ध रतननाथको मन्दिर छ। त्यसै मन्दिरमा गोरखनाथको पनि स्थापना गरिएको छ। यस ठाउँमा प्रत्येक वर्ष ज्येष्ठ महीनाको पहिलो मंगलबारको दिन विशेष पूजा गर्ने पर्व

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ । त्यस पर्वको दिन बाँसको अथवा सल्लाको लिङ्गो काटेर ल्याई मन्दिरअगाडि ध्वजोत्थान गरिन्छ ।

२. पाञ्चायन देवता

वाहुनडाँगी भन्ने ठाउँमा पाञ्चायन देवताको स्थान छ । यस ठाउँमा गुरु पूर्णिमा (आषाढ पूर्णिमा) को दिन बाँसको लिङ्गो ल्याएर ध्वजापताकाले शिंगारेर उभ्याउने चलन छ । यो वर्ष दिनमा मात्र फेरिन्छ ।

३. सप्तेश्वर महादेव (सल्यान)

गैह्रा दाही (सल्यान)मा सप्तेश्वर महादेवको मन्दिर छ । त्यहाँ पनि गुरु पूर्णिमाको दिन बाँसको लिङ्गो ल्याएर ध्वजोत्थान गरिन्छ । महाशिवरात्री पर्वमा त्यो लिङ्गो बदलेर नयाँ लिङ्गो खडा गर्दछन् । यो परंपरा पहिले राज्यबाट चल्दथ्यो, हाल श्री ५ को सरकारबाट चलाइन्छ र पूजा खर्च सल्यान मालबाट दिने गरिएको छ ।

४. दरेल दाही (सल्यान)

दरेल दाहीमा उपन्तनाथ सिद्धको स्थान छ । यहाँ पनि प्रत्येक वर्षको ज्येष्ठ महिनाको पहिलो मंगलावरको दिनमा विशेष पर्व पर्ने हुनाले बाँस ल्याएर ध्वजोत्थान गरिन्छ । यो लिङ्गो बडादशैंको महाअष्टमी पर्वमा बदलेर नयाँ उभ्याइन्छ । वार्षिक १००।–रूपैया पूजा खर्च भनी श्री ५ को सरकारबाट जाने गरेको छ ।

५. ल्वाम जिउलाका महादेव

ल्वाम जिउला भन्ने ठाउँमा शिव मन्दिर छ । यहाँ पनि बडा दशैंमा बाँसको लिङ्गो ध्वजापताका सहित खडा गरिन्छ र महाशिवरात्रीको पर्वमा बदल्ने चलन छ । यहाँको पर्वपूजाको निम्ति पनि वार्षिक रु.२००। श्री ५ को सरकारबाट जाने गरेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६. कोटालदाही सल्याम

फलावाङ– कोटालदाही भन्ने ठाउँमा श्रीकालिका भगवतीको मन्दिर छ । ब्राह्मण पूजारी छन् । गुठीको जग्गा पनि छ र श्री ५ को सरकारबाट रू १००। पूजा खर्च जाने गरेको छ । यहाँ पनि बडा दशैंको पर्वमा श्री को ध्वजोत्थान गर्ने परंपरा रहेको छ ।

दाङ जिल्ला

फलावाङ (सल्यान) का सिद्ध रतननाथ, गोरखनाथ र सिद्ध वालानाथका मूर्तिहरू मार्ग महीनाको दोस्रो हप्तामा मंगलवारको दिन दाङ तुलसीपुरमा ल्याउने परंपरा छ । माघ महीनाको पहिलो मङ्गलवारको दिनमा सालको लिङ्गो काटेर ल्याइन्छ र माघको दोस्रो मङ्गलवारको दिनमा सिद्ध वालानाथको विशेष पूजा र भन्डारा (भोज) गर्दा ध्वजोत्थान गरिन्छ ।

चौघराका सिद्ध रतननाथ (दाङ)

दाङ जिल्लाको चौघरा भन्ने ठाउँमा श्री सिद्ध रतननाथको मठ छ । त्यस ठाउँमा पनि ज्येष्ठ महीनाको पहिलो मंगलवारको दिनमा नै लिङ्गो ल्याएर ध्वजोत्थान गरिन्छ । बडा दशैं पर्वमा उक्त लिङ्गो नयाँ फेरिन्छ ।

पिउठान जिल्ला

पिउठान जिल्लामा पर्ने प्रसिद्ध धार्मिक स्थल स्वर्गद्वारी हो । यहाँ स्वर्गद्वारी प्रभु भनिने सिद्धले आश्रम खडा गरी नित्य हवन, वेद पाठ, साधुसन्तलाई भोजन, पाठशाला, गोशाला आदिको व्यवस्था मिलाई संचालन गरेका र आज पनि त्यो परंपरा कायम नै रहेकोले प्रसिद्ध धार्मिक स्थलमा गनिन्छ । यहाँ स्थापित देवदेवताहरूले त्यति प्राचीन परंपराको निर्वाह गर्दैनन् । प्यूठान-जुम्लाबाट छुट्टिने जातिहरूले राज्य गरेको र बसोवास गरेको जिल्ला भएकोले, जुम्ला राज्यका देवी देवता र सांस्कृतिक परंपराले यहाँ प्रतिनिधित्व गर्दछन् ।

जाजरकोट जिल्ला

जाजरकोट जिल्लाका वासिन्दाहरूले प्रख्यात् देवताको रूपमा मान्दै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आएका देवता 'रागामाजिला' हुन् । यी देवताको शास्त्रीय परंपरा नपाइने भएकोले लोक देवता हुन् भन्ने थाहा हुन्छ । वाराईकोट भन्ने ठाउँमा यिनको स्थान छ ।

१. कोटाला

कोटाला भन्ने देवताको स्थान नासकवाडा गा. प. मैना गाउ भन्ने ठाउँमा पर्दछ । उक्त दुवै देवताका पूजारी र धामी छुट्टा छुट्टै छन् ।

यी दुवै लोक देवताको निम्ति ज्येष्ठ शुक्ल पूर्णिमाको दिनमा जङ्गलबाट सल्लाको लिङ्गो काटेर ल्याई ध्वजापताकासहित खडा गर्नु पर्दछ । उक्त दिनमा ठूलो जात्रा लाग्दछ । स्थानीय बोलीमा लिङ्गोलाई 'टाँगा' भन्दछन् ।

२. खड्गदेवता वा खड्गदेवी

जगतीपुर गा. पं. कुटु बटाला गाउँमा खड्गदेवी छन् । पत्थरका खड्ग र अन्य हतियार पनि त्यहाँ छन् । बडा दशैंको पर्वमा ध्वजोत्थान गरिन्छ । सदर मुकाममा खड्ग देवीको प्रतीक पुऱ्याएर भुरे टाकुरे राजाको 'मौलो' भन्ने ठाउँमा अष्टमीका दिन बलि दिने चलन छ ।

३. साई कुमारी ठाकुरज्यू

जाजरकोट कर्णाली नदीको सीमानामा श्रावण शुक्ल एकादशीदेखि पूर्णिमाको दिनसम्म मेला लाग्दछ । मेला लाग्ने ठाउँबाट सिधा माथिको हिमाली चुचुरोलाई गरुडमाथि चढेका नारायणको कल्पना गरिन्छ । त्यस ठाउँमा जान भने सकिदैन । त्यो नारायण मूर्ति कल्पना गरिएको हिम-चूड' सुनौला ज्योतिको छायाँमा कहिले जुम्लापट्टि र कहिले जाजरकोटपट्टि फर्केको देखिन्छ । त्यो छयाँ जतापट्टि फर्क्यो, त्यस प्रान्तमा सहकाल हुन्छ भन्ने जनधारणा छ । यहाँ पनि नारायणको निम्ति जात्रा पर्वमा ध्वजोत्थान गरिन्छ ।

४. मष्टा देवता

जाजरकोटका मान्यता प्राप्त मष्टा, दाह्रे मष्टा भनिन्छन् । मष्टा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्राङ्मा चढेको धामीले बोकाको गर्दन दाँतैले काटी छिनाउने परंपरा भएकोले मष्टाको नाउँ नै 'दाह्रे मष्टा' रहेको हो । यसरी दाँतैले काटेर गर्दन छिनाउने परंपरा चाहिं अब कम हुँदै गएको छ ।

यी मष्टाको माडुमा ज्येष्ठ पूर्णिमाको दिनमा र भाद्र शुक्ल पूर्णिमाको दिनमा विशेष पूजा हुन्छ । ती पर्व-दिनमा मष्टादेवता प्रीतये गरी ध्वजा पताकाले शिगारेर टाँगा (लिङ्गो) उभ्याइन्छ ।

५. भूयाँरदेवता

बाजुरा जिल्लाको खज्यानकोट लह-गाउँ पञ्चायतको ऐरारी गाउँमा भूयाँर देवताको माडु छ । भूयाँर, भूमे वा भूमिदेवताको अपभ्रंश रूप हो । यहाँ भूयाँर देवताको मूर्ति छ । यहाँको विशेष पूजा पर्वमा पनि 'टाँगा' उभ्याइन्छ ।

असारको रोपाईंमा र मंसीरको दाईंमा धानको थुप्रोमा सीमे र भूमेदेवताको स्थापना गरेर पूजा गर्ने परंपरा महाकालीदेखि मेचीसम्मकै खस बाहुन र अन्य जातिमा पनि रहेको छ । प्राचीन मातृ-देवीलाई पृथ्वीदेवीकै रूप हो भनेर विद्वान्हरूले मानेका छन् । यो प्राचीन परंपरा आज पनि बाँकी छ । भूयाँर वा भूमे पृथ्वीको र सीमे चाहिं जलदेवताको प्रतीक मानिएको बुझिन्छ । यी दुवै देवतालाई बलि दिने चलन पनि छ ।

डोल्पा जिल्ला

वर्तमान डोल्पा जिल्लामा पर्ने बाला त्रिपुरा सुन्दरीको मन्दिर पहिले जुम्ला जिल्लामा नै पर्दथ्यो । यस मन्दिरमा बाला, त्रिपुरा र सुन्दरीका तीन अवस्थामा तीन मूर्तिहरू छन् । यहाँ चैते दशैं (चैत्र शुक्ल अष्टमी) का दिनमा ध्वजोत्थान गरिन्छ । लिङ्गो साधारणतया ३२ हात र बढीमा ५२ हातको ल्याउने चलन छ । यो सल्लो, ठुम्रे, गोब्रे सल्लाको हुन्छ ।

दशैंको प्रतिपदाको दिन जङ्गलमा लिङ्गो काट्न जान्छन् । लिङ्गो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ल्याउँदा रूखको फेदमा फूल, अक्षता, धूपदीप आदिले सात्विक पूजा मात्र गरिन्छ । ध्वजापताका भने चढाउनु पर्दछ । लिङ्गा चारओटा हुन्छन् ।

(१) सोगु, रङ्गा, जिउ गाउँका वासिन्दाले राजाको लिङ्गो ल्याउँछन्
(२) दाङी जुफाल र मोतिपुर गाउँका जनताले भगवतीको लिङ्गो ल्याउँछन्
(३) चुवुगाउँ, दापुगाउँ, लिपुगाउँका जनताले चण्डिकाको लिङ्गो ल्याउँछन् र
(४) पाहाडा, महुँ, डुम गाउँका वासिन्दाले कालिकाको लिङ्गो ल्याउनु पर्छ ।

यी लिङ्गाहरू ल्याउँदा, खडा गर्दा, टुटे भाँचिए भने तुरुन्तै नयाँ काटेर ल्याउनु पर्दछ । अष्टमीका दिन ध्वजापताकासहित लिङ्गो खडा गरेपछि मात्र महाष्टमीको विशेष पूजाआजा गर्नु पर्छ ।

चैते दशैंको अष्टमीका दिन खडा गरेको लिङ्गो वडा दशैंको अष्टमीका दिन ढाली नयाँ ध्वजापताकाले शिंगारी पुनः खडा गरिन्छ । टुटे भाँचिएमा मात्र नयाँ फेर्नु पर्दछ । अन्यथा पुरानैबाट काम चल्दछ ।

वर्षको दुई पल्ट– चैते दशैं र बडा दशैंको अष्टमीमा नयाँ ध्वजापताका फेरेर पुनः खडा गर्ने परंपरा त्रिपुरा सुन्दरी कालिकाको मन्दिरमा जसरी गरिन्छ त्यस्तै छल गाउँमा रहेका मष्टा देवता र भवानीका निम्ति पनि लिङ्गा ल्याएर ध्वजोत्थान गरिन्छ र यहाँका मष्टा भवानीको विशेष पूजाआजा पनि दशैंका अष्टमीकै दिन गरिन्छ ।

मष्टाको लिङ्गो यति हातको हुनुपर्छ भन्ने नियम छैन । साधारणतया १३।१४ हातको हुन्छ र ताछतुछ पारी १५।२० जनाले बोकेर ल्याउँछन् । यो लिङ्गो पनि बडादशैंको अष्टमीकै दिन ढाली ध्वजापताका फेरी पुनः खडा गर्दछन् ।

जुम्ला जिल्ला

जुम्ला जिल्लामा भैरवनाथ, चन्दननाथ र कनक सुन्दरी भगवतीको प्रसिद्ध मन्दिरहरू छन् । यहाँ पनि दशैंको प्रतिपदाको दिनमा नै ध्वजोत्थान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(लिङ्गा उभ्याउने) गर्ने चलन छ । भैरवनाथका मन्दिर अगाडि दुइटा र चन्दननाथका अगाडि दुइटा गरी ४ लिङ्गा ध्वजापताकाले शिंगारी खडा गर्ने चलन छ । यी लिङ्गाहरू पनि टुटे भाँचिएमा तुरुन्तै नयाँ काटेर ल्याउनु पर्ने र बडादशैं तथा चैतेदशैंमा ढाली ध्वजापताका फेरेर पुनः खडा गरिने परंपरा छ ।

यस्तै कनक सुन्दरी भगवतीका स्थानअगाडि पनि दशैंकै पर्वमा ध्वजोत्थान गरिन्छ ।

पश्चिम नेपालमा ध्वजोत्थान गरिने लिङ्गाहरूको नाप, साइज ३२ वाहाँ (६४ हात)को परंपरा रहेता पनि जङ्गल मासिदै गएको र अग्ला रूख प्रायः अभाव हुँदै गएकोले नाप साइजमा कमी हुन आएको अनुमान हुन्छ । साधारणतया ३२ हातभन्दा बढी नै लम्बाई भएका लिङ्गाहरु उभ्याइन्छन् ।

बाजुरा जिल्ला

पश्चिम नेपालमा बस्ने तमाम जातिले मान्यता गरिएकी देवी बढी मालिका हुन् । मल्लिका, भगवतीको प्रमुख नाउँ हो । मल्लिकाकै अपभ्रंश रूप मालिका हुन् । बढी मालिकाको स्थान दुर्गम शैल शिखरमा पर्नेहुँदा उक्त ठाउँमा सबै दिन जान सकिदैन । श्रावण शुक्ल पूर्णिमाको दिनमा उक्त ठाउँमा विशेष पर्व र मेला लाग्दछ । अघिपछि तलै पूजारीको घरमा नै बढी मालिकाको पूजा हुन्छ । बितेका वर्षहरूमा यो ठाउँ कहिले डोटी राज्य र कहिले कर्णाली राज्य अन्तर्गत पर्दथ्यो । कर्णाली जुम्लाको विशाल खश-साम्राज्य, मध्यकालमा आएर टुक्रे राज्य बन्यो, जसलाई इतिहासकार बाइसी-राज्यको संज्ञा दिन्छन् । जुम्ला र डोटी राज्यको यो खण्ड-खण्ड विभाजनपछि, पूर्वतिर बढेका राजवंशहरूले चौविसी राज्यको जग बसाले । यसैले, चौविसी राज्यको इतिहास, बाइसीमा पुग्दछ र बाइसीको इतिहास जुम्लाको साम्राज्यमा र डोटीको राज्यमा पुग्छ । डोटी र जुम्लाका राजघराना, दुवै हिन्दू परंपराको रीतिस्थिति र एकै किसिमको सांस्कृतिक परिवेशमा रहेका हुनाले दुवै राज्यको निम्ति बढी मालिका भगवती कुल देवीकै रूपमा पूज्य थिइन् । यसैकारण, बढी मालिकाको जनै पूर्णिमा पर्वमा हुने विशेष जात्रामा राजसी ठाँटबाँटका साथ जुम्लाबाट पनि र डोटीबाट पनि पूजाको सामानका साथ लिङ्गो ल्याउने परंपरा चल्यो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल अधिराज्यको एकीकरणपछि पनि यो राज्य भएका बेलाको परंपरा कायमै राखियो, यद्यपि डोटी र जुम्ला दुवै राज्य पूर्ण रूपले विशाल नेपालभित्र मिलिसकेका थिए।

डोटी गौंडामा बस्ने वडाहाकिम र जुम्लामा बस्ने वडाहाकिमले पल्टन बाजागाजाको साथ बढीमालिकाको स्थान भन्दा तल पर्ने बुढी गंगाको वेणीमा दुवै तर्फको लिङ्गो ल्याएर चतुर्दशीका दिन ध्वजोत्थान गरिन्थ्यो। कसको लिङ्गो अग्लो भन्ने कुरामा पनि होडबाजि रहन्थ्यो। यो परंपरा अद्यावधि कायम नै छ। चतुर्दशीका दिन ध्वजोत्थान गरी वेनीमा स्नान गरी दुर्गम शैल-शिखरमा रहेको बढी मालिकाको दर्शन र पूजा गर्न यात्रीहरू उकालो चढेर बढीमालिका स्थानमा पुग्दछन्। संधैजसो हिमच्छादित रहने त्यस ठाउँमा जान, सबैभन्दा सुगम मौसम जनै पूर्णिमा नै भएकोले यो वेला नै जात्रा गर्ने परंपरा बसेको हुनुपर्छ। नयाँ जिल्ला विभाजनमा यो ठाउँ बाजुरा र अछामको सीमानामा पर्दछ। नित्य पूजा हुने स्थान चाहिं बाजुरा जिल्लामा पर्छ।

दैलेख

वर्तमान दैलेख जिल्ला मध्यकालीन राज्य-व्यवस्थामा जुम्ला साम्राज्यभित्र र केही भाग अछाम डोटीभित्र पनि पर्दथ्यो। जुम्लाको हिउँदे राजधानी हाल दैलेख जिल्लामा पर्ने दुल्लू (दुर्लङ्घ्यनगर)मा रहेको प्रमाण पाइन्छ। यसकारण जुम्लामा जन्मेको संस्कृति र परंपरा स्वभावतः दैलेखमा पनि चल्यो। दैलेखमा निम्नस्थ देवताहरूको स्थान रहेको गुठी संस्थानको लगतबाट देखिन्छ।

(क) दैलेख बजार– वटुक भैरव, (ख) दुल्लु पंचकोशी धुलेश्वरमा, १. भैरव २. नर्मदेश्वर ३. गणेश ४. पादुका स्थान। (ग) श्रीकाल सैनी – झंग्याल, दैलेख पंचकोशी मध्ये ढुंगेश्वर, भैरव, (घ) सौददरा धुराला लेखकी धुम्रलोचनीदेवी (ङ) ढलागरा गुहेल गाउँकी चामलादेवी (च) राजेवारतला दुरा सैनी गाउँका कामश्व देवता, श्री नारायण श्री महादेव, (छ) भलदर्डा काला पोखरी गाउँका श्री कमला देवी (ज) दैलेख दुलु माझ खण्ड दराकी श्रीमालिका सीमदराका भैरवनाथ, पन्ध्र वीस दरा दुवाका मष्टा देवता, (झ) श्री ज्वालाजी श्रीस्थान दैलेख असीदरा पुंछु गाउँकी नन्दादेवी, श्रीपूर्णदेवी आदि।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्त देवस्थलमा हुने विशेष पूजा पर्वमा लिङ्गो उभ्याउने र आलम चढाउने (ध्वजोत्थान गर्ने) परंपरा रहेको कुरा थाहा भएको छ ।

बझाङ

बझाङ जिल्लामा प्रमुख देवताको रूपमा मानिने देवता मष्टा हुन् । यी देवता सुदूर पश्चिमाञ्चल क्षेत्रकै निम्ति प्रसिद्ध छन् । विशेष पर्वमा पूजा गर्दा मष्टा आँगमा चढेका धामीले दाँतले शर्या बोकाको गर्दन छिनाउने हुँदा मष्टाको नाउँ पनि 'द्रोहमष्टा' रहेको छ । बझाङ राज्यका प्रगतिशील विचार राख्ने राजाले धामीको परीक्षा गर्न फलामे पाताको जंजीर (बाँटीमा लगाउने फलामे पट्टि) लगाएको ठूलो गर्दने बोका बलिदिन ल्याएछन् । धामीले दाह्राले टोकेर नै फलामे (पहिले बाँधिएको बोकाको) गर्दन छिनाले । त्यसपछि मष्टा आंग चढेका बेलामा धामीले पतुर्दा फलानाको जाँच गर्ने कर्तूतले मेरा दुइटा दाह्रा टुटे भनेर मष्टाका धामीले दाह्रा टुटेको मुख देखाउँथे भन्ने त्याहाँका ५० वर्ष नाघेका व्यक्तिहरू भन्दछन् ।

वर्तमान अवस्थामा बलि-प्रथा कम भएको छ र दुधे मष्टा (दूध खीरको बलिखाने) को रूपमा बढी मान्यता छ । मष्टालाई स्थानीय भाषामा मष्टेश्वर पनि भनिन्छ । यी मष्टालाई इन्द्रपुत्र हुन् भन्ने लोक विश्वास र किम्वदन्ती पनि चलेको पाइन्छ ।

मष्टाको विशेष चर्चा लेखकको 'कुलदेवता मष्टा' भन्ने अनुसन्धानात्मक कृतिमा व्यापक चर्चा गरिएकोले यहाँ प्रसङ्ग अनुसार लिङ्गो उभ्याउने विषयमा मात्र केही चर्चा गरिन्छ ।

१ काँकर

चैत्र कृष्ण औंसीका दिन मष्टाको काँकर ल्याउनाको निम्ति ठेगिएका गाउँका गाउँलेहरू खाजा सामल, रोटी मिठाई लिएर बाजागाजाका साथमा भोकै जङ्गलतिर प्रस्थान गर्दछन् । यो औंसीलाई स्थानीय बोलीमा सम्वत्सर औंसी भन्ने चलन छ । परंपराअनुसार शक सम्वत्सर औंसीको भोलिपल्ट परेवाको दिनदेखि नयाँ वर्षको रूपमा शुरु हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सल्लाको घना जङ्गलमा पुगेर सुरिलो लामू रूख छानी कांकर काटिन्छ । यसको लम्बाई ६५ हात वा त्यो भन्दा बढी नै हुनुपर्ने जन-बिश्वास छ ।

रूखको फेदमा पूजा गरी ढालेर ताछतुछ पारी बोक्न सकिने बनाए- पछि रूख काटेको फेदको ठूटामा शयौं बोकाको वलि दिइन्छ । यो वलिको निम्ति, कार्यसिद्धि भएमा रोग व्याधिबाट मुक्त हुन हुञ्जारन जनताले भाकल गरिराखेका हुन्छन् । पाँच छ शये बोकाको त्यस ठाउँमा वलि हुंनु साधारण कुरा हो ।

(क) यो लिङ्गो (काँकर) मोडाल थर हुने जातिले काट्दछन् । पूजारी पनि लिङ्गो काट्ने ठाउँमा जानु पर्छ । यसको साधारण लम्बाई नाप ३२ बाँहा भरको भनिन्छ ।

(ख) धामीको काँकर काटेर ल्याउने काम, कणेल पंचायतको धामी गाउँमा बस्ने गाउँलेहरूको हो । यो नै मुख्य लिङ्गो हुन्छ ।

(ग) जँदु मँदुका बोहराको काँकर वान्नी कोट गा. प. का जनताले ल्याउँ- छन् ।

(घ) पूजारी सुवेदा (सुवेडी) थरका बाहुनहरू छन् । पूजारीको लिङ्गो ल्याउने काम मुड्डुलेल, कडायत, ऐणी, थरवाला जातिले ल्याउँछन् । यसवापत् उनीहरूले गुठीको जग्गा भोग गर्दछन् । यो लिङ्गो ल्याउने दुई दुई वर्षको पालो हुन्छ । पाटा गाउँकै १ नं वार्डमा बस्ने ठकुरी, मोत्याज्ञ, रोकाया, ऐणी, कडायत् आदि थर हुने जातिले ल्याउँ- छन् ।

काँकर बोकेर ठाउँ ठाउँमा लडाएर घिसारेर ल्याउँदा भाँचियो टुट्यो भने तुरुन्तै नयाँ काटेर ल्याउनु पर्छ । यी लिङ्गा ल्याएर तोलेनी भन्ने फाँटमा राखिन्छ ।

अनुश्रुति र लोक धारणा– "तोलेनी भन्ने ठाउँमा प्राचीन समयमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
कुण्ड थियो । त्यहाँ मष्टा र महिषासुर दानवको १२ वर्षसम्म लडाईं भयो । त्यसपछि मष्टाका बहिनीहरू- धुरका, सुरमा, स्याही आदि १६ बहिनी मिलेर महिषासुरलाई जालमा पारेर मारे । त्यसपछि दानवको जेगजाँगडो (जाँघ र खुट्टा) फ्यांक्दा टोटीको जोरायल भन्ने ठाउँमा पुग्यो, त्यसैले डोटी जोरायल नाउँ रहेको हो । औंसीको दिन काटेको काँकर भोलि या पर्सिपल्ट सम्ममा मष्टाको माडु नजीक पर्ने तोलेनी फाँटको चौरमा पुऱ्याएर राखिन्छ । चैत्र शुक्ल त्रयोदशीका दिन फेरि सबैतिरका मानिसहरू भेला भएर मुख्य काँकर चाहिं खहाको खडै रूपमा उठाएर मष्टाको माडु नजीक पुऱ्याउँछन् । खडा उठाएको लिङ्गाको फेदले तोलेनी चौरको बीच कोर्दै कोर्दै लैजानु पर्दछ । त्यस प्रथालाई महिषासुरको छाती चिरेको भनिन्छ । प्राचीन-कालमा काँकरले यसरी कोरिएको चौरमा रगत आउँथ्यो रे अब यो अनुश्रुतिको रूपमा रहेको छ ।

काँकर (लिङ्गो) अन्य ठाउँको जस्तै खडा गरेर नै राखि छाड्ने चलन छैन । एक पटक ध्वजापताकाले शिंगारेको लिङ्गो खडा गऱ्यो अनि त्यसलाई ढालेर त्यहाँ रहेको ४५ हात लामू मष्टाको माडु (मन्दिर) मा सुताएरै चढाइन्छ ।

(क) धामीको काकरमा ध्वजापताका चमर र घण्टा पनि बाँधिएको हुन्छ । यो ल्याउँदा बाटामा अन्यत्र दुई ठाउँ पनि खडा गर्ने परंपरा छ ।

(ख) पूजारीको लिङ्गो ल्याउँदा बाटोमा आठ ठाउँमा खडा गरी ढालेर ल्याइन्छ । साधारण ध्वजापताकाले शिंगारेर मष्टाको माडु नजीक खडा गरिन्छ ।

(ग) बोहोराको लिङ्गो ल्याउँदा पनि अन्यत्र दुई ठाउँमा खडा गरी यहाँ ल्याइन्छ । ध्वजापताका सादा नै हुन्छन् ।

लिङ्गो खडा गर्ने कार्य सम्पन्न भएपछि त्यस चउरमा तल्लो छविसे र मल्लो छविसे गाउँका जनता जम्मा भएर छालाको भकुण्डो बनाई खेल्दछन् । जुन पक्षको जीत हुन्छ तिनीहरूको त्यो वर्ष राम्रो जित्ने र हार्नेको त्यति ठीक नहुने विश्वास गरिन्छ । यो कामको निम्ति त्यसै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिन बाघले मारेको गाई-गोरुको छाला चाहिन्थ्यो । आजकल जङ्गल सकिएर बाघ पनि कम भएकोले अघिपछिकै छालाबाट काम चलाइन्छ । त्यसै दिन मारेको पाइएमा परंपरा कायम नै राखिन्छ पनि ।

यो जात्रालाई चैंतुलीं चाड भन्दछन् । यो मेला भर्न बझाङ राज्यका सबै जनताहरू अनिवार्य रूपले जानु पर्थ्यो । तर अब त्यस्तो छैन । तथापि प्रत्येक घरका व्यक्ति त्यस टाउँमा पुग्ने कोशिशमा हुन्छन् । डोटी, बैतडी, डडेलधुरा र आछाम जिल्लाका पनि बहुसंख्यक मानिसहरू यो चैंतुली चाडको जात्रामा सम्मिलित हुन पुग्दछन् । मष्टा भनिने देवता पश्चिम नेपालको संस्कृति-मा विशिष्ट स्थान राख्दछन् । 'मष्टया-असुर' भनेर पुकारिएको लोक गीत गढवाल कुमाउँतिर प्रचलित छ । वेदमा असुर शब्द विशेष बल वाचक शब्दको रूपमा देखिन्छ शिव, वरुण र मरुत् देवतालाई असुर शब्द प्रयोग भएको पाइनु मष्टा (मरुत्) देवताको मान्यता वैदिक कालदेखि नै चलेर आएको कुरा साबित हुन्छ ।

हिन्दूहरूको परपरामा अग्नि, सूर्य, इन्द्र, वरुण जस्तै पानी, आंधी, विजुलीका देवता (अन्तरिक्ष स्थानीय अग्नि) मरुत् देवताको पनि वैदिक-साहित्यमा विशेष स्थान रहेको छ । मरुत् कै शब्द विकार मष्टा हो भन्ने लेखकको पूर्ण धारणा छ । देवताहरूको विशेष मान्यतामा देश,काल परिस्थिति-को ठूलो प्रभाव हुन्छ । हिम शैलका टाकुरामा, अधित्यका र हिमनदीका घाटी तथा पाखा पखेरामा बसेर गुजारा गर्ने आदिमकालका आर्य तथा आर्य मूलका पशुचारक खश जातिलाई इन्द्र, वरुण, सूर्यभन्दा मरुत् रूप अग्निको विशेष महत्व थियो । आंधी पानी र हिमपात, जस्ता हिमालय प्रान्तमा हुने भयावह परिस्थितिलाई नियन्त्रणमा राख्ने मरुत् देवताको यस क्षेत्रमा अपरिहार्य रूपले मान्यता रह्यो ।

पौराणिक धर्मको उदय भएपछि वैदिक देवता इन्द्र, वरुण, कुवेर दिक्पाल मात्र भए । शिव, विष्णु, ब्रह्मा, दुर्गा आदि देवताको बढता महत्व भयो । परन्तु पश्चिम नेपालको हिमाली कन्दरामा हजारौं वर्षदेखि खुम्चिएर बसेको जातिले अन्य पौराणिक देवता शिव विष्णु दुर्गालाई अंगीकार गरे पनि मष्टाको विशेष प्रभाव भुलेन र कुलदेवताको रूपमा समस्त ब्राह्मण. क्षत्रिय,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वैश्य, शूद्र र अन्य जातिले पनि कुलदेवताको रूपमा मान्दै आएको पाइन्छ । आज महाकालीदेखि मेचीसम्मका नेपाली, दार्जलिङ, सिक्किम, आसामसम्म फैलिएका नेपाली मूलका जातिको कुलदेवता मष्टा छन् र गोष्ट देवता चाहिं महारुद्र । केवल एघारौं बाह्रौंशतकमा मात्र नेपाल पसेका आर्यकुलमा मात्र कुलदेवताको पूजामा 'मष्टा' मानिंदैनन् ।

नेपालका प्राचीन जाति छुट्टयाउने मापदण्डको रूपमा पनि मष्टाको विशेष महत्व छ र कुन मष्टाको कुलपूजा गर्दछौ भन्ने प्रश्नको उत्तरले पनि वर्ण विशेष र जाति विशेषको मूल थातथलो कहाँ रहेछ भन्ने कुरा प्रष्टयाउन सकिन्छ ।

यसकारण- वैदिक देवता इन्द्रको विशेष पूजा आराधनामा गरिने इन्द्र जात्रा महोत्सवको जति महत्व छ र यसको उपत्यकाभित्र जति प्राचीन परम्परा रहेको छ, त्यति नै प्राचीन कालदेखि नै कर्णाली,डोटी र सीमान्त प्रदेशमा मष्टाको मान्यता रहेकोले त्यस क्षेत्रमा बस्ने आर्य सन्तानहरूले इन्द्र ध्वजोत्सव गर्ने प्रथालाई त्यति मान्यता नदिएको हुन सक्छ । मष्टालाई मष्टेश्वर भनेर नामाकरण गर्नु र इन्द्र पुत्रको रूपमा पनि अनुश्रुति पाइनुले ऋग्वेदका मरुत् (मष्टा)को पूर्ण समर्थन हुन्छ । वेदमा मरुत्लाई रुद्र पुत्र पनि भनिएको छ र इन्द्र पुत्र पनि । यी दुवै देवताको सहचारी रूपमा मरुत्गणको उल्लेख छ । अर्को विशेषता मष्टाका साथमा पूजिने देवीहरूलाई मष्टाका बहिनीका रूपमा मान्यता छ । देवीहरू प्रायशः शिवपत्नी र विष्णुपत्नीका रूपमा अथवा शक्ति-रूपमा चर्चित छन् । मष्टाका पत्नी रूपमा चर्चा नपाइनुले पनि लेखकको धारणालाई समर्थन गर्दछ ।

यससम्बन्धी विशेष चर्चा अन्य ठाउँमा गरिएकोले लिङ्गोसम्बन्धी परंपरामा मात्र यो दिग्दर्शन गरियो । उपत्यकामा इन्द्रको जस्तै विशेषता पश्चिम प्रान्तमा मष्टाको भएकोले र लिङ्गो पनि विशेष रूपको तथा पूजा-विधानमा पनि केही सादृश्य पाइने हुँदा केही बढी चर्चा गरिएको छ ।

आछाम जिल्ला

आछाम जिल्लामा रहेका देव-मन्दिरहरूमा विशेष पर्व मनाउँदा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वार्षिक चाडको रूपमा जात्रा गर्दा ध्वजोत्थान गर्ने परंपरा चलेको छ। आछाम जिल्लाको साफें नदी किनारामा बैजनाथ (बैद्यनाथ) शिवको प्राचीन मन्दिर छ। यो देवस्थल आछामको प्रमुख देवस्थल मध्येको हो। यस ठाउँमा शिवरात्री पर्वमा निकै ठूलो मेला लाग्दछ। उक्त पर्व मनाउँदा गाउँ गाउँबाट बाजागाजाका साथमा बाँसका लिङ्गाहरू लगेर शिव-मन्दिरअगाडि ध्वजोत्थान गरिन्छ। त्यसपछि नै पूजा शुरू हुन्छ। यहाँ गाडिने लिङ्गाको निश्चित नाप परिमाण छैन। बाँस जति लम्बा पाइन्छ त्यति नै परिमाण हो। मन्दिरका तर्फबाट भने श्रीपञ्चमीमा ५२ हातको सालको लिङ्गो ल्याएर ध्वजोत्थान गरिन्छ। यहाँ पञ्चबलि पनि हुन्छ।

देवमन्दिरमा स्थायी र अस्थायी ध्वजोत्थान गरिने परंपरा आर्य संस्कृतिको प्रमुख अङ्ग हो? बौध्द परंपरामा त यो अनिवार्य रूपमा नै रहेको देखिन्छ। यसकारण, आछामका अन्य देवस्थलमा पनि ध्वजोत्थानको परंपरा रहेको हुन सक्छ। किन्तु बझाङको काँकर जस्तै प्रसिद्ध परंपरा नरहेको ठाउँको त्यति व्यापक रूपमा उल्लेख गरिएन। आछाम जिल्लामा मुख्य लिङ्ग लाई "परकल्ला" भन्ने चलन छ।

डोटी जिल्ला

पश्चिम नेपालको डोटी राज्यको अस्तित्व ज्यादै पुरानो हो। महाभारत वन पर्वको कथनअनुसार कर्णको दिग्विजय गढवालपछि नेपालमा प्रवेश हुन्छ र 'नेपाल विषये राजानः' भनेकोले नेपाल भनिने ठाउँमा धेरै राजा थिए भन्ने थाहा पाइन्छ। समुद्र गुप्तको चौथो शदी ई. को प्रयाग प्रशस्तिमा सीमावर्ती राज्यको नाम लिंदा समतट, डवाक कामरूप कर्तृपुर भनिएकोले पनि आसामको राज्यदेखि कतृपुर (कुमाउँ) राज्यसम्म फैलिएको नेपाल थियो। कुमाउँ पनि कहिले डोटीको अधीन हुन्थ्यो र कहिले काहीं स्वतन्त्र हुन्थ्यो। यसकारणः डोटीको राज्य पुरानो हो। यद्यपि डोटीको मल्ल राज्यको क्रमवद्ध इतिहास आठौं नवौं शतकदेखि मात्रै पाइन्छ। राजधानी पनि विभिन्न ठाउँमा रह्यो। दिपायल पछिल्लो कालको राजधानी हो। पछि सिलगढी पनि राज्यको राजधानी गढीको रूपमा रह्यो। यसकारण, सिलगढी राजदरबार-नजीक इन्द्रजात्राको लिङ्गो उभ्याउने परंपरा रह्यो। डोटी सिलगढीमा शैलेश्वरी, वजारको इन्द्रचोकमा भैरव, दिपायलमा - दिलीपेश्वर, जोगेश्वर,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देवीको मन्दिर छ। दिलीपेश्वरमा माघे पूर्णिमाको दिन बाँसको लिङ्गो उभ्याएर होम रुद्री गरिन्छ । देवीको वैकुण्ठ चतुर्दशीमा र शैलेश्वरीको कार्तिक पूर्णिमामा जात्रा लाग्छ ।

डडेलधुरा

पश्चिमी सीमानामा रहेको डँडेलधुरा जिल्ला प्राचीन कालमा डोटी राज्यकै अङ्ग थियो । वैदिक धर्मावलम्वी जनजीवन भएको यस ठाउँमा अनेकौं देवी–देवताका मठ - मन्दिरहरू छन् । यहाँ भागेश्वर, पञ्चेश्वर, घटाल, रूपाल वल्लेश्वर आदि प्रसिद्ध देव पीठहरू छन् ।

बैतडी जिल्ला

सुदूर पश्चिम नेपालको सीमाना जिल्ला मध्ये बैतडी पनि एक हो । यहाँका प्रमुख देवस्थल मध्ये जगन्नाथ (विष्णु), त्रिपुरा सुन्दरी भगवती, निगलाशैनी भगवती, रौलेश्वर, वासुदेव मन्दिर लिस्किटा, पाताल भूवनेश्वर आदि छन् । यस क्षेत्रमा अत्यन्त धार्मिक विश्वासको कारणले देवी देवताका मन्दिरमा कुमारी कन्या देव – दासीको रूपमा चढाउने प्रथा रहेको पाइन्छ । यस्ता कन्यालाई देवकी, द्यौचेली भन्दछन् । हिङ्गला देवी, रण चण्डेश्वरी, काली आदि पनि बैतडीका प्रमुख देवीहरू हुन् । देवी मन्दिरमा नै देउ चेली छाड्ने परंपरा रहेको छ । यहाँ देवी मन्दिरमा लिङ्गाको सट्टा हिङ्ला, (पीङ) बनाइन्छ । अग्ला खम्बा गाढेर लिङ्गे पीङको रूपमा स्थायी पीङ (हिङला) खडा गर्ने यहाँको विशेषता हो ।

दारचूला जिल्ला

दार्चुला जिल्ला नेपाल अधिराज्यको पश्चिम – उत्तर सीमान्त जिल्ला हो। यो जिल्लाको प्रशासन पहिले डोटी - गौंडाबाट नै गरिन्थ्यो । ७४ जिल्लामा जिल्ला विभाजन हुँदा दार्चुला छुट्टै जिल्लाको रूपमा गणना हुन आएको छ ।

यस जिल्लामा मालिकार्जुन (मल्लिकार्जुन) को प्रसिद्ध स्थान छ । यहाँ विशेष गरेर आषाढ शुक्ल चतुर्दशी र कार्तिक शुक्ल चतुर्दशीका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिन विशेष मेला (जात्रा) लाग्दछ । देवताको विशेष पूजा आजा पनि गरिन्छ । किन्तु यस ठाउँमा भने ध्वजोत्थानको परपरा पाइँदैन ।

अर्को प्रसिद्ध स्थान हुनेनाथको मन्दिर हो । यहाँ पनि मल्लिकार्जुन-कै पर्व दिनमा पूजाआजा गरिन्छ र त्यसैदिन अर्थात् आषाढ चतुर्दशी र कार्तिक चतुर्दशीको दिन मेला लाग्छ र विशेष पूजा हुन्छ । यहां पनि लिङ्गो उभ्याउने परंपरा पाइएन ।

सन्दर्भ श्रोत:–

(१) काठमाडौ, भक्तपुर, पाटन, सांगा, खडपुका परंपरा –स्थानीय गुठियार, पूजारी र गुठीसंस्थान ।
(२) नुवाकोट – नुवाकोट भैरवीका धामीबाट ।
(३) गोरखा – स्थानीय श्रोत ।
(४) लमजुङ – कालिका पूजारी, गुठियारबाट
(५) तनहूँ – स्थानीय श्रोत
(६) स्याङ्जा – "
(७) पाल्पा– स्थानीय व्यक्तिहरूबाट
(८) अर्घाखाँची – नारायणप्रसाद आचार्य
(९) सल्यान – फलावाङ्का रतनना मठका महन्त…बाट
(१०) दाङ – ऐं
(११) प्युठान – श्री पूर्ण प्रकाश,
(१२) वाजुरा –स्थानीय श्रोत
(१३) जाजरकोट – माननीय सदस्य
(१४) वझाङ – सम्माननीय वीरेन्द्र वाहादुर सिंह र मष्टाका पूजारी ।
(१५) आछाम – भू. पू. जि. सभापति
(१६) डोटी – महन्त महादेवनाथ ।
(१७) डडेलधुरा – स्थानीय श्रोत
(१८) वैतडी – "
(१९) दार्चुला – स्थानीय गुठियारहरूबाट ।
(२०) डोल्पा – त्रिपुरा सुन्दरीका पूजारीबाट ।
(२१) जुम्ला – स्थानीय जन श्रोत र त्रिपुरा सुन्दरीका पूजारी ।
(२२) गुल्मी – जि. पं. सभापति गुल्मी ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट (एक)

बृहत्संहिता (बराह मिहिर पाँचौं शताब्दी)

ब्रह्माणमूचुरमरा भगवन् ! छक्तास्म नासुरान् समरे ।
प्रतियोधयितुमतस्त्वां शरण्यं शरणं समुपयाताः ।
देवानुवाच भगवान् क्षीरोदे स वः केतुम् ।
यं दास्यति तं दृष्ट्वा नाजौ स्थास्यन्ति वो दैत्याः ।
लब्ध वराः क्षीरोदं गत्वा ते तुष्टुवुः सुराः सेन्द्राः
श्रीवत्साङ्कं कौस्तुभमणि किरणोद्भासितोरस्कम् ।
श्रीपतिम चिन्त्य मसमं समन्ततः सर्वदेहिनां सूक्ष्मम् ।
परमात्मानमनादिं विष्णुम विज्ञात पर्यन्तम् ।
तैः संस्तुत स देवस्तुतोष नारायणो ददौ चैषाम् ।
ध्वजमसुर-सुरबधू-मुख-कमल-वन-तुषार तीक्ष्णांशुम् ।

तं विष्णुतेजो भवमष्टचक्रे रथे स्थितं भास्वति रत्नचित्रे ।
देदीप्य मानं शरदीय सूर्य्यं ध्वजं समासाद्य मुमोदि शक्रः ।
सकिङ्किणी जाल परिस्कृतेन सग् छत्र घण्टा पिटकान्वितेन ।
समुच्छ्रितेनामरराट् ध्वजेन निन्ये विनाशं समरेऽरिसैन्यम् ।

उपरिचरस्यामरयो वसोर्ददौ चेदिपस्य वेणुमयीम् ।
यष्टि तां स नरेन्द्रो विधिवत्संपूजयामास ।
प्रीतो महेन भगवान् प्राहैवं ये नृपाः करिष्यन्ति ।
वसु-वल हैमवन्त स्ते भुवि सिद्धाज्ञा भविष्यन्ति ।
मुदिताः प्रजाश्च तेषां भय-रोग-विवर्जिता प्रभूत्तान्नाः ।
ध्वज एव चाभिधास्यति जगति निमित्तैः फलं सदसत् ।
पूजातस्य नरेन्द्रैं वंहुवृद्धि जयार्थिभि र्यथा पूर्वम् ।
शक्राज्ञया प्रयुक्ता तामागमतः प्रवक्ष्यामि ।
तस्य विधानं शुभ-करण दिवस-नक्षत्र-मङ्गल मुहूर्तैः ।
प्रास्थानिकैं र्वनमियात् दैवज्ञः सूत्रधारश्च ।

उद्यान-देवतालय-पितृवन-वल्मीक-मार्ग चिति जाताः ।
कुब्जाधर्व शुष्क कण्टकि-वल्ली वन्दाक युक्ताश्च ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वहुविहगालय-कठोर-पवनानल-पीडिताश्च ये तरवः ।
ये च स्युः स्त्री संज्ञा न ते शुभाः शक्र केत्वर्थे ।
श्रेष्टोऽर्जुनोऽश्वकर्णः प्रियक-धवोदुम्वराश्च पञ्चैते ।
एतेषा मन्यतमं प्रशस्त मथवाऽमरं वृक्षम् ।
गौरासितक्षितिभवं संपूज्य यथाविधि द्विजः पूर्वम् ।
विजने समेत्य रात्रौ स्पृष्ट्वा ब्रूयादिमं मन्त्रम् ।

"यानीह वृक्षे भूतानि तेभ्य स्वस्ति नमोस्तु वः ।
उपहारं गृहीत्वेमं क्रियतां वासपर्य्यं यः ।
पार्थिव स्त्वां वरयते स्वस्ति तेऽस्तु नगोत्तम ! ।
ध्वजार्थं देवराजस्य पूजेयं प्रतिगृह्यताम् ।"

छिन्यात् प्रभातसमये वृक्ष उदङ् प्राङ मुखोऽपि भूत्वा
परशो र्जर्जर शव्दो नेष्ट स्निग्धो घनश्च हितः ।
नृप-जयद मविध्वस्तं पतन मना कुञ्चितं च पूर्वोहक् ।
अविलग्नं न्चान्यतरौ विपरीत मतस्त्यजेत्पतितम् ।
छित्वाग्रे चतुरङ्गुल मष्टौ मूले जले क्षिपेद् यष्टिम् ।
उद्धृत्य पुरद्वारं शकटेन नयेन्मनुष्यै र्वा ।

अरभङ्गे बलभेदो नेम्या नाशो वलस्य विज्ञेयः ।
अर्थक्षयोऽक्षभङ्गे तथाणि भङ्गे च वर्धकिनः ।

भाद्र पद शुक्ल पक्ष स्याष्टम्यां नागरैर्वृतो राजा ।
दैवज्ञ-सचिव कञ्चुकि-विप्र प्रमुखैः सुवेष धरैः ।
अहताम्वर संवीतां यष्टि पौरन्दरीं पुरं पौरैः ।
स्रग्-गन्ध-धूप-युक्तां प्रवेशये च्छङ्ख तूर्य रवैः ।
रुचिर पताका-तोरण-वन-मालालङ्कृतं प्रहृष्ट जनम् ।
संमार्जिताऽर्चित पथं सुवेष-गणिका-जनाकीर्णम् ।
अभ्यर्चितापण गृहं प्रभूत पुण्याह वेद निर्घोषम् ।
नट नर्त किगेयज्ञै राकीर्ण चतुष्पथं नगरम् ।
तत्र पताकाः श्वेता विजयाय भवन्ति रोगदा पीनाः ।
जयदाश्च चित्ररूपा रक्ताः शस्त्र प्रकोपाय ।
यष्टि प्रवेशान्तौ निपातयन्तो भयाय नागाद्याः ।
वालानां तलशव्दे सङ्ग्रामः सत्व युद्धे वा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्तक्ष पुनस्तक्षा विधिवद् यष्टिं प्ररोहयेत् यन्त्रे ।
जागर मेकादश्यां नरेश्वरः कारये च्चास्याः ।
सित वस्त्रोष्णीषधरः पुरोहितः शाक्र वैष्णवैर्मन्त्रैः
जुहुयादग्निं साम्वत्सरो निमित्तानि गृह्णीयात् ।
इष्टोद् व्याकारः सुरभिः स्निग्धो घनोऽनलोऽर्चिवात्–
शुभकृद् अतोऽन्यो नेष्टो यात्रायां विस्तरोऽभिहितः ।
स्वाहा वसान समये स्वयमुज्ज्वलार्चिः
स्निग्धः प्रदक्षिण शिखो हुतभुग् नृपस्य ।
गङ्गा दिवाकर सुता-जल चारु हारां धात्रीं समुद्र-रसनां वशगां करोति ।
चामी करा शोक कुरण्ड काण्ड वैदूर्य नीलोत्पल सन्निभेऽ ग्नौ न ।
विध्वान्त मन्तर्भवने ऽ वकाशं करोति रत्नांशुहृतं नृपस्य ।
येषां रथौघार्णव मेघ-दन्तिनां समस्वनो ऽ ग्नि र्यदि वा पि दुन्दुभेः ।
तेषां मदान्धेभ घटा विघट्टिता भवन्ति याने तिमिरोपमा दिशः ।
ध्वज-कुंभ-हयेभ भूभृतामनु रूपे वशमेति भूभृताम् ।
उदयास्तधरा धराधरा हिमवद्विन्ध्य पयोधरा धरा ।
द्विरद-मद-मही-सरोज-लाजै र्घृत मधुना च हुताशने सगन्धे ।
प्रणत नृप-शिरोमणि-प्रभाभि र्भवति पुरच्छुरितेव भूर्नृपस्य ।

उक्तं यदुत्तिष्टति शक्र केतौ शुभाशुभं सप्तमरीचि रूपैः ।
तज्जन्म यज्ञ-ग्रह शान्ति-यात्रा विवाहकाले ष्वपि चिन्तनीयम् ।

गुड पूप-पायसाद्यै विप्रानभ्यर्च्य दक्षिणाभिश्च ।
श्रवणेन द्वादश्यां उपोष्याऽन्यत्र वा श्रवणात् ।
शक्र-कुमार्यः कार्याः प्राह मनुः सप्त पञ्च वा तज्ज्ञैः ।
नन्दोपनन्द संज्ञैः पादेनार्धेन चोच्छ्रायान् ।
षोडषभागा भ्यधिके जय विजये द्वे वसुन्धरे चान्ये ।
अधिकाशक्र जनित्री मध्येऽष्टांशेन चैतासाम् ।
प्रीतैः कृतानि विबुधैर्यानि पुरा भूषणानि सुरकेतोः ।
तानि क्रमेण दद्यात् पिटकानि विचित्र रूपाणि ।
रक्ता शोक निकाशं चतुरस्त्रं विश्वकर्मणा प्रथमम् ।
रसना स्वयंभुवा शङ्करेण चानेक वर्णधरी ।
अष्टाश्रिनीलरक्तं तृतीय मिन्द्रेण भूषणं दत्तम् ।
असितं यमश्चतुर्थं मसूरकं कान्तिमदवयच्छत् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मञ्जिष्ठाभं वरुणः षडत्रि ततः पञ्चमं जलोर्मिनिभम् ।
मायूरं केयूरं षष्टं वायुर्जलद नीलम् ।
स्कन्दः स्वं केयूरं सप्तम मदद् ध्वजाय वहुचित्रम् ।
अष्टम मनल ज्वाला सङ्काशं हव्यभुक् दत्तम् ।
वैदूर्य-सदृश मिन्दुर्नवं ग्रैवेयकं ददावन्यत् ।
रथचक्राभं दशमं सूर्यं स्त्वष्टा प्रभा-चयैर्युक्तम् ।
एकादश हंसं विश्वेदेवाः सरोज सङ्काशम् ।

द्वादश मपि च निवेशं मुनयो नीलोत्पला भासम् ।
किञ्चिद् ध्वजोर्ध्व निर्गत मुपरि विशालं त्रयोदशं केतोः ।
शिरसि बृहस्पति शुक्रौ लाक्षा रस-सन्निभं ददतुः ।
यद् यद् येन विनिर्मित ममरेण विभूषणं ध्वजस्यार्थे ।
तत् तत् वैवर्त्यं विज्ञातव्यं विपश्चिद्भिः ।
ध्वज-परिमाण-त्र्यंश परिधि प्रथमस्य भवति पिटकस्य ।
परतः प्रथमात्प्रथामा दष्टांशाष्टाश हीनानि ।
कुर्यादहनि चतुर्थे पूरण मिन्द्र ध्वजस्य शास्त्रज्ञः ।
मनुना चागम-गीतान् मन्त्रान्नेता न्पठेन्नियः ।

हरार्क-वैवस्वत-शक्र-सोमैं र्धनेश वैश्वानर-पाशभृद्भिः ।
महर्षि सिद्धै सदिगप्सरोभिः शुक्राङ्गिरः स्कन्द मरुद् गणैश्च ।
यथा त्वनूर्जस्करनैक रूपैः समर्चित स्त्वाभरणं रुदारैः ।
तथेह तान्याभरणानि देव ! शुभानि संप्रीतमना गृहाण ।
ध्वजोऽव्ययः शाश्वत एक रूपो विष्णु र्वराहः पुरुषः पुराणः ।
त्वमन्तक सर्वहर कृशानुः सहस्र शीर्षा शतमन्यु रोह्यः ।

"कविं सप्तजिह्वं त्रातारं त्वाम् इन्द्र मवितारं सुरेशम् ।
शक्रं वृत्र हणं सुषेणं मस्माकं वीरा उत्तरे भवन्तु ।"

प्रपूरणे चोच्छ्रयणे प्रवेशे स्नाने तथा माल्य विधौ विसर्गे ।
पठे दिमान् नृपतिः सोपवासो मन्त्रान्छुभान् पुरुहूतस्य केतोः ।
छत्र-ध्वजा दर्श-फलार्धचन्द्रै, र्विचित्र माला-कदलीक्षु दण्डैः ।
सव्याल सिंहैः पिटकैर्गवाक्षै रलङ्कृतां दिक्षु च लोकपालैः ।
अच्छिन्न रज्वा दृढ काष्ट मातृकं विश्लिष्ट यन्त्रार्गल पाद तोरणम्
उत्थापये त्लक्ष्म सहस्र चक्षुषः सारद्रु माभग्न कुमारिकान्वितम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अविरत जनरावं मंगलाशीः प्रणामैः ।
पटुपटह मृदङ्गैः शङ्ख भेर्या दिभिश्च ।
श्रुति विहित वचोभिः प्रापठद्भिश्च विप्रै-
रशुभ रहित शब्दं केतु मुत्थापयीत ।
फल-दधि-घृत-लाजा-क्षौद्र पुष्पाग्र हस्तैः
प्रणिपतति शिरोभि स्तुष्टु वद्भिश्च पौरैः ।
धृत मनि मिष भर्तुः केतु मीशः प्रजानाम् ।
अरि नगर नताग्रं कारयेद्वृद्धिद्वधाय ।

मातिद्रुतं न च विलम्बितम प्रकम्पम् अन्वस्त माल्य पिटकादि विभूषणं च ।
उत्थान मिष्ट मशुभं यदतोऽन्यथा स्यात् तत् शान्ति भिर्नरपते शमयेत्पुरोधाः ।
क्रव्याद-कौशिक-कपोतक काक-कङ्कैः केतु स्थितै र्महदुशन्ति भयं नृपस्य ।
चाषेण चापि युवराज भयं वदन्ति श्येनो विलोचन भयं निपतन् करोति ।

छत्रभङ्ग पतने नृप मृत्यु स्तस्कराद्वसु करोति निलीनम् ।
हन्ति चाप्पथ पुरोहित मुल्का पार्थिवस्य महिषी मशनिश्च ।
राज्ञा विनाशं पतितं पताका करोत्य वृष्टि पिटकस्य पातः ।
मध्याग्र मूलेषु च केतु भङ्गो निहन्ति मंत्रिक्षिति पाल पौरान् ।

धूमावृते शिखि भयं तमसा च मोहो व्यालैश्च भग्न पतितैर्नभन्त्यमात्याः ।
ग्लायन्त्युदक् प्रभृति च क्रमशो द्विजाद्या भङ्गे च वर्धकि वधः कथितः कुमार्याः ।
रज्जूत्सङ्ग च्छेदने वाल पीडा राज्ञो मातुः पीडनं मातृकायाः ।
यद् यद् कुर्यु र्बालिका आरणा वा तत्तद् तादृग् भावि पापं शुभं वा ।

दिन चतुष्टय मुस्थित मर्चित समभिपूज्य नृपोऽहनि पंचमे ।
प्रकृतिभिः सहलक्ष्म विसर्जयेत् वलभिदः स्वबलाभि वृद्धये ।

उपरिचर वसु प्रवर्तितं नृपतिभि रप्पनु सन्ततं कृतम् ।
विधिमिममनुमत्य पार्थिवो न रिपु कृतं भयमाप्नुयादिति ।

परिशिष्ट नं २

कालिका पुराण अध्याय अठासीमा इन्द्रयात्रा --

श्री औवं उवाच--

अथातः शृणु राजेन्द्र शक्रोत्थान ध्वजोत्सवम् ।
यत्कृत्वा नृपतिर्याति नो कदाचित्पराभवम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रवौ हरिस्थे द्वादश्यां श्रवणे सित पक्षके ।
आराधयेन्नृपः सम्यक् सर्वं विघ्नोप शान्तये ।

राजा परिचरो नाम वसु नामापरस्तु यः ।
नृपस्ते नापमत्तलो यज्ञः प्रावर्तितः पुरा ।
प्रावृट् काले च नभसि द्वादश्या मसिते नरे ।
पुरोहितौ वहुविधैर्वाद्यैं स्तूर्य्यैः समन्वितः ।

प्रथमं शक्र केत्वर्थे वृक्षमामन्त्र्य वर्धयेत् ।
साम्वत्सरो वार्धकिश्च कृत कौतुक मंगलः ।
उद्याने देवतागारे श्मशाने मार्ग मध्यतः ।
ये जाता स्तरव ताँस्तु वर्जयेद् वासव ध्वजे ।

वहु वल्ली युतं शुष्कं वहु कण्टक संयुतम् ।
कुब्जं वृक्षादनी युक्तं लता छन्नं तरू त्यजेत् ।
पक्षीवास समाकीर्णं कोटरैं वहुभिर्युतम् ।
पवनानल विध्वस्तं तरूं यत्नेन वर्जयेत् ।

नारी संज्ञाश्च ये वृक्षा अतिह्रस्वा अतिकृशाः ।
ता सर्वा वर्जयेद्धीरः सर्वदा शक्र पूजने ।
अर्जुनोऽप्यश्वकर्णश्च प्रियको धव एव च ।
औदुम्बरश्च पञ्चंते केत्वर्थे सत्तमा स्मृताः ।

अन्यैश्च देवदार्वाद्याः शालाद्या स्तरव स्तथा ।
प्रशस्तास्तु परिग्राह्या नप्रशस्ता कदाचन ।
तञ्च वृक्षं ततो रात्रौ स्पृष्ट्वा मन्त्र मिम पठेत् ।
यानि वृक्षे तु भूतानि तेभ्य स्वस्ति नमो स्तु वः ।

उपहारं गृहीत्वेमं क्रियतां वासवध्वज ।
पार्थिव स्त्वां वरयते स्वस्तितेस्तु नगोत्तम ।
ध्वजार्थं देवराजस्यपूजेयं प्रतिगृह्यताम् ।
ततो परेऽह्नि तं छित्वा मूल मष्टांगुलं पुनः ।

जलेक्षिपेत्तदग्रस्य छित्वं वं चतुरङ्गुलम् ।
ततो नीत्वा पुरद्वारं केतुं निर्माय तत्र वै ।
शुक्लाष्टम्यां भाद्रपदे केतुं वेदौं प्रवेशयेत् ।
द्वाविंश हस्तमानस्तु प्रथमः केतुरुच्यते ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द्वात्रिंशत्तु ततो ज्यायान् द्वाचत्वारिस देव च ।
ततोऽधिक समाख्यातो द्वापञ्चाश त्तथोत्तमः ।
कुमार्य पञ्च कर्तव्या शक्रस्य नृपसत्तम ।
शाल मय्यास्तु ताः सर्वास्स्वपरा शक्र मातृका ।

केतो पाद प्रमाणेन कार्याः शक्र कुमारिका ।
मातृकार्ध प्रमाणात्तु यन्त्र हस्तद्वयं तथा ।
एव कृत्वा कुमारीश्च मातृकां केतु रेवच ।
एकादश्यां सित पक्षे यष्टिं तामधिवासयेत् ।

अधिवास्य ततो यष्टिं गन्धद्वारादि मंत्रकैः ।
द्वादश्यां मण्डलं कृत्वा वासवं विस्तृतात्मकम् ।
अच्युतं पूजयित्वा तु शक्रं पश्चात्प्रपूजयेत् ।
शक्रस्य प्रतिमां कुर्यात् कानकीं दारवीं तथा ।

अन्य तैजसभूतां वा सर्वाभावे तु मृण्मयीम् ।
तां मण्डलस्य मध्ये तु पूजयित्वा विशेषतः ।
ततः शुभे मुहूर्ते तु केतु मुत्थापये न्नृपः ।
वज्रहस्त सुरारिघ्न वहुनेत्र पुरन्दर !

क्षेमार्थं सर्वलोकानां पूजेयं प्रति गृह्यताम ।

एह्येहि सर्वामरसिद्ध संघै र भिष्टुतो वज्रधरा मरेश !
समुत्थितस्त्वं श्रवणाद्य पादे गृहाण पूजा भगवन् ! नमस्ते ।

एवमुत्तर तन्त्रोक्तै र्बंहुन प्लवनादिभिः ।
इति मंत्रेण तन्त्रेण नाना नैवेद्य वेद नैः ।
आपूपैः पायसैः पानै गुड धानाभिरेव च ।
भक्ष्यै र्भोज्यैश्च विविधै पूजयेत् श्री विवृद्धये ।

घटेषु दश दिक्पालान् ग्रहांश्च परिपूजयेत् ।
साध्यादीन् सकलान् देवान् मातृः सर्वास्त्वनु क्रमाद् ।
ततः शुभे मुहूर्ते तु ज्ञानिवर्धकि संयुतः ।
केतोरुत्थान भूमिन्तु यज्ञ वेद्याश्च पश्चिमे ।

विप्रैः पुरोहितैः सार्धं यन्त्रशिलष्टं समातृकम् ।
रज्जुभिः पञ्चभिर्बंध्वं यन्त्र शिलष्टं समातृकम् ।
कुमारी भिश्च संयुक्तं दिक्पालानाञ्च पेटकैः ।
वृहद् भिरति कान्तैश्च नाना द्रव्य–सु पूरितैः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यथावर्णं यथा देश योजितं वस्त्र वेष्टितं ।
युक्तं तं किङ्किणी जालं वहु घण्टौघ चामरैः ।
भूषितं वहुरत्नैश्च माल्यैर्वहुविधं स्तथा ।
वहुपुष्पैः सुगन्धैश्च भूषितं रत्नमालया ।

चित्रमाल्याम्वरधरै श्चतुर्भिरपि तोरणैः।
उत्थापयेन्महा केतुं राजा मात्यैःशनैःशनैः।
तमुत्थाप्य महाकेतुं पूजितं मण्डलान्तरे ।
प्रतिमां तां नयेन्मूलं केतोःशक्रं विचिन्तयन् ।

यजेत्तं पूर्ववत्तत्र शचीं मातलि मेवच ।
जयन्तं तनयं तस्य वज्र मैरावतं तथा ।
ग्रहांश्चाप्यथ दिक्पालान् सर्वाश्च गण देवता ।
अपूपाद्यैः पूजयेत्तु वलिभिः पायसादिभिः ।

पूजितानाञ्च देवानां शश्वद् होमं समाचरेत् ।
होमान्ते तु वलिं दद्यात् वासवाय महात्मने ।
तिलं घृतं चाक्षतश्च पुष्पं दूर्वां तथैवच ।
एतैस्तु जुहुयाद्देवान् स्वैः स्वैर्मन्त्रैर्नरोत्तम !

ततो होमावसानेतु भोजयेदपि ब्राह्मणान् ।
एवं संपूजयेन्नित्यं सप्त रात्रं दिने दिने ।
ब्राह्मणैः सहितो राजा वेदवेदाङ्ग पारगैः ।
पूजासु सर्वत्र शक्र यज्ञेषु परिकीर्तितः ।

त्रातार मिति मंत्रोऽयं वासवस्य प्रियः सदा ।
एवं कृत्वा दिवाभागे शक्रोत्थापन मादितः ।
श्रवणर्क्ष युता यान्तु द्वादश्यां पार्थिव स्वयम् ।
अन्त्य पादे भरण्यास्तु निशिशक्रं विसर्जयेत् ।

सुप्तेषु सर्वलोकेषु यथा राजा नपश्यति ।
षाण्मासान् मृत्यु माप्नोति राजा दृष्ट्वा विसर्जनम् ।
शक्रस्य नृपशार्दूल तस्मान्नेक्षेत तं नृपः ।
विसर्जनस्य मंत्रोऽयं पुराविद्भि रुदी रितः ।

"साधं सुरासुर गणैः पुरन्दर शतक्रतो ।
उपहार गृहीत्वेमं महेन्द्र ध्वज गम्यताम् ।"

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सूतकेतु समुत्पन्ने बारे भौमस्य वाशनेः ।
भूमि कम्पादिकोत्पाते वासवं नविसर्जयेत् ।

उत्पाते सप्त रात्रन्तु तथोपप्लव दर्शने ।
व्यतीत्य शनि भौमौ च ह्ययन्तर्क्षेऽपि विसर्जयेत् ।
सूतके त्वय संप्राप्ते व्यतीते सूतके पुन ।
तस्मिन्तस्मिन्दिने चैव सूताकान्ते विसर्जयेत् ।

तथा रक्षेन्नृपः केतुं पतन्ति शकुना यथा ।
नकेतौ नृपशार्दूल यावन्नापि विसर्जनम् ।
शनैः शनैः पातयत्त् यथोत्थापन मादितः ।
कृतं तथान्यथा भग्ने केतौ मृत्यु मवाप्नुयात् ।

विसृष्टं शक्र केतुं तं सालङ्कारं यथा विधिः ।
क्षिपेदनेन मंत्रेण त्वगाधे सलिले नृपः ।
तिष्ट केतो महाभाग यावत्संवत्सरं जले ।
भवाय सर्वलोकाना मन्तराय विनाशकः ।

रस्थापेत् सूर्यरवैः सर्वलो कस्य वै पुरः ।
रहो विसर्जयेत् केतुं विशेषोऽथ प्रपूजने ।
एवं य कुरुते पूजां वासवस्य महात्मनः ।
सचिरं पृथिवीं भुङ्त्वा वासवं लोक माप्नुयात् ।

न तत्र राज्ये दुर्भिक्षं नेतयो नाप्प धर्मकृत् ।
स्थास्यन्ति मृत्युर्नाकाले जनानां तत्र जायते ।
तत्तुल्यः क्वोपि नान्योस्ति प्रिय शक्रस्य पार्थिव ।
तस्य पूजा सर्वपूजा केशवाद्याश्च तत्रगा ।

सकल कलुष हारि व्याधि दुर्भिक्ष नाशी
सकल भव निवेशं सर्वसौभाग्य कारो ।

सुरपति गृह गामी ह्यर्चनं शक्र केतोः
प्रति शरद मनेकैः पूजयेत् श्रीविवृद्धयै ः ।

इति कालिका पुराणे ८८ अध्यायः ।

शब्द कल्पद्रुम भाग ५ पृष्ठ ८

--- ० ---

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट नं ३

नृप वाहन उवाच ।

भगवन् श्रोतुमिच्छामि तस्य उत्थापनं यथा ।
क्रियते दिन ऋक्ष च द्रव्य मन्त्र विधि वद ।

अगस्त्य उवाच ।

ब्रह्मणा कथितं शक्र वृहस्पति समीपतः ।
यथा तथा प्रवक्ष्यामि विधि केतो समुच्छ्रये ।

वृहस्पति उवाच ।

शुभाहे ऋक्षे करणे मुहूर्ते शुभमंगले ।
दैवज्ञः सूत्र धारश्च वनं गच्छेत् सहायदान ।
देवी प्रतिष्ठा विधिना यात्रायां या प्रचोदिता ।
गत्वा वृक्षं शुभं पुष्पं धवार्जुन प्रियङ्करम् ।

उडुम्बराजकर्णश्च पंचैते शोभना हरेः ।
ध्वजार्थं वर्जयेत् वत्स ! देव उद्यान जान् द्रुमान् ।
कन्यामध्ये तु या यष्टिः करमानेन कल्पयेत् ।
एकादश करा वत्स ! नव पंच करापरा ।

अरालतां क्रिमिचितां तथा पक्षी निकेतनाम् ।
वल्मीक पितृवनजां सुशुष्क कोटरान्तराम् ।
कुब्जाश्च घटसिक्ताश्च तथा स्त्री नाम र्गहिताम् ।
विद्युत्वज्र हताश्चैव दग्धाश्च परिवर्जयेत् ।

अलाभे चन्दनं आम्रं शाल शाक मयं तथा ।
कर्तव्यं शक्र चिन्हार्थे नचान्यं वृक्षजं क्वचित् ।
शुभभूमि भवं ग्राह्यं शुभतोयं शुभावहम् ।
ततःसं पूजयेत् वृक्षं प्राङ्मुखोदङ् मुखोऽपिवा ।

नमो वृक्षपते वृक्ष ! त्वामर्चयति पार्थिवः ।
ध्वजार्थं तत्वतो नाथ ! अन्यथा उपगम्यताम् ।
रात्री देयो वलि स्तत्र युगवृक्षे तथैवच ।
वासवानां महावृक्षं कृत्वा चान्यत्र गम्यताम् ।

ध्वजार्थे देवराजस्य न क्षान्ति स्तव अत्र च ।
पूजयित्वा ततो वृक्षं वलि भूताय दापयेत् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रभाते वयेत् वृक्षं शुभ स्वप्नादि दर्शनैः ।
शुक्लाम्बर धर श्चैव समुद्र तरणं नदी ।

वृक्षान् नग्रान् शुभान् क्षीरा नारोहेत् देवतालयम् ।
देवो द्विज स्तथा साधु लिङ्ग वृह्म हरे रपि ।
प्रतिमा पूजिता स्वप्ने क्षिप्रं सिद्धि फलप्रदा ।
मत्स्य मांस धिलाभं रुधिरं मृत रोदनम् ।

अगम्यागमनं दृष्ट्वा आशु सिद्धि फल प्रदम् ।
द्रुमां स्तिलं धनं धान्यं शत्रु नाशं यथा शुभम् ।
फलं पुष्पं सिता दूर्वा स्वप्ने लब्धा जया वहाः ।
शंख गाव स्तथा दन्ति लाभा राज्य प्रदायकाः ।

गोसवत्सा नवप्रुता दृष्ट्वा पुत्र फल प्रदा ।
पङ्क स्योद्धरणं कूपे व्याधि मोक्षकरं चिरात् ।
एवं स्वप्नान् शुभान् दृष्ट्वा तथा छिन्वेतपादपान् ।
उदङ्मुखः प्राङ्मुखो वा मधु वज्जाक्त पर्शना ।

पूर्वोत्तरे च पतनं शस्तोऽशब्दोऽव्रणः शुभः ।
अलग्न पादपं चान्ये अन्यथा तु परित्यजेत् ।
अष्टाङ्गुलं त्यजेत् मूले अग्रे तन्तु जले क्षिपेत् ।
तथा तमानयेद्वत्स ! शकटेनवृषैरपि ।

युवानै र्बलसम्पन्नै र्नेयं तत्पुरतः परम् ।
नियमाना तथा यष्टी समा वा चतुरस्त्रका ।
वृत्ता वा भङ्गमाधत्ते राज्ञः पुत्रं पुरोहितम् ।
आरभङ्गे बलंभिन्द्यात् राज्यनाशं क्षयं तथा ।

अर्थस्य अक्षभङ्गेन शान्ति स्तत्र तु कारयेत् ।
इन्द्रर्णचछत्र मन्त्रेण जातदेव समापि वा ।
तथा नीत्वा शुभे लग्ने पुरस्तादु र वेशयेत् ।
द्वारशोभां पथरक्ष्या गृहे हट्टे च कारयेत् ।

यदा पटह नादाच्च वेश्या शंख द्विजातयः ।
शङ्कुले वेद शब्दश्च ता मेया यत्र उच्छ्रयेत्।
तत्रस्याश्चित्र कर्माणि निर्मितै स्तान्तु वेष्टयेत् ।
वस्त्रं रण्डज रोमोत्थैः शुभै शुक्लं यथा क्रमम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नन्दो पनन्दु संज्ञाश्च कुमार्यं प्रथमांशगाः ।
येवो जय विजयाख्या षोडशांशव्यवस्थिता ।
अधिके शत्रु जयित्री तदर्थजा देवतं दण्डाः ।
ध्वज परिमाणार्थं सपरिधि प्रथमं पिटकं दत्तम् ।

षोडशांश विहीनानि कुर्याच्छेषाणि बुद्धिमान् ।
रसनां विचित्र वर्णो प्रथमां दद्यात् स्वयंभूः ।
सुरक्तां चतुरस्रांच विश्वकर्मा द्वितीयतः ।
अष्टा सून्तु स्वयं शक्रो नीलरक्तां प्रदापयेत् ।

'कृष्ण' यमेन वृतश्च वरुणेन सहस्रिकम् ।
मञ्जिष्टा जलदाकारं वासुदेवो मसूरकम् ।
नीण वर्णं च तं दद्यात् स्कन्दो वहु विचित्रितम् ।
वृत्तन्तु वह्नो दद्यात् सुवर्णाभं तथाष्टकम् ।

वैडूर्य सदृशमिन्द्रो ग्रैवेयं दारयेत् वुधः ।
चक्राङ्का कृतिन्तु सूर्यो विश्वेदेवाः पद्मनिभम् ।
ऋषयो नियमं दद्युनीलं नीलोत्पलाभासम् ।
गुरुणा शुक्रेण ततो विशालं मूद्धतो न्यस्तम् ।

गृहैर्विचित्राणि वहु मातृभिः स्वानि रूपाणि ।
यद्यके मेव वत्तन्तु केतोस्तद् तस्य भूषणम् ।
ततान्दैव तं बिजानीयाद् यन्त्रा दिभि तमुच्छ्रयेत् ।
प्रथमं प्रविश माना भूमिं यष्टि हन्ति राष्ट्रम् ।

वालानां तालशब्देन देशविघातं समाचष्टे ।
नृपवधकरा विशीर्णा शुभावहा सर्वं सान्द्रा च ।
शंभु सूर्य यम शक्र सोम धनद वारुणैः ।
वन्हीश ऋषि मन्त्राश्च होतव्या दधि चाक्षता ।

शक्र स्कन्द गुरुरुद्र अप्सरादि प्रपाठयेत् ।
हुत्वा तु विधिवद् वह्नि ज्वालां लक्ष्येत बुद्धिमान् ।
सुतेजाः सुमनो दीप्तः संहतो रुचिर प्रभः ।
रक्ताशोक समाकारो रथभेरीस्वनः शुभः ।

शङ्ख दुन्दुभि मेघानां नादाः शस्तास्तु पावके ।
ततः सकदली क्ष दण्डान् पताकानि समुच्छ्रये ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पौष्टपदेतु अष्टम्यां शुक्लायां शोभने ऋक्षे ।
आश्विने वाऽथ शुक्लायां श्रवणे नाथ वच्छ्रयेत् ।
पौरजन लग्नवृन्दैः पट भेरी मिनादितम् ।
वितान ध्वज शोभाढ्यं पताकाभिः समुज्वलम् ।
विष्वीशशक्र मन्त्रेण सिंहरक्षा कृतेन च ।
वृढ मातृक रन्ध्रस्थं शुभ तोरणमा कुलम् ।

अविलम्बित मुत्थान मभग्नः पिटकं समम् ।
नहुतं वा समुत्थाप्य षेतुं वासवजं विभो ।
उच्छ्रितं रक्षयेत् प्राज्ञः काकोलूक कपोतयोः ।
नसमुत्थापनं दध्यात् अन्वेषा मपि पक्षिणाम् ।

यन्त्रोद्देशेन तं कुर्यात् मुखं केतो यथाविधिः ।
तथा सुसंस्थितं पूज्यं मुखयन्त्र सुयन्त्रितम् ।
रात्रो जागरणं कुर्यात् इन्द्रमन्त्रानु कीर्तनात् ।
पुरोहितः सदैवज्ञः शुभशान्ति रतः रवेसा ।

छत्रपातो नृपं हन्यात् पताका महीषी वधम् ।
पिटके युवराजस्य सचिव मनुकम्पते ।
राष्ट्रं तोरण पातेन ध्वजे अन्नक्षयो भवेत् ।
पतिते शक्र दण्डे तु नृप मन्यं समादिशेत् ।

कृमि जालक उत्थाने शलभास्तस्कराद् भयम् ।
सुसमे संस्थिते शान्ति नृपस्य नगरस्य च ।
याचां च्छृतम्तु तिष्टन्ति तावत् पौराः सदा हृष्टाः ।
केतो निरता यजने भुञ्जियाद्हि प्रकम्या च ।

पातु तु तथैव कुर्यात् उत्थाने यावृशी पूजा ।
रात्रौ शुभकृत् पातनं नो दृष्टं काक कपोतैः ।
याति नृपं सहराष्ट्रं यच्चैव कारयेत् केतुम् ।
नगरे वा पुरे खेटे यद्येवं कुर्वतं पौराः ।

पुरे नगरस्य द्वारे वृष सिंह खगोत्थितम् ।
केतु समस्त घोराणाम् नाशनं जयदं महत् ।
एवं पूर्वं हरिःकेतुं प्राप्तवान् वृषवाहनात् ।
तथा ब्रह्म सुतेनैव ब्रह्मण शक्र मागतः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तेन सोमस्य तद्वृत्त ततो दक्षे समागतम् ।
तदा प्रभृति कुर्वन्ति नृपा अद्यापि उच्छ्रयम् ।
एवंच कारयेत् राजा केतुं विजय कारकम् ।
तस्य पृथ्वी वलोपेता सद्वीपा वशगाभवेत् ।

इति श्री देवी पुराणे इन्द्रध्वज लक्षणं नाम २१ अध्याय:

परिशिष्ट ४

नेपाली सम्वत् ९९६ साल उल्लेख भएको छ।
श्री मत्सेन्द्र नाथको ज्योतिषी टिपोट ठ्यासफुबाट

श्री कान्छा वडा महारानी पशुपति आर्य घाटमा लगियो । भाद्र शुक्ल सप्तमी शनैश्चरबारको दिन रात्री घटी २ बाकिमा स्वर्गभयो । फेरी भाद्र शुक्ल अष्टमी आदित्यवार बिहान खबर सुनाउँदा श्री ५ सरकार साइंली महारानी कान्छी महारानी स्वर्ग भएको खवर सुनेर मुर्छा हुनु भयो । पशुपति लगि छ घडी बाँकिमा स्वर्ग भयो । यसको आशौच ३ दिन ब्राह्मणले बारे । इन्द्रजात्रा १३ दिन नाघेपछि दर्वारमा लिङ्गो गाडी ज्यहथा चलाए । दुनिञालाई दशैं पूजा घरैमा मनाउन लगाए ।

परिशिष्ट ५

[पहाड बन्दोबस्त तहवील फांटको सवकल लालमोहरको गुठी-संस्थान लगत अड्डामा रहेको नक्कलबाट]

आगे उं वहाल टोलको राज नरसिंह को हिटी टोलको ग्यानधन बाडाको अपुताली आयाको इन्द्रजात्रामा देवचा गुठीको षेत वतातगी रोपनी २ चलाम षेत रोपनी १ जम्मा रोपनी ३ वक्स्यौं तस्को दस्तुर रोपनीका आना आठका हिसाब गरी रुपैया १ ।। छेमडील बीहन्या मार्फत हाम्रा हजुर दाषिल भयो आपुना षातिर्जामासीत गुठी चलाई भोग्य गर इति सम्वत १८६१ साल श्रावण सुदी ५ रोज

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट ६

[पाहाड बन्दोवस्त तहवील फाँटको सक्कल बमोजिमको गुठी लगतमा रहेको किताव नं १ पाना नं २७३ को सम्वत् १८७८ को नक्कलबाट]

श्री ५ वुबाज्यू २

आगे श्री ठूला भैंरवलाई अघि इन्द्रजात्रा भरी फुलपाटी चह्राउना निमित्य सुनथान छेउको इत्त पान्याको पोषरी २ बाट चह्राउनु भयाको तस्को माटो टौवाको पोषरी तस्को साध पुर्व हाथु गुठीका षेतको आली र रंफर षेतको आली र गुठीका षेतको आली साध उत्तर गुठीका षेतको आलीको साध यति चार कीलाको टौवाको पोषरी श्री ठुला भैंरवलाइ चह्राञ्यु यस पोषरीको फुलपात श्री ठुला भैंरव इन्द्रजात्रा भरि चह्राउनु यो पोषरीको चीताई दानी नेवालाइ संतान संम बक्स्यौं इति मिति सबर

परिशिष्ट ७

ऐं पाना नं २९०मा उल्लिखित ऐं ऐंको सक्कलको गुठी तहवील कार्यालयको नक्कल कितापबाट ।

सम्वत् १८८३

आगे सहर काठमाडौं इलाछे टोल विछेवाहाल बस्या भाजु घननेवारके श्री इन्द्र जात्रा हाल गुठी तस्को षेत चागाल रोपनी ५ के चागाल पुचका स्मेत रोपनी ३।। जमा षेत रोपनी ८।। सोही टोल घरको जंनरसिं नेवारले आफु भोया गरीमा बस्न जांदा आफुले गुठी चलाउन सकदंन स्यो गुठी तंलाई भयो भनि आफ्ना छोरो स्मेत भं तंलाई लेषी दी गयाको सोही बमोजीम गुठी चलाउनलाई गुठीहार तलाई राषा बक्स्यौं तस्को बक्साउनी रुपैञा— —१०।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट ८

[ऐ ऐ मा रहेको सक्कल लाल मोहरको गुठी लगतको कि. न १ को पाना न २६० मा रहेको नक्कल किताबबाट]

सम्वत् १८८३ साल

इन्द्रायनिदेवी १ राजेन्द्र विक्रम २ श्री तलेजु ३

पशस्तिसौं—

आगे भादगाउँका १ को नित्य नैमित्यक पूजा र भाद्रशुदी १४।१५ का दिन इन्द्रजात्रा १ को र इन्द्रदहका २ जात्रा लाउना निमित्त षेत १–१ प्रति गरी गुठी राषी चह्लायाको भादगाउँका विजुलीषेत मुरी ।६१ तस्को सांधपुर्व रैकरसाध लुहकील दछीन रैकरसांध लुहकील पश्चिम कुवा र वाटाका सांध लुहकील उत्तर ब्राह्मणको विर्ता प्रजाको सुनाषेत र रैकर षेतको सांध लुहकील बफे चवुषेत मुरी ।१० तस्को सांधपूर्व दछीन पश्चिम बाटाको सांध लुहकील– इत्यादि ... ... ।

[यो लालमोहर निकै लामु हुनाले इन्द्रजात्राको प्रसङ्ग देखाउने विषयसम्म यहाँ उद्धृत गरिएको छ]

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट ९

श्री ५ रणबहादुर शाहका समयको वीरध्वजाको अभिलेख--२

मूलपाठ

१ स्वस्ति श्री ३ आकास महा भैरवज्यू लाइ ।। ।। श्री ३ महाराजा रणबहादूर

२. साहले नया विरध्वजा वनायि चह्राञ्युँ । श्री शाके १७१८ ।। विक्रमाव्द विभव ना

३. म सम्वत् १८५४ साल ।। कलि गताव्द ४८९७ ।। नेपाल सम्वत् ९१७ चैत्र मासे

४. शुक्ल पक्षे ।। द्वादस्यां तिथौ ।। पूर्व्व फाल्गुणी नक्षत्रे ।। गनु पर ध्रुव योग ।। शनैश्चर वा

५ सरे मिन रासि गते सवितरि ।। सिह रासि गते चन्द्र मसि ।। शुभंभुयात् ।। शु ।। भ ।।

श्री ५ त्रिभुवनवीरबिक्रम शाहका समयको वीर ध्वजाको अभिलेख-३

मूलपाठ

१ स्वस्ति श्री आकाश महा भैरव ज्यू ला ५ माहा ··

२. विक्रम साहवाट विर ध्वजा वनाई चह्राञ्यू···

३ ।। ।। श्री शाके सम्वत् १८६९ ।। ।। श्री ने ··

४. ।। कृष्ण फाल्गुण मासे कृष्म, कृष्ण)

५. उत्तरा फाल्गुनि नक्षे धृति योगे गड करे ···

६ रे कुम्भरासि गते श्री सूर्य्य कन्या रासि गते ··

७. ··· ··· ·· ··· ··· ··· · ··· ·· ··· ··· ··· ··· ··· ··· ··· ···

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवका समयको वीरध्वजाको अभिलेख--४

मूलपाठ

१. श्री श्री श्री आकाश भैरव प्रीतये गरी श्री ५ महाराजाधिराज
२. वीरेन्द्रवीरविक्रम शाहदेवबाट नयाँ बीरध्वजा बनाई
३. चढाई बक्सेको छ । संवत २०४१ साल चैत्र २६ गते रोज २ शु-
४ भम् ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इन्द्र-ध्वज-स्तम्भ

(हनूमान्ढोका प्राङ्गण)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इन्द्र-ध्वजा



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इन्द्र

(काष्ठमण्डपसँगै)



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुमारी

(इन्द्रजात्राको समय रथमा यात्रा गर्ने, वेशभूषा र अलंकारले सुसज्जित काठमाडौंकी कुमारी)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अष्ट-मंगल रोटी

(इन्द्रजात्राको समय कुमारीलाई चढाउने अष्टमंगल रोटी र अन्य केही पकवान्नका परिकार)



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भैरव तथा विश्वरूप

(इन्द्रजात्राको समय साजसज्जासहित प्रदर्शन गरिने सम्बन्धित देवता)

आकाश भैरव, इन्द्रचोक





श्वेत भैरव, हनुमानढोका

विश्वरूप, हनुमानढोका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विस्केट (वीर) ध्वजा

(जगतप्रकाश मल्लले चढाएको भक्तपुरको विस्केट (वीर) ध्वजा)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बिस्केट (वीर) ध्वजाको अर्कापट्टि

भैरवको पृष्ठ भागमा गणेश

अभिलेखको पृष्ठ भागमा वनस्पति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विस्केट-ध्वजाको नमूना

(श्री ५ रणबहादुर शाहका समयको विस्केट (चीर)
ध्वजाको केही कलात्मक नमूना, अभिलेख सहित)

1.

2

3


4

5


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विस्केट (वीर) ध्वजा

(श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाह देवबाट वि. सं. २०४१ साल चैत्र २६ गते रोज २ मा चढाई बक्सेको वीरध्वजा ।)



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri





भैरवको पृष्ठ भागमा गणेश

अभिलेखको पृष्ठ भागमा

ध्वजाको पृष्ठ भागमा

चन्द्रमाको पृष्ठभागमा



राजपुरुष



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विस्केट-ध्वजाको अभिलेख १

(जगत्प्रकाश मल्लको)

जगत्प्रकाश मल्लका समयको वीरध्वजाको अभिलेख--मूलपाठ

१. ॐ भैरवाय नमस्तुभ्यं, भीषणाय करालिने ।
सर्व्वंदेव शिखा ज्योती, रुपिणे परमात्मने ॥

२. नेपालाब्दे वसू स्वाब, शैल मासि मघो सिते ।
चतुर्द्दश्यां सोम वारे, (तिथौ) पौष्ण करे शुभे ॥

३. नेपाल भूपाल शिरोवघृष्ट, पादो यशो राशि विराजित श्री ।
. जगत्प्रकाशोऽवनिपाल

४. सिंहो, ददौ पताकां वर भैरवाय ॥ श्री मत् श्री श्री श्री महा-
काश भैरव प्रीणातु ॥

अर्थ

डरलाग्दो, भीषण रूप भएका, सम्पूर्ण देवताको शिखा रूप ज्योति भएका परमात्मा स्वरूप भैरव, तपाईंलाई नमस्कार छ ।

नेपाल सम्वत् ७६८ चैत्र महिना शुक्ल पक्षको चतुर्दशी तिथि, सोमवार रेवति नक्षत्रमा, नेपालका राजाहरूले जस्का पाउलाई शिरमाथि राखदछन् (ढोग्दछन्) ती कीर्तिको थुप्रोले ऐश्वर्य-शाली भएका पृथ्वीमा राजाहरूमा सिंह जस्तै राजा जगत्प्रकाश मल्लले भैरव मध्येका श्रेष्ठ आकाश भैरवलाई यो पताका चढाउनु भयो ।

श्री युक्त श्री श्री श्री महाकाश भैरव खुशी हुनुहोस ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विरफट ध्वजाको अभिलेख

२ श्री ५ रणबहादुर शाहको

३ श्री ५ त्रिभुवन वीर विक्रम शाहको



४ श्री ५ वीरेन्द्रवीरविक्रम शाहदेवको



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिचय

जन्म – वि. सं. १९८६ जेठ ९ गते।

जन्मस्थान – सिंधुली जिल्ला, घोक्सिला।

हाल – रौतहट जिल्ला, चन्द्रनिगाहपुर।

शिक्षा – शास्त्री, साहित्यरत्न।

विभूषण – प्रसिद्ध प्रबल गोरखा दक्षिणबाहु।

प्रकाशित कृति

(क) इन्द्रजाल – तपाईंको हातमा

(ख) पत्रपत्रिकामा प्रकाशित थुप्रै रचनाहरू (गद्य. पद्य र संस्कृतिसम्बन्धी अनुसन्धानात्मक)

प्रकाशोन्मुख

संस्कृतितर्फ–

(क) नेपालमा शाक्त सम्प्रदाय र कुमारी

(ख) नेपालको सांस्कृतिक परम्परा र राजमुकुट (पूर्वार्ध)

साहित्यतर्फ–

(क) भीमसेन थापा – (महाकाव्य)

(ख) भृकुटी – (खण्डकाव्य)

(ग) मेघदूत – (छायानुवाद)

(घ) कथा संग्रह

मुद्रक :– लक्ष्मी छापाखाना, यट्खा, काठमाडौं।
आवरण तथा तसवीर – सहयोगी प्रेस, त्रिपुरेश्वर, काठमाडौं।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal